**नेपाल सरकार**
**अर्थ मन्त्रालयको**
**सूचना**

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ :-

१. प्रारम्भ : यस आदेशको दफा १, २, ३, ४, ५ र १० सम्वत् २०७२ साल असार २९ गते देखि र अन्य दफाहरु सम्वत् २०७२ साल साउन १ गते देखि प्रारम्भ भएको मानिनेछ ।

२. भन्सार महसुल : (१) विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइने र असुल उपर गरिने छ ।

(२) नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असुल उपर गरिने छ ।

३. भन्सार सेवा दस्तुर : नेपालबाट विदेशमा निकासी हुने र विदेशबाट नेपालमा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी बापत एक सय रुपैयाँ र पैठारी बापत पाँच सय रुपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असुल उपर गरिने छ ।

तर निकासी महसुल लाग्ने मालवस्तु, कुटनीतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने मालवस्तु तथा महसुल तिरी अस्थायी पैठारी हुने मालवस्तु, हवाईमार्गबाट यात्रुले आफूसँगै लैजाने मालवस्तु र पाँच हजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुमा भन्सार सेवा दस्तुर लाग्ने छैन ।

४. कृषि सुधार शुल्क : अनुसूची-१ को दफा १६ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा सोही दफामा उल्लिखित दरले कृषि सुधार शुल्क लगाइने र असुल उपर गरिने छ ।

तर त्यस्ता मालवस्तुको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन ।

५. अन्तःशुल्क : नेपालभित्रको मिल वा कारखानाबाट उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ, पैठारी भएका मालवस्तु वा पदार्थ वा सेवामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिने छ ।

६. मूल्य अभिवृद्धि कर : आर्थिक वर्ष २०७२/०७३ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल उपर गरिने छ ।

७. स्वास्थ्य सेवा कर : (१) आर्थिक वर्ष २०७२/०७३ मा नेपाल सरकारले प्रदान गर्ने स्वास्थ्य सेवा र सामुदायिक अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका व्यक्ति, संस्था वा निकायहरूले प्रदान गर्ने स्वास्थ्य सेवामा जारी बिजक मूल्यको पाँच प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाइने र असुल उपर गरिने छ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा कर त्यस्तो सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायले बिजक जारी गरी असुल उपर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य सेवा कर असुल गर्ने व्यक्ति, संस्था वा निकायले असुल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको पच्चीस दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(४) कुनै व्यक्ति, संस्था वा निकायले उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा कर छलेको पाइएमा कर अधिकृतले स्वास्थ्य सेवा कर निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वास्थ्य सेवा कर निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ असुल उपर गरिने छ ।

(७) कुनै व्यक्ति, संस्था वा निकायले स्वास्थ्य सेवा कर छलेमा कर अधिकृतले उपदफा (४) बमोजिम कर निर्धारण गरेको रकमको पच्चीस प्रतिशत रकम जरीवाना गर्न सक्नेछ ।

(८) उपदफा (३) बमोजिमको स्वास्थ्य सेवा कर नबुझाउने व्यक्ति, संस्था वा निकायलाई कर अधिकृतले त्यस्तो व्यक्ति, संस्था

वा निकायद्वारा सञ्चालित कारोबारलाई बन्द गर्न आदेश दिन सक्नेछ ।

(९) कर अधिकृतले उपदफा (४) बमोजिम गरेको कर निर्धारण वा उपदफा (८) बमोजिम कारोबार बन्द गर्न दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा आन्तरिक राजस्व विभागका महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ ।

(११) उपदफा (९) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय गर्नु पर्नेछ ।

(१२) उपदफा (९) बमोजिम परेको निवेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी स्वास्थ्य सेवा कर पुनः निर्धारण गर्न आन्तरिक राजस्व विभागका महानिर्देशकले आदेश दिन सक्नेछ ।

(१३) उपदफा (९) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित स्वास्थ्य सेवा कर रकममध्ये विवादरहित स्वास्थ्य सेवा कर र जरिवाना रकम बुझाई विवादित स्वास्थ्य सेवा कर र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(१४) उपदफा (११) बमोजिमको म्यादभित्र आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय नगरेमा सो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णयको सुचना पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(१५) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(१६) उपदफा (९) बमोजिम पुनरावलोकनको निवेदन वा उपदफा (१४) बमोजिम पुनरावेदन दिएको कारणबाट उपदफा (४)

र उपदफा (८) मा उल्लेखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।

(१७) स्वास्थ्य सेवा कर बुझाउने व्यक्ति, संस्था वा निकायले स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुन सक्नेछ ।

(१८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१७) बमोजिम दर्ता भएको व्यक्ति, संस्था वा निकायबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्नेछ ।

(१९) उपदफा (१७) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति, संस्था वा निकायले दर्ता भएको मितिले पाँच वर्षसम्म मूल्य अभिवृद्धि कर मात्र असुल उपर गर्नु पर्नेछ ।

(२०) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा करको कार्यविधि आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(२१) स्वास्थ्य सेवा करको प्रशासन आन्तरिक राजस्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयबाट हुनेछ । त्यस्तो कार्यालय नभएको जिल्लामा सो विभागले तोकेको प्रक्रिया बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले स्वास्थ्य सेवा करको प्रशासन गर्नेछ ।

८. शिक्षा सेवा शुल्क : (१) आर्थिक वर्ष २०७२/०७३ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यमिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्था, काठमाडौं उपत्यकाभित्र तथा उप-महानगरपालिका, नगरपालिका र जिल्ला सदरमुकाम तथा आन्तरिक राजस्व विभागले तोकेको स्थानमा संचालित शिक्षण संस्थाहरुको हकमा सवै तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुले असुल गर्ने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा एक प्रतिशतका दरले शिक्षा सेवा शुल्क लगाइने र असुल उपर गरिने छ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था" भन्नाले तालीम तथा पुनर्ताजगी तालीम प्रदान गर्ने संस्था बाहेक कानून बमोजिम दर्ता भई निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालय लगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित शिक्षण संस्थालाई शिक्षा सेवा शुल्क लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको शुल्क पिछडिएका तथा दुर्गम क्षेत्रका विपन्न वर्गका विद्यार्थीहरूको हितमा खर्च गरिने छ ।

(४) उपदफा (१) बमोजिमको शिक्षा सेवा शुल्क त्यस्ता शिक्षण संस्थाले बिजक जारी गरी असुल उपर गर्नु पर्नेछ । कुनै शिक्षण संस्थाले शिक्षा सेवा शुल्क असुल हुने गरी बिजक जारी नगरेमा प्राप्त सूचनाका आधारमा त्यस्ता शिक्षण संस्थाको सम्पूर्ण कागजात तथा आर्थिक र प्रशासनिक कक्ष कर अधिकृतले आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शिक्षा सेवा शुल्क असुल गर्ने शिक्षण संस्थाले असुल गरेको रकम र सोको विवरण चौमासिक रुपमा प्रत्येक चौमासिक अवधि समाप्त भएको पच्चीस दिनभित्र आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयमा र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्यादभित्र कुनै शिक्षण संस्थाले शिक्षा सेवा शुल्क दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ त्यस्तो शिक्षण संस्थाबाट असुल उपर गरिनेछ । उपदफा (५) मा तोकिएको म्यादपछिको तीन महिनासम्म पनि शिक्षा सेवा शुल्क दाखिला नगर्ने शिक्षण संस्थालाई कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कर अधिकृतले बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) कुनै शिक्षण संस्थाले उपदफा (१) बमोजिमको शिक्षा सेवा शुल्क छलेको पाइएमा कर अधिकृतले शिक्षा सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम शिक्षा सेवा शुल्क निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित शिक्षण संस्थालाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(९) कुनै शिक्षण संस्थाले शिक्षा सेवा शुल्क छलेमा कर अधिकृतले बिगोको पच्चीस प्रतिशत रकम जरीवाना गर्न सक्नेछ ।

(१०) कर अधिकृतले उपदफा (७) बमोजिम गरेको कर निर्धारण वा उपदफा (६) बमोजिम कारोबार बन्द गर्न दिएको आदेश उपर चित्त नबुझ्ने शिक्षण संस्थाले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष

निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा आन्तरिक राजस्व विभागका महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ ।

(१२) उपदफा (१०) बमोजिम परेको निवेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी शिक्षा सेवा शुल्क पुनः निर्धारण गर्न आन्तरिक राजस्व विभागका महानिर्देशकले आदेश दिन सक्नेछ ।

(१३) उपदफा (१०) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय गर्नु पर्नेछ ।

(१४) उपदफा (१०) बमोजिम निवेदन दिने शिक्षण संस्थाले निर्धारित शिक्षा सेवा शुल्क रकममध्ये विवादरहित शिक्षा सेवा शुल्क र जरिवाना रकम बुझाई विवादित शिक्षा सेवा शुल्क र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(१५) उपदफा (१३) बमोजिमको म्यादभित्र आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय नगरेमा सो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णयको सुचना पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(१६) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने शिक्षण संस्थाले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(१७) उपदफा (१०) बमोजिम पुनरावलोकनको निवेदन वा उपदफा (१५) बमोजिम पुनरावेदन दिएको कारणबाट उपदफा (७) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।

(१८) विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा एक प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल उपर गरिने छ ।

(१९) उपदफा (१६) बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत संकलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।

(२०) शिक्षा सेवा शुल्क संकलन सम्बन्धी अन्य कार्यविधि आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

(२१) शिक्षा सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभाग र सो विभाग अन्तर्गतका कार्यालयबाट हुनेछ । त्यस्तो कार्यालय नभएको जिल्लामा सो विभागले तोकेको प्रक्रिया बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले शिक्षा सेवा शुल्कको प्रशासन गर्नेछ ।

(२२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला शिक्षा कार्यालय वा अन्य सरकारी निकायले शिक्षण संस्थालाई जुनसुकै किसिमको सेवा, सुविधा वा सिफारिस उपलब्ध गराउँदा त्यस्तो शिक्षण संस्थाले साविकमा बाँकी रहेको बक्यौता शिक्षा सेवा कर तथा शिक्षा सेवा शुल्क बुझाएको प्रमाण पेश गरेपछि मात्र सो सेवा सुविधा वा सिफारिस उपलब्ध गराउनु पर्नेछ ।

९. सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर : आर्थिक वर्ष २०७२/०७३ मा अनुसूची-३ बमोजिम सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।

१०. सडक मर्मत तथा सुधार दस्तुर : आर्थिक वर्ष २०७२/०७३ मा सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैयाँ र डिजेलमा प्रति लिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमै लगाइने र असुल उपर गरिने छ ।

११. घरजग्गा रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर : आर्थिक वर्ष २०७२/०७३ मा अनुसूची-४ बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल उपर गरिने छ ।

१२. चलचित्र विकास शुल्क : आर्थिक वर्ष २०७२/०७३ मा अनुसूची-५ बमोजिम चलचित्र विकास शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३. प्रदुषण नियन्त्रण शुल्क : (१) आर्थिक वर्ष २०७२/०७३ मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाका दरले प्रदुषण नियन्त्रण शुल्क लगाइने र असुल उपर गरिने छ ।

(२) उपदफा (१) बमोजिमको शुल्क नेपाल आयल निगमले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिला गर्नु पर्नेछ । सो अवधिभित्र दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत व्याज सहित असुल उपर गरिने छ ।

(३) यस दफा बमोजिमको प्रदुषण नियन्त्रण शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. <u>टेलिफोन स्वामित्व शुल्क</u> : (१) आर्थिक वर्ष २०७२/०७३ मा टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क बापत एक हजार रुपैयाँ असुल उपर गरिनेछ । टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल उपर गरिनेछ ।

तर अग्रिम भुक्तानी हुने (प्रि-पेड) मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज कार्डको मूल्यमा दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिला गर्नु पर्नेछ । सो अवधिभित्र दाखिला नगरेमा सम्बन्धित निकायबाट वार्षिक पन्ध्र प्रतिशत व्याज सहित असुल उपर गरिनेछ ।

(३) यस दफा बमोजिमको टेलिफोन स्वामित्व शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>दूरसञ्चार सेवा दस्तुर</u> : (१) आर्थिक वर्ष २०७२/०७३ मा दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको एघार प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल उपर गरिनेछ । ग्राहकबाट असुल उपर गरिने यस्तो दस्तुर रकम दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले मूल्य अभिवृद्धि कर सहित दाखिला गर्नु पर्नेछ ।

तर इण्टरनेट टेलिफोन सेवा (भि.ओ.आई.पि.) बाहेकको इण्टरनेट सेवा तथा पेजर सेवा प्रदायकलाई त्यस्तो दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त निकायहरूबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नुपर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) मा त्यस्तो दस्तुर लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्ति वा निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र मूल्य अभिवृद्धि कर सहित राजस्व खातामा दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दाखिला गर्नु पर्ने दस्तुर म्यादभित्र नबुझाएमा त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

(५) दूरसञ्चार सेवा दस्तुरको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. क्यासिनो रोयल्टी : (१) आर्थिक वर्ष २०७२/०७३ मा नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति तथा निकायले क्यासिनो सञ्चालन गरे वापत वार्षिक तीन करोड रुपैयाँ रोयल्टी तिर्नु पर्नेछ ।

तर, आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक दुई करोड रुपैयाँ रोयल्टी तिर्नु पर्नेछ ।

(२) क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा निकायले उपदफा (१) को प्रयोजनको लागि एउटा इजाजतपत्रबाट क्यासिनोको हकमा एक स्थानमा र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि बढीमा चार स्थानमा मात्र त्यस्तो खेल सञ्चालन गर्न पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको रोयल्टी बापतको रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा निकायले आर्थिक वर्ष प्रारम्भ भएको मितिले दुई महिनाभित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा बुझाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र रोयल्टी नबुझाउने व्यक्ति वा निकायलाई सो रोयल्टी रकमको बार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क र सो म्याद नाघेको मितिले तीन महिनासम्म त्यस्तो रकम नबुझाएमा वार्षिक पन्ध्र प्रतिशतका दरले थप शुल्क समेत लगाई रोयल्टी रकम असुल उपर गरिनेछ ।

(५) यस दफा बमोजिमको क्यासिनो रोयल्टीको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट हुनेछ ।

(६) आर्थिक वर्ष २०७०/०७१ को लागि क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त गरेका तर विविध कारणले क्यासिनो बन्द भई सो आर्थिक वर्षभित्र पूर्णरुपमा क्यासिनो सञ्चालन गर्न नसकी रोयल्टी नबुझाएका व्यक्ति वा निकायले त्यस्तो आर्थिक वर्षमा बुझाउनु पर्ने रोयल्टी, शुल्क र थप शुल्कको हकमा देहाय बमोजिम हुनेछ :-

(क) २०७० साल असोज मसान्तभित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लिखित रुपमा निवेदन दर्ता गराई कारोबार बन्द गरेका क्यासिनोले वार्षिक रुपमा बुझाउनु पर्ने क्यासिनो रोयल्टी रकमको पच्चीस प्रतिशत रोयल्टी रकम र सोमा लागेको शुल्क र थप शुल्कको पचास प्रतिशत रकम २०७२ पौष मसान्तभित्र बुझाएमा बाँकी रोयल्टी रकम र त्यसमा लागेको शुल्क र थप शुल्क मिन्हा हुनेछ ।

(ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लिखित रुपमा सूचना जारी गरी २०७१ वैशाख देखि बन्द गराइएका क्यासिनोले वार्षिक रुपमा बुझाउनु पर्ने क्यासिनो रोयल्टी रकमको पचहत्तर प्रतिशत रोयल्टी रकम र सोमा लागेको शुल्क र थप शुल्कको पचास प्रतिशतले हुने रकम २०७२ पौष मसान्तभित्र बुझाएमा बाँकी रोयल्टी रकम, त्यसमा लागेको शुल्क र थप शुल्क मिन्हा हुनेछ ।

१७. वन पैदावार शुल्क : (१) आर्थिक वर्ष **२०७२/०७३** मा नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वन मध्ये उपभोक्ता समूहले कानून बमोजिम कार्ययोजना बनाई निकालिएको साल र खयरका काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकममध्ये पन्ध्र प्रतिशत रकम वन पैदावार शुल्क बापत नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनको लागि काठ बिक्री गरी उपभोक्ता समूहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, संबर्धन, वातावरण संरक्षण र स्थानीय विकाससँग सम्बन्धित कार्यमा खर्च गर्नु पर्नेछ ।

(३) वन पैदावार शुल्क सम्वन्धी कार्यविधि अर्थ मन्त्रालयको सहमतिमा वन तथा भू-संरक्षण मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिमको वन पैदावार शुल्कको प्रशासन वन तथा भू-संरक्षण मन्त्रालयबाट हुनेछ ।

१८. दर घटाउन, बढाउन वा छुट दिन सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता

अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष अर्थ मन्त्रालयले व्यवस्थापिका-संसदमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिबाना गरिनेछ ।

१९. प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने : आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८, भन्सार ऐन, २०६४ तथा यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तिको कारणले उल्लिखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

२०. शुल्क तथा व्याज मिन्हा हुने : (१) चिकित्सक, कलाकार, पत्रकार, खेलाडी, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, परामर्श सेवा प्रदायक, सेवानिवृत्त, वहालवाला वा सार्वजनिक पद धारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायतका प्राकृतिक व्यक्तिले आय वर्ष २०६८/०६९, २०६९/०७० र २०७०/०७१ को आय विवरण र सो अनुसार लाग्ने कर २०७२ साल पौष मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज समेत मिन्हा हुनेछ । साथै सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु पर्ने छैन ।

२१. पूर्व अनुमानित कर विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था : भूकम्पबाट पूर्ण रुपमा व्यवसाय ध्वस्त भई राहत प्राप्त

गरेका र जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएका पूर्व अनुमानित आय विवरण बुझाउने साना करदाताले त्यस्तो प्रमाण सहित आय विवरण बुझाएमा आर्थिक वर्ष २०७१।७२ मा लागेको आयकर र घर बहाल कर मिन्हा हुनेछ । साथै त्यस्ता करदाताको आर्थिक वर्ष २०७२।७३ को लागि अन्तःशुल्क इजाजत नवीकरण दस्तुर लाग्ने भएमा सो समेत मिन्हा हुनेछ ।

२२. बक्यौता कर मिन्हा सम्बन्धी विशेष व्यवस्था : आयकर ऐन, २०३१ बमोजिमको आयकर र मूल्य अभिबृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटेल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल उपर हुन नसकेका बक्यौता करमध्ये प्रति लगत बीस हजार रुपैयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको छ ।

२३. क्रसर उद्योगको इजाजत सम्बन्धी विशेष व्यवस्था : उद्योग दर्ता गरी विगतमा विभिन्न कारणले सञ्चालन हुन नसकी अन्तःशुल्क इजाजतपत्र नलिएका वा इजाजतपत्र नवीकरण नगरेका क्रसर उद्योगले आर्थिक वर्ष २०७२।७३ को लागि २०७२ साल असोज मसान्तभित्र अन्तःशुल्क इजाजतपत्र लिई कारोबार सञ्चालन गरेमा सोभन्दा अघि लागेको इजाजत दस्तुर, विलम्ब दस्तुर, जरिवाना र ब्याज मिन्हा हुनेछ ।

२४. साना जलविद्युत आयोजनाहरुको मूल्य अभिबृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था : (१) शून्य दरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन भएका वा हालसम्म शून्यदरको सुविधा नलिएका साना जलविद्युत आयोजना (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरु समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिवृद्धि कर वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र अन्य साना जल विद्युत आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

(२) कर फिर्ता दावी सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा जुनसुकै कुरा लेखिएको भए तापनि २०७२ साल पौष मसान्तभित्र कर फिर्ता दावी गरेमा उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।

२५. सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था : (१) आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक दुई लाख पचास हजार रुपैयासम्म रोजगारीको आय भएमा सो आयमा एक प्रतिशतका दरले र दम्पत्तीको हकमा वार्षिक तीन लाख रुपैयासम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असुल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम असुल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण बापतको आयमा यस दफा बमोजिमको कर लाग्ने छैन ।

२६. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा २ को, -

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "राजस्व" भन्नाले कानून बमोजिम नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने भन्सार महसुल, अन्तःशुल्क, आयकर, मूल्य अभिवृद्धि कर, सवारी साधन कर, घरजग्गा बहाल कर, सम्पत्ति कर वा घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम लाग्ने अन्य कर तथा गैरकर राजस्वलाई समेत जनाउँछ ।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "गैर कर" भन्नाले कानून बमोजिम लाग्ने दस्तुर, सेवा शुल्क, रोयल्टी, लाभांश, साँवा, ब्याज समेतको रकम सम्झनु पर्छ ।"

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) "मन्त्रालय" भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ ।"

(घ) खण्ड (छ) पछि देहायका खण्ड (छ१), (छ२), र (छ३) थपिएका छन् :-

"(छ१) "बिगो" भन्नाले आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, घर बहाल कर र कानून बमोजिम लाग्ने अन्य कर, शुल्क तथा ब्याज समेतको रकम सम्झनु पर्छ र सो शब्दले भन्सार चोरी पैठारी भएको वा हुन लागेको मालवस्तुको थोक बजार मूल्य वा मालवस्तु फेला नपरी कागज मात्र फेला परेकोमा त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार बिन्दुमा भन्सार प्रयोजनको लागि कायम हुने मूल्य र सोमा लाग्ने भन्सार महसुललाई समेत जनाउँछ।

(छ२) "ढुवानीका साधन" भन्नाले यात्रुवाहक सवारी साधन बाहेकका मालसामान ओसारपसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनी ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान, ट्र्याक्टर जस्ता ढुवानीका साधन सम्झनु पर्छ ।

(छ३) "कम्प्यूटर सूचना प्रणाली" भन्नाले विभागले कार्यान्वयनमा ल्याउने कम्प्यूटर सूचना प्रणाली सम्झनु पर्छ र सो शब्दले वेभमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणालीलाई समेत जनाउँछ ।"

(२) दफा ४ को, -

(क) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) राजस्व बुझाउनु पर्ने कार्यालयको कर्मचारीसँग मिलोमतो गरी वा नगरी नेपाल सरकारलाई कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व रकममा हेरफेर वा

परिवर्तन गरेमा वा राजस्व बुझाएको देखिने गलत लिखत तथा कागजात तयार गरेमा वा पेश गरेमा ।"

(ख) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गरिनु पर्ने वा देखाउनु पर्ने कुनै आय, घर जग्गा वा अन्य सम्पत्ति वा सामानको मूल्य घटी वा बढी हुने गरी हिसाव वा कागजात तयार गरी पेश गरेमा ।"

(३) दफा ७ पछि देहायको दफा ७क. थपिएको छ :-

"७क. आकस्मिक जाँच परीक्षण गर्न सक्ने : (१) कसैले राजस्व चुहावट गरेको मानिने कुनै कार्य गरेको छ भन्ने विश्वास लाग्ने मनासिब कारण भएमा महानिर्देशक वा निजले खटाएको कुनै कर्मचारीले आकस्मिक रुपमा जुनसुकै व्यक्ति, यात्रु, मालसामान ओसारपसार गर्ने यातायातका साधन, कुनै घर, पसल, गोदाम लगायतका स्थानमा प्रवेश गर्न, यातायातका साधनलाई रोकी आवश्यक कागजात माग गर्न वा तलासी लिन वा कुनै भवन, गोदाम, पसल, कारोबारस्थल, जग्गा र स्थान विशेषमा उपस्थित भई खानतलासी लिन, सिलबन्दी गर्न वा कुनै मालवस्तु वा कागजात नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै स्थानमा खानतलासी लिँदा वा आकस्मिक जाँच गर्नुपर्दा सम्बन्धित व्यक्तिलाई खानतलासी लिनु वा जाँच गर्नु परेको कारण खुलाई लिखित जनाउ दिनु पर्नेछ ।"

(४) दफा ८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर सो अवधिभित्र अनुसन्धान तथा तहकिकातको काम सम्पन्न नभएमा महानिर्देशकले आवश्यकता अनुसार एकैपटक वा पटक पटक गरी तीस दिनसम्म अनुसन्धान तथा तहकिकातको लागि म्याद थप गर्न सक्नेछ ।"

(५) दफा ९ को उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थपिएका छन् :-

"(८) अनुसन्धान तथा तहकिकातको क्रममा रहेको कुनै व्यक्ति कारबाहीबाट भाग्ने उद्देश्यले विदेश जान सक्ने सम्भावना रहेको विश्वास हुने पर्याप्त कारण भएमा विभागले निजलाई विदेश जानबाट रोक लगाउन, यस्तो व्यक्तिको

राहदानी कब्जामा लिन वा रोक्का गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ ।

(९) यस ऐन बमोजिम अनुसन्धान तथा तहकिकातको क्रममा रहेको व्यक्तिको सम्बन्धित कार्यालय, संघ, संस्था वा कुनै बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थामा रहेको कारोबारको विवरण वा धितोपत्र बजारमा भएको आर्थिक कारोबारको विवरण विभागले अनुसन्धानको प्रयोजनको लागि सम्बन्धित संस्था, कार्यालय वा व्यक्तिसंग माग गर्न सक्नेछ । त्यसरी माग गरेको विवरण निर्धारित म्यादभित्र उपलब्ध गराउनु सम्वन्धित कार्यालय, संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।"

(६) दफा १० को,-

(क) उपदफा (१) मा रहेका "विभागको कुनै कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "विभाग वा मातहत कार्यालयको कुनै अधिकृत कर्मचारीलाई" भन्ने शव्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) यस ऐन बमोजिम कारवाही शुरु गरिएको कुनै कसूरको अनुसन्धान तथा तहकिकात गर्दै जाँदा प्रचलित अन्य कानून बमोजिमको कसूर गरेको देखिएमा विभागले सोही कानून बमोजिम कारवाही अगाडि वढाउन सम्वन्धित निकाय वा अख्तियार प्राप्त अधिकारी समक्ष लेखी पठाउन सक्नेछ । "

(७) दफा ११ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-

"(छ) राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धानमा रहेको व्यक्ति वा संस्थाको चल अचल सम्पत्ति रोक्का गर्नु पर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकृतले त्यस्तो सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।"

(८) दफा १३ पछि देहायका दफा १३क., १३ख. र १३ग. थपिएका छन् :-

"१३क. <u>सम्बन्धित निकायलाई लेखी पठाउन सक्ने</u> : (१) अनुसन्धान अधिकृतले राजस्व चुहावट सम्बन्धी कसूरको अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम निर्धारण गर्नुपर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, भन्सार महसुल वा गैरकर लापरबाही वा

हेलचेक्र्याइँ गरी वा अन्य कुनै कारणबाट त्रुटी हुन गएको पाएमा सो कुरा उल्लेख गरी विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन प्राप्त भएपछि विभागले त्यस्तो कर, अन्तःशुल्क, भन्सार महसुल वा गैरकरको निर्धारणमा भएको त्रुटी सच्याउन सम्बन्धित संस्था वा निकायमा लेखी पठाउनेछ ।

(३) उपदफा (२) बमोजिम त्रुटी सच्याउनको लागि लेखी आएमा सो बमोजिम त्रुटी सच्याउनु त्यस्तो संस्था वा निकायको कर्तव्य हुनेछ ।

१३ख. कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा लिन सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यथा प्रमाणित भएकोमा बाहेक विद्युतीय माध्यमबाट प्रशोधित वा विकास गरिएका विभागले तोकेको अभिलेखलाई प्रमाणको रुपमा लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको विवरण तथा तथ्याङ्क प्राप्त गर्ने, विश्लेषण गर्ने वा प्रशोधन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३ग. वेबमा आधारित अनलाइन ढुवानी साधन अनुगमन प्रणाली लागू गर्ने : (१) कानून बमोजिम दर्ता भएको ढुवानीको साधनबाट एक जिल्लाबाट अर्को जिल्लामा मालसामान ओसारपसार गर्नु पूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्टी गरेर मात्र ओसारपसार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका ढुवानीको साधन प्रयोगकर्ताले मालसामान घोषणाको मुद्रण प्रति र विभागबाट तोकिएका कागजात ढुवानी अवधिभर आफ्नो साथमा राख्नु पर्नेछ ।

(३) नेपालभित्र दर्ता भएको वा नयाँ दर्ता हुने ढुवानीको साधन धनीले विभागले तोकेको मापदण्ड अनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जिपिएस डिभाइस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रुपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किसिमको ढुवानीको साधन वा कुनै

स्थानमा चल्ने साधनमा जीपीएस डिभाइस अनिवार्य रुपमा जडान गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ ।

(५) यस दफा बमोजिमको व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुनेछ ।"

(९) दफा २० को सट्टा देहायको दफा २० राखिएको छ :-

"२०. मुद्दा दायर गर्नुपर्ने अवधि : (१) यस ऐन बमोजिमको कसूरको अनुसन्धान तथा तहकिकात समाप्त भई मुद्दा दायर गर्न सरकारी वकीलको राय माग भएमा सम्बन्धित सरकारी वकीलले पन्ध्र दिनभित्र सो सम्बन्धमा आफ्नो राय उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरकारी वकिलले राय उपलब्ध गराएको मितिले बीस दिनभित्र मुद्दा दायर गर्नु पर्नेछ ।"

(१०) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३. सजाय : (१) राजस्व चुहावटको कसूर गर्ने व्यक्तिलाई बिगोको दोब्बरसम्म जरिबाना गरी कसूरको मात्रा हेरी तीन वर्षसम्म कैद हुनेछ ।

(२) राजस्व चुहावटको कसूरको मतियारलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम बुझाउनु पर्ने राजस्व रकममा राजस्व सम्बन्धी प्रचलित कानून बमोजिमको ब्याज समेत लाग्नेछ ।

(४) दफा १३ग. को उपदफा (१), (२) वा (३) मा उल्लिखित व्यवस्थाको विपरीत कार्य गर्ने सम्बन्धित ढुवानी साधनको धनी वा सोको प्रयोगकर्तालाई अनुसन्धान अधिकृतले प्रथम पटकको लागि दुई हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे पाँच हजार रुपैयाँ जरिवाना गर्नेछ ।"

(११) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ :-

"२६. विशेषज्ञ वा कर्मचारीलाई काममा लगाउन सकिने : यस ऐन अन्तर्गतको अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाहीको सम्बन्धमा विभागले विशेषज्ञको राय लिन वा कुनै विशेषज्ञ वा अन्य

कर्मचारीलाई काजमा लिई वा करारमा राखी काममा लगाउन सक्नेछ।"

(१२) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-

"२९. पुरस्कार दिइने : (१) यस ऐन अन्तर्गतको कसूर गरेको सूचना दिने सुराकीलाई सो कसूर सम्बन्धी मुद्दाको अन्तिम किनारा लागेपछि असुल भएको बिगो रकमको पन्ध्र प्रतिशत वा पन्ध्र लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सो बराबरको रकम पुरस्कार स्वरुप दिइनेछ।

(२) यस ऐन बमोजिम विभागले गरेको अनुसन्धान तथा तहकिकातबाट कसैले आफूले तिर्नु बुझाउनु पर्ने राजस्वको सम्पूर्ण वा केही अंश छलेको प्रमाणित भई असुल हुन आएको बिगो रकमको पाँच प्रतिशत वा पाँच लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सो बराबरको रकम अनुसन्धान तथा तहकिकातमा संलग्न कर्मचारीलाई पुरस्कार स्वरुप दिइनेछ।

(३) पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ।"

(१३) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छ :-

"३०क. सुराकी खर्च दिइने : (१) राजस्व चुहावटको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधि बमोजिम तत्काल दश हजार रुपैयासम्म सुराकी खर्च दिइनेछ।

(२) उपदफा (१) बमोजिम सुराकी खर्च दिइएको सुराकीको नाम, थर र वतन गोप्य राखिनेछ।

(१४) दफा ३२ पछि देहायका दफा ३२क. र ३२ख. थपिएका छन् :-

"३२क. कालो सूचीमा राख्ने : (१) यस ऐन बमोजिम राजस्व असुलीको लागि अनुसन्धान तथा तहकिकात भई कसूरदार ठहरिएको व्यक्ति वा निकायलाई विभागले तोकिएको प्रक्रिया पूरा गरी कालो सूचीमा राख्न लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो व्यक्ति वा निकायलाई प्रचलित कानून बमोजिम कालो सूचीमा राख्नु पर्नेछ।

३२ख. असुल उपर गर्ने : यस ऐन बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व सरकारी बाँकी सरह असुल उपर गरिने छ।"

(१५) दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छ :-

"३७क. राजस्व प्रहरीको रुपमा खटाउन सक्ने : (१) दफा ३७ मा उल्लेख भए बमोजिम राजस्व प्रहरीको छुट्टै व्यवस्था नभएसम्मका लागि नेपाल सरकारले विभाग अन्तर्गत रहने गरी आवश्यकता अनुसार सशस्त्र प्रहरी बलका अधिकृत तथा जवानलाई राजस्व प्रहरीको रुपमा काम गर्न खटाउन सक्नेछ।

(२) राजस्व प्रहरीले महानिर्देशकको प्रत्यक्ष मातहत र नियन्त्रणमा रही काम गर्नु पर्नेछ।

(३) कसैले राजस्व चुहावट गरेको वा गर्न लागेको मनासिव कारण भएमा महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेशमा राजस्व प्रहरीले त्यस्तो कार्य गर्नबाट निजलाई रोक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रोक्न खोज्दा निजले हुलहुज्जत वा जोरजुलुम गरेमा राजस्व प्रहरीले निजलाई त्यसो नगर्न सम्झाउनु बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्झाउँदा बुझाउँदा पनि निजले हुलहुज्जत वा जोरजुलुम गरेमा राजस्व प्रहरीले निजलाई पक्राउ गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम पक्राउ गर्न खोज्दा निजले जोरजुलुम गरेमा वा भाग्न उम्कन खोजेमा वा तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेशले घटनास्थलमा खटिएका राजस्व प्रहरीले त्यस्तो घटना रोक्न पहिले हवाई फायर गर्न र त्यसो गर्दा पनि स्थिति नियन्त्रण नभए वा हुलहुज्जत गर्ने व्यक्तिसँग समेत हतियार भएमा कम क्षति हुने गरी गोली समेत चलाउन सक्नेछ।

(७) कुनै ढुवानी वा सवारी साधनबाट राजस्व छलिएको मालवस्तु ढुवानी गर्दै गरेको शंका भएमा राजस्व प्रहरीले त्यस्तो सवारी साधन समेत रोक्न वा रोक्न लगाउन आदेश दिन सक्नेछ। त्यस्तो आदेश

नमानी हुलहुज्जत वा जोरजुलुम गरी त्यस्तो सवारी साधन नजँचाई भगाउने प्रयत्न गरेमा वा भगाएमा महानिर्देशक वा सम्बन्धित अनुसन्धान अधिकृतको आदेश लिई राजस्व प्रहरीले त्यस्तो सवारी साधनको पाङ्ग्रामा कम क्षति हुने गरी गोली चलाउन सक्नेछ ।

(८) उपदफा (६) वा (७) बमोजिम गोली चलाउनु परेको अवस्थामा सो कुराको जानकारी छिटो साधनद्वारा अनुसन्धान अधिकृतले आदेश दिएकोमा महानिर्देशक तथा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र महानिर्देशकले आदेश दिएकोमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी तथा अर्थ मन्त्रालयको सचिवलाई दिनु पर्नेछ ।"

२७. <u>मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन</u> : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "कर लाग्ने मूल्य" भन्नाले कुनै वस्तु वा सेवाको सम्बन्धमा दफा १२ र १२क. बमोजिम कायम गरिने मूल्य सम्झनु पर्छ ।"

(ख) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) "आपूर्ति" भन्नाले प्रतिफल लिई वा नलिई कुनै वस्तु वा सेवा बिक्री, विनिमय, हस्तान्तरण गर्ने कार्य वा तत्सम्बन्धी अनुमति दिने वा ठेक्का पट्टा गर्ने कार्य सम्झनु पर्छ ।"

(ग) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) "प्रतिफल" भन्नाले वस्तु वा सेवाको आपूर्ति गर्दा सोको मूल्य बापत प्राप्त हुने कुनै पनि कुरा सम्झनु पर्छ ।"

(घ) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

“(ज) “निर्यात” भन्नाले प्रचलित कानून बमोजिम वस्तु वा सेवा नेपाल बाहिर वा निर्यात गृह वा विशेष आर्थिक क्षेत्रमा निर्यात गर्ने कार्य सम्झनु पर्छ ।”

(ङ) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

“(ट१) “विद्युतीय माध्यम” भन्नाले कम्प्यूटर, इन्टरनेट, इ-मेल, फ्याक्स, विद्युतीय क्यास मेशिन (इलेक्ट्रोनिक क्यास रजिष्टर), फिस्कल प्रिन्टर जस्ता माध्यम सम्झनु पर्छ र सो शब्दले विभागले तोकेको त्यस्तै प्रकृतिका अन्य माध्यम समेतलाई जनाउँछ ।”

(च) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ :-

“(ठ) “व्यक्ति” भन्नाले प्राकृतिक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोष सम्झनु पर्छ र सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई कर लाग्ने कारोबारमा संलग्न रहेको सरकारी निकाय, धार्मिक संगठन, परोपकारी संस्था वा त्यस्तै अन्य निकाय र तिनका शाखा वा उपशाखालाई समेत जनाउँछ ।”

(छ) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ :-

“(ड) “दर्ता भएको व्यक्ति” भन्नाले दफा १० र दफा १०क. बमोजिम कारोबार गर्न दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।”

(ज) खण्ड (थ) र (द) को सट्टा देहायको खण्ड (थ) र (द) राखिएका छन् :-

“(थ) “करदाता” भन्नाले यस ऐन बमोजिम कर लाग्ने कारोबारमा संलग्न भएको व्यक्ति वा कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(द) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।"

(झ) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छ :-

"(न) "कर अधिकृत" भन्नाले नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत वा प्रमुख कर अधिकृत वा प्रमुख कर प्रशासक सम्झनु पर्छ र सो शब्दले विभागका शाखा अधिकृत, निर्देशक, उप-महानिर्देशक वा यस ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतलाई समेत जनाउँछ।"

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. कर अधिकृतको अधिकार क्षेत्र : (१) कर अधिकृतको अधिकारक्षेत्र नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) कर अधिकृतलाई आफ्नो कार्यक्षेत्र बाहेकका अन्य क्षेत्रका करदाताको कारोबार निरीक्षण र अनुगमन तथा कर निर्धारण गर्ने गरी महानिर्देशकले तोक्न सक्नेछ।"

(३) दफा ५क. को सट्टा देहायको दफा ५क. राखिएको छ :-

"५क. कारोबारको स्वामित्वको हस्तान्तरणमा कर नलाग्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा वा निजको मृत्यु भई हकवालाको नाममा कारोबार हस्तान्तरण भएमा त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन। त्यसरी कारोबार बिक्री वा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्ति वा हस्तान्तरण गरी लिने व्यक्तिले सो कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम दर्ता हुनुपर्ने वा भएको कुनै उद्योग वा व्यवसायको हस्तान्तरण भएमा स्वामित्व

प्राप्त गर्ने व्यक्तिले कानून बमोजिम करको दायित्व व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) को अधीनमा रही स्वामित्व प्राप्त गर्नेले यस ऐन बमोजिम तोकिएको अवधिसम्म (हस्तान्तरण हुनु अघिको) त्यस्तो उद्योग वा व्यवसायको कारोबारको लेखा, खातावही तथा हिसाव किताब सुरक्षित राख्नुपर्ने दायित्व वहन गर्नु पर्नेछ ।"

(४) दफा ५ख. को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

"तर दफा ९ बमोजिम तोकिएको रकमसम्मको मात्र कारोबार गरेको हुँदा दर्ता हुनु नपर्ने भन्ने जिकीर लिने व्यक्तिले दर्ता गर्ने आदेश प्राप्त भएको मितिले तीस दिनभित्र सो कुराको प्रमाण पेश गर्नु पर्नेछ ।"

(५) दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐन बमोजिम लाग्ने करको दर तेह्र प्रतिशतको एकल दर हुनेछ ।"

(६) दफा ८ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्नेछ ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ । त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "व्यावसायिक प्रयोजन" भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने एवं त्यस्ता संरचना चालु वा स्थायी सम्पत्तिको रुपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने कार्य सम्झनु पर्छ।"

(७) दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

"८क. बैङ्क प्रत्याभूतिको व्यवस्था : (१) उद्योग सञ्चालन भएको पछिल्लो बाह्र महिनाको कुल बिक्रीको चालीस प्रतिशतभन्दा बढी निकासी गर्ने उद्योगले निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ पैठारी गर्दा तथा बण्डेड वेयर हाउस मार्फत करमुक्त पसलको लागि पैठारी गर्ने मालसामानमा लाग्ने कर बापतको रकम सम्बन्धित भन्सार कार्यालयमा बैङ्क प्रत्याभूति राखी पैठारी गर्न सक्नेछ।

तर बण्डेड वेयर हाउस मार्फत कर मुक्त पसलले पैठारी गर्ने बाहेक अन्य निकासीकर्ताले त्यस्तो सुविधा प्राप्त गर्न कच्चा पदार्थबाट तयारी सामान बनाई निकासी गर्दा दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा लिई बण्डेड वेयर हाउस मार्फत पैठारी भएका मदिरा तथा चुरोट नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कुटनीतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई मात्र बिक्री गर्नु पर्नेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित करमुक्त पसलमा मौज्दातमा रहेका मदिरा तथा चुरोट स्वीकृति प्राप्त आफ्नै बण्डेड वेयर हाउसमा स्थानान्तरण गर्न वा लाग्ने कर तिरी बिक्री गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम राखिएको बैङ्क प्रत्याभूति विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा गरिनेछ।"

(८) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. सानो कारोबार गर्ने व्यवसायीलाई छूट : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकमसम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्न, विवरण पेश गर्न र अन्य प्रक्रिया पूरा गर्न नपर्ने गरी तोकिए बमोजिम छूट दिन सकिनेछ।

तर मूल्य अभिबृद्धि कर लाग्ने वस्तुको कारोबार गर्ने आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम पूर्व अनुमानित आय विवरण बुझाउने करदाता बाहेक सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गर्न चाहेमा दफा १० बमोजिमको प्रक्रिया पूरा गरी दर्ता गराउन सक्नेछ।"

(९) दफा १० को,-

(क) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तु वा सेवामा कर लाग्ने भएमा त्यसरी कर लागेको वा कारोबार सञ्चालन गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।"

(ख) उपदफा (४) मा रहेको "निवेदन" भन्ने शब्दको सट्टा "दरखास्त" भन्ने शब्द राखिएको छ।

(१०) दफा १० पछि देहायको दफा १०क. र दफा १०ख. थपिएका छन् :-

"१०क. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्था : (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार शुरु हुनुभन्दा अगावै आयोजक तथा सो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यवसायी तोकिए

बमोजिम मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यवसायीले सो कार्यक्रममा राख्ने वस्तु स्टक ट्रान्सफर गरी लैजान पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रदर्शनी, मेला समाप्त भएको सात दिनभित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेज गर्नु पर्नेछ ।

१०ख. संयुक्त उपक्रमको दर्ता सम्बन्धी विशेष व्यवस्था : (१) कुनै दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि तोकिएको कार्य गर्न संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) खडा गरेमा मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका यस्ता संयुक्त उपक्रमले उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गर्नु पर्नेछ ।"

(११) दफा ११ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) साझेदार संस्था भए त्यस्तो साझेदारी संस्था विघटन भएमा वा साझेदारको मृत्यु भएमा"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) लगातार बाह्र महिनासम्म शून्य विवरण दिने वा विवरण नै नदिई बसेका करदाता भएमा,"

(ख) उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छ :-

"(१क) दर्ता खारेजीको लागि कर विवरण पेश भएको पन्ध्र दिनभित्र करदाताले कर परीक्षणको लागि आफ्नो कागजातहरू पेश गर्नु पर्नेछ र कर अधिकृतले

त्यस्ता करदाताको कर परीक्षण गरी तीन महिनाभित्र दर्ता खारेज गरी वा दर्ता खारेज नहुने भए सोको जानकारी करदातालाई दिनु पर्नेछ । सो अवधिभित्र कर अधिकृतले दर्ता खारेज नगरेमा वा दर्ता खारेज हुने भनी निर्णय नगरेमा सो अवधिपछिको कर विवरण करदाताले पेश गर्नु पर्ने छैन ।"

(ग) उपदफा (१क) पछि देहायका उपदफा (१ख) र (१ग) थपिएका छन् :-

"(१ख) यो उपदफा लागू हुँदाका बखत बार्षिक बीस लाख रुपैयाँभन्दा कमको करयोग्य वस्तुको कारोबार भई दर्ता कायम रहेका करदाताको कारोबार आगामि बाह्र महिनामा पचास लाख रुपैयाँ नपुगेमा कर अधिकृतले खारेजीको प्रक्रियाको लागि आदेश दिनु पर्नेछ ।

तर दफा ९ बमोजिम स्वेच्छिक रुपमा दर्ता हुन चाहने करदाताले आफ्नो दर्ता कायमै राख्न चाहेमा तोकिएको ढाँचामा सम्वत् २०७३ असार मसान्तभित्र दरखास्त दिएमा त्यस्ता करदाताको लागि यो उपदफा लागू हुने छैन ।"

"(१ग) यो उपदफा लागू हुँदाका बखत दर्ताको लागि तोकिएको कारोबारको सीमाभन्दा कम करयोग्य कारोबार भई दर्ता कायम रहेका करदाताको खरीद तथा पैठारीमा तिरेको मिलान गर्न बाँकी कर, मौज्दातको कर कट्टी र दर्ता खारेजीको अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(घ) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) पहिले कर कट्टी सुविधा लिई सकेका वस्तुहरूमध्ये दर्ता खारेज हुँदाका बखत बाँकी रहेको पूँजीगत सामान समेतको मौज्दातलाई बजार मूल्यमा आपूर्ति गरेको मानिनेछ र सो बमोजिम कर निर्धारण गरी असुल गरिनेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "पूँजीगत सामान" भन्नाले कुनै सम्पत्ति वा सम्पत्तिको कुनै भाग र कर लाग्ने कारोबारमा प्रयोग हुने सम्पत्ति सम्झनु पर्छ ।"

(ङ) उपदफा (३) पछाडिदे हायको उपदफा (४) थपिएको छ :-

"(४) कर लाग्ने वस्तु वा सेवाको कारोबार हुँदा कुनै कुरा गरेको वा नगरेको कारणले यस ऐन बमोजिम गर्नु पर्ने कार्य तथा दायित्व बाँकी भएमा सो करदाताको दर्ता खारेज हुँदैमा त्यस्तो दायित्वबाट त्यस्तो करदाताले उन्मुक्ति पाउने छैन ।"

(१२) दफा १२ को,-

(क) उपदफा (२) रहेका "देहायका रकमहरु" भन्ने शब्दहरु पछाडि "समेत" भन्ने शब्द थपिएको छ ।

(ख) उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) यस ऐन बमोजिमको कर बाहेक अन्तःशुल्क, स्वामित्व शुल्क र अन्य कर रकम ।

स्पष्टीकरण :- यस खण्डको प्रयोजनको लागि "अन्य कर रकम" भन्नाले साल-वसाली आर्थिक ऐनले तोके बमोजिम लाग्ने महसुल, दस्तुर वा अन्य शुल्क सम्झनु पर्छ ।"

(१३) दफा १२ पछि देहायको दफा १२क. थपिएको छ :-

"१२क. काठको कारोबारमा कर लाग्ने : (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ सो समयमा त्यस्तो काठको रोयल्टी रकम वा लिलाम रकममा जुन बढी हुन्छ सो रकममा कर लगाई असुल उपर गरिने छ ।

(२) निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ ।"

(१४) दफा १४ को उपदफा (३) पछि देहायका उपदफा (४), (५), (६) र (७) थपिएका छन् :-

"(४) दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्रबाहिर ढुवानी गर्नेले कर बिजक साथमा राख्नु पर्नेछ ।

(५) विभागले करदातालाई क्यास मेसिन वा कम्प्युटरको प्रयोग गरी बिजक दिनु पर्ने गरी आदेश दिन सक्नेछ । यसरी क्यास मेसिन वा कम्प्युटरको प्रयोग गरी बिजक दिने सम्बन्धी अन्य प्रक्रिया विभागले तोके बमोजिम हुनेछ ।

(६) विभागले सूचना प्रकाशन गरी वा लिखित आदेश दिई तोकेको कुनै व्यक्तिले कुनै तोकेको वस्तुको सोही सूचना वा आदेशमा तोकेको समयावधिका लागि त्यस्तो वस्तुको खुद्रा बिक्री मूल्य सार्वजनिक गर्नु पर्ने गरी तोक्न सक्नेछ । यस्तो सूचना वा आदेश प्राप्त भएपछि खुद्रा बिक्री मूल्य सार्वजनिक नगरी कुनै वस्तुको बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले त्यस्तो वस्तु दर्ता नभएको व्यक्तिलाई बिक्री गर्दा सार्वजनिक भएको मूल्यमा तोकिएको ढाँचामा बिजक दिई उपभोक्ता तहको कर समेत असुल उपर गराउने व्यवस्था गरिने छ ।

तर उपदफा (६) बमोजिम नतोकिएको कुनै व्यक्तिले पनि स्वेच्छाले यस उपदफा बमोजिमको बिजक दिन सक्नेछ ।"

(१५) दफा १५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ, संस्था वा नियोग वा नेपाल सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्नेछ । "

(१६) दफा १६ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) विभागले करदाताको कम्प्युटर तथ्याङ्क आधार (डाटावेश) मा निरन्तर पहुँच प्राप्त गर्न सक्नेछ ।"

(ख) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता नभएका व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि खरिद बिक्री खाता आफैंले प्रमाणित गराई राख्नु पर्नेछ । त्यस्तो खाता कर अधिकृतले जुनसुकै बखत जाँच गर्न सक्नेछ ।"

(१७) दफा १६क. को सट्टा देहायको दफा १६क. राखिएको छ :-

"१६क. कम्प्यूटर प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यथा प्रमाणित भएमा बाहेक कर प्रयोजनको निमित्त विभाग वा अन्तर्गतका कार्यालयमा रहेका कम्प्यूटरबाट प्रशोधित करदाता सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ ।

(२) विभागले सूचना प्रकाशन गरी विद्युतीय माध्यमबाट बिजक जारी गर्ने, लेखा राख्ने, कर विवरण पेश गर्ने तथा भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।"

(१८) दफा १६क. पछि देहायको दफा १६ख. थपिएको छ :-

"१६ख. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने : आगजनी, चोरी, दुर्घटना, टुटफुट वा ध्वंशात्मक गतिविधिको कारणले हानि नोक्सानी भएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न सकिनेछ ।"

(१९) दफा १७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक वा व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका वस्तुहरूका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रुपमा मात्र कर कट्टी गर्न पाउने व्यवस्था गर्न सकिनेछ ।"

(ख) उपदफा (५क) को सट्टा देहायको उपदफा (५क) राखिएको छ :-

"(५क) उपदफा (२) को अधीनमा रही वित्तीय पट्टा अन्तर्गत ऋण सम्झौता गरी पैठारी वा खरीद गरिएका पूँजीगत वस्तुहरूमा तिरेको कर सम्बन्धित करदाताले कट्टी गर्न पाउनेछ ।"

(ग) उपदफा (५क) पछि देहायको उपदफा (५ख) थपिएको छ :-

"(५ख) दफा ८ को उपदफा (२), दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ ।"

(घ) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरिनेछ तथा त्यस्तो करदाताको कर कट्टी गर्नुपर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्वन गर्न सकिनेछ ।"

(२०) दफा १८ को,-

(क) उपदफा (१) मा रहेका "कर अधिकृत समक्ष" भन्ने शब्दहरूपछि "वा हुलाकबाट रजिष्ट्री गरी" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाका करदाताले आफूले कर विवरण बुझाउनु पर्ने महिनाको पन्ध्र गतेभित्र सोही जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने कर रकम र कर विवरण पेश गर्न सक्नेछ । यसरी प्राप्त हुन आएको कर विवरण तथा कर भुक्तानीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।

(१ख) उपदफा (१) र (१क) बमोजिम विवरण पेश गर्ने र पठाउने कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ ।"

(२१) दफा १९ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।"

(ख) उपदफा (३) झिकिएको छ ।

(ग) उपदफा (४) मा रहेका "उपदफा (२) वा (३)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२)" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) उपदफा (५) मा रहेका "उपदफा (२) र (३) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) बमोजिमको" भन्ने शब्दहरू र "महिना" भन्ने शब्दको सट्टा "कर अवधि" भन्ने शब्दहरु राखिएका छन् ।"

(२२) दफा २० को,-

(क) उपदफा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) थपिएका छन् :-

"(च) न्यून बिजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा,

(छ) दर्ता हुनु पर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा,

(ज) बिजक जारी नगरी बिक्री गरेमा,

(झ) दर्ता नभएको व्यक्तिले कर उठाएमा,

(ञ) दफा ८ को उपदफा (२) वा (३) बमोजिम कर दाखिला नगरेमा,

(ट) दफा १७ को उपदफा (४) को अवस्था विद्यमान भएमा ।"

(ख) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेछ । सो अवधिभित्र कर निर्धारण

हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ ।"

(ग) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले झुट्टा लेखा वा बिजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने जुनसुकै बखत विभागले पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ ।"

(२३) दफा २१ को,-

(क) उपदफा (१) मा रहेका "महानिर्देशकको पूर्व स्वीकृति लिई" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) उपदफा (१) को खण्ड (ग) र (च) को सट्टा देहायका खण्ड (ग) र (च) राखिएका छन् :-

"(ग) करदाताको सम्पूर्ण वा केही सम्पत्ति एकै पटक वा पटक पटक गरी सिलबन्दी बोलपत्र वा सार्वजनिक बढाबढद्वारा लिलाम बिक्री गरेर ।

(च) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम दावी गरेर ।"

(ग) उपदफा (१) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छ :-

"(ज) नेपाल बाहिर जान रोक लगाएर ।"

(घ) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम कर अधिकृतले गरेको कारवाहीको जानकारी चौबिस घण्टाभित्र महानिर्देशकलाई दिनु पर्नेछ ।"

(२४) दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ :-

"२२ विशेष अवस्थामा कर निर्धारण : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै करदाताले नेपाल छोडी जाने वा आफ्नो सम्पति अरु कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असुली हुन नसक्ने अवस्था छ भन्ने विश्वास गर्ने आधार भएमा कर अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो करदातासँग लाग्ने वा लागेको कर तुरुन्त निर्धारण

गरी कर असुल गर्न वा धरौटी माग गर्न सक्नेछ ।"

(२५) दफा २२ पछि देहायको दफा २२क. थपिएको छ :-

"२२क. कर छल्ने योजना विरुद्धको व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि करको फाइदा लिने बदनियतले देहायको कुनै कार्य गरेमा कर छल्ने योजना गरेको मानी महानिर्देशकले त्यस्तो करदाताको कर निर्धारण गरी कर असुल उपर गर्न कर अधिकृतलाई आदेश दिन सक्नेछ :-

(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी कर छल्ने बद्नियतले कुनै योजना तथा कार्य गरी करको दायित्व कम गरेमा,

(ख) कुनै व्यक्ति वा निकायले करको दायित्व कम गर्ने बद्नियतले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा ।"

(२६) दफा २३ख. पछि देहायका दफा २३ग. र २३घ. थपिएका छन् :-

"२३ग. न्यून बिजकीकरणका वस्तु खरीद गर्ने : (१) कुनै व्यक्तिले प्रचलित बजार मूल्यभन्दा बिक्री मूल्य कम देखाई न्यून बिजकीकरण गरी कुनै वस्तु बिक्री गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी न्यून बिजकीकरण गरी बिक्री गरेको त्यस्तै प्रकृतिको मौज्दातमा बाँकी रहेको वस्तु कर अधिकृतले रोक्का राखी न्यून बिजकीकरण गरी बिक्री गरेको मूल्यमा कर अधिकृतले खरिद गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर अधिकृतले वस्तु खरिद गर्दा वा गराउँदा त्यस्तो व्यक्तिले वस्तु बिक्री गर्न मञ्जुर नगरेमा कर अधिकृतले त्यस्तो वस्तु आफ्नो कब्जामा लिई न्यून बिजकीकरण गरी बिक्री गरेको मूल्यको आधारमा गणना गरी त्यस्तो व्यक्तिले भुक्तानी लिन आएको बखत भुक्तानी दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम खरीद गरेको वा खरीद गर्न लगाएको वस्तु महानिर्देशकले

तोकेको मूल्य तथा प्रक्रिया अनुसार बिक्री गर्न वा गराउन सकिनेछ ।

२३घ. थुनामा राख्न वा कब्जा गर्न वा धरौट माग गर्न सक्ने : (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कर छली कारोबार गरेको र तुरुन्त कुनै कारबाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा महानिर्देशकको स्वीकृति लिई कर अधिकृतले देहायका काम गर्न वा गराउन सक्नेछ :-

(क) कारोबार स्थलमा सिलबन्दी गर्न,

(ख) विद्युतीय उपकरण तथा सोको अभिलेख कब्जा गर्न,

(ग) कसूर गरेको भन्ने कुराको विश्वास लागेको व्यक्तिबाट छलिएको कर बराबरको रकम पर्चा खडा गरी नगद धरौटी वा जेथा जमानी माग गर्न,

(घ) करदाताको नाममा रहेको बैङ्क खाता तीन महिनासम्मको लागि रोक्का राख्न,

तर कर निर्धारण प्रक्रिया पूरा नभएको अवस्थामा महानिर्देशकको स्वीकृतिमा थप तीन महिनाको लागि बैङ्क खाता रोक्का राख्न सकिनेछ ।

(ङ) खण्ड (ग) बमोजिम नगद धरौटी नराखेमा वा जेथा जमानी नदिएमा एक पटकमा पन्ध्र दिनमा नबढ्ने गरी बढीमा पैंतालीस दिन थुनामा राख्न ।

(२) यस ऐन बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सम्बन्धमा कर अधिकृतलाई कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।”

(२७) दफा २४ को उपदफा (४) र (५) को सट्टा देहायका उपदफा (४) र (५) राखिएका छन् :-

"(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिनाभरीको कुल बिक्रीमध्ये चालीस प्रतिशतभन्दा बढी निकासी गरी बिक्री गर्ने दर्ता भएको व्यक्तिले दफा १७ बमोजिम कर कट्टी गर्न पाउने रकम यस अघि यस दफामा तोकिएको कार्यविधि अपनाई फिर्ता पाउन निवेदन दिएमा बुझाउनु पर्ने कुनै रकम बाँकी भए त्यसमा मिलान गरी बाँकी रहेको रकम एकमुष्ट फिर्ता पाउन निवेदन दिन सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनुपर्ने ठहरिएको रकम कर अधिकृतले फिर्ता दिनेछ र निवेदन परेको मितिले उपदफा (३) बमोजिम भए साठी दिनभित्र र उपदफा (४) बमोजिम भए तीस दिनभित्र फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिम ब्याज समेत दिनु पर्नेछ ।"

(२८) दफा २४ पछि देहायको दफा २४क. थपिएको छ :-

"२४क. कर फिर्ता नहुने : दफा २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम फिर्ता लिनु पर्ने रकम कर अवधि समाप्त भएको मितिले तीन वर्षभित्र फिर्ताको लागि निवेदन नदिएमा फिर्ता हुने छैन ।"

(२९) दफा २५ को,-

(क) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कुटनीतिक मान्यता प्रदान गरेको नेपालको कुटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्परिकताको आधारमा वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय नियोग वा संस्थामा कार्यरत कुटनीतिक सुविधा प्राप्त व्यक्तिलाई कर छुटको सुविधा प्रदान गरेको रहेछ भने नेपालस्थित त्यस्तो राष्ट्र, क्षेत्रीय वा अन्तर्राष्ट्रिय नियोग वा संस्थाको कुटनीतिज्ञले आफूले उपभोग गरेको हदसम्म नेपालभित्र तिरेको करको रकम ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुटनीतिक निकाय वा कुटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा पाँच हजार रुपैयाँभन्दा कमको खरीदमा फिर्ता गरिने छैन ।"

(३०) दफा २५ पछि देहायका दफा २५क., २५ख. र २५ग. थपिएका छन् :-

"२५क. विदेशी पर्यटकले खरीदमा तिरेको कर फिर्ता हुने : नेपाल भ्रमण गरी हवाईमार्गबाट फर्कने विदेशी पर्यटकले पच्चीस हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु खरीद गरी आफूसँग लगेमा विभागले तोकेको प्रक्रिया अनुसार त्यस्तो वस्तुमा तिरेको कर फिर्ता दिइनेछ । त्यस्तो फिर्ता हुने रकमको तीन प्रतिशत रकम सेवा शुल्क बापत कट्टा गरिनेछ ।

२५ख. पुनः निर्यातमा भन्सार बिन्दुबाटै कर फिर्ता हुने : कुनै बस्तु पुनः निर्यात भएमा सम्बन्धित व्यक्तिले भन्सारमा दाखिला गरेको मूल्य अभिवृद्धि कर बापतको धरौटी रकममध्ये सो वस्तु पुनः निर्यात भएको प्रमाणको आधारमा हुने रकम सम्बन्धित भन्सार कार्यालयबाट निजलाई फिर्ता दिइनेछ ।

२५ग. पुनः निर्यातमा कर फिर्ता हुने : कुनै बस्तु पुनः निर्यात भई परिवर्त्य मुद्रामा अग्रिम रुपमा भुक्तानी प्राप्त भएमा सम्बन्धित व्यक्तिले खरीदमा तिरेको मूल्य अभिवृद्धि कर बापतको रकम निजलाई फिर्ता दिइनेछ ।"

(३१) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ :-

"२६ ब्याज : (१) यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्याद भित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा ब्याज लाग्नेछ । त्यस्तो ब्याज दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागि निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ।"

(३२) दफा २८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याई सोही मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाको बखत लाग्ने मूल्य अभिवृद्धि कर धरौटीमा राखी छाड्न सकिनेछ र त्यस्तो मालवस्तु पुनः निकासी भएपछि उक्त धरौटी फिर्ता दिइनेछ । यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागलाई दिनु पर्नेछ।"

(३३) दफा २९ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) दफा ५ख. बमोजिम दर्ता गर्न कर अधिकृतले दिएको आदेश वा दफा १० को उपदफा (१) वा (२) उल्लङ्घन गरेमा वा दफा १०क. को उपदफा (१) बमोजिम दर्ता नभएमा प्रत्येक कर अवधिको निमित्त दश हजार रुपैयाँ,"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम करपाटी नराखेमा वा तोकिएको ठाउँमा करपाटी नराखेमा पटकै पिच्छे दुई हजार रुपैयाँ,"

(३) खण्ड (ग), (घ) र (ङ) को सट्टा देहायका खण्ड (ग), (घ) र (ङ) राखिएका छन् :-

"(ग) दफा १४ को उपदफा (१) वा (४) उल्लङ्घन गरेमा प्रत्येक पटक पाँच हजार रुपैयाँ,

(घ) दफा १५ उल्लङ्घन गरेमा उठाएको करको शत प्रतिशत,

(ङ) दफा १६ को उपदफा (१) बमोजिम कारोबारको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैया र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे बीस हजार रुपैयाँ,"

(४) खण्ड (छ) पछि देहायका खण्ड (छ१) र (छ२) थपिएका छन् :-

"(छ१) दफा १६ को उपदफा (३क) उल्लङ्घन गरेमा प्रत्येक पटक एक हजार रुपैयाँ,

(छ२) कम्प्यूटर बिलिङ गर्न स्वीकृति लिएको वा स्वीकृति नलिएको करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्ट्वेयर प्रयोग गरेको पाइएमा पाँच लाख रुपैयाँ,"

(ख) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर बिगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(१ख) कुनै करदाताको मौज्दात परीक्षण गर्दा खरीद खातामा उल्लेख भएकोभन्दा बढी बस्तु मौज्दात फेला परेमा कर अधिकृतले त्यस्तो बस्तुको आम्दानी बाँध्न लगाई त्यसरी बढी फेला परेको बस्तुको बजार मुल्य कायम गरी सो मूल्यको पचास प्रतिशतले हुने रकम जरिवाना गर्न सक्नेछ ।"

(ग) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कुनै व्यक्तिले देहाय बमोजिमको कुनै कसूर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर

बिगोको शत प्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) झुट्टा लेखा वा बिजक वा अन्य कागजात तयार गरेमा,

(ख) जालसाजी गरी कर छलेमा,

(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,

(घ) दफा २३ग. उल्लङ्घन गरेमा,

(ङ) दफा ३० को उल्लङ्घन गरी कारोबार गरेमा ।"

(घ) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) यस ऐनमा उल्लिखित कुनै कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्तो व्यक्तिले घटी तिरेको करको पचास प्रतिशत रकम जरिवाना लाग्नेछ ।"

(३४) दफा २९ पछि देहायका दफा २९क. र २९ख. थपिएका छन् :-

"२९क. <u>विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्ने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले दफा २९ को उपदफा (२) मा उल्लिखित एक वा एकभन्दा बढी कसूर गरेको कुरा कारबाहीको प्रक्रिया शुरु हुनु अगावै लिखित रुपमा स्वीकार गरेमा त्यस्तो कसूर गरे बापत लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न विभागले त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिमको आदेश दिँदा त्यस्तो आदेशमा त्यस्तो कसूरको विवरण, बुझाउनु पर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनु पर्ने मिति खुलाउनु पर्नेछ ।

(३) विभागले यस दफा बमोजिम दिएको आदेश अन्तिम हुनेछ ।

"२९ख. सम्बन्धित अधिकृत जिम्मेवार हुने : (१) कुनै निकायले यस ऐन बमोजिम पालन गर्नु पर्ने कुनै कुरा पालन नगरेमा सो समयमा त्यस्तो निकायको अधिकृतको रुपमा कार्य गर्ने प्रत्येक कर्मचारी सो काम प्रति जिम्मेवार हुनेछ ।

(२) कुनै निकायले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाएमा त्यस्तो निकायको तत्काल वहाल रहेको वा छ महिना अघिसम्म वहाल रहेको प्रत्येक अधिकृत संयुक्त वा छुट्टाछुट्टै रुपमा सो कर बुझाउन जिम्मेवार रहेको मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरु देहायका अवस्थामा लागू हुने छैनन् :-

(क) सो व्यक्तिको जानकारी वा मन्जुरी विना सो निकायले त्यस्तो कसूर गरेको अवस्थामा, र

(ख) त्यस्तो कसूर हुन नदिन सो व्यक्तिले सामान्य मानवीय विवेक प्रयोग गर्ने व्यक्तिले अपनाउनेसम्मको होसियारी, परिश्रम र सीप अपनाएको वा प्रयोग गरेको भएमा ।

(४) कुनै व्यक्तिले उपदफा (२) बमोजिम कर दाखिला गरेमा सो व्यक्तिले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) निजले त्यसरी दाखिला गरेको रकम सो निकायबाट असुल उपर गर्न,

(ख) खण्ड (क) को प्रयोजनको लागि त्यसरी दाखिला गरेको रकमभन्दा बढी नहुने गरी निजको कब्जामा रहेको वा रहन आउने सो निकायको सम्पत्ति आफ्नो अधीनमा राख्न ।

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम कुनै व्यक्तिले कुनै सम्पत्ति आफ्नो अधीनमा लिएमा त्यस्तो व्यक्ति उपर सो निकाय वा अन्य कुनै व्यक्तिले कुनै दाबी गर्न पाउने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सम्बन्धित अधिकृत" भन्नाले सो निकायको व्यवस्थापक वा सो हैसियतमा कार्य गर्ने व्यक्ति सम्झनु पर्छ ।

(३५) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छ :-

"३०क. पुनः कर निर्धारणको लागि आदेश दिन सक्ने : (१) कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनै कारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ ।

(२) कर अधिकृतले लापरबाही वा बदनियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएको देखिएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ ।"

(३६) दफा ३१क. को सट्टा देहायको दफा ३१क. राखिएको छ :-

"३१क. प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने : (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र त्यस्तो निर्णय विरुद्ध महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ ।

(३) करदाताको उपदफा (१) बमोजिम परेको निवेदन उपर छानबिन गर्दा निवेदकको जिकीर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर महानिर्देशकले निर्णय दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(६) उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक तिहाई रकम दाखिला गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम दाखिला गर्नुपर्ने रकम निवेदन दिनुभन्दा अगाडि नै बढी दाखिला गरेको रहेछ भने त्यस्तो रकमले खामेसम्मको रकम कटाई बाँकी रकम मात्र दाखिला गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम दाखिला गरेको रकम मुद्दाको अन्तिम किनारा नलागेसम्म फिर्ता हुने छैन ।"

(३७) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छ :-

"३२. राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने : (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (४) बमोजिम महानिर्देशकले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदन पत्रको प्रतिलिपि संलग्न गरी विभाग समक्ष लिखित जानकारी गराउनु पर्नेछ ।"

(३८) दफा ३२ पछि देहायका दफा ३२क. र ३२ख. थपिएका छन् :-

"३२क. पूर्वादेश : (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेको कुनै द्विविधा सम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वादेश जारी गर्न सक्ने छैन ।"

३२ख. सार्वजनिक परिपत्र : (१) यस ऐनको कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउन र विभाग वा सो अन्तर्गतका कार्यालयका अधिकृत लगायत यस ऐनबाट

प्रभावित हुने व्यक्तिलाई मार्ग निर्देशन दिन विभागले यस ऐनमा भएका व्यवस्थाको सम्बन्धमा व्याख्यासहित लिखित सार्वजनिक परिपत्रहरु जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरिएका परिपत्रहरु सर्वसाधारणको जानकारीको लागि विभागको आफ्नो वेभसाइटमा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम जारी गरिएको कुनै परिपत्र रद्द नगरिएसम्म सो परिपत्र बमोजिम कारबाही गर्न विभाग बाध्य हुनेछ ।"

(३९) दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ :-

"३४क. विशेषज्ञको सेवा लिन सक्ने : नेपाल सरकार वा विभागले कर परीक्षण, अनुसन्धान वा व्यवस्थापन सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र त्यस्तो विशेषज्ञको सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागू हुनेछ ।"

(४०) दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छ :-

"४०. पुरस्कार तथा सूराकी खर्च : (१) कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकममध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम महानिर्देशकको निर्णयले पुरस्कार स्वरुप दिन सकिनेछ ।

(२) पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व चुहावटको सूचना दिने व्यक्तिलाई सूचनाको सत्यताको आधारमा

विभागद्वारा तोकिएको कार्यविधि बमोजिम तत्काल दशहजार रुपैयासम्म सुराकी खर्च दिन सकिनेछ ।

(४) उपदफा (१) र (३) बमोजिमको सूचना दिने व्यक्तिको नाम, थर र वतन गोप्य राखिनेछ ।"

(४१) अनुसूची-१ र अनुसूची-२ को सट्टा देहायका अनुसूची-१ र अनुसूची-२ राखिएका छन् :-

# अनुसूची-१

(मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) संग सम्बन्धित)

<u>कर छुट हुने वस्तु तथा सेवाहरु</u>

| समूह : १ आधारभूत कृषि उत्पादनहरु | | |
|---|---|---|
| ०६.०१ | | निष्कृय, उम्रन लागेको वा फूलेको गानो, गांठो, गांठेजरा, धनकन्द (कौर्म), काउन (रुखको जरा र स्तंभ जोडिने बिन्दु स्थल), राइजोम (मूलजरो), चिकोरी विरुवा र शीर्षक १२.१२ को जराहरुबाहेक अन्य जराहरु । |
| | ०६०१.१०.०० | -निष्कृय गांनो, गांठो, गांठे जरा, धनकन्द (कौर्म), काउन र मूलजरा |
| | ०६०१.२०.०० | -उम्रन लागेको वा फूलेको गांनो, गांठो, गांठे जरा, धनकन्द (कौर्म), काउन, मूलजरा, चिकोरी विरुवा र जराहरु |
| ०६.०२ | | अन्य जीवित विरुवा (जरा सहित), कलमीहरु, च्याऊ र स्पाउन (च्याउ निस्किने सेतो त्यान्द्रो) |
| | ०६०२.१०.०० | -जरा नभएको कलमीहरु |
| | ०६०२.२०.०० | -खान हुने फल वा काष्ठफल (नट) का कलमी गरेका वा नगरेका रुख, बुटा र झाङ |
| | ०६०२.३०.०० | -रोडोडेन्ड्रन्स (गुराँस) र अजालिया, कलमी गरेको वा नगरेका |
| | ०६०२.४०.०० | -कलमी गरेको वा नगरेको गुलाफ |
| | ०६०२.९०.०० | -अन्य |
| ०६.०३ | | सजावट प्रयोजनको लागि वा फूलको गुच्छा बनाउनको लागि उपयुक्त टिपेको फूलको कोपिला वा टिपेको फूल, ताजा, सुकेको, रंगाएको, धोएको, संसेचित (इम्प्रिग्नेटेड्) वा अन्य प्रकारले तयार गरेको । |
| | | -ताजाः |
| | ०६०३.११.०० | --गुलाफहरु |
| | ०६०३.१२.०० | --कार्नेसनहरु |
| | ०६०३.१३.०० | --अर्किडहरु |
| | ०६०३.१४.०० | --क्रिसानथेममहरु |

| | | |
|---|---|---|
| | ०६०३.१५.०० | --कुमुदिनी (लिली) हरु (लिलियम जातहरु) |
| | ०६०३.१९.०० | --अन्य |
| | ०६०३.९०.०० | -अन्य |
| ०६.०४ | | गुच्छा वा गुलदस्ता बनाउने वा सजावटको लागि उपयुक्त हुने किसिमका ताजा, सुकेको, रंगाएको, धोएको, संसेचित वा अन्य किसिमले तयार गरेको रुखको पालुवा, हाँगाबिँगा र अन्य भागहरु (फूल र कोपिला बाहेक) बालवृक्ष, झाडी र अन्य बोट विरुवाहरु झ्याउ, सुनाखरी र घांसहरु । |
| | ०६०४.२०.०० | -ताजा |
| | ०६०४.९०.०० | -अन्य |
| ०७.०१ | | ताजा वा चिसो पारेको आलु । |
| | ०७०१.१०.०० | -बिऊ |
| | ०७०१.९०.०० | -अन्य |
| ०७.०२ | ०७०२.००.०० | ताजा वा चिसो पारेको गोलभेडा |
| ०७.०३ | | ताजा वा चिसो पारेको प्याज, शालौट, लसून, छ्यापी वा यस्तै जातिका अन्य वनस्पतिहरु । |
| | ०७०३.१०.०० | -प्याज र शालौट |
| | ०७०३.९०.०० | --छ्यापी र यस्तै लसुन प्याज जातिका सागपात |
| ०७.०४ | | ताजा वा चिसो पारेको वन्दाकोबी (क्याबेज), काउली, गाँठकोबी (कोलराबी), केल (एक किसिमको कोबी) र खान हुने काउली जातिका अन्य सागपात । |
| | ०७०४.१०.०० | -काउली र ब्रोकाउली |
| | ०७०४.२०.०० | -ब्रुसेल्स स्प्राउट (एक किसिमको चश्मे बन्दाकोबी) |
| | ०७०४.९०.०० | -अन्य |
| ०७.०५ | | ताजा र चिसो लेट्यूस (जिरीको साग) र चिकोरी । |
| | | -लेट्यूस (जिरीको साग, सलाद): |
| | ०७०५.११.०० | --क्याबेज लेट्यूस (हेड लेट्यूस) |
| | ०७०५.१९.०० | --अन्य |
| | | -चिकोरी (कास्नी) : |
| | ०७०५.२१.०० | --विटलफ चिकोरी |

| | | |
|---|---|---|
| | ०७०५.२९.०० | --अन्य |
| ०७.०६ | | ताजा वा चिसो पारेको गाजर, सलगम, सलादको लागि चुकन्दरको जरा, साल्सिफाई, सेलेरियाक (सलगम जस्तो जरा भएको साग), मूला र यस्तै खान हुने जराहरु । |
| | ०७०६.१०.०० | -गाजर र सलगम |
| | ०७०६.९०.०० | -अन्य |
| ०७.०७ | ०७०७.००.०० | ताजा वा चिसो पारेको कांक्राहरु । |
| ०७.०८ | | ताजा वा चिसो पारेको कोसे तरकारीहरु (छोडाएको वा नछोडाएको) । |
| | ०७०८.१०.०० | -केराउ |
| | ०७०८.२०.०० | -बोडी (सिमीसमेत) |
| | ०७०८.९०.०० | -अन्य कोसे तरकारी |
| ०७.०९ | | ताजा वा चिसो पारेको अन्य तरकारीहरु । |
| | ०७०९.२०.०० | -कुरिलो |
| | ०७०९.३०.०० | -भान्टा |
| | ०७०९.४०.०० | -सेलरी, सेलेरियालबाहेक |
| | | -च्याउ (मसरुम र ट्रफल्स) : |
| | ०७०९.५१.०० | --ऐगारिकस जातिको च्याउ (मसरुम) हरु |
| | ०७०९.५९.०० | --अन्य |
| | ०७०९.६०.०० | -खोर्सानी जातको फलफूलहरु |
| | ०७०९.७०.०० | -पालुँगो, न्यूजिल्याण्ड पालुँगो समेत |
| | | -अन्य : |
| | ०७०९.९१.०० | --ग्लोब आर्टिचोकहरु |
| | ०७०९.९२.०० | --जैतुनहरु |
| | ०७०९.९३.०० | --फर्सी, कुभिन्डो र लौकाहरु (क्यूकरबिटा जातहरु) |
| | ०७०९.९९.०० | --अन्य |
| ०७.१० | | हिमीकृत सागपात (बफाएर वा उमालेर पकाएको वा नपकाएको) । |
| | ०७१०.१०.०० | -आलु |

| | | |
|---|---|---|
| | | -कोसे तरकारी, छोडाएको वा नछोडाएको: |
| | ०७१०.२१.०० | --केराउहरु |
| | ०७१०.२२.०० | --बोडीहरु (सीमीसमेत) |
| | ०७१०.२९.०० | --अन्य |
| | ०७१०.३०.०० | -पालुँगो न्यूजिलैण्ड पालुँगो समेत |
| | ०७१०.४०.०० | -गुलियो वा स्वादिलो मकै |
| | ०७१०.८०.०० | -अन्य सागपात |
| | ०७१०.९०.०० | -मिश्रित सागपात |
| ०७.११ | | नून पानीमा, गन्धक पानीमा बा यस्तै समान अस्थायी रुपमा सुरक्षित राख्ने तरल पदार्थमा राखी सुरक्षित गरिएको तर त्यस अवस्थामा तुरुन्त खान उपयुक्त नहुने खालको सागपात । |
| | ०७११.२०.०० | -जैतुन (ओलिभ्स) |
| | ०७११.४०.०० | -काक्रोहरु |
| | | -च्याउ (मसरुम्स) र भुइँमुनि हुने च्याउ (ट्रफल्स): |
| | ०७११.५१.०० | --ऐगारिकस जातिको च्याउ (मसरुम्स) हरु |
| | ०७११.५९.०० | --अन्य |
| | ०७११.९०.०० | -अन्य तरकारी; मिश्रित तरकारी |
| ०७.१२ | | सुख्खा तरकारी, सिंगै, काटेको, ताछेको, टुक्रयाएको, फुटाएको वा धुलो बनाएको तर त्यसभन्दा बढी तयार नगरेको । |
| | ०७१२.२०.०० | -प्याज |
| ०७.१३ | | कोसा छोडाएको सुख्खा कोसे तरकारी, बोक्रा छोडाएको वा नछोडाएको वा दलेको वा नदलेको । |
| | ०७१३.१०.०० | -केराऊ |
| | ०७१३.२०.०० | -चना |
| | | -बोडी (सिमीसमेत) : |
| | ०७१३.३१.०० | --बोडी |
| | ०७१३.३२.०० | --सानो रातो बोडी |
| | ०७१३.३३.०० | --बोडी (किड्नी बीन्स), सेतो पि बीन्ससमेत |

| | | |
|---|---|---|
| | ०७१३.३४.०० | --बाम्बरा बिन्स (एक प्रकारको बोडी) (भिग्ना सबटेरानिया वा भोआन्जिया सबटेरानिया) |
| | ०७१३.३५.०० | --तनेबोडी (काउपिज्) (भिग्ना अङगुइकुलाटा) |
| | ०७१३.३९.०० | --अन्य |
| | ०७१३.४०.०० | -मुसुरो दाल |
| | ०७१३.५०.०० | -बकुला र सिमि (ब्रोड विन्स र हर्स बीन्स) |
| | ०७१३.६०.०० | -पिजन पिज (क्याजानस् क्याजन्) (एक प्रकारको केराउ) |
| | ०७१३.९०.०० | -अन्य |
| ०७.१४ | | माड (श्वेतसार वा स्टार्च) वा इन्यूलिनको मात्रा उच्च भएका, ताजा, चिस्याइएको, हिमीकृत वा सुकाइएको, टुक्रा पारिएको वा नपारिएको (स्लाइस्ड) वा पेलेट्सको रुपमा भएको वा नभएको मानिओक, आरारुट, सालिम मिश्री (सालेप), उत्तरी अमेरिकामा हुने एक किसिमको सूर्यमुखी फूल (जेरुसलेम आर्टिचोक), सखरखण्ड र यस्तै जरा (रुटस) र गाना (ट्यूबर्स) हरु; सावुदानाको गुदी (सागो पीथ)। |
| | ०७१४.१०.०० | -गुलियो जातको क्यासाभा कन्द (मनिओक) |
| | ०७१४.२०.०० | -सखरखण्ड |
| | ०७१४.३०.०० | -तरुलहरु (डिओस्कोरिया जातहरु) |
| | ०७१४.४०.०० | -पिंडालु (कोलोकासिया जातहरु) |
| | ०७१४.५०.०० | -यौसिया (जान्थोसोमा जातहरु) |
| | ०७१४.९०.०० | -अन्य |
| ०८.०१ | | नरिवल, ब्राजिलनट, काजु, ताजा वा सुकेको, खबटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको। |
| | | -नरिवल : |
| | ०८०१.१९.०० | --ताजा |
| ८.०३ | | प्लान्टन जातका (तरकारीको रुपमा प्रयोग गरिने) केराहरु लगायत ताजा वा सुकाइएका केराहरु। |
| | ०८०३.१०.०० | -प्लान्टन जातका (तरकारीको रुपमा प्रयोग गरिने) केराहरु |
| | ०८०३.९०.०० | -अन्य |
| ०८.०४ | | खजूर (छोहोडा), अँजीर, भुँइकटहर, एभोकेडा (नास्पाती जस्तो फल), अम्बा, आंप, म्याङ्गोष्टीन, ताजा वा सुकेको। |

| | | |
|---|---|---|
| | ०८०४.३०.०० | -भुइंकटहर |
| | ०८०४.४०.०० | -एभोकेडो |
| | ०८०४.५०.०० | -अम्बा, आंप म्याङ्गोस्टीन (कुसुम फल) |
| ०८.०५ | | सिटरस (सुन्तला जातका) फल, ताजा वा सुकेको) । |
| | ०८०५.१०.०० | -सुन्तला |
| | ०८०५.२०.०० | -मन्दारिन (टान्जरिन र सतसुमा समेत); क्लेमेन्टिन, विल्कीङ्ग र यस्तै सिटरस जातिका हाइब्रिडहरु (बर्णसंकर) |
| | ०८०५.४०.०० | -ग्रेपफ्रुट (भोगटे), पोमेलोस समेत |
| | ०८०५.५०.०० | -कागती (लेमोन्स) (सिटरस लेमोन, सिटरस लिमोनम) र जिमिर (लाइम्स) (सिटरस औराण्टिफोलिया, सिटरस लाटिफोलिया) हरु |
| | ०८०५.९०.०० | -अन्य |
| ०८.०६ | | ताजा अथवा सुख्खा अंगुर । |
| | ०८०६.१०.०० | -ताजा |
| ०८.०७ | | तरबुजा (खरबुजा) र मेवा ताजा । |
| | | -तरबूज (मेलन्स) (वाटरमेलन्ससमेत) : |
| | ०८०७.११.०० | --वाटरमेलन्स |
| | ०८०७.१९.०० | --अन्य |
| | ०८०७.२०.०० | -मेवा |
| ०८.०८ | | स्याउ, नासपाती, क्विन्स (नासपाती जस्तो अमिलो फल वा श्रीफल), ताजा । |
| | ०८०८.१०.०० | -स्याउ |
| | ०८०८.३०.०० | -नासपातीहरु |
| | ०८०८.४०.०० | -क्विन्स (श्रीफल)हरु |
| ०८.०९ | | खुर्पानी (एप्रिकोट), चेरी (पैयुंफल), आरु (नेक्टारिन आरुसमेत), आलुबखरा (प्लम) र चुत्रो (स्लो), ताजा । |
| | ०८०९.१०.०० | -खुर्पानी (एप्रिकोट) |
| | | -चेरीहरुः |
| | ०८०९.२१.०० | --अमिलो चेरी (प्रुनस् सेरासस्) हरु |
| | ०८०९.२९.०० | --अन्य |

| | | |
|---|---|---|
| | ०८०९.३०.०० | -आरु, नेक्टारिन आरुसमेत |
| | ०८०९.४०.०० | -आलुबखडा (प्लम) र चुत्रो (स्लो) |
| ०८.१० | | अन्य फल, ताजा । |
| | ०८१०.१०.०० | -स्ट्रवरी (भूइं ऐसेलु, काफल) |
| | ०८१०.२०.०० | -रैस्पबेरी (ऐंसेलु), ब्ल्याकबेरी (ध्याम्पे ऐंसेलु), मलबेरी (किम्बु) र लोगानबेरी (रैस्पबेरी र ब्ल्याकबेरीको मिश्रित फल) |
| | ०८१०.३०.०० | -कालो, सेतो वा रातो किसमिस वा दाख वा मुनक्का (करअन्ट) र गूस्बेरीहरु |
| | ०८१०.४०.०० | -क्रेनबेरी, बिलबेरी र अन्य भ्याक्सिनियम जातिका फलहरु |
| | ०८१०.५०.०० | -किवि फ्रुट (Kiwifruit) |
| | ०८१०.६०.०० | -दुराम्र (डुरियन्स) हरु |
| | ०८१०.७०.०० | -हलुवाबेतहरु |
| | ०८१०.९०.०० | -अन्य |
| ०९.०१ | | कफी भुटेको वा नभुटेको वा क्याफीन (कफीको क्षेरोद) छुट्याएको वा नछुट्याएको; कफीको ढुटो र बोक्रा; कुनै पनि अनुपातमा कफीको मात्रा रहेको कफीको बदलामा प्रयोग गरिने अर्को कुनै चीज । |
| | | -नभुटेको कफी : |
| | ०९०१.११.०० | --कफीको गेडा |
| ०९.०२ | | चिया, सुगन्धित वा स्वादिष्ट गरिएको वा नगरिएको । |
| | ०९०२.२०.०० | -चियाको पात |
| ०९.०८ | | जाइफल, जाइपत्री र अलैंची । |
| | | -अलैंची तथा सुकुमेलहरुः |
| | | --नधुल्याइएकोः |
| | ०९०८.३१.१० | ---अलैंची |
| ०९.१० | | अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको (करी) र अन्य मसलाहरु । |
| | | -अदुवाः |
| | | --नटुक्राइएको वा नपिँधेकोः |

| | | |
|---|---|---|
| | ०९१०.११.१० | ---ताजा |
| | ०९१०.११.९० | ---अन्य |
| | | -बेसार: |
| | ०९१०.३०.१० | --ताजा |
| | ०९१०.३०.२० | --धुलो वा पिठो |
| | ०९१०.३०.९० | --अन्य |
| १०.०१ | | गहुं र मेसलिन । |
| | | -दुरुम गहुं: |
| | १००१.११.०० | --बीऊ |
| | १००१.१९.०० | --अन्य |
| | | -अन्य : |
| | १००१.९१.०० | --बीऊ |
| | १००१.९९.०० | --अन्य |
| १०.०२ | | राई । |
| | १००२.१०.०० | -बीऊ |
| | १००२.९०.०० | -अन्य |
| १०.०३ | | जौं (बार्ली) |
| | १००३.१०.०० | -बीऊ |
| | १००३.९०.०० | -अन्य |
| १०.०५ | | मकैं । |
| | १००५.१०.०० | -बीऊ (गेडा) |
| | १००५.९०.०० | -अन्य |
| १०.०६ | | धान । |
| | १००६.१०.०० | -धान |
| | १००६.२०.०० | -कुटेको (तर राम्रो नफलेको) |
| | १००६.३०.०० | -पालिस वा चम्कने गरेको वा नगरेको कुटेर तयार गरेको चामल |
| | १००६.४०.०० | कनिका |

| | | |
|---|---|---|
| १०.०८ | | फापर, कोदो, क्यानरीका दानाहरु; अरु खाद्यान्नहरु । |
| | १००८.१०.०० | -फापर |
| | | -कोदो: |
| | १००८.२१.०० | --बीऊ |
| | १००८.२९.०० | --अन्य |
| ११.०२ | | गहुँ र मेसलिन बाहेक अन्य खाद्यान्नको पिठो । |
| | ११०२.२०.०० | -मकैको पिठो |
| | ११०२.९०.०० | -अन्य |
| ११.०३ | ११०३.११.०० | --गहुँको आँटा |
| ११.०४ | | शीर्षक १०.०६ को चामल बाहेक अन्य प्रकारले तयार गरिएको (जस्तै भूस हटाइएको, चेप्ट्याएको, च्याँख्ला पारेको, फलेको, टुक्रा पारेको वा खस्रो (पिंधेको); सिङ्गो, चेप्ट्याएको, पातलो चेप्टो टुक्रा पारेको वा पिंधेको अन्नको बीजहरु । |
| | | -चेप्ट्याएको वा च्यांख्ला पारेको अन्न: |
| | ११०४.१२.०० | --जुनेलोको |
| | ११०४.१९.०० | --अन्य खाद्यान्नको |
| | | -अन्य किसिमले तयार पारेको अन्न (जस्तै भूस हटाएको, फलेको, टुक्रा पारेको वा पिंधेको): |
| | ११०४.२२.०० | --जुनेलोको |
| | ११०४.२३.०० | --मकैको |
| | ११०४.२९.०० | --अन्य खाद्यान्नको |
| | ११०४.३०.०० | -अन्नको बीजाणु, सिङ्गै, चेप्ट्याएको, च्यांख्ला पारेको वा पिंधेको |
| १२.०१ | | दलेको वा नदलेको भट्मास |
| | १२०१.१०.०० | -बीऊ |
| | १२०१.९०.०० | -अन्य |
| १२.०२ | | छोडाएको वा नछोडाएको, नभुटेको वा अन्य किसिमबाट नपकाइएको, खवटा छोडाएको वा नछोडाएको, फुटाएको वा नफुटाएको बदाम (मुमफली) । |
| | १२०२.३०.०० | -बीऊ |

| | | |
|---|---|---|
| | | -अन्य |
| | १२०२.४१.०० | --नछोडाएको |
| | १२०२.४२.०० | --छोडाएको, फुटाएको वा नफुटाएको |
| १२.०९ | | रोप्न हुने फलफूल, बीऊ र विजाणु (स्पोर्स) । |
| | १२०९.१०.०० | -चुकन्दर (सुगरविट) का दानाहरु |
| | | -पशु आहारको  विरुवा (फोरेज प्लाण्ट) का दानाहरुः |
| | १२०९.२१.०० | --लुसिरिन (पशु आहारको घाँस) (अल्फाल्फा) का दानाहरु |
| | १२०९.२२.०० | --क्लोभर (तीन पाते घाँस) (ट्रिफोलियम जातहरु) का दानाहरु |
| | १२०९.२३.०० | --छेस्के घाँस (फेस्क्यू) का दानाहरु |
| | १२०९.२४.०० | --केन्टकी नीलो घाँस (पोआ प्राटेन्सिस एल.) का दानाहरु |
| | १२०९.२५.०० | --राई घाँस (लोलियम मल्टिफ्लोरम ल्याम., लोलियम पेरेन एल.) का दानाहरु |
| | १२०९.२९.०० | --अन्य |
| | १२०९.३०.०० | -फूलको निम्ति मुख्यतः खेती गरिएको जडिबुटीका अन्य बीऊहरु |
| | | -अन्य |
| | १२०९.९१.०० | --वनस्पतिका बीउ |
| | १२०९.९९.०० | --अन्य |
| १२.११ | | मुख्यतः सुगन्धित वस्तु बनाउने, औषधि बनाउने वा कीटनाषक औषधि बनाउने वा यस्तै प्रयोजनका लागि प्रयोग हुने खालको, ताजा, सुकेको, काटिएको वा नकाटिएको, पिंधेको वा नपिंधेको वा धूलो पारिएको वा नपारिएको विरुवा र विरुवाका अङ्गहरु (बीयां र फलसमेत) । |
| | १२११.२०.०० | -जीनसेनको जरा |
| | १२११.३०.०० | -कोकाको पात (कोका लिफ) |
| | १२११.४०.०० | -अफिमको पराल (पपी स्ट्रौं) |
| | १२११.९०.०० | -अन्य |

| | | |
|---|---|---|
| १२.१२ | | ताजा, चिस्याइएको (चिल्ड), हिमीकृत, (फ्रोजेन) वा सुकाइएको, पिंधेको वा नपिंधेको लोकष्ट बिन्स, सि- विड्स र अन्य अल्जी (समुन्द्री झार), चुकन्दर (सुगरबिट) र उखु; अन्यत्र उल्लेख वा समावेश नभएका मुख्यतया मानव आहारमा प्रयोग हुने खालको फलको वियां (स्टोन्स) र कोयाहरु (केर्नेल) र अन्य बानस्पतिक उत्पादनहरु (चिकोरीयम इन्टाइबस स्यटिवम उपजाति (भेराइटी) को नभुटेको चिकोरीका जराहरु समेत) । |
| | | -अन्य : |
| | १२१२.९३.०० | --उखु |
| १९.०४ | | खाद्यान्नलाई फुलाएर (स्वैलिङ्ग) वा भुटेर तयार गरेको खाद्य सामग्री, खाद्यान्नको उत्पादनहरु (जस्तै कर्न फ्लेक); अन्यत्र उल्लेख नगरिएको वा समावेश नभएको, पकाइएको वा अन्य किसिमबाट तयार गरिएको गेडा (ग्रेन) को रुपमा वा शल्क वा पाप्रा (फ्लेकको रुपमा भएको खाद्यान्नहरु (सेरियल्स) (मकै बाहेक) वा अन्य किसिमबाट तयार गरिएको अन्न (मैदा, छांटा वा दलेको अन्न ग्रोट्स) र पीठो बाहेक) । |
| | १९०४.९०.०० | -धानको भुजा तथा चिउरा |
| २३.०१ | | मानिसले खान नहुने मासुको वा अफलको, माछाको वा कुष्टासियन्सको मोलस्कको वा अन्य ढाडमा हाड नहुने जलचरको पिठो, मैदा र पेलेटस; ग्रीभ्स (वोसो पगालेर वांकी रहेको थेग्रो, माछाको चारो) । |
| | २३०१.१०.०० | -मासु वा अफलको पिठो, मैदा र पेलेट्स; ग्रीभ्स (वोसो पगालेर वांकी रहेको थेग्रो, माछाको वोसो) |
| | २३०१.२०.०० | -माछाको वा कुष्टासियन्स, मोलस्क वा ढाडमा हाड नहुने जलचरको पिठो, मैदा र पेलेट्स् |
| २३.०२ | | खाद्यान्न वा दलहनको वोटबाट निफनेर वा पिंधेर वा अरु प्रक्रियाद्वारा उपलब्ध हुने पेलेटको रुपमा रहेको वा नरहेको ढुटो आउने चोकर र अन्य अवशेष । |
| | २३०२.१०.०० | -मकैको |
| | २३०२.३०.०० | -गहुंको |
| | २३०२.४०.०० | -अन्य खाद्यान्नको |
| | २३०२.५०.०० | -कोसे सागपातहरुको |

| | | |
|---|---|---|
| २३.०४ | २३०४.००.०० | भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र अन्य ठोस अवशेष, पिंधेको वा नपिंधेको वा पेलेटको रुपमा भएको वा नभएको । |
| २३.०५ | २३०५.००.०० | बदामको तेल पेल्दा निस्केको, पिंधेको वा नपिंधेको, पेलेटको रुपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष । |
| २३.०६ | | वनस्पतिको वोसो वा तेल निकाल्दा प्राप्त हुने शीर्षक २३.०४ वा २३.०५ मा परेको बाहेक पिंधेको वा नपिंधेको, पेलेटको रुपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष । |
| | | -तोरी वा रायो (रेप और कोल्जा) दाना: |
| | २३०६.४१.०० | --न्यून इरुसिक अम्ल तोरी वा रायो (रेप और कोल्जा) दानाहरु (सिड्स |
| | २३०६.९०.०० | -अन्य |
| २३.०९ | | जीवजन्तुको आहारको रुपमा प्रयोग हुने तयारी  वस्तु । |
| | २३०९.९०.०० | -अन्य |
| ५२.०१ | ५२०१.००.०० | नफड्केको वा नकोरेको कपास । |
| ५२.०३ | ५२०३.००.०० | फड्केको वा कोरेको  कपास |
| ५३.०१ | | कच्चा वा प्रशोधित  नकातेको फ्ल्याक्स (सन वा त्यस्तै झार); फ्ल्याक्स वा सनको शिरोगुच्छ (टो) डोरी र अवशेष (धागोको अवशेष र गार्नेटेड स्टक समेत) । |
| | ५३०१.१०.०० | -फ्ल्याक्स, (सन) कच्चा वा रेशा छुट्याउन पानीमा डुबाएको (रेटेड्) |
| | | -फ्ल्याक्स चुटेको, डांठबाट रेशा छुट्याइएको, कोरेको (ब्रोकेन, स्कच्ड, ह्याकल्ड) वा अरु किसिमले प्रशोधन गरेको, तर नकातेको : |
| | ५३०१.२१.०० | --चुटेको वा डांठबाट रेशा छुट्याइएको (ब्रोकेन, स्कच्ड) |
| | ५३०१.२९.०० | --अन्य |
| | ५३०१.३०.०० | -फ्ल्याक्सको शिरोगुच्छ (टो) र अवशेष |
| ५३.०३ | | कच्चा वा प्रशोधित, तर नकातेको, सनपाट (जूट) र अन्य लचिलो रेशा भएको  बोक्रा (बास्ट) को कपडाका रेशा (सन, गांजा, भांग, घोट्टा र रेमी बाहेक); यी रेशाहरुको शिरोगुच्छ (टो) र अवशेष (धागोको अवशेष र गार्नेटेड स्टक समेत) । |

| | | |
|---|---|---|
| | ५३०३.१०.०० | -कांचो वा पानीमा डुबाएर (रेटेड्) कुहाएको सनपाट र अन्य लचिलो रेशा भएको बोक्रा (बाष्ट) को कपडाको रेशा |

- माथि उल्लेखित भन्सार शीर्षक ०६.०१ देखि शीर्षक ०८.१० सम्मका मालवस्तुहरु होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्तिमा मू.अ. कर छुट हुनेछैन ।
- सोयाबडी मस्यौरा
- किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती ।

| समूह : २ आधारभूत आवश्यकताका वस्तुहरु | | |
|---|---|---|
| २५.०१ | | नून (भान्सामा प्रयोग हुने (टेवल) नून र विकृत (डिनेचर्ड) नून समेत) र झोल पदार्थ भएको वा नभएको वा जम्ने पदार्थ (एण्टीकेकिङ्ग) वा फ्रि फ्लोइङ्ग एजेण्ट भएको शुद्ध सोडिएम क्लोराइड; सामुद्रिक पानी । |
| | २५०१.००.९० | -नून |
| २७.१० | | कच्चा (क्रुड) बाहेक पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल; तौलमा ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेल भएका, यिनै तेल नै मुख्य घटक (बेसिक कन्स्टिच्यूएण्ट्स) भएका, अन्यत्र समावेश वा निर्दिष्ट नगरिएका तयारी वस्तुहरु (प्रिपरेसन्स); रद्दी तेलहरु (वेष्ट आयल्स) । |
| | | -पेट्रोलियम तेलहरू र विटुमिन खनिजहरूबाट प्राप्त तेलहरू (कच्चा तेल बाहेक) तथा अन्यत्र निर्दिष्ट वा समावेश नभएका, तौलको हिसावले ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेलहरू वा विटमिन खनिजबाट प्राप्त तेलहरू भएको, यिनै तेलहरू मुख्य घटक (बेसिक कन्स्ट्च्यूएण्ट) भएका तयारी वस्तुहरू (प्रिपरेसन्स), जैविक डिजेल भएका बाहेक र रद्दी तेल (वेष्ट आयल) हरु बाहेक: |
| | २७१०.१९.१० | ---मट्टीतेल (सुपेरिअर किरोसिन आयल) |
| २७.१६ | २७१६.००.०० | विद्युत शक्ति (ऐच्छिक शीर्षक) । |
| ४४.०१ | | बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हांगा विंगा वा दाउराको बाधेको विटो, वा यस्तै रुपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल); काठ चिरेको धूलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, व्रिकेट (थिचेर बनाइएको चक्का), पेलेट (मट्याङ्गा) वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको । |
| | ४४०१.१०.०० | -बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हांगा विगा, दाउराको विटो वा यस्तै रुपमा |

| | | |
|---|---|---|
| ४४.०२ | | एकत्रित गरिएको वा नगरिएको काठको गोल, खवटा (शेल) को वा वियां (नट) को गोल समेत । |
| | ४४०२.१०.०० | -बाँसको |
| | ४४०२.९०.०० | -अन्य |

■ धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी ।

| | | |
|---|---|---|
| समूह : ३ जीवजन्तु तथा सो को उपज | | |
| ०१.०२ | | जीवित चौपाया (बोभाइन) । |
| | | -गोजातीय चौपायाः |
| | ०१०२.२१.०० | --नश्ल सुधारका लागि विशुध्द नश्लका |
| | ०१०२.२९.०० | --अन्य |
| | | -भैंसीः |
| | ०१०२.३१.०० | --नश्ल सुधारका लागि विशुध्द नश्लका |
| | ०१०२.३९.०० | --अन्य |
| | ०१०२.९०.०० | -अन्य |
| ०१.०३ | | जीवित सुंगुर । |
| | ०१०३.१०.०० | -नश्ल सुधारका लागि विशुद्ध नश्लका |
| | | -अन्य : |
| | ०१०३.९१.०० | --५० केजी भन्दा कम वजनको |
| | ०१०३.९२.०० | --५० केजी वा सो भन्दा बढी वजन भएको |
| ०१.०४ | | जीवित भेडा र बाखा । |
| | ०१०४.१०.०० | -भेडा |
| | ०१०४.२०.०० | -बाखा |
| ०१.०५ | | जीवीत कुखुरा अर्थात, ग्यालुस डोमेष्टिकस् जातका कुखुरा, हांस, टर्की र गिनी फाउल । |
| | | -१५ ग्राम भन्दा बढी वजन नभएकाः |
| | ०१०५.११.०० | --ग्यालुस डोमेष्टिकस जातका चराहरु (Fowl) |
| | ०१०५.१२.०० | --टर्कीहरु (पाताल मयूर) |
| | ०१०५.१३.०० | --हाँस (डक) हरु |
| | ०१०५.१४.०० | --हाँस (गिज) हरु |

| | | |
|---|---|---|
| | ०१०५.१५.०० | --गिनिजातका चराहरु |
| | | -अन्य: |
| | ०१०५.९४.०० | --ग्यालुस डोमेष्टिकस जातका चराहरु |
| | ०१०५.९९.०० | --अन्य |
| ०१.०६ | | अन्य जीवित जीवजन्तु । |
| | | -स्तनपायी : |
| | ०१०६.१४.०० | --खरायोहरु |
| | ०१०६.१९.०० | --अन्य |
| | | -चराहरु: |
| | ०१०६.३३.०० | --सुतुरमुर्ग (अष्ट्रिच) हरु (ड्रोमाउस नोभाहोल्लान्डिया) |
| | | -किराहरु: |
| | ०१०६.४१.०० | --माहुरीहरु |
| | | -किराहरु: |
| | ०१०६.९०.०० | -अन्य |
| ०२.०१ | | चौपाया (वोभाइन जातिको) ताजा वा चिसो पारेको (फ्रेस वा चिल्ड) मासु । |
| | ०२०१.१०.०० | -सिंगो र आधा शरीरहरु (करकास र हाफ करकास) |
| | ०२०१.२०.०० | -हाड सहितको अन्य टुक्राहरु |
| | ०२०१.३०.०० | -हाड नभएको |
| ०२.०२ | | चौपाया (बोभाइन जातिको) हिमीकृत (फ्रोजेन) मासु । |
| | ०२०२.१०.०० | -सिंगो र आधा शरीर (करकास र हाफ करकास) |
| | ०२०२.२०.०० | -हाड सहितको अन्य टुक्राहरु |
| | ०२०२.३०.०० | -हाड नभएको |
| ०२.०३ | | सुंगुरको मासु ताजा, चिसो पारेको वा हिमीकृत (फ्रेस, चिल्ड वा फ्रोजेन) । |
| | | -ताजा वा चिसो पारेको : |
| | ०२०३.११.०० | --सिंगो र आधा शरीरहरु (करकास र हाफ करकास) |
| | ०२०३.१२.०० | --हाड सहितको अगाडि र पछाडिका सांप्राहरु र सांप्राबाट काटिएका अन्य टुक्राहरु |

| | | |
|---|---|---|
| | ०२०३.१९.०० | --अन्य |
| | | -हिमीकृत (फ्रोजेन) : |
| | ०२०३.२१.०० | --सिंगो र आधा शरीरहरु (करकास र हाफ करकास) |
| | ०२०३.२२.०० | --हाड सहितको अगाडि र पछाडिका सांप्राहरु र सांप्राबाट काटिएका अन्य टुक्राहरु |
| | ०२०३.२९.०० | --अन्य |
| ०२.०४ | | भेडा वा खसी बोकाको ताजा, चिसो पारेको वा हिमीकृत मासु । |
| | ०२०४.१०.०० | -भेडा (पाठो) को ताजा वा चिसो पारेको सिंगो र आधा शरीरहरु (करकास र हाफ करकास) |
| | | -भेडाको ताजा वा चिसो अन्य मासुः |
| | ०२०४.२१.०० | --सिंगो र आधा शरीरहरु (करकास र हाफ करकास) |
| | ०२०४.२२.०० | --हाडसहितको अन्य टुक्रा |
| | ०२०४.२३.०० | --हाड नभएको |
| | ०२०४.३०.०० | -भेडा (पाठो) को हिमीकृत (फ्रोजेन) सिंगो र आधा शरीरहरु (करकास र हाफ करकास) |
| | | -हिमीकृत (फ्रोजेन) गरिएका भेडाका अन्य मासुः |
| | ०२०४.४१.०० | --सिंगो र आधा शरीरहरु (करकास र हाफकरकास) |
| | ०२०४.४२.०० | --हाडसहितको अन्य टुक्राहरु |
| | ०२०४.४३.०० | --हाड नभएको |
| | ०२०४.५०.०० | -खसी बोकाको मासु |
| ०२.०६ | | चौपाया जीवजन्तु, (बोभाइन), सुंगुर, भेडा, खसी बाख्रा, घोडा, गधा, खच्चर वा हिनिजहरुको ताजा, चिसो पारेको वा हिमीकृत (फ्रोजेन) खान हुने कमसल मासु (इडिबुल अफल) । |
| | ०२०६.१०.०० | -चौपाया (बोभाइन) जीवजन्तुको ताजा र चिसो |
| | | -चौपाया जीवजन्तु (बोभाइन) को हिमीकृत (फ्रोजेन): |
| | ०२०६.२१.०० | --जीब्रो |
| | ०२०६.२२.०० | --कलेजो |
| | ०२०६.२९.०० | --अन्य |

| | | |
|---|---|---|
| | ०२०६.३०.०० | -सुंगुरको ताजा र चिसो पारेको |
| | | -सुंगुरको हिमीकृत (फ्रोजेन) : |
| | ०२०६.४१.०० | --कलेजो |
| | ०२०६.४९.०० | --अन्य |
| | ०२०६.८०.०० | -अन्य ताजा वा चिसो पारेको |
| | ०२०६.९०.०० | -अन्य हिमीकृत (फ्रोजेन) |
| ०२.०७ | | सकेत ०१.०५ को कुखुराको ताजा, चिसो पारेको वा हिमीकृत मासु र खान हुने अफल । |
| | | -ग्यालुस डोमेष्टिकस जातका चराहरु (फाउल) को: |
| | ०२०७.११.०० | --टुक्रा नपारिएको (सिंगो), ताजा वा चिसो पारिएका (फ्रेस वा चिल्ड) |
| | ०२०७.१२.०० | --टुक्रा नपारिएको (सिंगो), हिमीकृत (फ्रोजेन) |
| | ०२०७.१३.०० | --ताजा वा चिस्याइएका (फ्रेस वा चिल्ड) टुक्रा र अवशेष (कट्स एण्ड ओफाल) |
| | ०२०७.१४.०० | --हिमीकृत (फ्रोजेन) टुक्रा र अवशेष (ओफाल) |
| | | -टर्कीहरुको : |
| | ०२०७.२४.०० | --टुक्रा नपारिएको (सिंगो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड) |
| | ०२०७.२५.०० | --टुक्रा नपारिएको (सिंगो), हिमीकृत (फ्रोजेन) |
| | ०२०७.२६.०० | --ताजा वा चिस्याइएका टुक्रा र अवशेष (कट्स एण्ड ओफाल) |
| | ०२०७.२७.०० | --हिमीकृत (फ्रोजेन) टुक्रा र अवशेष (कट्स एण्ड ओफाल) |
| | | -हाँस (डक) हरुको: |
| | ०२०७.४१.०० | --टुक्रा नपारिएको (सिंगो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड) |
| | ०२०७.४२.०० | --टुक्रा नपारिएको (सिंगो), हिमीकृत (फ्रोजन) |
| | ०२०७.४३.०० | --ताजा वा चिस्याइएका बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरु |
| | ०२०७.४४.०० | --अन्य, ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड) |
| | ०२०७.४५.०० | --अन्य, हिमीकृत (फ्रोजन) |

| | | |
|---|---|---|
| | | -हांस (गीज) हरुको: |
| | ०२०७.५१.०० | --टुक्रा नपारिएको (सिंगो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड) |
| | ०२०७.५२.०० | --टुक्रा नपारिएको (सिंगो), हिमीकृत (फ्रोजन) |
| | ०२०७.५३.०० | --ताजा वा चिस्याइएका बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरु |
| | ०२०७.५४.०० | --अन्य, ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड) |
| | ०२०७.५५.०० | --अन्य, हिमीकृत (फ्रोजन) |
| | ०२०७.६०.०० | -गिनी जातका चराहरुको |
| ०३.०१ | | जीवित माछा । |
| | | -आलङकारिक माछा : |
| | ०३०१.११.०० | --ताजा पानीको |
| | ०३०१.१९.०० | --अन्य |
| | | -अन्य जीवित माछा : |
| | ०३०१.९१.०० | --ट्राउट (साल्मो ट्रटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाए, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोकाष्टर) |
| | ०३०१.९२.०० | --बाम |
| | ०३०१.९३.०० | --कार्प (साइप्रिनस कार्पिओ, क्यारासिअस क्यारासिअस, सेनोफारिङ्गोडोन इडिलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस) |
| | ०३०१.९४.०० | --एटलान्टिक र प्यासिफिक ब्लुफिन टुनाहरु (थुनुस थाइनस, थुनुस ओरियन्टालिस) |
| | ०३०१.९५.०० | --दक्षिणी ब्लुफिन टुनास (थुनस म्याकोई) |
| | ०३०१.९९.०० | --अन्य |
| ०३.०२ | | शीर्षक ०३.०४ को माछाको फिलेट र अरु प्रकारको मासु बाहेकको ताजा वा चिसो पारेको माछा । |
| | | -माछा (साल्मोनाइड), फुल र कलेजो बाहेक : |
| | ०३०२.११.०० | --ट्राउट (साल्मो ट्रटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोयरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाए, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोगेष्टर) |

| | | |
|---|---|---|
| | ०३०२.१३.०० | --प्यासिफिक सालमोन (अङ्कोरिङ्कस नेर्का, अङ्कोरिङ्कस गोर्बुशा, अङ्कोरिङ्कस केटा, अङ्कोरिङ्कस श्चिवत्शा, अङ्कोरिङ्कस किसुच, अङ्कोरिङ्कस मसोउ र अङ्कोरिङ्कस रडुरस) |
| | ०३०२.१४.०० | --एटलाण्टिक साल्मोन (साल्मो सालार) र डान्यूब सालमोन (हूचो हुचो) |
| | ०३०२.१९.०० | --अन्य |
| | | -चेप्टो माछा, फुल र कलेजो बाहेक: |
| | ०३०२.२१.०० | --हालिबुट |
| | ०३०२.२२.०० | --प्लेइस |
| | ०३०२.२३.०० | --सोले |
| | ०३०२.२४.०० | --टर्बोट्हरु (सेट्टा मेक्सिमा) |
| | ०३०२.२९.०० | --अन्य |
| | | -कलेजो र फुलबाहेकको टुना स्कीपज्याक, स्ट्राइप बेलिड बोनितो माछा : |
| | ०३०२.३१.०० | --अल्बाकोर वा लामो पखेटा भएको टुना |
| | ०३०२.३२.०० | --पहेलो पखेटा भएको टुना |
| | ०३०२.३९.०० | --अन्य |
| | | -कलेजो र फुलहरु बाहेक हेरिङ्हरु (हिलसा) (क्लुपिया हेरेन्गास,क्लुपिया पल्लासी), एङ्गोभिज (इङग्रालिस जातहरु), सार्डिनहरु (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरु), सार्डिनेला (सार्डिनेला जातहरु), ब्रिसलिन वा स्प्राटहरु (स्प्राटस स्प्राटस), म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस), ज्याक र हर्ष म्याकरेल (ट्राचुरुस जातहरु), कोबिया (राकिसेन्ट्रोन कानाडम) र सोर्डफिस (जिफियास ग्लाडिअस): |
| | ०३०२.४१.०० | --हेरिङ्हरु (क्लुपिया हेरेन्गास, क्लुपिया पल्लासी) |
| | ०३०२.४२.०० | --एङ्गोभिहरु (इङग्रालिस जातहरु) |
| | ०३०२.४३.०० | --सार्डिनहरु (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरु) सार्डिनेला (सार्डिनेला जातहरु), ब्रिसलिन वा स्प्राटस (स्प्राटस स्प्राटस) |
| | ०३०२.४४.०० | --म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस) |
| | ०३०२.४५.०० | --ज्याक र हर्ष म्याकरेल (ट्राचुरुस जातहरु) |

| | | |
|---|---|---|
| | ०३०२.४६.०० | --कोबिआ (राकिसेन्ट्रोन कानाडम) |
| | ०३०२.४७.०० | --सोर्डफिस (जिफियास ग्लाडिअस) |
| | | -कलेजो र फुलहरु बाहेक ब्रेग्मासिरोटाइडाइ, युक्लिच्थाइडाइ, गाडिडाइ, म्याक्रोउराइडाइ, मेलानोनाइडाइ, मर्लुस्सिडाइ, मोरिडाइ र मुराइनोलेपिडिडाइ परिवारहरुका माछाः |
| | ०३०२.५१.०० | --कड (ग्याडुस मरहुआ, ग्याडुस ओग्याक, ग्याडुस म्याक्रोसिफालस) |
| | ०३०२.५२.०० | --ह्याड्डक (मेलानोग्रामस एग्लेफिनस) |
| | ०३०२.५३.०० | --कोलफिस (पोलाकिअस भिरेन्स) |
| | ०३०२.५४.०० | --हेक (मर्लुसिअस जातहरु,यूरोफिसिस जातहरु) |
| | ०३०२.५५.०० | --अलास्का पोलाक (थिरेग्रा काल्कोग्रामा) |
| | ०३०२.५६.०० | --ब्लु ह्वाइटिङहरु (माइक्रोमेसिस्टस पोटासु, माइक्रोमेसिस्टस अस्ट्रालिस) |
| | ०३०२.५९.०० | --अन्य |
| | | -कलेजो र फुलहरु बाहेक, तिलापियाहरु (ओरेओक्रोमिस जातहरु), क्याटफिस (प्याङ्गासिअस जातहरु, सिलुरस जातहरु, क्लारिअस जातहरु, इक्टालुरस जातहरु), कार्प (साइप्रिनस कार्पियो, क्यारासियस क्यारासियस, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस), बाम (इल) हरु (एङ्गुइला जातहरु), नाइल पर्च (ल्याटेस निलोटिकस) र स्नेकहेड्हरु (चान्ना जातहरु) : |
| | ०३०२.७१.०० | --तिलापियाहरु (ओरेओक्रोमिस जातहरु), |
| | ०३०२.७२.०० | --क्याटफिस (प्याङ्गासिअस जातहरु, सिलुरस जातहरु, क्लारिअस जातहरु, इक्टालुरस जातहरु) |
| | ०३०२.७३.०० | --कार्प (साइप्रिनस कार्पियो, क्यारासियस क्यारासियस, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस), |
| | ०३०२.७४.०० | --बाम (इल) हरु (एङ्गुइला जातहरु) |
| | ०३०२.७९.०० | --अन्य |
| | | -कलेजो र फुलहरु बाहेक अन्य माछा : |
| | ०३०२.८१.०० | --डगफिस र अन्य सार्कहरु |

| | | |
|---|---|---|
| | ०३०२.८२.०० | --रेइ र स्केटहरु (रेजिडाए) |
| | ०३०२.८३.०० | --टूथफिस (डिसोस्टिकस जातहरु) |
| | ०३०२.८४.०० | --सिबास (डिसेन्ट्रारकस जातहरु) |
| | ०३०२.८५.०० | --सिब्रिम(स्पेरिडाइ) |
| | ०३०२.८९.०० | --अन्य |
| ०३.०३ | | शीर्षक ०३.०४ को माछाको फिलेट र अरु प्रकारको मासु बाहेकको हिमीकृत गरिएको माछा । |
| | | -कलेजो र फुलहरु बाहेकको साल्मोनीडाइ : |
| | ०३०३.११.०० | --शक आई सालमोन (रेड सालमोन) (ओङ्कोरिङ्कस नेर्का) |
| | ०३०३.१२.०० | --अन्य प्यासिफिक साल्मोन (अङ्कोरिङ्कस गोर्बुसा, अङ्कोरिङ्कस केटा, अङ्कोरिङ्कस शावित्चा, अङ्कोरिङ्कस किसुच, अङ्कोरिङ्कस मासोउ तथा अङ्कोरिङ्कस रोडुरस) |
| | ०३०३.१३.०० | --एटलान्टिक साल्मोन (साल्मो सालार) र ड्यान्युव साल्मोन (हुचो हुचो) |
| | ०३०३.१४.०० | --ट्राउट (साल्मो ट्रटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाई, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोगेष्टर) |
| | ०३०३.१९.०० | --अन्य |
| | | -कलेजो र फुलहरु बाहेकका तिलापियाहरु (ओरेओक्रोमिस जातहरु), क्याटफिस (प्याङ्गासिअस जातहरु, सिलुरस जातहरु, क्लारिअस जातहरु, इक्टालुरस जातहरु), कार्प (साइप्रिनस कार्पियो, क्यारासिअस क्यारासिअस, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस), बाम (इल) हरु (एङ्गुइला जातहरु), नाइल पर्च (ल्याटेस निलोटिकस) र स्नेकहेड्हरु (चान्ना जातहरु) : |
| | ०३०३.२३.०० | --तिलापियाहरु(ओरेओक्रोमिस जातहरु) |
| | ०३०३.२४.०० | --क्याटफिस (प्याङ्गासिअस जातहरु, सिलुरस जातहरु, क्लारिअस जातहरु, इक्टालुरस जातहरु) |
| | ०३०३.२५.०० | --कार्प (साइप्रिनस कार्पियो, क्यारासिअस क्यारासिअस, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस) |
| | ०३०३.२६.०० | --बाम (इल) हरु (एङ्गुइला जातहरु) |

| | | |
|---|---|---|
| | ०३०३.२९.०० | --अन्य |
| | | -चेप्टो माछा, फुल र कलेजोबाहेक: |
| | ०३०३.३१.०० | --हलिबुट |
| | ०३०३.३२.०० | --प्लेइस |
| | ०३०३.३३.०० | --सोले |
| | ०३०३.३४.०० | --टर्बोट्हरु(सेट्टा मेक्सिमा, स्कोफथाल्मिडाइ) |
| | ०३०३.३९.०० | --अन्य |
| | | -कलेजो र फुलबाहेक टुनाज, स्कीपज्याक, स्ट्राइप-बेलिड बोनितो माछा : |
| | ०३०३.४१.०० | --अल्बाकोर वा लामो पखेटा भएको टुना |
| | ०३०३.४२.०० | --पहेलो पखेटा भएको टुना |
| | ०३०३.४३.०० | --स्कीपज्याक वा स्ट्राइप वेलिड बोनितो |
| | ०३०३.४४.०० | --विगआई तुना (तुनुस ओबेसस) |
| | ०३०३.४५.०० | --एटलान्टिक र प्यासिफिक ब्लुफिन टुनाहरु (थुनुस थाइनस, थुनुस ओरियन्टालिस) |
| | ०३०३.४६.०० | --दक्षिणी ब्लुफिन तुना (तुनुस म्याइकोआई) |
| | ०३०३.४९.०० | --अन्य |
| | | -कलेजो र फुलहरु बाहेकका हेरिङहरु (क्लुपिया हेरेन्गास,क्लुपिया पल्लासी), सार्डिनहरु (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरु), सार्डिनेला (सार्डिनेला जातहरु), ब्रिसलिन वा स्प्राटस (स्प्राटस स्प्राटस), म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस), ज्याक र हर्ष म्याकरेल(ट्राचुरुस जातहरु), कोबिया (राकिसेन्ट्रोन कानाडम) र सोर्डफिस (जिफियास ग्लाडिअस): |
| | ०३०३.५१.०० | --हेरिङहरु (क्लुपिया हेरेङ्गस, क्लुपिया पलासी) |
| | ०३०३.५३.०० | --सार्डिनहरु (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरु), सार्डिनेला (सार्डिनेला जातहरु), ब्रिसलिङ वा स्प्राट्स (स्प्राटस स्प्राटस) |
| | ०३०३.५४.०० | --म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस), |
| | ०३०३.५५.०० | --ज्याक र हर्ष म्याकरेल (ट्राचुरुस जातहरु), |

| | | |
|---|---|---|
| | ०३०३.५६.०० | --कोबिआ (राकिसेन्ट्रोन  कानाडम) |
| | ०३०३.५७.०० | --सोर्डफिस जिफियास ग्लाडिअस) |
| | | -कलेजो र फुलहरु बाहेकका ब्रेग्मासिरोटाइडाइ, युक्लिच्थाइडाइ, गाडिडाइ, म्याक्रोउराइडाइ, मेलानोनाइडाइ, मर्लुस्सिडाइ, मोरिडाइ र मुराइनोलेपिडिडाइ परिवारहरुका माछाः |
| | ०३०३.६३.०० | --कड (ग्याडुस मरहुआ, ग्याडुस ओग्याक, ग्याडुस म्याक्रोसिफालस) |
| | ०३०३.६४.०० | --ह्याड्डक (मेलानोग्रामस एग्लेफिनस) |
| | ०३०३.६५.०० | --कोलफिस (पोलाकिअस भिरेन्स) |
| | ०३०३.६६.०० | --हेक (मर्लुसिअस जातहरु,यूरोफिसिस जातहरु) |
| | ०३०३.६७.०० | --अलास्का पोलाक (थिरेग्रा काल्कोग्रामा) |
| | ०३०३.६८.०० | --ब्लु ह्वाइटिङहरु (माइक्रोमेसिस्टस पोटासु, माइक्रोमेसिस्टस अस्ट्रालिस) |
| | ०३०३.६९.०० | --अन्य |
| | | -कलेजो र फुलहरु बाहेक, अन्य माछाः |
| | ०३०३.८१.०० | --डगफिस र अन्य सार्कहरु |
| | ०३०३.८२.०० | --रेइहरु र स्केटहरु (राजिडाइ) |
| | ०३०३.८३.०० | --टूथफिस (डिसोस्टिकस जातहरु) |
| | ०३०३.८४.०० | --सिबास (डिसेन्ट्रारकस जातहरु) |
| | ०३०३.८९.०० | --अन्य |
| ०३.०५ | | सुकाएको, नुनिलो पारेको वा नून पानीमा हालेको, माछा; धूमित पारेको, धूमित गर्नु  अघि वा धूमित गर्दा पाकेको वा नपाकेको; माछाको खान हुने धूलो, पिठो र प्यालेट |
| | | -माछाको खानयोग्य कमसल मासु बाहेक, सुकाएको माछा, नून हालेको वा नहालेको तर धूमित नगरेको : |
| | ०३०५.५९.०० | --अन्य |

| | | |
|---|---|---|
| ०३.०७ | | खबटाभित्र भएको वा नभएको, जीवित, ताजा, चिसो पारिएको, हिमीकृत, सुकाएको, नुनिलो पारिएको वा नून पानी हालेको मोलस्कहरु; खबटाभित्र भएको वा नभएको, धूमित गर्ने क्रममा वा गर्नुअघि पकाएको वा नपकाएको धूमित मोलस्कहरु; मोलस्कहरुका मानवीय उपभोगका लागि उपयुक्त खान हुने पीठो, धूलो र गुटिका (पेलेट) हरु। |
| | | -कटल माछा (सुफेनक) र स्क्विड् (एक किसिमको माछा): |
| | ०३०७.४१.०० | --जीवित, ताजा वा चिसो पारेको |
| | ०३०७.४९.०० | --अन्य |
| ०४.०१ | | दूध र तर, गाढा नपारिएको, चिनी वा अन्य गुलियो पदार्थ नहालिएको । |
| | ०४०१.१०.०० | -तौलमा नौनीको मात्रा १ प्रतिशत भन्दा बढी नभएको |
| | ०४०१.२०.०० | -तौलमा नौनीको मात्रा १ प्रतिशत भन्दा बढी तर ६ प्रतिशतभन्दा कम भएको |
| | ०४०१.४०.०० | -तौलमा नौनीको मात्रा ६ प्रतिशत भन्दा बढी भएको तर १० प्रतिशतभन्दा बढी नभएको |
| | ०४०१.५०.०० | -तौलमा नौनीको मात्रा १० प्रतिशतभन्दा बढी भएको |
| ०४.०६ | | चीज र दही (कर्ड) । |
| | ०४०६.१०.०० | -ताजा (अर्ध जमेको दही वा पूरै जमेको दही) चीज ह्वे चीजसमेत र दही (कर्ड) |
| ०४.०७ | | ताजा, सुरक्षित वा पकाएको, चरा चुरुङ्गीको नफुटाएका फुलहरु । |
| | | -चल्ला कोरल्नको लागि निषेचित फुलहरु: |
| | ०४०७.११.०० | --ग्यालुस डोमेस्टिकस प्रजातिका चराहरुको |
| | ०४०७.१९.०० | --अन्य |
| | | - अन्य ताजा फुलहरु : |
| | ०४०७.२१.०० | --ग्यालुस डोमेस्टिकस प्रजातिका चराहरुको |
| | ०४०७.२९.०० | --अन्य |
| | ०४०७.९०.०० | -अन्य |
| ०५.११ | | अन्यत्र नपरेको जीवजन्तुजन्य उत्पादनहरु; भाग १ वा ३ मा पर्ने मासु खान नहुने मरेका जनावरहरु । |

| | | |
|---|---|---|
| | | -अन्य : |
| | ०५११.९१.०० | --माछा वा क्रुष्टासियन, मोलस्क वा अरु सामुद्रीक जलचर (इनभरटीब्रेट्स) का उत्पादनहरु र भाग ३ को मरेका जीवजन्तुहरु |
| ▪ माथि उल्लेखित भन्सार शीर्षक ०१.०२ देखि शीर्षक ०४.०७ सम्मका मालवस्तुहरु होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्तिमा मू.अ. कर छुट हुनेछैन । | | |
| समूह : ४ कृषि सामग्रीहरु | | |
| ३१.०१ | ३१०१.००.०० | रासायनिक उपचार गरिएको वा नगरिएको मिश्रित वा अमिश्रित जीवजन्तु वा वनस्पतिजन्य मलखादहरु; जीवजन्तुजन्य वा वनस्पतिजन्य पदार्थलाई मिश्रण गरी वा रासायनिक उपचारद्वारा उत्पादन गरिएका मलखादहरु । |
| ३१.०२ | | नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरु । |
| | ३१०२.१०.०० | -जलीय घोलमा भएको वा नभएको यूरीया |
| | | -एमोनियम सल्फेट; एमोनियम सल्फेट र एमोनियम नाइट्रेटको मिश्रण र डवल साल्ट (ब्लिवण) : |
| | ३१०२.२१.०० | --एमोनियम सल्फेट |
| | ३१०२.२९.०० | --अन्य |
| | ३१०२.३०.०० | -जलीय घोलमा भएको वा नभएको एमोनियम नाइट्रेट |
| | ३१०२.४०.०० | -एमोनियम नाइट्रेटका साथ क्याल्सियम कार्बोनेट वा अन्य अप्रांगारिक अउर्वरक तत्वहरुका मिश्रणहरु |
| | ३१०२.५०.०० | -सोडियम नाइट्रेट |
| | ३१०२.६०.०० | -क्याल्सियम नाइट्रेट र एमोनियम नाइट्रेटको मिश्रणहरु र ब्लिवणहरु |
| | ३१०२.८०.०० | -यूरिया र एमोनियम नाइट्रेटको जलीय वा एमोनियम घोलमा भएका मिश्रणहरु |
| | ३१०२.९०.०० | -अन्य, माथिका उप शीर्षकहरुमा नपरेका मिश्रणहरु समेत |
| ३१.०३ | | फोस्फेटयुक्त खनिज वा रासायनिक मलहरु । |
| | ३१०३.१०.०० | -सुपर फोस्फेटहरु |
| | ३१०३.९०.०० | -अन्य |
| ३१.०४ | | पोटासयुक्त (पोटासिक) खनिज वा रासायनिक मलहरु |
| | ३१०४.२०.०० | -पोटासियम क्लोराइड् |

| | | |
|---|---|---|
| | ३१०४.३०.०० | -पोटासियम सल्फेट |
| | ३१०४.९०.०० | -अन्य |
| ३१.०५ | | नाइट्रोजन, फोस्फरस र पोटासियम मध्ये दुई वा तीन उर्वरक तत्वहरु भएका खनिज वा रासायनिक मलखादहरु; अन्य मलहरु: यस भागमा पर्ने गोटी, (टेवलेट) वा त्यस्तै आकारका वा कूल तौल १० के.जी. मा नबढ्ने गरी (प्याकेज) पुलिन्दाको रुपमा राखिएका सामानहरु । |
| | ३१०५.१०.०० | -यस भागमा पर्ने गोटी (टेवलेट) वा त्यस्तै आकारका वा कूल तौल १० के.जी. मा नबढ्ने गरी पुलिन्दाको रुपमा राखिएका सामानहरु |
| | ३१०५.२०.०० | -नाइट्रोजन, फोस्फरस र पोटासियम जस्ता तीन उर्वरक तत्व भएका खनिज वा रासायनिक मल (फर्टिलाइजर) हरु |
| | ३१०५.३०.०० | -डाइएमोनियम हाइड्रोजनअर्थो फोस्फेट (डाइएमोनियम फोस्फेट) |
| | ३१०५.४०.०० | -एमोनियम डाइहाइड्रोजन-अर्थोफोस्फेट (मोनोएमोनियमफोस्फेट) र त्यसको डाइएमोनियम हाइड्रोजन अर्थोफोस्फेट(डाइएमोनियम फोस्फेट) का साथ भएका मिश्रणहरु |
| | | -दुई उर्वरक तत्व, नाइट्रोजन र फोस्फोरस भएका अन्य खनिज वा रासायनिक मलहरु (फर्टिलाइजर) : |
| | ३१०५.५१.०० | --नाइट्रेट् र फोस्फेट् भएका |
| | ३१०५.५९.०० | --अन्य |
| | ३१०५.६०.०० | -दुई उर्वरक तत्व, फोस्फोरस र पोटासियम भएका खनिज वा रासायनिक मलखादहरु (फर्टिलाइजरहरु) |
| | ३१०५.९०.०० | -अन्य |
| ३८.०८ | | कीटनाशक, कृतकान्तक, ढुसीनाशक, झारपातनाशक, अंकुरणरोधी (ऐन्टिस्प्राउटिङ्ग), उत्पादनहरु र वनस्पति बृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर), विसंक्रामक र त्यस्तै उत्पादनहरु, खुद्रा बिक्रीका लागि आकार वा पुलिन्दा (प्याकिङ्ग) मा राखिएको वा तयारी सामान (प्रिपेरेशन) वा वस्तु (आर्टिकल) को रुपमा राखिएको (जस्तै, गन्धक उपचार गरेका धागो (ब्याण्ड), सलेदो (विक्स) तथा मैनबत्ती, र झिङ्गा फसाउने कागज (फ्लाइपेपर्स) हरु) । |
| | | -अन्य : |
| | | --किटनाशक पदार्थहरु (इन्सेक्टीसाइड्स): |

| | | |
|---|---|---|
| | ३८०८.९१.९० | ---अन्य |
| | ३८०८.९२.०० | --ढुसीनाशक पदार्थहरु (फङ्गीसाइड्स) |
| | ३८०८.९३.०० | --झारपातनाशक(हर्बिसाइड्स), अंकुरणरोधी (एण्टीस्प्राउटिङ्ग) उत्पादनहरु |
| | ३८०८.९९.०० | -अन्य |
| ३९.२३ | | मालसामानको ओसारपसार (कन्भेयेन्स) वा परिवेष्टन (प्याक) गर्ने प्लाष्टिकका सामानहरु; प्लाष्टिकका पौलो वा वुजो (स्टोपर्स) ढकनी (लिड्स), बिर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने (क्लोजर्स) सामग्रीहरु । |
| | ३९२३.१०.९० | -अण्डा राख्ने क्रेट |
| ४८.१९ | | कागतको, कागतगाताको, कोषीय गद्दा (सेल्यूलोज वाडिङ) को वा कोषीय रेशाका जालीहरु (सेल्यूलोज फाइबर वेब्स) को डब्बा (कार्टोन), बाकस (बक्स), कन्तुर (केश), थैलो (ब्याग) र अन्य परिवेष्टन (प्याकिङ्ग) का आधानपात्रहरु (कन्टेनर्स); कार्यालयहरु, पसलहरु वा यस्तै ठाउंमा प्रयोग हुने खालका, कागत वा कागतगाताका डिब्बा संचिका (बक्सफाइल), पत्र थाली (लेटर ट्रे), र यस्तै किसिमका वस्तुहरु । |
| | ४८१९.१०.०० | -अण्डा राख्ने क्रेट |
| ५६.०८ | | डोरी (ट्वाइन), लखाकी (कर्डेज) वा रस्सा (रोप) का गांठो पारी बनाइएका (नौटेड्) जाली: कपडा पदार्थको माछाको तयारी जाल र अन्य तयारी जालहरु । |
| | | -मानव निर्मित कपडा बुनिने (टेक्सटाइल) पदार्थका सामानहरुको: |
| | ५६०८.११.०० | --माछाको तयारी जालहरु |
| ८२.०१ | | तलका हाते औजारहरु: कोदालो, साभेल, गैती, पिक, हो (खन्ने सामान), फोर्क र रेक्स (बढार्ने); बन्चरो, खुर्पा जस्तो औजार (बील हुक) र यस्तै चिर्ने (ह्यूइङ्ग) औजारहरु; जुनसुकै किसिमका कलमी काट्ने कैंची (सेक्याटर्स एण्ड प्रुनर्स); स्काइथ्स (दरौंती), सिकल (हंसियां), खुर्पी (हेनाइफ), झाडी छांट्ने कैंची (हेज सियर्स), किलो वा पच्चड (टिम्बरवेज) र कृषि, वागवानी वा वनजङ्गलको काममा प्रयोग हुने अन्य औजारहरु । |
| | ८२०१.१०.०० | -कोदालो र साभेल |
| | ८२०१.३०.०० | -गैती, पिक, हो (खन्ने सामान) र रेक (बढार्ने) |

| | | |
|---|---|---|
| | ८२०१.४०.०० | -बन्चराहरु, खुर्पाहरु र यस्तै चिर्ने औजारहरु |
| | ८२०१.५०.०० | -एक हातले चलाउने कैंची (सेक्याटर्स) र यस्तै एक हातले चलाउने कैंचीहरु (प्रुनर्स एण्ड शियर्स) (पोल्ट्री शियर्स समेत) |
| | ८२०१.६०.०० | -झाडी छांट्ने कैंची (हेज शियर्स), दुइ हातले छांट्ने कैंची (प्रुनिङ्ग शियर्स) र यस्तै दुई हातले चलाउने कैंची |
| | ८२०१.९०.०० | -कृषि, वागवानी र वन जंगलमा प्रयोग हुने अन्य हाते औजारहरु |
| ८७.०१ | | ट्रयाक्टरहरु (शीर्षक ८७.०९ को ट्रयाक्टर बाहेक)। |
| | | -पेडेष्ट्रियन नियन्त्रित ट्रयाक्टरहरुः |
| | ८७०१.१०.१० | --१८०० सिसीसम्मको हाते ट्याक्टर र पावर टिलर समेत |
| | ८७०१.१०.९० | --अन्य |
| | | -सेमी ट्रेलरको लागि सडकमा हुने ट्रयाक्टर (रोड ट्रयाक्टर फर सेमी ट्रेलर्स): |
| | ८७०१.२०.१० | --१८०० सिसीसम्मको |
| | ८७०१.२०.९० | --अन्य |
| | ८७०१.३०.०० | -ट्रयाक-लेइङ ट्रयाक्टर |
| | ८७०१.९०.०० | -अन्य |
| | ९०१८.९०.०० | -सिमेन्स सिलिङ फिलिङ मेसिन |

- माछा पाल्ने तयारी केजहरू, मत्स्य इन्कुवेटर र माछाको दाना खुवाउने अटोमेटिक फिडर।
- मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने मेटल व्यारल, रानी छेक्ने पाता, मौरी ब्रुस, आधार चाका रोलर, गियर पम्प र ह्रील प्लेट।
- कृषि, वागबानी, तथा पुष्प फर्महरुले पैठारी गर्ने ग्रीन हाउस।
- बीउ उमार्न तथा रोप्न प्रयोग हुने ट्रे।
- भन्सार दरबन्दीको भाग २३, २८ र २९ मा पर्ने फिडसप्लिमेण्टको कच्चा पदार्थ, भन्सार दरबन्दीको भाग २३ अन्तर्गतका पशुपंक्षीको दाना र फिडसप्लिमेण्ट, भाग २५ को चुनढुङ्गाको धुलो। हड्डिको धुलो र माछाको धुलो।
- सामान्य भाँडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष प्रकारको भाँडा र कुखुराको पानी पिउने विशेष किसिमका भाँडा ।

| समूह : ५ औषधी उपचार तथा यस्तै स्वास्थ्य सेवाहरु | | |
|---|---|---|
| २८.०४ | २८०४.४०.०० | अक्सिजन ग्याँस |
| ३०.०१ | | अंगसंरोपी चिकित्सामा (और्ग्यानि-थेराप्यूटिकमा) प्रयोग हुने सुक्खा, धूलो पारेको वा नपारेको ग्रन्थीहरु (ग्लाण्ड्स) र अन्य अंगहरु; ग्रन्थी वा अन्य अंग वा तिनका स्रावहरुका अंगसंरोपी चिकित्सामा प्रयोग हुने सारहरु (एक्स्ट्राक्ट्स्); यकृतिन (हेपारिन) र यसका लवणहरु; अन्यत्र नपरेका वा निर्दिष्ट नगरिएका, रोगको उपचार वा रोकथामका लागि तयार गरिएका मानव वा जीवजन्तु सम्बन्धी अन्य तत्वहरु (सब्स्टान्स्) । |
| | ३००१.२०.०० | -ग्रन्थी वा अन्य अंग वा तिनका स्रावहरुको सार (एक्स्ट्राक्ट) |
| | ३००१.९०.०० | -अन्य |
| ३०.०२ | | मानव रक्त; रोगको उपचार, रोकथामका लागि तयार गरिएको वा रोगलाई निदान गर्ने प्रयोजनका लागि बनाएको जीवजन्तुको रगत, एन्टिसेरा र अन्य रगतका हिस्साहरू र रोधक्षमता सम्बन्धी उत्पादनहरू, परिवर्तन गरिएको वा नगरिएको वा जीव प्रद्यौगिकीय प्रक्रियाहरु (बायो टेक्नोलोजिकल प्रोसेसेज) को माध्यमबाट उपलब्ध भएको वा नभएको; भ्याक्सिनहरु, विषहरु (टौक्सिन्स), सूक्ष्म जीवाणुका कल्चरहरु (मर्चा वा इस्ट बाहेक) र यस्तै किसिमका उत्पादनहरु । |
| | ३००२.१०.०० | -एन्टीसेरा, जीव प्रद्यौगिकीय प्रक्रियाहरुको माध्यमबाट उपलब्ध भए वा नभएका वा परिवर्तन गरिएका वा नगरिएका अन्य रक्त खण्डहरु र रोधक्षमता सम्बन्धी उत्पादनहरू |
| | ३००२.२०.०० | -मानव औषधिका भ्याक्सिनहरु |
| | ३००२.३०.०० | -पशु औषधी निमित्तका भ्याक्सिनहरु |
| | | -अन्य: |
| | ३००२.९०.१० | --परीक्षण किट्स(ड्यागनोस्टिक किट्स) |
| | ३००२.९०.९० | -- अन्य |

| | | |
|---|---|---|
| ३०.०३ | | खुद्रा बिक्रीको लागि पोका (प्याकिङ्ग) नपारेको वा कुनै आकार नदिइएको वा मात्रा नतोकेको, उपचारात्मक वा प्रतिकारात्मक प्रयोजनको लागि दुई वा दुइ भन्दा बढी वस्तु (घटकहरु) मिश्रित गरी बनेका औषधिहरु (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरु बाहेक) । |
| | ३००३.१०.०० | -पेन्सिलिन अम्ल बनावट (पेन्सिल्यानिक एसिड स्ट्रक्चर), वा स्ट्रेप्टोमाइसिनहरु वा तिनका ब्युत्पतिहरु सहितका पेन्सिलिन वा तिनका ब्युत्पत्तिहरु भएका |
| | ३००३.२०.०० | -अन्य प्रतिजीवी (एण्टिवायोटिक्स) भएका |
| | | -शीर्षक २९.३७ का हार्मोन (आन्तरिक स्राव) वा अन्य उत्पादन भएका तर एन्टिबायोटिक (प्रतिजीवी) उत्पादन नभएका : |
| | ३००३.३१.०० | --इन्सुलिन भएको |
| | ३००३.३९.०० | --अन्य |
| | ३००३.४०.०० | -अल्कोलाइड्स वा तिनका ब्युत्पतिहरु भएको तर आन्तरिक स्राव वा शीर्षक २९.३७ को अन्य उत्पादनहरु वा प्रतिजीवी (एण्टिवायोटिक्स) नभएका |
| | | -अन्य : |
| | ३००३.९०.१० | --होमियोप्याथिक, विशुद्ध आयुर्वेदिक, यूनानी औषधिहरु |
| | ३००३.९०.९० | --अन्य |
| ३०.०४ | | खुद्रा बिक्रीको लागि संवेष्टन (प्याकिङ्ग) को रुपमा वा परिमित (मेजर्ड) मात्राहरु (डोजेज) को रुपमा राखिएका (छालापार (ट्रान्सडर्मल) भेषजावधारण( एड्मिनिष्ट्रेशन) पद्धतिको रुपमा भएका समेत) उपचारात्मक (थेराप्यूटिक) वा प्रतिकारात्मक (प्रोफिल्याक्टिक) प्रयोगका मिश्रित वा अमिश्रित उत्पादनहरु भएका औषधहरु (मेडिकामेण्ट्स) (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरु बाहेक) । |
| | ३००४.१०.०० | -पेन्सिलिन अम्लको बनावट (पेन्सिल्यानिक एसिड सहितका) पेन्सिलिन वा तिनका ब्युत्पतिहरु भएका, वा स्ट्रेप्टोमाइसिन वा तिनका ब्युत्पतिहरु सहितका |
| | ३००४.२०.०० | -अन्य प्रतिजीवी(एण्टिवायोटिक) भएका |
| | | -हार्मोन (आन्तरिक स्राव) वा शीर्षक २९.३७ का अन्य उत्पादनहरु भएका तर एन्टिवायोटिक (प्रतिजीवी) उत्पादन नभएका: |

| | | |
|---|---|---|
| | ३००४.३१.०० | --इन्सूलिन भएका |
| | ३००४.३२.०० | --कोर्टिकोस्टेरायड हारमोनहरु, तिनका निर्गमहरु (डेरिभेटिभ्स) वा संरचनात्मक अनुषंगीहरु भएका |
| | ३००४.३९.०० | --अन्य |
| | ३००४.४०.०० | -अल्कोलाइड वा तिनका ब्युत्पतिहरु भएका तर आन्तरिक स्राव नभएका, शीर्षक २९.३७ का अन्य उत्पादनहरु वा प्रतिजीवी (एन्टिवायोटिक) |
| | ३००४.५०.०० | -भिटामिन वा शीर्षक २९.३६ का अन्य उत्पादनहरु भएका औषधिहरु |
| | | -अन्य : |
| | ३००४.९०.१० | --होमियोप्याथिक, आयुर्वेदिक (शुद्ध), यूनानी औषधिहरु |
| | ३००४.९०.४० | --बत्तीसा, द्राक्षासव, त्रिफला, कब्जहर केशरी जीवन समेत (च्यवनप्रास बाहेक) |
| | ३००४.९०.९० | --अन्य |
| ३०.०५ | | नरम कपासको अस्तर (वाडिङ), जाली (गज), पट्टी (बैण्डेज) र त्यस्तै सामानहरु (उदाहरणको लागि पट्टी (ड्रेसिङ), टांसिने प्लाष्टरहरु, लेपहरु (पुल्टिस)), औषधि तत्वले संसिक्त (इम्प्रिग्नेट) गरिएको वा बाहिरपट्टि लेप लगाएको (कोटेड) वा औषधि, चिरफार, दन्त्यचिकित्सा वा पशुचिकित्साको उद्देश्यको लागि खुद्रा बिक्रीको पुलिन्दा वा आकारमा राखिएको । |
| | ३००५.१०.०० | -टांसिने पट्टी (ड्रेसिंग) र टांसिने तह (लेयर) भएका अन्य वस्तुहरु |
| | ३००५.९०.०० | -अन्य |
| ३०.०६ | | यस भागको दृष्टव्य मा उल्लेख भएका औषधी निर्माण (फार्मास्यूटिकल) का बस्तुहरु । |
| | ३००६.६०.०० | -हारमोनहरु, शीर्षक २९.३७ का अन्य उत्पादनहरु वा शुक्रकीट घातक(स्पर्मीसाइड्स) हरुमा आधारित रासायनिक गर्भ निरोधक (कण्ट्रासेप्टिभ) विरचनहरु (प्रिपरेसन्स) |

| | | |
|---|---|---|
| ३७.०१ | | कागज, पेपरबोर्ड वा कपडा (बुनिएको) पदार्थहरु बाहेक जुनसुकै पदार्थ (म्याटेरियल) को समतल (चेप्टो वा फ्लयाट), प्रकाशग्राही (सेन्सिटाइज्ड) र नखोलिएको (अनुद्भासित वा अनएक्सपोज्ड) छायाचित्रण (फोटोग्राफिक) को प्लेट (पट्टिका वा चित्रपृष्ठ) र फिल्महरु; चेप्टो, प्रकाशग्राही, नखोलेको, प्याकमा भएको वा नभएको अविलम्व छापिने फिल्म (इन्स्ट्यान्ट प्रिन्ट फिल्म)। |
| | ३७०१.१०.०० | -एक्स-रे को लागि |
| ३८.२४ | | ढलाइघर (फाउण्ड्री) को लागि ढलाइको सांचोहरु( माउल्ड्स) वा आन्तरिक सांचोहरु(कोर्स) निमित्तका विरचित (प्रिपेयर्ड) योजक द्रब्य (बाइण्डर्स) अन्यत्र उल्लेख वा समावेश नभएका, रासायनिक वा समवर्गी उद्योगहरुका रासायनिक उत्पादनहरु तथा विरचनहरु (प्रिपरेसन्स) (प्राकृतिक उत्पादनका मिश्रण समावेश भएका त्यस्ता वस्तुहरु समेत)। |
| | ३८२४.९०.०० | -अन्य (डाइलाइसीसमा प्रयोग हुने वाथ कन्सेन्ट्रेट ठोस वा तरल) |
| ४०.१४ | | कडा रबर बाहेक, भल्कनाइज्ड रबरको, कडा रबरको फिटिङ भएको वा नभएको स्वास्थ्य (हाइजेनिक) वा फार्मोस्यूटिकल (औषधि) सम्बन्धी सामानहरु (टिट्स (दूधदानीको मुन्टो) समेत)। |
| | ४०१४.१०.०० | -सिथ् कन्ट्रासेप्टिभ्स (आच्छद गर्भनिरोधक) |
| ६६.०२ | ६६०२.००.०० | दृष्टिविहिनहरुले प्रयोग गर्ने सेतो छडी (ह्वाइट केन) |
| ८७.११ | | मोटरसाइकलहरु (मोपेड सहित) र साइड कार रहित वा सहित साइकलमा सहायक मोटर जडान गरेको साइडकारहरु। |
| | ८७११.२०.०० | -अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर |
| ८७.१३ | | प्रेरक यन्त्रयुक्त (मोटराइज्ड) वा अन्य किसिमले यन्त्रद्वारा (मेकानिकली) प्रणोदित (प्रोपेल्ड) भए वा नभएको, अशक्त ब्यक्तिहरु का निमित्तका परिवहनहरु। |
| | ८७१३.१०.०० | -यान्त्रिक धक्का दिने व्यवस्था नभएको |
| ८७.१४ | | शीर्षक ८७.११ देखि ८७.१३ सम्मको गाडीहरुको पार्टपूर्जाहरु र सहायक सामग्रीहरु। |
| | ८७१४.२०.०० | -अशक्त ब्यक्तिहरु (डिसएबल्ड पर्सन) निमित्तका गाडीहरु (क्यारिजेज) |

| | | |
|---|---|---|
| ९०.२१ | | हाडजोर्नी (विकृतांग) उपचार सम्बन्धी उपकरणहरु, वैशाखी समेत, शल्यचिकित्सा सम्बन्धी पेटी र गद्दादार पेटीहरु (ट्रस); काम्रो र अन्य हाड भाँचिएकोमा प्रयोग हुने उपकरणहरु; शरीरका कृत्रिम भागहरु, शरीरका असक्षमता वा दोषको क्षतिपूर्तिका लागि प्रयोग हुने, कान सुन्ने र यस्तै अन्य लगाउने, बोक्ने वा शरीरभित्र रोप्ने उपकरणहरु । |
| | ९०२१.५०.०० | -मुटुको मांसपिण्डलाई जगाउनको लागि राखिने एक प्रकारको यन्त्र (पेसमेकर), पार्टपूर्जाहरु र सहायक सामग्रीहरु बाहेक |
| | ९०२१.९०.०० | -अन्य |
| ९४.०३ | | अन्य फर्निचर र तिनका पार्टपूर्जाहरु । |
| | ९४०३.२०.०० | -अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने वाकर र कमोड चियर |

- स्वास्थ्य सेवा (मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले प्रदान गरेको स्वास्थ्य सेवा बाहेक) ।
- मानव रगत र मानव रक्तजन्य पदार्थहरु, रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने रगत राख्ने प्लाष्टिकका थैला, ट्रान्सफ्युजन सेट, टेस्टिङ्ग किट्स, रिएजेन्ट तथा रक्त परीक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरु एवं रसायनहरु ।
- मृगौला रोगको उपचारका लागि आवश्यक उपकरणहरु, दृष्टिविहिनहरूले प्रयोग गर्ने स्लेटस्टाइलस, ब्रेल नोटटेकर, ब्रेलो (ब्रेल प्रिन्टर), रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, आवाज दिने थर्मामिटर, ब्रेल टाइपराइटर, ब्रेल घडी, एवाकस, मेग्नीफाइङ्ग ग्लास, ब्रेल कम्पास, ब्रेल पुस्तक, ब्रेल इम्वोसर, ब्रेल स्टेनसिल मेशिन ।
- औषधी उद्योगको कच्चा पदार्थः हार्मोनाइज्ड कोडको भाग २८ भित्र पर्ने औषधी उद्योग तथा आइ.ओ.एल. उत्पादनमा प्रयोग गर्ने धातुका लवणहरु, अक्साइडहरु र हाइड्रोअक्साइडहरुका अतिरिक्त भाग २९ अन्तर्गत गर्ने औषधीका कच्चा पदार्थ (औषधीको सक्रिय तत्व) तथा औषधी उद्योगले औषधी उत्पादनको लागि प्रयोग गर्ने तथा आइ.ओ.एल. उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र प्याकिंग मेटेरियल, औषधि व्यवस्था विभागको सिफारिसमा औषधी उद्योग तथा अस्पतालको अनुसन्धान तथा विकासमा प्रयोग हुने शीर्षक ९०.१८ र ९०.२७ मा पर्ने उपकरणहरु र आँखा उपचारकालागि आवश्यक इन्ट्रा ओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने यन्त्र उपकरण, कच्चा पदार्थ र सहायक सामाग्री ।
- सरकारी, सरकारी अनुदान प्राप्त र सामुदायिक अस्पतालले पैठारी गर्ने औषधीय एवं शल्यचिकित्सा सम्बन्धी यन्त्र उपकरण तथा औजारहरु र स्वास्थ्य सामाग्री ।

| समूह : ६ शिक्षा | | |
|---|---|---|
| (क) | विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरू । | |
| (ख) | नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरुबाट प्रदान गर्ने व्यवशायिक वा पेसागत तालिम वा पुनर्ताजगी तालिमहरु । | |
| (ग) | विद्यालय तथा विश्व विद्यालयहरूले प्रदान गर्ने शिक्षण सेवा । | |
| समूह : ७ किताव अखवार र मुद्रित सामग्रीहरु | | |
| ४८.०१ | ४८०१.००.०० | रोलमा वा पातामा भएको अखवारी कागत (न्यूज प्रिन्ट) । |
| ४९.०१ | | एकोहोरो पाता भएको वा नभएको मुद्रित कितावहरु, विवरण पत्रिकाहरु (बोस्यूर्स, पर्चा वा पत्रिका (लिफ्लेट्स) र त्यस्तै मुद्रित वस्तुहरु । |
| | ४९०१.१०.०० | -पट्याएको वा नपट्याएको, एकोहोरो पाता भएको |
| | | -अन्य : |
| | ४९०१.९१.०० | --शब्दकोषहरु र विश्वकोषहरु र तिनका क्रमबद्ध भाग वा खण्डहरु (इन्स्टलमेन्टहरु) |
| | ४९०१.९९.०० | --अन्य |
| ४९.०२ | | चित्र भएको वा नभएको वा विज्ञापनका सामग्री भएको वा नभएको समाचारपत्र, पत्र पत्रिका र आवधिक पत्र पत्रिकाहरु । |
| | ४९०२.१०.०० | -कम्तीमा एक हप्तामा चारपटक प्रकाशित |
| | ४९०२.९०.०० | -अन्य |
| ४९.०४ | ४९०४.००.०० | गाता हालेको वा नहालेको, निदर्श चित्र भएको वा नभएको, हस्तलिखित वा छापेको संगीत किताव । |
| ▪ | पुस्तक, पात्रो । | |
| ▪ | अखवार र पत्रपत्रिकाको मुद्रण तथा प्रकाशन । | |
| समूह ८ : कलात्मक र कालीगढी सेवा | | |
| (क) | चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरू र तत्सम्बन्धी सेवा । | |
| (ख) | पुस्तकालय, संग्रहालय, कला संग्रहालय र चिडियाघर प्रवेश शुल्क । | |
| समूह ९ : यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू | | |

| | | |
|---|---|---|
| हवाई यात्रा, यान्त्रिक पुलबाट हुने सेवा, सार्वजनिक यात्रुवाहक यातायात (केवुलकार बाहेक), ढुवानी सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) तथा निर्यातको प्रयोजनका लागि भएको कार्गो सेवा । | | |
| समूह १० : व्यावसायिक वा पेशागत सेवा | | |
| कलाकार, खेलाडी, लेखक, नमूनाकार, अनुवादक, दोभाषेले संस्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा, विदेशमा जनशक्ति आपूर्ति गर्ने सेवा । | | |
| समूह : ११ अन्य वस्तु तथा सेवा | | |
| (अ) मालवस्तुहरु: | | |
| २७.१० | २७१०.१९.७० | ---जुट ब्याचिङ आयल तथा टेक्सटाइल आयल |
| ४४.१५ | | काठका, परिवेष्ठन (प्याकिङ्ग) का खोलहरु, बाकसहरु, क्रेटहरु, ड्रमहरु र यस्तै परिवेष्ठन सामग्रीहरु; काठका केवुल-ड्रमहरु; काठका प्यालेटहरु, वक्स-प्यालेटहरु र अन्य लोड बोर्डहरु (सामान चढाउने तख्ताहरु); काठका प्यालेट कलरहरु । |
| | ४४१५.१०.०० | -मौरीको घार र टि-चेष्ट |
| ४९.०७ | ४९०७.००.०० | अंङ्कित मूल्य (फेस भ्यालु) को मान्यता भएको (रिकोग्नाइज्ड) वा हुने मुलुकभित्र प्रचलनमा रहेका वा नयां प्रकाशन (इस्यू) का अप्रयुक्त (अनयूज्ड) हुलाक टिकट (पोस्टेज स्टैम्प) वा राजस्व टिकट (रिभेन्यू स्टैम्प) वा यस्तै किसिमका टिकटहरु (स्टैम्प्स); टिकटको छाप भएका कागज (लिफा); बैंक नोटहरु; चेक फर्महरु र राहदानी । |
| ५१.०१ | | नफ्ड्केको वा नकोरेको ऊन । |
| | | -चिप्लो, कत्रेको-धोएको (फ्लीस-वास्ड) ऊन, समेतः |
| | ५१०१.११.०० | --सोर्न (खुर्केको, कत्रेको) ऊन |
| | ५१०१.१९.०० | --अन्य |
| | | -चिप्लो हटाएको कार्वोनीकृत नगरेको: |
| | ५१०१.२१.०० | --सोर्न (खुर्केको, कत्रेको) ऊन |
| | ५१०१.२९.०० | --अन्य |
| | ५१०१.३०.०० | -कार्वोनाइज्ड (कार्वोनीकृत) |
| ५२.०५ | | खुद्रा बिक्रीको लागि नराखिएको ८५ प्रतिशत वा सो भन्दा बढी कपासको तौल भएको कपासको धागो (सिउंने धागो बाहेक) । |
| | | -नकोरेको रेशाको एक्लो धागो: |

| | | |
|---|---|---|
| | ५२०५.११.०० | --७१.२९ डेसिटेक्स वा बढी नापको (१४ मेट्रिक संख्या भन्दा ननाघेको) । |
| | ५२०५.१२.०० | --७१.२९ डेसिटेक्स भन्दा कम नापको तर २३२.५६ डेसिटेक्स भन्दा कम नभएको नापको (१४ मेट्रिक संख्या भन्दा माथिको तर ४३ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.१३.०० | --२३२.५६ डेसिटेक्स भन्दा कम नापको तर १९२.३१ डेसिटेक्स भन्दा कम नभएको नापको (४३ मेट्रिक संख्या नाघेको तर ५२ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.१४.०० | --१९२.३१ डेसिटेक्स भन्दा कम नापको तर १२५ डेसिटेक्स भन्दा कम नभएको (५२ मेट्रिक संख्या नाघेको तर ८० मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.१५.०० | --१२५ डेसिटेक्स भन्दा कम नापको (८० मेट्रिक संख्या नाघेको) |
| | | -कोरेको रेशाहरुको एक्लो धागो: |
| | ५२०५.२१.०० | --७१.२९ डेसिटेक्स वा बढी नापको (१४ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.२२.०० | --७१.२९ डेसिटेक्स भन्दा कम नापको तर २३२.५६ डेसिटेक्स भन्दा कम नभएको (१४ मेट्रिक संख्या नाघेको तर ४३ मेट्रिक संख्या ननाघेको |
| | ५२०५.२३.०० | --२३२.५६ डेसिटेक्स भन्दा कम नापको तर १९२.३१ डेसिटेक्स भन्दा कम नभएको (४३ मेट्रिक संख्या नाघेको तर ५२ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.२४.०० | --१९२.३१ डेसिटेक्स भन्दा कम नापको तर १२५ डेसिटेक्स भन्दा कम नभएको (५२ मेट्रिक संख्या नाघेको तर ८० मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.२६.०० | --१२५ डेसिटेक्स भन्दा कम तर १०६.३ डेसिटेक्स भन्दा कम नभएको (८० मेट्रिक संख्या भन्दा बढी तर ९४ मेट्रिक संख्या ननाघेको) नापको |
| | ५२०५.२७.०० | --१०६.३ डेसिटेक्स भन्दा कम तर ३.३३ डेसिटेक्स भन्दा कम नभएको (९४ मेट्रिक संख्या भन्दा बढी तर १२० मेट्रिक संख्या ननाघेको) नापको |
| | ५२०५.२८.०० | --३.३३ डेसिटेक्स भन्दा कम (१२० मेट्रिक संख्या भन्दा बढी) नापको |
| | | -नकोरेको रेशा बहुल (मल्टिपल) दोब्ब्राएका (फोल्डेड) वा केबल्ड धागो : |

| | | |
|---|---|---|
| | ५२०५.३१.०० | --प्रतिएकल धागो ७१.२९ डेसिटेक्स वा बढी नापको (प्रतिएकल धागोमा १ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.३२.०० | --प्रतिएकल धागो ७१.२९ डेसिटेक्स भन्दा कमको तर २३२.५६ डेसिटेक्स भन्दा कम नभएको नापको (प्रतिएकल धागोमा १४ मेट्रिक संख्या नाघेको तर ४३ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.३३.०० | --प्रतिएकल धागो २३२.५६. डेसिटेक्स भन्दा कमको तर १९२.३१ डेसिटेक्स भन्दा कम नभएको नापको (प्रतिएकल धागोमा ४३ मेट्रिक संख्या नाघेको तर ५२ मेट्रिक संख्या ननाघेको)। |
| | ५२०५.३४.०० | --प्रतिएकल धागो १९२.३१ डेसिटेक्स भन्दा कमको तर १२५ डेसिटेक्स भन्दा कम नभएको नापको (प्रतिएकल धागोमा ५२ मेट्रिक संख्या नाघेको तर ८० मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.३५.०० | --प्रतिएकल धागो १२५ डेसिटेक्स भन्दा कम नापको (प्रतिएकल धागोमा ८० मेट्रिक संख्या नाघेको) |
| | | -कोरेको रेशाको बहुल (मल्टिपल) (दोब्ब्राएको) वा केवल्ड धागो : |
| | ५२०५.४१.०० | --प्रतिएकल धागोमा ७१.२९ डेसिटेक्स वा बढी नापको (प्रतिएकल धागोमा १४ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.४२.०० | --प्रतिएकल धागोमा ७१.२९ डेसिटेक्स भन्दा कमको तर २३२.५६ डेसिटेक्स भन्दा कम नभएको नापको (प्रतिएकल धागोमा १४ मेट्रिक संख्या नाघेको तर ४३ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.४३.०० | --प्रतिएकल धागोमा २३२.५६ डेसिटेक्स भन्दा कमको तर १९२.३१ डेसिटेक्स भन्दा कम नभएको नापका (प्रतिएकल धागोमा ४३ मेट्रिक संख्या नाघेको तर ५२ मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.४४.०० | --प्रतिएकल धागोमा १९२.३१ डेसिटेक्स भन्दा कमको तर १२५ डेसिटेक्स भन्दा कम नभएको नापको (प्रतिएकल धागोमा ५२ मेट्रिक संख्या नाघेको तर ८० मेट्रिक संख्या ननाघेको) |
| | ५२०५.४६.०० | --प्रति एकल धागो नापमा १२५ डेसिटेक्स भन्दा कम तर १०६.३ डेसिटेक्स भन्दा घटी नभएको (८० मेट्रिक संख्या भन्दा बढी तर ९४ मेट्रिक संख्या ननाघेको प्रति एकल धागो) |

| | | |
|---|---|---|
| | ५२०५.४७.०० | --प्रति एकल धागो नापमा १०६.३ डेसीटेकस भन्दा कम तर ३.३३ डेसिटेक्स भन्दा घटी नभएको (९४ मेट्रिक संख्या भन्दा बढी तर १२० मेट्रिक संख्या ननाघेको प्रति एकल धागो) |
| | ५२०५.४८.०० | --प्रति एकल धागो नापमा ३.३३ डेसिटेक्स भन्दा कम (१२० मेट्रिक संख्या भन्दा बढी प्रति एकल धागो) |
| ५२.०७ | | खुद्रा बिक्रीको लागि राखिएको कपासको धागो(सिउने धागो बाहेक) । |
| | ५२०७.१०.०० | -तौलमा ५ प्रतिशत वा बढी कपास भएको |
| | ५२०७.९०.०० | -अन्य |
| ५३.०६ | | फ्ल्याकस धागो (सनको धागो) । |
| | ५३०६.१०.०० | -एकल (सिङ्गल) |
| | ५३०६.२०.०० | -बहुल (दोब्र्याएको) वा केबुल्ड |
| ५३.०७ | | सनपाटको धागो वा सकेत ५३.०३ का अन्य लचिलो रेशादार बोक्रा (बाष्ट) का कपडा बनाउने (वयनीय) धागो । |
| | ५३०७.१०.०० | -एकल (सिङ्गल) |
| | ५३०७.२०.०० | -बहुल (दोब्र्याएको) वा केबुल्ड |
| ५३.१० | | सनपाट (जूट) का बुनिएका कपडाहरु वा शीर्षक. ५३.०३ का अन्य लचिलो रेशा भएका बोक्रा (बाष्ट) का रेशाहरुबाट बनेका कपडाहरु । |
| | ५३१०.१०.०० | -अविरंजित (अनब्लिच्ड) |
| | ५३१०.९०.०० | -अन्य |
| ६२.११ | | ट्रयाक सुटहरु, स्कीसुटहरु र पौडिंदा लगाउने लुगाहरु, अन्य पोशाकहरु (लुगाफाटाहरु) । |
| | | -लोग्ने मान्छेको वा केटाहरुको अन्य लुगाफाटाहरु (गार्मेण्टस): |
| | ६२११.३२.०० | --सूतिको लुङ्गी र धोती |
| | | -स्वास्नीमान्छेको वा केटीहरुको अन्य लुगाफाटाहरु (गार्मेण्टस): |
| | ६२११.४२.०० | --सूतिको साडी, लुङ्गी र धोती |

| | | |
|---|---|---|
| ७१.०१ | | कारीगरी गरिएको वा नगरिएको, छुट्याएको वा नछुट्याएको तर नउनेको, अडेसा नलगाएको (माउण्टेड) वा नजडेको (सेट) रुपमा नभएको प्राकृतिक वा सम्बर्द्धित मोती; प्राकृतिक वा सम्बर्द्धित परिवहनको सुविधाका लागि अस्थायी रुपमा उनेको मोती । |
| | ७१०१.१०.०० | -प्राकृतिक मोतीहरु |
| | | -सम्वर्धित मोतीहरु : |
| | ७१०१.२१.०० | --कारीगरी नगरिएको (अनवर्क्ड) |
| | ७१०१.२२.०० | --कारीगरी गरिएको (वर्क्ड) |
| ७१.०२ | | कारीगरी गरिएको वा नगरिएको, तर अडेसा लाग्ने गरी नबनाएको वा नजडेको रुपमा रहेको हीरा (डायमण्ड) । |
| | ७१०२.१०.०० | -नछानिएको |
| | | -ओद्यौगिक : |
| | ७१०२.२१.०० | --कारीगरी नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको (ब्रुटेड) |
| | ७१०२.२९.०० | --अन्य |
| | | -उद्योग बाहेक : |
| | ७१०२.३१.०० | --कारीगरी नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको (ब्रुटेड) |
| | ७१०२.३९.०० | --अन्य |
| ७१.०३ | | कारीगरी गरिएको वा नगरिएको वा छुट्याएको वा नछुट्याएको तर नउनेको, अडेसा नलगाएको वा नजडेको (सेट) रुपमा रहेको बहुमूल्य पत्थरहरु (हीराहरु बाहेक); परिवहनको सुविधाका लागि अस्थायी रुपमा उनेको, नछुट्याएको बहुमूल्य पत्थरहरु (हीराहरु बाहेक) र अर्ध बहुमूल्य पत्थरहरु । |
| | ७१०३.१०.०० | -कारी गरी नगरिएको वा सामान्य चिरेको वा खस्रो आकारको |
| | | -अरु केही बनाएको : |
| | ७१०३.९१.०० | --लालमणि (रुविज), नीलमणि (स्याकिर्य) र पन्ना (एमरल्ड) |
| | ७१०३.९९.०० | --अन्य |

| | | |
|---|---|---|
| ७१.०५ | | प्राकृतिक वा संश्लेषित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरको धूलो । |
| | ७१०५.१०.०० | -हिराको |
| | ७१०५.९०.०० | -अन्य |
| | | (२) बहुमूल्य धातुहरु र बहुमूल्य धातुले ढाकिएको धातु (मेटल्स क्ल्याड) |
| ७१.०६ | | अप्रभावित वा अर्ध निर्मित रुपमा वा धूलोको रुपमा चांदी (सुन वा प्लाटिनममा चाँदीको जलप लगाईएको) । |
| | ७१०६.१०.०० | -धूलो |
| | | -अन्य : |
| | ७१०६.९१.०० | --अप्रभावित |
| | ७१०६.९२.०० | --अर्ध निर्मित |
| ७१.०८ | | अप्रभावित वा अर्ध निर्मित रुपका वा धूलो रुपका सुन (प्लाटिनममा सुनको जलप लगाएको समेत) । |
| | | -मुद्रा बाहेकको : |
| | ७१०८.११.०० | --धूलो |
| | ७१०८.१२.०० | --अन्य प्रभावित रुपका |
| | ७१०८.१३.०० | --अन्य अर्ध निर्मित रुपका |
| | ७१०८.२०.०० | -मुद्रा सम्बन्धी |
| ७१.०९ | ७१०९.००.०० | अर्ध निर्मित भन्दा बढी काम नगरेको सुनले ढाकिएका आधारभूत धातुहरु वा चांदी । |
| | | (३) गरगहना, सुन वा चांदीका सामान बनाउने बांडाले तयार गरेका सामानहरु र अन्य सामानहरु |
| ७१.१३ | | बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको आधारभूत धातुको गर्गहनाका सामानहरु र तिनका पार्टपूर्जाहरु । |
| | | -बहुमूल्य धातुको, बहुमूल्य धातुमा जलप लगाएको वा नलाएको वा ढाकिएको वा नढाकिएको : |
| | ७११३.११.०० | --चांदीको, अन्य बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको, बहुमूल्य धातुले ढाकेको वा नढाकेको |
| | ७११३.१९.०० | --अन्य बहुमूल्य धातुको, अन्य बहुमल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकेको वा नढाकेको |

| | | |
|---|---|---|
| | ७११३.२०.०० | -बहुमूल्य धातुले ढाकिएको अन्य आधारभूत धातुको |
| ७१.१८ | | मुद्रा । |
| | ७११८.९०.०० | -अन्य |
| ८४.०१ | | न्यूक्लियर रियाक्टर; इन्धन तत्व (कार्ट्रिजेज), न्यूक्लियर रियाक्टरको लागि अविकिरणित (नन-इराडिएटेड); अणु छुट्याउने (आइसोटोपिक सेपरेसन) मेसिन र उपकरणहरु । |
| | ८४०१.१०.०० | -न्यूक्लियर रियाक्टर (नाभिकीय अभिक्रियक) |
| | ८४०१.२०.०० | -अणु छुट्याउने (आइसोटोपिक सेपरेसन) का मेसीन र औजारहरु, र तिनका पार्टपूर्जाहरु |
| | ८४०१.३०.०० | -इन्धन तत्व (कार्ट्रिजेज), नन्इराडिएटेड (अविकिरणित) |
| ८४.०२ | | भाप (स्टिम) र अन्य वाफ उत्पादन गर्ने (भेपर जेनेरेटिङ्ग) व्वाइलरहरु (निम्न चापको भाप उत्पादन गर्न पनि सक्षम केन्द्रीय तापन (सेण्टल हिटिङ्ग) तातो पानीको वाष्पिय (व्वायलर) वाहेक); अति तापित पानीका वाष्पित्र (व्वायलर) हरु । |
| | | -भाप (स्टिम) र अन्य वाफ (भेपर) उत्पादन गर्ने व्वायलर: |
| | ८४०२.११.०० | --प्रतिघण्टामा ५ टन भन्दा बढी उत्पादन गर्ने जलनलिका वाष्पित्र (वाटर ट्यूब व्वायलर) |
| | ८४०२.१२.०० | --प्रतिघण्टामा ५ टन सम्म उत्पादन गर्ने जलनलिका वाष्पित्र (वाटर ट्यूब व्वायलर) |
| | ८४०२.१९.०० | --अन्य वाफ उत्पादन गर्ने व्वायलर, हाइब्रिड व्वायलर समेत |
| | ८४०२.२०.०० | -अति तापित जल वाष्पित्र (वाटर व्वायलर) |
| ८४.०३ | | शीर्षक ८४.०२ बाहेकको सेन्ट्रल हिटिङ्ग व्वायलर (केन्द्रीय तापन वाष्पित्र) । |
| | ८४०३.१०.०० | -व्वायलर (वाष्पित्र) |
| ८४.०४ | | शीर्षक ८४.०२ वा ८४.०३ को व्वायलरसंग प्रयोग गरिने सहायक संयन्त्र (जस्तै, किफायती (इकोनोमाइजर), अति तापक, (सुपरहिटर्स) ध्वांसोनाशक (सूट रिमुभर्स) ग्याँस हटाउने, (ग्याँस रिमुभर्स); भाप (स्टिम) वा अन्य वाफ शक्ति इकाइहरु (भेपर पावर यूनिट्स) का निमित्तका द्रवणित्र (कण्डेन्सर्स) । |
| | ८४०४.१०.०० | -शीर्षक ८४.०२ वा ८४.०३ को व्वायलरका साथ प्रयोग हुने सहायक संयन्त्र (प्लाण्ट) |

| | | |
|---|---|---|
| | ८४०४.२०.०० | -भाप (स्टिम) वा अन्य वाफ (भेपर) का इकाई (पावर यूनिट) का लागि कन्डेन्सरहरु (द्रवणित्र) |
| ८४.०५ | | शोधित्र (प्युरिफायर) सहित वा रहित उत्पादित गैस (प्रोड्यूसर गैस) वा भाप-अंगार गैस (वाटर गैस) का उत्पादकहरु (जेनेरेटर्स); शोधित्र सहित वा रहित एसिटाइलिन गैस उत्पादक र त्यस्तै जलीय प्रक्रियाका (वाटर प्रोसेस) गैस उत्पादकहरु (गैस जेनेरेटर्स) । |
| | ८४०५.१०.०० | -शोधित्र (प्युरिफायर) सहित वा रहित उत्पादित गैस (प्रोड्यूसर गैस) वा भाप-अंगार गैस (वाटर गैस) का उत्पादकहरु (जेनेरेटर्स); शोधित्र सहित वा रहित एसिटाइलिन गैस उत्पादक र त्यस्तै जलीय प्रक्रियाका (वाटर प्रोसेस) गैस उत्पादकहरु (गैस जेनेरेटर्स) |
| ८४.०६ | | भाप टर्वाइन्स र अन्य वाफ टर्वाइन । |
| | ८४०६.१०.०० | -जलपोत प्रणोदन (मेरीन प्रोपल्सन) का लागि जलचक्रहरु (टर्वाइन्स) |
| | | -अन्य : जलचक्रहरु (टर्बाइन्स): |
| | ८४०६.८१.०० | --४० मेगावाट भन्दा बढी उत्पादन (आउटपुट) को |
| | ८४०६.८२.०० | --४० मेगावाट मा नबढ्ने उत्पादन (आउटपुट) को |
| ८४.०७ | | स्पार्क-इग्निसन रेसिप्रोकेटिङ वा रोटरी इन्टरनल कम्वशन पिष्टोन इन्जिन । |
| | ८४०७.१०.०० | -हवाइजहाजका इन्जिन |
| ८४.०९ | | शीर्षक ८४.०७ वा ८४.०८ का इन्जिनहरुमा पूर्णतया वा मुख्यतया प्रयोगको लागि उपयुक्त पार्टपूर्जाहरु । |
| | ८४०९.१०.०० | -हवाइजहाजको इन्जिनको लागि |
| ८४.१० | | हाइड्रोलिक (जलवाही) टर्वाइन, पानी पांग्रा (वाटर ह्विल) र तिनका रेगुलेटरहरु (नियामकहरु) । |
| | | -जलवाही (वाटर) टर्वाइन र पानी पांग्राहरु (वाटर ह्वील): |
| | ८४१०.११.०० | --१,००० कि. वा. सम्म शक्तिका |
| | ८४१०.१२.०० | --१,००० कि. वा. भन्दा बढी तर, १०,००० कि. वा. सम्म शक्तिको |
| | ८४१०.१३.०० | --१०,००० कि.वा. भन्दा बढी शक्तिको |
| ८४.१३ | | मापक यन्त्र जडेको वा नजडेको तरल पदार्थको पम्प, तरल पदार्थ माथि तान्ने साधन (एलिभेटर्स) । |

| | | |
|---|---|---|
| | | -अन्य पम्पहरु; तरल उत्थापक (तान्ने) हरुः |
| | ८४१३.८२.०० | --सिँचाइ कार्यमा प्रयोग हुने २ हर्षपावरदेखि ८ हर्षपावरसम्म शक्ति भएको इञ्जिन सहितको पम्पिङ सेट र सोको साथमा रहेको ३० मिटरसम्मको होज पाइप । |
| ८४.१६ | | तरल इन्धनको लागि, संपिष्ट (पल्भराइज्ड) ठोस इन्धनका लागि वा ग्याँसको लागि भट्टीको दाहक (फर्नेस बर्नर); आगोमा इन्धन झोक्ने यन्त्र (मेकानिकल स्टोकर), तिनका यान्त्रिक जाली (मेकानिकल ग्रेट्स) समेत, यान्त्रिक क्षार विसर्जक (मेकानिकल यास डिसचार्जर) र यस्तै उपकरणहरु । |
| | ८४१६.१०.०० | -तरल इन्धनको लागि भट्टीका दाहक (फर्नेस बर्नर) |
| | ८४१६.२०.०० | -अन्य भट्टीका दाहकहरु (फर्नेस बर्नर्स), संयोजन दाहक (कम्बिनेशन बर्नर) समेत |
| | ८४१६.३०.०० | -आगोमा इन्धन झोंक्ने यन्त्र, तिनका यान्त्रिक जालि (मेकानिकल ग्रेट) समेत, यान्त्रिक क्षार विसर्जक (मेकानिकल यास डिसचार्जर) र यस्तै उपकरणहरु |
| ८४.१७ | | औद्योगिक वा प्रयोगशालामा आगो बाल्ने भट्टी र चुल्हो, इन्सिनेरेटर (खरानी पार्नेः भष्मक) समेत, अविद्युतीय । |
| | ८४१७.१०.०० | -धातु वा पाइराइट वा धाउ (ओर्स) पोल्ने, पगाल्ने वा अरु ताप उपचारको लागि प्रयोग हुने भट्टी वा चुल्हो |
| | ८४१७.२०.०० | -बेकरी ओभेन्स (चुल्हो), बिस्कुट बनाउने चुल्हो समेत |
| | ८४१७.८०.०० | -अन्य |
| ८४.१९ | | तताउने (हिटिङ्ग), पकाउने (कुकिङ्ग), पोल्ने (रोस्टिङ्ग), आसवन गर्ने (डिस्टिलिङ्ग), परिशोधन गर्ने (रेक्टिफाइङ्ग), रोगाणुरहित गर्ने (स्टेरिलाइजिङ्ग), पाश्चरीकरण गर्ने (पाश्चराइजिङ्ग), बफाउने (स्टिमिङ्ग), सुकाउने (ड्राइङ्ग), भापमा परिणत गर्ने इभ्यापोरेटिङ्ग), बाफ बनाउने (भेपोराइजिङ्ग), द्रवित गर्ने (कण्डेन्सिङ्ग) वा चिस्याउने (कूलिङ्ग) जस्ता तापमान परिवर्तन (चेञ्ज अफ टेम्परेचर) संग संवद्ध प्रक्रियाद्वारा पदार्थहरुको उपचार निमित्तका, विद्युत्तापित भए वा नभएका भट्टीहरु (फर्नेसस्), चुल्हाहरु (ओभेन्स) तथा शीर्षक ५१ का अन्य उपकरणहरु बाहेक), यन्त्रावली (मेशिनरी), संयन्त्र (प्लान्ट) वा प्रयोगशालाका उपकरणहरु, घरायसी प्रयोजनमा प्रयोग हुने खालका यन्त्रावली वा संयन्त्र बाहेक; तात्क्षणिक वा संचयन जल तापित्रहरु (इन्स्टान्टेनियस वा स्टोरेज वाटर हिटर्स), अवैद्युतिक (नन-इलेक्ट्रिक) । |

| | | |
|---|---|---|
| | ८४१९.२०.०० | -औषधीय(मेडिकल), शल्यचिकित्सा सम्बन्धी (सर्जिकल) वा प्रयोगशाला सम्बन्धी(लेबोरेटरी) विसंक्रामकहरु (स्टेरिलाइजर्स) |
| | | -शोषकहरु (सुकाउनेः ड्रायर्स) : |
| | ८४१९.३१.०० | --कृषि उत्पादनको लागि |
| | ८४१९.३२.०० | --काठ, पेपर पल्प, कागत वा कागतगाता (पेपरबोर्ड) को लागि |
| | ८४१९.३९.०० | --अन्य |
| | ८४१९.४०.०० | -आसवन वा परिशोधन संयन्त्रहरु (डिस्टिलिङ्ग वा रेक्टिफाइङ्ग प्लाण्ट) |
| | ८४१९.५०.०० | -ताप विनिमय इकाइहरु (हिट एक्सचेन्ज यूनिट्स) |
| | ८४१९.६०.०० | -बायु वा ग्याँस तरल पार्ने यन्त्रावली (मशिनरी फोर लिक्विफाइङ्ग एयर वा ग्याँस) |
| | | -अन्य यन्त्रावली, संयन्त्र र उपकरणः |
| | ८४१९.८१.०० | --उष्णपेय (हौट ड्रिङ्क) बनाउन वा भोजन पकाउन वा तताउनको लागि |
| | ८४१९.८९.०० | --अन्य |
| ८४.२० | | धातुहरु वा कांचको लागि बाहेकका कालेण्डरण (क्यालेण्डरिङ्ग) वा वेल (रोलिङ्ग) यन्त्रहरु, र तिनको निमित्तका वेलनहरु (सिलिण्डर्स) । |
| | ८४२०.१०.०० | -क्यालेण्डरण (क्यालेण्डरिङ्ग) वा अन्य बेलन यन्त्रहरु (रोलिङ्ग मशिन्स) |
| ८४.२१ | | अपकेन्द्रित्र (सेन्ट्रिफ्यूजेज), अपकेन्द्रण शोषक (सेण्ट्रिफ्यूगल ड्रायर्स) समेत; तरल र ग्याँस निमित्तका निस्पन्दन (फिल्टरिङ्ग) वा परिशोधन (प्यूरिफाइङ्ग) यन्त्रावली (मशिनरी) र उपकरणहरु (एपरेटस) । |
| | | -अपकेन्द्री (सेन्ट्रिफ्यूजेज), अपकेन्द्रण शोषक(सेण्ट्रिफ्यूगल ड्रायर्स) समेतः |
| | ८४२१.११.०० | --क्रिम सेपारेटर्स (तर पृथकित्रः तर छुट्याउने) |
| | ८४२१.१२.०० | --लुगा सुकाउने (क्लोद्स-ड्रायर्स) |
| | ८४२१.१९.०० | --अन्य |

| | | |
|---|---|---|
| | | -तरल पदार्थको लागि निस्पन्दन (फिल्टरिङ्ग) वा परिशोधन (प्यूरिफाइङ्ग) का यन्त्रावली र उपकरणहरु (मशिनरी एण्ड एपरेटस): |
| | ८४२१.२१.०० | --पानी छान्न वा परिशोधन गर्नको लागि |
| | ८४२१.२२.०० | --पानी बाहेकका अन्य पेय (बिभरेज) छान्न वा परिशोधन गर्नको लागि |
| | | -ग्याँसको लागि निस्पन्दन वा परिशोधन यन्त्रावली (मशिनरी) वा उपकरणहरु (एपरेटस): |
| | ८४२१.३९.०० | --अन्य |
| ८४.२२ | | थाल, थाली, तश्तरी सफा गर्ने यन्त्रहरु (डिस वाशिङ्ग मशिन्स); बोटल वा अन्य आधानपात्र (कण्टेनरहरु) सफा गर्ने (क्लिनिङ्ग) वा सुकाउने (ड्राइङ्ग) यन्त्रावली मशिनरी); बोटलहरु, बट्टाहरु (क्यान्स) डिव्बाहरु (बौक्सेस), झोलाहरु (ब्याग्स) वा अन्य आधान पात्रहरु (कण्टेनर्स) भर्न (फिलिङ्ग), बन्द गर्न (क्लोजिङ्ग), मुखवन्द गर्न वा सिलवन्दी गर्न (सिलिङ्ग) वा नामपत्र (लेवल) लगाउन (लेबेलिङ्ग) निमित्तका यन्त्रावली; बोटलहरु, जारहरु, नलिका (ट्यूब)हरु र यस्तै आधानपात्र (कण्टेनर) हरु संपुटन (क्याप्सुलिङ्ग) गर्न निमित्त का यन्त्रावली; अन्य परिवेष्ठन (प्याकिङ्ग) वा आवृत (र्‍यापिङ्ग) गर्ने यन्त्रावली (ताप-आकुंचन आवृन्तन यन्त्र (हिट स्रिङ्क र्‍यापिङ्ग मशिनरी) समेत); पेय पदार्थ (विभरेज) लाई बायुमिश्रण (एयरेटिङ्ग) गर्न निमित्तका यन्त्रावली । |
| | | -थाल,थाली तश्तरी सफा गर्ने यन्त्रहरु (डिश वाशिङ्ग मशिन्स): |
| | ८४२२.१९.०० | --अन्य |
| | ८४२२.२०.०० | -बोतलहरु वा अन्य आधानपात्रहरु (कण्टेनर) सफा गर्ने र सुकाउने निमित्तको यन्त्रावली (मशिनरी) |
| | ८४२२.३०.०० | -बोतलहरु, बट्टाहरु (क्यान्स), डिब्बाहरु (बौक्सेज), झोलाहरु (ब्याग्स) वा अन्य आधानपात्रहरु (कण्टेनर्स) भर्न (फिलिङ्ग), बन्द गर्न (क्लोजिङ्ग), मुखबन्द वा सिलबन्द गर्न (सिलिङ्ग) वा नामपत्रण(लेबेलिङ्ग) गर्न निमित्तका यन्त्रावली; बोतलहरु, जारहरु, नलिकाहरु (ट्यूब्स) र त्यस्तै आधानपात्र (कण्टेनर) हरुलाई संपुटन (क्याप्सुलिङ्ग) गर्न निमित्तका यन्त्रावली; पेय पदार्थ (विभरेजेज) लाई बायु मिश्रण (एयरेटिङ्ग) गर्न निमित्तका यन्त्रावली |

| | | |
|---|---|---|
| | ८४२२.४०.०० | -अन्य परिवेष्ठन (प्याकिङ्ग) वा आवृत्तन (र्‍यापिङ्ग) यन्त्रावली-ताप-आकुंचन आवृत्तन यन्त्रावली (हिट-स्रिङ्क र्‍यापिङ्ग मशिनरी) समेत |
| ८४.२३ | | तौलने यन्त्रावली (वेइङ्ग मशिनरी) (५ सेण्टिग्राम (सीजी) वा त्यो भन्दा राम्रो सुग्राहिता (सेन्सिटिभिटी) भएका तराजुहरु (ब्यालेन्सेज) बाहेक), भार वा ढक (वेट) द्वारा संचालित गणना (काउण्टिङ्ग) वा सत्यापन (चेकिङ्ग) गर्ने यन्त्रहरु; भारमापक यन्त्र (वेइङ्ग मशिन) का सबै किसिमका ढकहरु (वेट्स) । |
| | | -अन्य तौलने यन्त्रावली (वेइङ्ग मशिनरी) : |
| | ८४२३.८९.०० | --अन्य |
| ८४.२६ | | पानी जहाजका उत्थंबहरु (सामान उठाउने यन्त्र: डेरिक्स); क्रेनहरु, केबुल क्रेन समेत; क्रेन जडान भएका गतिशील (मोबाइल) उचाल्ने ढांचाहरु (लिफ्टिङ्ग फ्रेम्स), स्ट्रयाडल क्यारियर्स र वर्क्स ट्रक्स (कामको लागि प्रयोग हुने ट्रकहरु) । |
| | | -ओभरहेड ट्राभेलिङ्ग क्रेनहरु, ट्रान्सपोर्टर (परिवाहक) क्रेनहरु, गैन्ट्री क्रेनहरु, ब्रिज क्रेनहरु, गतिशील (मोबाइल) उचाल्ने ढांचाहरु (लिफ्टिङ्ग फ्रेम्स) र स्ट्रैडल क्यारियर्स : |
| | ८४२६.११.०० | --स्थायी अवलम्व (फिक्स्ड सपोर्ट) मा भएको ऊर्ध्वस्थ (ओभरहेड) भ्रमणशील (ट्राभेलिङ्ग) क्रेनहरु |
| | ८४२६.१२.०० | --टायर माथि भएको गतिशील (मोबाइल) लिफ्टिङ्ग फ्रेमहरु र स्ट्रैडल क्यारियरहरु |
| | ८४२६.१९.०० | --अन्य |
| | ८४२६.२०.०० | -टावर क्रेनहरु |
| | ८४२६.३०.०० | -पोर्टल वा पेडेस्टल जीव क्रेनहरु |
| | | -स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड), अन्य यन्त्रावली: |
| | ८४२६.४१.०० | --टायरमाथि भएको |
| | ८४२६.४९.०० | --अन्य |
| | | -अन्य यन्त्रावली : |
| | ८४२६.९१.०० | --रोड भेहिकलमा जडान (माउण्ट) गर्न अभिकल्पित (डिजाइन) गरिएको |
| | ८४२६.९९.०० | --अन्य |

| | | |
|---|---|---|
| ८४.२८ | | अन्य उचाल्ने (लिफ्टिङ्ग), ब्यवस्था गर्ने (ह्याण्डलिङ्ग), भारी चढाउने (लोडिङ्ग) वा भारी ओह्राल्ने (अनलोडिङ्ग) यन्त्रावली (उदाहरणतः लिफ्टहरु, एस्केलेटरहरु, कनभेयरहरु, टेलिफेरिकहरु) । |
| | | -मालसामानहरु (गुड्स) वा पदार्थहरु (म्याटेरियल्स) का लागि अविरत कार्य गर्ने (कन्टिन्यूअस (एक्सन) एलिभेटरहरु र कन्भेयरहरुः |
| | ८४२८.३१.०० | --भूमिगत प्रयोग (अण्डरग्राउण्ड यूज) को लागि विशेष रुपले अभिकल्पना गरिएको (डिजाइण्ड) |
| | ८४२८.३२.०० | --अन्य, बाल्टिन किसिमका (बकेट टाइप) |
| | ८४२८.३३.०० | --अन्य, पट्टा किसिमका (बेल्ट टाइप) |
| | ८४२८.३९.०० | --अन्य |
| | ८४२८.४०.०० | -चल सोपान (एस्केलेटर्स) हरु र गतिशील (मुभिङ्ग) संचरण मार्ग (वाकवेज)हरु |
| | ८४२८.६०.०० | -टेलिफेरिक्स, चेयरलिफ्टस, स्कि-ड्रयागलाइन्स रज्जु रेगमार्ग (फुनिकुलर्स) को लागि कर्षण यन्त्र रचना (ट्रयाक्सन मेकानिज्म) |
| | ८४२८.९०.०० | -अन्य यन्त्रावली |
| ८४.२९ | | स्वयं प्रणोदित (सेल्फ-प्रोपेल्ड) बुल्डोजरहरु, एङ्गलडोजरहरु, ग्रेडरहरु, लेभेलरहरु, स्क्रेपरहरु, यान्त्रिक शावेलहरु, एक्सक्या-भेटरहरु, शावेल लोडर्सहरु, ट्याम्पिङ्ग मशिन र सडक पेल्ने (रोड रोलर्स) हरु । |
| | | -बुल्डोजरहरु र एङ्गलडोजरहरुः |
| | ८४२९.११.०० | --बाटो बनाउने (ट्रयाकलेइङ्ग) |
| | ८४२९.१९.०० | --अन्य |
| | ८४२९.२०.०० | -ग्रेडरहरु र लेभलरहरु (सम्याउने) |
| | ८४२९.३०.०० | -स्क्रेपरहरु |
| | ८४२९.४०.०० | -ट्याम्पिङ्ग यन्त्रहरु र सडक पेल्ने रोलरहरु |
| | | -यान्त्रिक शावेलहरु, एक्सक्याभेटर र शावेल लोडरहरु : |
| | ८४२९.५१.०० | --फ्रौण्ट-ईण्ड शावेल लोडरहरु |
| | ८४२९.५२.०० | --३६०$^{\circ}$ धूर्णमान अधिरचना (रिभोल्भिङ्ग सुपरस्ट्रक्चर) सहितका यन्त्रावली (मशिनरी) |

| | | |
|---|---|---|
| | ८४२९.५९.०० | --अन्य |
| ८४.३० | | जमीन (अर्थ), धातुहरु (मिनरल्स) वा धाउहरु (ओर्स) को लागि स्थानान्तरण गर्ने वा हटाउने (मुभिङ्ग), वर्गीकरण गर्ने वा तल संतुलित गर्ने (ग्रेडिङ्ग), सभ्याउने (लेभेलिङ्ग), ताछ्ने (स्क्रेपिङ्ग), उत्खनन गर्ने (एक्सकेभेटिङ्ग), भर्ने (ट्याम्पिङ्ग) सुसंहत गर्ने (कम्प्याक्टिङ्ग), निष्कर्षण गर्ने (एक्सट्रयाक्टिङ्ग) वा प्वाल पार्ने (बोरिङ्ग) यन्त्रावली (मशिनरी) । |
| | ८४३०.१०.०० | -खामो गाड्ने (पाइल ड्राइभर) र खामो उखेल्ने (पाइल एक्सट्रयाक्टर) |
| | ८४३०.२०.०० | -हिंउ जोत्ने (स्नो-प्लोज) र हिउं-भाती (स्नो-ब्लोअर्स) |
| | | -कोइला (कोल) वा चट्टान (रौक) काट्ने (कट्टर्स) र सुरुङ्ग खन्ने (टनेलिङ्ग) मशिनरीः |
| | ८४३०.३१.०० | --स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) |
| | ८४३०.३९.०० | --अन्य |
| | | -अन्य छिद्रण गर्ने (बोरिङ्ग) वा खन्ने (सिङ्किङ्ग) यन्त्रावली (मशिनरी): |
| | ८४३०.४१.०० | --स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) |
| | ८४३०.४९.०० | --अन्य |
| | ८४३०.५०.०० | -अन्य यन्त्रावली, स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) |
| | | -अन्य यन्त्रावली, स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) नभएको : |
| | ८४३०.६१.०० | --पुर्ने वा बन्द गर्ने (ट्याम्पिङ्ग) वा सुसंहत गर्ने( कम्प्याक्टिङ्ग) यन्त्रावली |
| | ८४३०.६९.०० | --अन्य |
| ८४.३२ | | भूमि तयार गर्ने (स्वायल प्रिपरेशन) वा खेति गर्ने (कल्टिभेशन) निमित्तका कृषि (एग्रिकल्चर), उद्यान कृषि (हर्टिकल्चर) वा वानिकी (वनजङ्गल) (फोरेष्ट्री) सम्बन्धी यन्त्रावली (मशिनरी); शाद्वल भूमि (दूबो सहितको भूमिः लौन) वा खेलकूद (मैदान (स्पोर्ट्स (ग्राउण्ड) पेल्ने बेलनहरु (रोलर्स)। |
| | ८४३२.१०.०० | -हलोहरु (प्लोज) |
| | | -ह्यारोहरु, स्क्यारिफायर्स, कल्टिभेटरहरु, विड्र्स (झार निकाल्ने) र होहरु : |

| | | |
|---|---|---|
| | ८४३२.२१.०० | --डिस्क ह्यारो |
| | ८४३२.२९.०० | --अन्य |
| | ८४३२.३०.०० | -वीजवपित्रहरु (सीडर्स), बिरुवा रोप्ने (प्लाण्टर्स) र प्रतिरोपक (ट्रान्सप्लाण्टर्स) यन्त्रहरु |
| | ८४३२.४०.०० | -मल छर्ने (म्यान्योर स्प्रेडर्स) र उर्वरक वितरकहरु (फर्टिलाइजर डिष्ट्रीब्यूटर) |
| | ८४३२.८०.०० | -अन्य यन्त्रावली (मशिनरी) |
| ८४.३३ | | बाली काट्ने (हार्भेस्टिङ्ग) वा दाना छुट्याउने (दाइं गर्नेः थ्रेसिङ्ग) यन्त्रावलीहरु (मशिनरी), पराल (स्ट्र) वा घांस पराल (फोडर) बिटा पार्ने यन्त्र (बेलर्स); घांस (ग्रास) वा सुकेको घांस (हे) काट्ने (मोअर्स); शीर्षक ८४.३७ का यन्त्रावली (मशिनरी) बाहेकका फुलहरु (एग्स), फलहरु (फ्रुट्स) वा अन्य कृषि उत्पादनलाई सफा गर्ने (क्लिनिङ्ग), छुट्याउने (सौर्टिङ्ग) वा वर्गीकरण गर्ने (ग्रेडिङ्ग) कामका यन्त्रहरु (मशिन्स) । |
| | | -शाद्वल भूमि (लौन), नगरोद्यान (पार्क) वा खेलकूदको मैदान (स्पोर्ट्स ग्राउण्ड) निमित्तका लावक यन्त्र (घांस काट्नेः मोअर्स) : |
| | ८४३३.११.०० | --क्षैतिज समतल घुमेर काट्ने साधन भएको, शक्ति चालित (कटिङ्ग डिभाइस रोटेटिङ्ग इन होराइएजेण्टल प्लेन, पावर्ड) |
| | ८४३३.१९.०० | --अन्य |
| | ८४३३.२०.०० | -अन्य घांस काट्ने (मोअर्स), ट्रयाक्टरमा जडान गर्ने कटर बार्स समेत |
| | ८४३३.३०.०० | -अन्य घांस तयार गर्ने (हेमेकिङ्ग) यन्त्रावली (मशिनरी) |
| | ८४३३.४०.०० | -पराल वा चारा (स्ट्र वा फोडर) बिटा बनाउने यन्त्र (बेलर्स), (पिकअप बेलर्स) |
| | | -अन्य बाली काट्ने (हार्भेस्टिङ्ग) यन्त्रावली; दाइं गर्ने वा गेडा झार्ने (थ्रेसिङ्ग) यन्त्रावली (मशिनरी): |
| | ८४३३.५१.०० | --हार्भेस्टर-थ्रेसरको संयोजन (कम्बाइन) |
| | ८४३३.५२.०० | --अन्य थ्रेसिङ्ग मशिनरी |
| | ८४३३.५३.०० | --जरा वा गानो (रुट वा ट्यूबर) को बाली संग्रह गर्ने (हार्भेस्टिङ्ग) यन्त्रहरु |
| | ८४३३.५९.०० | --अन्य |

| | | |
|---|---|---|
| | ८४३३.६०.०० | -फुल वा अण्डाहरु (एग्स), फल (फ्रुट) वा अन्य कृषिजन्य उत्पादन सफा गर्ने (क्लिनिङ्ग), छुट्याउने (सौर्टिङ्ग) वा वर्गीकरण गन (ग्रेडिङ्ग) यन्त्रहरु |
| ८४.३४ | | दूध दुहुने यन्त्रहरु (मिल्किङ्ग मशिन्स) र दुग्धशाला सम्बन्धी यन्त्रावली (डेरी मशिनरी)। |
| | ८४३४.१०.०० | -दूध दुहुने यन्त्रहरु (मिल्किङ्ग मशिन्स) |
| | ८४३४.२०.०० | -दुग्धशाला सम्बन्धी यन्त्रावली (डेरी मशिनरी) |
| ८४.३५ | | दाखको आसव (वाइन), स्याउको आसव (साइडर), फलको रस (फ्रुट जूस) हरु वा यस्तै पेय पदार्थहरु (विभरेजेज) को उत्पादन (म्यानुफ्याक्चर) मा प्रयोग हुने संपीडक दाब यन्त्रहरु (प्रेसेस), दलित्र वा पेल्नेयन्त्र (क्रसर्स) र यस्तै यन्त्रावली। |
| | ८४३५.१०.०० | -यन्त्रावली |
| ८४.३६ | | अन्य कृषि सम्बन्धी (एग्रिकल्चरल), उद्यान कृषि (हर्टिकल्चर) सम्बन्धी, वानिकी वा वनजङ्गल सम्बन्धी (फोरेष्ट्री), पंक्षीपालन (पोल्ट्री-किपिङ्ग) वा मौरी पालन (बी-किपिङ्ग) सम्बन्धी यन्त्रावली, यान्त्रिक (मेकानिकल) वा ताप (थर्मल) उपकरण (इक्विपमेण्ट) जडान भएको अंकुरण संयन्त्र (जर्मिनेशन प्लाण्ट) समेत; पंक्षीहरुको चल्ला काढ्ने र बच्चा हुर्काउने यन्त्रहरु (पोल्ट्री इन्क्युवेट्र्स र ब्रूडर्स)। |
| | ८४३६.१०.०० | -जनावरहरुको घांस चारा (एनिमल फिडिङ्ग स्टफ्स) तयार गर्ने यन्त्रावली |
| | | -पंक्षीपालन यन्त्रावली; पंक्षीहरुको चल्ला काढ्ने बच्चा हुर्काउने यन्त्रहरु (पौल्ट्री इन्क्यूबेटर्स र ब्रूडर्स): |
| | ८४३६.२१.०० | --पोल्ट्री इन्क्यूबेटर्स र ब्रुडर्स |
| | ८४३६.२९.०० | --अन्य |
| | ८४३६.८०.०० | -अन्य यन्त्रावली |
| | | -अङ्गहरु (पार्ट्स): |
| | ८४३६.९१.०० | --पंक्षीपालन (पौल्ट्री किपिङ्ग) यन्त्रावली वा पंक्षीहरुको चल्ला काढ्ने र बच्चा हुर्काउने (पोल्ट्री इन्क्यूबेटर्स र ब्रूडर्स) को |

| | | |
|---|---|---|
| ८४.३७ | | बीज (सिड), दाना (ग्रेन) वा सुकेको दाल सम्बन्धी (लेगुमिनस) वनस्पतिहरु सफा गर्न, छुट्याउन वा छांट्न (सौर्टिङ्ग) वा वर्गीकरण गर्न (ग्रेडिङ्ग) निमित्तका यन्त्रहरु; कृषि(क्षेत्र किसिमका (फार्म-टाइप मशिनरी) यन्त्रावली बाहेक, पेषण उद्योग (मिलिङ्ग इण्डस्ट्री) मा प्रयोग हुने वा अन्न (सेरियल्स) वा सुकेको दलहन वनस्पति (ड्राइड लेगुमिनस; भेजिटेबल) को काम निमित्तको यन्त्रावली । |
| | ८४३७.१०.०० | -बीज (सिड) दाना (ग्रेन) वा सुकेको दलहन वनस्पति (ड्राइड लेगुमिनस भेजिटेबल्स) सफा गर्ने, छुट्याउने वा वर्गीकरण (ग्रेडिङ्ग) गर्ने यन्त्रहरु |
| | ८४३७.८०.०० | -अन्य यन्त्रावली (मशिनरी) |
| ८४.३८ | | प्राणीजन्य (एनिमल) वा अवाष्पशील वनस्पति बोसो वा तेल (फिक्स्ड भेजिटेबल फ्याट वा आयल) को निष्कर्षण (एक्सट्रयाक्सन) वा तयार (प्रिपरेशन) गर्न निमित्तको यन्त्रावली बाहेक, खाद्य वा पेय (फुड वा ड्रिङ्क) को औद्योगिक निर्मित (प्रिपरेशन) वा उत्पादन (म्यानुफ्याक्चर) को लागि चाहिने, यस भागमा अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, यन्त्रावली (मशिनरी) । |
| | ८४३८.१०.०० | -वेकरी मशिनरी (पाउरोटी जस्ता खाद्य परिकार सम्बन्धी यन्त्र) र म्याकरोनी, स्पागेटी वा यस्तै उत्पादनहरु निर्माण गर्न (म्यानुफ्याक्चर) का लागि चाहिने यन्त्रावली |
| | ८४३८.२०.०० | -मिठाइ (कन्फेक्सनरी), कोको वा चकलेट उत्पादन (म्यानुफ्याक्चर) निमित्तका यन्त्रावली |
| | ८४३८.३०.०० | -चिनी निर्माण (म्यानुफ्याक्चर) निमित्तका यन्त्रावली |
| | ८४३८.४०.०० | -मदिरा उत्पादनका यन्त्रावली (ब्रुअरी मशिनरी) |
| | ८४३८.५०.०० | -मासु (मिट) वा मासुको लागि पालिएका घरेलु पंक्षीको मासु (पौल्ट्री) तयार गर्न निमित्तका यन्त्रावली |
| | ८४३८.६०.०० | -फलहरु (फ्रुट्स), काष्ठफलहरु (नट्स) वा वनस्पतिहरु (भेजिटेबल्स) तयारी पार्न निमित्तका यन्त्रावली |
| | | -अन्य यन्त्रावली (मशिनरी) : |
| | ८४३८.८०.१० | --टि-सर्टिङ्ग मेशिन, सि.टि.सि. मेशिन, चिया फरमेन्टिङ्ग मेशिन, टि-ड्रायर मेशिन, एल.टि.पी. मेशिन |
| | ८४३८.८०.९० | --अन्य यन्त्रावली |

| | | |
|---|---|---|
| ८४.३९ | | रेशादार कोशमय पदार्थहरु (फाइब्रस सेल्यूलोजिक म्याटेरियल)को लेदो (पल्प) बनाउन निमित्तको वा कागत वा कागतगाता (पेपरबोर्ड) बनाउन वा परिष्करण (फिनिशिङ्ग) निमित्तका यन्त्रावली । |
| | ८४३९.१०.०० | -रेशादार कोषमय पदार्थहरु (फाइबस सेल्युलोजिक म्याटेरियल) को पल्प बनाउन निमित्तका यन्त्रावली |
| | ८४३९.२०.०० | -कागज वा कागजगाता (पेपरबोर्ड) बनाउन निमित्तका यन्त्रावली |
| | ८४३९.३०.०० | -कागज वा कागजगाता परिष्कार (फिनिशिङ्ग) गर्न निमित्तका यन्त्रावली |
| ८४.४० | | पुस्तकको गाता बांध्ने (बुक-बाइण्डिङ्ग) यन्त्रावली(मशिनरी), पुस्तक सिउने यन्त्रहरु (बुक-सिउइङ्ग मशिन्स) समेत । |
| | ८४४०.१०.०० | -यन्त्रावली (मशिनरी) |
| ८४.४१ | | कागजको पल्प (पेपर पल्प), कागत वा कागतगाता तयार गर्न (मेकिङ्ग अप) निमित्तका अन्य यन्त्रावली, सबै किसिमका काट्ने यन्त्रहरु (कटिङ्ग मशिन्स) समेत । |
| | ८४४१.१०.०० | -काट्ने यन्त्रहरु (कटिङ्ग मशिन्स) |
| | ८४४१.२०.०० | -थैला (ब्याग्स), बोरा (स्याक्स) वा खाम (एनभेलोप) बनाउने यन्त्रहरु |
| | ८४४१.३०.०० | -ढालेर बनाउने (मोल्डिङ्ग) बाहेकका, डिब्बा, बट्टा, बक्सा, कन्तुर, नली, पीपा (कार्टोन, बक्स, केस, ट्यूब, ड्रम) वा यस्तै आधानपात्रहरु (कण्टेनर्स) बनाउन निमित्तका यन्त्रहरु (मशिन्स) |
| | ८४४१.४०.०० | -कागतको पल्प (पेपर पल्प), कागत वा कागतगाता (पेपर वा पेपरबोर्ड) मा ढलान गरी सामान बनाउन (मोल्डिङ्ग आर्टिकल्स) निमित्तका यन्त्रहरु |
| | ८४४१.८०.०० | -अन्य यन्त्रावली |
| ८४.४२ | | पाताहरु (प्लेट्स), बेलनहरु (सिलिन्डर्स) वा अन्य मुद्रण अवयवहरु तयार गर्न वा बनाउनका लागि चाहिने यन्त्रावली, औजार र उपकरणहरु (शीर्षक ८४.५६ देखि ८४.६५ सम्मका यन्त्र र औजारहरु बाहेक); पाताहरु (प्लेट्स), बेलनहरु (सिलिन्डर्स) र अन्य मुद्रण अवयवहरु; मुद्रण प्रयोजनका लागि तयार पारिएका पाताहरु (प्लेट्स), बेलनहरु (सिलिन्डर्स) र लिथोग्राफिक स्टोनहरु (उदाहरणको लागि समतल पारिएको (प्लेण्ड), कणिकाङ्कित (ग्रेण्ड) वा चम्काइएको (पोलिश्ड)) । |

| | | |
|---|---|---|
| | ८४४२.३०.०० | -यन्त्रावली, औजार (एपरेटस) र उपकरण (इक्विपमेण्ट) |
| ८४.४३ | | प्लेटहरु, सिलिण्डरहरु र शीर्षक .२ का छपाईका अन्य उपादानहरुद्वारा मुद्रण कार्यको लागि प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावली; अन्य मुद्रण यन्त्रहरु, प्रतिलिपि उतार्ने यन्त्रहरु, र फ्याक्स गर्ने यन्त्रहरु, संयोजित भएका वा नभएका; तिनका अङ्गहरु र सहायक वस्तुहरु (पाट्र्स एण्ड एसेसरिज) । |
| | | -प्लेटहरु, सिलिण्डरहरु र शीर्षक .२ का छपाईका अन्य उपादानहरुद्वारा मुद्रण कार्यको लागि प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावली: |
| | ८४४३.११.०० | --अफसेट मुद्रण यन्त्रावली, रिल फेड |
| | ८४४३.१२.०० | --अफसेट मुद्रण यन्त्रावली, शीट फेड (कागतको ताउमा छाप्ने), कार्यालय प्रकारको (अफिस टाइप) (नदोबारिएको अवस्थामा एकापट्टि २२ से.मि.भन्दा बढी नभएको र अर्कोपट्टि ३६ से.मि. भन्दा बढी नभएको ताउ (शीट) हरु प्रयोग हुने) |
| | ८४४३.१३.०० | --अन्य अफसेट मुद्रण यन्त्रावली |
| | ८४४३.१४.०० | --लेटर प्रेस प्रिन्टिङ्ग मशिनरी, रिल फेड, फ्लेक्सोग्राफिक प्रिण्टिङ्ग बाहेक |
| | ८४४३.१५.०० | --लेटर प्रेस प्रिन्टिङ्ग मशिनरी, रिल फेड बाहेक, फ्लेक्सोग्राफिक प्रिण्टिङ्गबाहेक |
| | ८४४३.१६.०० | --फ्लेक्सोग्राफिक प्रिण्टिङ्ग मशिनरी |
| | ८४४३.१७.०० | --उत्कीर्णन मुद्रण यन्त्रावली (ग्रावुअर प्रिण्टिङ्ग मशिनरी) |
| | ८४४३.१९.०० | --अन्य |
| ८४.४४ | ८४४४.००.०० | मानव निर्मित (म्यान-मेड) वयनीय पदार्थ (टेक्सटाइल म्याटेरियल) लाई निःश्रवण वा उत्सारण गर्ने (एक्स्ट्रुडिङ्ग), आहरण वा निकर्षण (ड्रइङ्ग) गर्ने, खस्रो बनावटको लागि प्रकृया गर्ने (टेक्सचरिङ्ग) वा काट्ने (कटिङ्ग) काम निमित्तका यन्त्रहरु । |

| | | |
|---|---|---|
| ८४.४५ | | वयनीय रेशाहरु (टेक्सटाइल फाइबर्स) तयार पार्ने (प्रिपेयरिङ्ग) यन्त्रहरु; कात्ने (स्पिनिङ्ग), दोहोरो पार्ने (डबलिङ्ग) वा बटार्ने (ट्वीस्ङ्गि) यन्त्रहरु र वयनीय धागो (टेक्सटाइल यार्न) उत्पादन गर्न निमित्तका अन्य यन्त्रावली; टेक्सटाइल रिलिङ्ग वा वाइण्डिङ्ग (वेफ्ट वाइण्डिङ्ग समेत) यन्त्रहरु र शीर्षक ८४.४६ वा ८४.४७ का यन्त्रहरुमा प्रयोग गर्न वयनीय धागो (टेक्सटाइल यार्न) तयार पार्ने काम निमित्तका यन्त्रहरु । |
| | | -वयनीय रेशा (टेक्सटाइल फाइवर्स) तयार गर्ने यन्त्रहरु : |
| | ८४४५.११.०० | --काडिङ्ग मशिन्स |
| | ८४४५.१२.०० | --कौम्विङ्ग मशिन्स (कोर्ने यन्त्र) |
| | ८४४५.१३.०० | --ड्रइङ्ग वा रोभिङ्ग मशिन्स |
| | ८४४५.१९.०० | --अन्य |
| | ८४४५.२०.०० | -वयनीय वस्तु कात्ने (टेक्सटाइल स्पिनिङ्ग) यन्त्रहरु |
| | ८४४५.३०.०० | -वयनीय वस्तु दोहोरो पार्ने (डबलिङ्ग) वा बटार्ने (ट्वीस्टिङ्ग) यन्त्रहरु |
| | ८४४५.४०.०० | -टेक्सटाइल वाइण्डिङ्ग (वेफ्ट-वाइण्डिङ्ग समेत) वा रिलिङ्ग मशिनहरु |
| | ८४४५.९०.०० | -अन्य |
| ८४.४६ | | बुन्ने यन्त्रहरु (विभिङ्ग मशिन्स) (करघाः लूम्स) । |
| | ८४४६.१०.०० | -३० से. मी. भन्दा कम चौडाइ भएको कपडा (फ्याब्रिक्स) बुन्नको लागि |
| | | -३० से.मी. भन्दा बढी चौडाइ भएको कपडा बुन्नको लागि, थुर्री-किसिमको (शटल टाइप): |
| | ८४४६.२१.०० | --शक्तिचालित करघा (पावर लूम) |
| | ८४४६.२९.०० | --अन्य |
| | ८४४६.३०.०० | -३० से.मी. भन्दा बढी चौडाइ भएको कपडा बुन्नको लागि, थुर्रीहीन किसिमको (शटल लेस टाइप) |
| ८४.४७ | | निटिङ मशिन्स, स्टिच बौण्डिङ्ग मशिन्स र धातु वा रेशमको तार मिश्रित धागो (गिम्प्ड यार्न), टूल (सूक्ष्म रेशमी जाली), फिता (लेस), कारचोपी (इम्ब्राइडरी), शोभोपकरण (ट्रिमिङ्गस), रेशमी पट्टी (ब्रेड) वा जाली (नेट) बनाउन निमित्तका यन्त्रहरु र गुच्छादार बनाउन (टफ्टिङ्ग) निमित्तका यन्त्रहरु । |

| | | |
|---|---|---|
| | | -सर्कुलर निटिङ मशिन्स : |
| | ८४४७.११.०० | --बेलन (सिलिण्डर) को ब्यास (डायमिटर) १६५ मीमी भन्दा बढी नभएको |
| | ८४४७.१२.०० | --बेलन (सिलिण्डर) को ब्यास (डायमिटर) १६५ मीमी भन्दा बढी भएको |
| | ८४४७.२०.०० | -फ्ल्याट निटिङ्ग मशिन्स; स्टिच बौण्डिङ्ग मशिन्स |
| | ८४४७.९०.०० | -अन्य |
| ८४.४९ | ८४४९.००.०० | टुक्रा (थान) (इन द पिस) वा आकृतिमा (इन शेप्स) भएका जमोठ (फेल्ट) वा ननउभेन्सको निर्माण (म्यानुफ्याक्चर) वा परिष्करण (फिनिशिङ्ग) निमित्तका यन्त्रावली (मशिनरी), फेल्ट ह्याट्स बनाउनको लागि चाहिने यन्त्रावली समेत; ह्याटहरु बनाउनको लागि ब्लौकहरु । |
| ८४.५१ | | वयनीय (टेक्सटाइल) धागोहरु (यार्न्स), कपडाहरु (फ्याब्रिक्स) वा कपडा पदार्थका तयारी सामानहरु (मेड अप टेक्सटाइल आर्टिकल्स) धुन (वाशिङ्ग), सफा गर्न (क्लिनिङ्ग), निचोर्न (रिङ्गगिङ्ग), सुकाउन (ड्राइङ्ग), इस्तरी गर्न (आइरनिङ्ग), प्रेसिङ्ग (फ्यूजिङ्ग प्रेसहरु समेत) गर्न अविरंजित गर्न (ब्लिचिङ्ग), रंजित गर्न (डाइङ्ग), परिष्करण गर्न (ड्रेसिङ्ग) फिनिशिङ्ग), लेपन गर्न (कोटिङ्ग) वा संसिक्त गर्न (इम्प्रिग्नेटिङ्ग) निमित्तका यन्त्रावली मशिनरी) (शीर्षक ८४.५० का यन्त्रहरु बाहेक) र लिनोलियम जस्ता कृत्रिम आच्छादन (फ्लोर कभरिङ्गस) हरुको निर्माण (म्यानुफ्याक्चर) मा प्रयुक्त तलवस्त्र (बेस फ्याब्रिक) वा अन्य आधार (सपोर्ट) मा लेदो (पेस्ट) को लेप गर्न निमित्तका यन्त्रहरु; तान्तव (टेक्सटाइल) कपडाहरु (फ्याब्रिक) रिलमा बेर्ने (रिलिङ्ग) रिलबाट फुकाउने (अनरिलिङ्ग), पट्याउने (फोल्डिङ्ग), काट्ने (कटिङ्ग) वा छिद्र्दार बुट्टा पार्ने (पिङकिङ्ग) निमित्तका यन्त्रहरु । |
| | | -सुकाउने (शोषक) यन्त्रहरु : |
| | ८४५१.२९.०० | --अन्य |
| | ८४५१.३०.०० | -इस्तरी गर्ने यन्त्र र प्रेसहरु (फ्यूजिङ्ग प्रेसहरु समेत) |
| | ८४५१.४०.०० | -धुने (वाशिङ्ग), विरंजित गर्ने (ब्लिचिङ्ग) वा रंजित गर्ने (ड्राइङ्ग) यन्त्रहरु |

| | | |
|---|---|---|
| | ८४५१.५०.०० | -कपडालाई रिलमा बेर्ने (रिलिङ्ग), रिलबाट फुकाउने (अनरिलिङ्ग), पट्टयाउने (फोल्डिङ्ग), काट्ने (कटिङ्ग) वा छिद्र्दार बुट्टा पार्ने (पिडकिङ्ग) निमित्तका यन्त्रहरु |
| | ८४५१.८०.०० | -अन्य यन्त्रावली |
| ८४.५२ | | सिउने कल (सीउइङ्ग मशीन), शीर्षक ८४.४० को पुस्तक सिउने (बुकसीउइङ्ग) कल (मशीन) बाहेक सिउने कलको लागि विशेष रुपले अभिकल्पित (डिजाइण्ड) फर्निचर, आधारहरु (बेसेस) र ढकनी (कभर्स) हरु; सिउने कलको सियो (सीउइङ्ग मशिन निडल्स) हरु । |
| | | -अन्य सिउने कलहरु: |
| | ८४५२.२१.०० | --स्वचालित इकाईहरु (अटोमेटिक यूनिट्स) |
| | ८४५२.२९.०० | --अन्य |
| ८४.५३ | | कांचो छाला (हाइड्स, स्किन्स) वा पाको छाला (लेदर) तयार गर्ने (प्रिपेयरिङ्ग), प्रशोधन गर्ने (ट्यानिङ्ग) वा सोको काम गर्ने (वर्किङ्ग) वा कांचो छाला (हाइड्स, स्किन्स) वा पाको छाला (लेदर) का पाउपोश वा अन्य वस्तुहरु बनाउने वा मर्मत गर्ने यन्त्रावली (मशिनरी), सिउने कल बाहेक । |
| | ८४५३.१०.०० | -कांचो छाला (हाइड्स, स्किन्स) वा पाको वा परिष्कृत छाला (लेदर) तयार गर्न (प्रिपेयरिङ्ग), प्रशोधन गर्न (ट्यानिङ्ग) वा सोको काम गर्न निमित्तका यन्त्रावली (मशिनरी) |
| | ८४५३.२०.०० | -पाउपोश बनाउन वा मर्मत गर्न निमित्तका यन्त्रावली |
| | ८४५३.८०.०० | -अन्य यन्त्रावली |
| ८४.५४ | | धातुकर्म (मेटालर्जी) मा वा धातुको ढलाई कारखाना (फाउण्ड्री) हरुमा प्रयोग हुने खालका, संपरिवर्तकहरु (कन्भर्टर्स), डाडूहरु (ल्याडल्स), धातुका सिल्ली वा ईटहरु (इनगौट) बनाउने सांचाहरु (मौल्ड्स) र ढलाइ गर्ने (कास्टिङ्ग) यन्त्रहरु (मशिन्स) । |
| | ८४५४.१०.०० | -संपरिवर्त्तकहरु (कन्भर्टर्स) |
| | ८४५४.२०.०० | -धातुका सिल्ली वा ईट बनाउने सांचाहरु (इनगौट मोल्ड्स) |
| | ८४५४.३०.०० | -धातुका ढलाई गर्ने यन्त्रहरु (काष्टिङ्ग मशिन्स) |
| ८४.५५ | | धातु बेलन गर्ने (मेटलरोलिङ्ग) कारखानाहरु (मिल्स) र तिनका लागि चाहिने वेलनहरु (रोल्स) । |
| | ८४५५.१०.०० | -नल कारखाना (ट्यूब मिल्स) हरु |

| | | |
|---|---|---|
| | | -अन्य वेलन गर्ने कारखानाहरु (रोलिङ्ग मिल्स) : |
| | ८४५५.२१.०० | --ताप (हौट) वा ताप र शीतको संयोजन (कम्बिनेशन हौट एण्ड कोल्ड) |
| | ८४५५.२२.०० | --शित (कोल्ड) |
| | ८४५५.३०.०० | -बेलन कारखाना (रोलिङ्ग मिल) को बेलनहरु (रोल्स) |
| ८४.५६ | | पदार्थको अपसारण (रिमुभल) द्वारा, लेजर वा अन्य प्रकाश वा फोटोन किरण (बिम) द्वारा, अल्ट्रासोनिक, एलेक्ट्रोडिस्चार्ज, विद्युत्-रसायन (एलेक्ट्रो-केमिकल), एलेक्ट्रोन किरण (बिम), आयोनिक-बिम वा प्लाज्मा आर्क प्रकृयाहरुद्वारा कुनै पनि पदार्थको काम गर्ने यन्त्रऔजारहरु (मशीन टुल्स); वाटर-जेट कटिङ मेशिन । |
| | ८४५६.१०.०० | -लेजर वा अन्य प्रकाश वा फोटोन किरण प्रकृयाहरुद्वारा संचालित |
| | ८४५६.२०.०० | -अल्ट्रासोनिक प्रकृयाद्वारा संचालित |
| | ८४५६.३०.०० | -इलेक्ट्रो -डिस्चार्ज प्रकृयाद्वारा संचालित |
| | ८४५६.९०.०० | -अन्य |
| ८४.५७ | | धातुमा काम गर्ने मशिनिङ्ग सेण्टरहरु, यूनिट कन्स्ट्रक्सन मशिनहरु (सिङ्गल स्टेशन) र मल्टिस्टेशन ट्रान्सफर मशिनहरु । |
| | ८४५७.१०.०० | -मशिनिङ्ग सेण्टरहरु |
| | ८४५७.२०.०० | -यूनिट कन्स्ट्रक्सन यन्त्रहरु (सिंगल स्टेशन) |
| | ८४५७.३०.०० | -मल्टीस्टेसन ट्रान्सफर यन्त्रहरु |
| ८४.५८ | | धातु (मेटल) मा भएका फोहर मैला र दागहरु हटाउन (रिमुभिङ्ग मेटल) निमित्तका लेथहरु (टर्निङ्ग सेण्टर्स समेत) । |
| | | -समतल(होराइजेण्टल) लेथहरुः |
| | ८४५८.११.०० | --सांख्यिक रुपले नियन्त्रित (न्यूमेरिकली कण्ट्रोल्ड) |
| | ८४५८.१९.०० | --अन्य |
| | | -अन्य लेथहरुः |
| | ८४५८.९१.०० | --सांख्यिक रुपले नियन्त्रित (न्यूमेरिकली कण्ट्रोल्ड) |
| | ८४५८.९९.०० | --अन्य |

| | | |
|---|---|---|
| ८४.५९ | | शीर्षक ८४.५८ को लेथहरु (खराद) (टर्निङ्ग सेण्टर लगायत) बाहेक, धातुको दागहरु सफा गरी उजिल्याएर छेड्ने (ड्रिलिङ्ग), प्वाल पार्ने बोरिङ्ग), चम्काउने (मिलिङ्गि) पेंच वा घाट बनाउने (थ्रेडिङ्ग वा ट्यापिङ्ग) कार्य निमित्तका यान्त्रिक औजारहरु (मशिन-टुल्स) (वे-टाइप यूनिट हेड मशिन समेत) । |
| | ८४५९.१०.०० | -वे -टाइप यूनिट हेडयन्त्र (मशीन) |
| | | -अन्य छेदक यन्त्रहरु (ड्रिलिङ्ग मशिन्स): |
| | ८४५९.२१.०० | --सांख्यिक रुपले नियन्त्रित (न्यूमेरिकली कण्ट्रोल्ड) |
| | ८४५९.२९.०० | --अन्य |
| | | -अन्य छेड्ने चम्काउने (बोरिङ्ग-मिलिङ्ग) यन्त्रहरु : |
| | ८४५९.३१.०० | --सांख्यिक रुपले नियन्त्रित (न्यूमेरिकली कण्ट्रोल्ड) |
| | ८४५९.३९.०० | --अन्य |
| | ८४५९.४०.०० | -अन्य प्वाल पार्ने (बोरिङ्ग) यन्त्रहरु (मशिन) |
| | | -नि-टाइप, मिलिङ्ग मशिनहरु : |
| | ८४५९.५१.०० | --सांख्यिक रुपले नियन्त्रित (न्यूमेरिकली कण्ट्रोल्ड) |
| | ८४५९.५९.०० | --अन्य |
| | | -अन्य मिलिङ्ग मशिनहरु: |
| | ८४५९.६१.०० | --सांख्यिक रुपले नियन्त्रित (न्यूमेरिकली कण्ट्रोल्ड) |
| | ८४५९.६९.०० | --अन्य |
| | ८४५९.७०.०० | -भाले पोथी पेंच काट्ने वा घाट बनाउने अन्य यन्त्रहरु (थ्रेडिङ्ग वा ट्यापिङ्ग मशिन्स) |
| ८४.६५ | | काठ (उड), कर्क, हाड (बोन), कडा रबर, कडा प्लास्टिक वा यस्तै कडा पदार्थको काम गर्न निमित्तका यान्त्रिक औजारहरु (मशिन-टुल्स) (किला ठोक्ने (नेलिङ्ग), मसिनो तारको सिलाइ (स्टेपलिङ्ग), सरेसले टांस्ने (ग्लूइङ्ग) वा अन्य किसिमबाट संयोजन गर्ने (अदरवाइज एसेम्बलिङ्ग) कामका यन्त्रहरु समेत) । |
| | | -अन्य : |
| | ८४६५.९२.०० | --रण्डा गर्ने वा समतल गर्ने (प्लेनिङ्ग), मिलिङ्ग वा मोल्डिङ्ग (कटिङ्ग गरेर) मशीनहरु |
| ८४.७० | ८४७०.९०.०० | -क्यास मेशिन |

| | | |
|---|---|---|
| ८४.७४ | | ठोस (चूर्ण (पाउडर) वा लेदो (पेष्ट) समेत) रुपमा (भएका) माटो (अर्थ), पत्थर (स्टोन, धाउहरु ओर्स) वा अन्य धात्विक तत्वहरु (मिनरल सव्स्टान्सेज) लाई छुट्याउने (सौर्टिङ्ग), छान्ने (स्क्रिनिङ्ग), अलग गर्ने (सेपरेटिङ्ग), धुने (वाशिङ्ग), पेल्ने (कृशिङ्ग), पिंध्ने (ग्राइण्डिङ्ग), मिसाउने (मिक्सिङ्ग) वा मुछ्ने (निडिङ्ग) निमित्तका यन्त्रावली; चूर्ण वा लेदो (पाउडर वा पेस्ट) रुपमा (भएको) ठोस खनिज इन्धनहरु (सोलिङ्ग मिनरल फ्यूएल्स), चिनियां माटाको लेदो (सेरामिक पेष्ट), कडा नभैसकेको सिमेण्ट (अनहार्डेण्ड सिमेण्ट), प्लाष्टर पदार्थहरु (प्लाष्टरिङ्ग म्याटेरियल्स), वा अन्य खनिज उत्पादनहरुलाई एकत्रित गर्न (एग्लोमरेटिङ्ग), आकार दिन (शेपिङ्ग) वा ढलान गर्न (मौल्डिङ्ग) निमित्तका यन्त्रावलीहरु; बालुवा (स्याण्ड) को ढलान गर्ने सांचोहरु (फाउण्ड्री मोल्ड्स) बनाउने यन्त्रहरु । |
| | ८४७४.१०.०० | -सोर्टिङ्ग, स्क्रिनिङ्ग, सेपरेटिङ्ग वा वाशिङ्ग मशिनहरु |
| | ८४७४.२०.०० | -कृशिङ्ग वा ग्राइण्डिङ्ग मशिनहरु |
| | | -मिक्सिङ्ग वा निडिङ्ग मशिनहरुः |
| | ८४७४.३१.०० | --कंक्रीट वा मोटार मिक्सरहरु |
| | ८४७४.३२.०० | --विटुमिनसाथ खनिज तत्वहरु मिश्रण गर्ने यन्त्रहरु |
| | ८४७४.३९.०० | --अन्य |
| | ८४७४.८०.०० | -अन्य यन्त्रावली (मशिनरी) |
| ८४.७५ | | वैद्युतिक (इलेक्ट्रिक) वा इलेक्ट्रोनिक दीपिका (ल्याम्प), नलिका (ट्यूव) वा भाल्भ वा दीप्तिकंद (फ्ल्यास बल्वः चिम) हरुलाई कांचको खोल (ग्लास इनभेलप) भित्र जडान (एसेम्ब्लिङ्ग) निमित्तका यन्त्रहरु; कांच वा कांचका सामान निर्माण (म्यानुफ्याक्चर) वा तापकार्य (हौट वर्किङ्ग) निमित्तका यन्त्रहरु । |
| | ८४७५.१०.०० | -इलेक्ट्रिक वा इलेक्ट्रोनिक ल्याम्पहरु, ट्यूबहरु वा भाल्भहरु वा फ्ल्याशबल्वहरुलाई कांचको खोल (ग्लास इनभेलप्स) हरु भित्र जडान (एसेम्बलिङ्ग) निमित्तका यन्त्रहरु |
| | | -कांच वा कांचका सामान (ग्लास वा ग्लासवेयर) निर्माण (म्यानुफ्याक्चर) वा ताप कार्य (हौट वर्किङ्ग) निमित्तका यन्त्रहरु |
| | ८४७५.२१.०० | --चक्षुस -तन्तु वा कांचका तन्तु (ओप्टिकल फाइवर्स) र त्यसको पूर्वरुप (प्रिफौर्म) बनाउन निमित्तका यन्त्रहरु |
| | ८४७५.२९.०० | --अन्य |

| | | |
|---|---|---|
| | ८४७५.९०.०० | -अन्य |
| ८४.७७ | | यस भागका अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, रबर वा प्लाष्टिकको काम गर्न (वर्किङ्ग) निमित्तका वा यी पदार्थहरुका उत्पादनहरु (प्रोडक्ट्स) को निर्माण (म्यानुफ्याक्चर) निमित्तका यन्त्रावली (मशिनरी) । |
| | ८४७७.१०.०० | -इन्जेक्सन-मौल्डिङ्ग मशिनहरु |
| | ८४७७.२०.०० | -एक्सटुडर्स |
| | ८४७७.३०.०० | -ब्लो -मोल्डिङ्ग मशिनहरु |
| | ८४७७.४०.०० | -भ्याकुअम मोल्डिङ्ग मशिनहरु र अन्य थर्मोफोर्मिङ्ग मशिनहरु |
| | | -ढलान गर्न (मौल्डिङ्ग) निमित्तका वा अन्य ढंगबाट बनाउने (अदरवाइज फौर्मिङ्ग) अन्य यन्त्रावली: |
| | ८४७७.५१.०० | --हावादारी (न्यूम्याटिक) टायरहरु ढलान गर्न (मोल्डिङ्ग) वा पुनः तला (पैतला) हाल्न (रिट्रिडिङ्ग) वा भित्री ट्यूबहरु ढलान गर्न वा अन्य ढंगबाट बनाउन (अदरवाइज फोर्मिङ्ग) को लागि |
| | ८४७७.५९.०० | --अन्य |
| | ८४७७.८०.०० | -अन्य यन्त्रावली (मशिनरी) |
| ८४.७८ | | सूर्ती वा तमाखु तयार गर्न वा बनाउन (प्रिपयरिङ्ग वा मेकिङ्गअप) निमित्तको यन्त्रावली (मशिनरी), यस भागमा अन्यत्र उल्लेख नभएका वा समावेश नभएका । |
| | ८४७८.१०.०० | -यन्त्रावली (मशिनरी) |
| ८४.७९ | | यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, व्यक्तिगत कार्य (इनडिभिजुअल फङ्गसन्स) भएका यन्त्रहरु र यान्त्रिक साधित्रहरु (मेकानिकल अप्लायन्सेस) । |
| | ८४७९.१०.०० | -सार्वजनिक निर्माण (पब्लिक वर्क्स), भवन निर्माण (बिल्डिङ्ग) वा यस्तै कार्य निमित्तका यन्त्रावली |
| | ८४७९.२०.०० | -प्राणीको वा अवाष्पशील (फिक्स्ड) वानस्पतिक बोसो वा तेल तयार गर्ने (प्रिपेरेशन) वा निष्कर्षण (एक्सट्राक्सन) निमित्तका यन्त्रावली |
| | ८४७९.३०.०० | -काठ (उड) वा अन्य काष्ठीय (लिग्नियस) पदार्थहरुका पार्टिकल बोर्ड वा फाइबर बिल्डिङ्ग बोर्ड निर्माण (म्यानुफ्याक्चर) निमित्तका प्रेस (दावक यन्त्र)हरु र काठ वा कर्कको उपचार निमित्तका यन्त्रावली |

| | | |
|---|---|---|
| | ८४७९.४०.०० | -डोरी रस्सा बनाउने (रोप वा केवल-मेकिङ्ग) यन्त्रहरु तार बनाउने यन्त्र |
| | | -अन्य यन्त्रहरु र यान्त्रिक उपकरणहरु : |
| | ८४७९.८१.०० | --धातुको उपचार (ट्रिटिङ्ग) को लागि, तारको कुण्डली बेर्ने वैद्युतिक यन्त्र (इलेक्ट्रिक वायर क्वाइल-वाइण्डर्स) समेत |
| | ८४७९.८२.०० | --मिक्सिङ्ग, निडिङ्ग, क्रशिङ्ग, ग्राइण्डिङ्ग, स्क्रीनिङ्ग, सिफ्टिङ्ग, होमोजेनाइजिङ्ग, इमल्सिफाइङ्ग वा स्टरिङ्ग मशिनहरु |
| | | --अन्य : |
| | ८४७९.८९.१० | ---सावुन उद्योगको मेशिनरी |
| ८४.८० | | धातु ढलाइशाला (फाउण्ड्री) को लागि ढलाइका बक्साहरु (मोल्डिङ्ग बौक्सेस); मोल्ड बेसहरु; ढलाइ नमूनाहरु (मौल्डिङ्ग प्याटर्स); धातु, मेटल कारबाइड, कांच, खनिज पदार्थहरु, रबर वा प्लाष्टिक ढाल्ने सांचोहरु (मोल्ड्स) (धातुको सिलिका (इनगौट) ढाल्ने सांचो बाहेक) । |
| | ८४८०.१०.०० | -मेटल फाउण्ड्रीको लागि मोल्डिङ्ग बक्सहरु |
| | ८४८०.२०.०० | -मोल्डबेसहरु |
| | ८४८०.३०.०० | -मोल्डिङ्ग प्याटर्न्स |
| | | -धातु वा धातुको कार्वाइडका निमित्तका सांचो (मोल्ड) हरुः |
| | ८४८०.४१.०० | --अन्तःक्षेप (इन्जेक्सन) वा संपीडन (कम्प्रेशन) किसिम (टाइप) को |
| | ८४८०.४९.०० | --अन्य |
| | ८४८०.५०.०० | -कांच निमित्तको ढाल्ने सांचो (मोल्ड्स) |
| | ८४८०.६०.०० | -खनीज पदार्थहरु निमित्तको ढलाइको सांचो (मोल्ड्स) |
| | | -रबर वा प्लाष्टिक निमित्तको ढलाइको सांचो (मोल्ड्स): |
| | ८४८०.७१.०० | --इन्जेक्सन वा कम्प्रेसन टाइप्स |
| | ८४८०.७९.०० | --अन्य |
| ८७.०२ | | ड्राइभर समेत १० वा सो भन्दा बढी यात्रुहरु बोक्ने मोटर गाडीहरु । |
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डिजेल वा अर्द्ध डिजेल) भएको : |
| | ८७०२.१०.९० | --एम्वुलेन्स र शववाहन |

| | | |
|---|---|---|
| | | -अन्य : |
| ८७.०३ | | मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ बाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत । |
| | | -स्पार्क-इग्निसन इन्टरनल कम्बसन रेसीप्रोकेटिङ पिष्टोन इन्जिन भएका अन्य गाडीहरुः |
| | | --सिलिण्डर क्षमता १,००० सी.सी. ननाघेकोः |
| | ८७०३.२१.९० | ---एम्बुलेन्स र शववाहन |
| | ८७०३.२२.०० | --सिलिण्डर क्षमता १,००० सी.सी. नाघेको तर १,५०० सी.सी. ननाघेको एम्बुलेन्स र शववाहन |
| | ८७०३.२३.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर ३,००० सी.सी. ननाघेको एम्बुलेन्स र शववाहन |
| | ८७०३.२४.०० | --सिलिण्डर क्षमता ३,००० सी.सी. नाघेको एम्बुलेन्स र शववाहन |
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डिजेल वा अर्ध डिजेल) भएका अन्य गाडीहरु : |
| | ८७०३.३१.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघेको एम्बुलेन्स र शववाहन |
| | ८७०३.३२.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर २,५०० सी.सी. ननाघेको एम्बुलेन्स र शववाहन |
| | ८७०३.३३.०० | --सिलिण्डर क्षमता २,५०० सी.सी. नाघेको एम्बुलेन्स र शववाहन |
| | ८७०३.९०.११ | --विद्युत वा ब्याट्रीबाट संचालित टेम्पो तथा रिक्सा |
| ८७.०५ | | मूलतः व्यक्ति वा वस्तुहरुको यातायातका लागि बनाइएका बाहेकका खास उद्देश्यका मोटर गाडीहरु (जस्तै अवरोध गर्ने लहरी (ब्रेक डाउन लरी), क्रेन लहरीहरु, दमकलहरु (फायर फाइटिङ्ग भेइकल), कंक्रिट मिश्रण लहरी, सडक बढार्ने कामका लहरीहरु, स्प्रेइङ लहरीहरु, घुम्ती, वर्क सप, घुम्ती रेडियोलोजिकल इकाईहरु । |
| | ८७०५.३०.०० | -दमकलहरु (फायर फाइटिङ भेइकल) |
| ८७.०६ | | शीर्षक ८७.०१ देखि ८७.०५ सम्मको मोटर गाडीका लागि इन्जिनसंग जोडिएका चेसिस । |
| | ८७०६.००.१५ | - ब्याट्रीबाट चल्ने टेम्पोको चेसिस |

| | | |
|---|---|---|
| ८८.०२ | | अन्य वायुयान (एयरक्राफ्ट) (उदाहरणको लागि, हेलिकोप्टरहरु, हवाइजहाज (एरोप्लेन) हरु); अन्तरिक्षयान (स्पेसक्राफ्ट) (उपग्रह (स्याटेलाइट) समेत र ग्रहानुपथ (सवोर्विटल) र अन्तरिक्षयान (स्पेसक्र्याफ्ट) प्रक्षेपण वाहनहरु (लाउञ्च भेहिकल्स) । |
| | | -हेलिकोप्टरहरु : |
| | ८८०२.११.०० | --सामान नहाल्दाको (हेलिकोप्टरको मात्र) तौल २,००० के.जी. ननाघेको |
| | ८८०२.१२.०० | --सामान नहाल्दाको (हेलिकोप्टरको मात्र) तौल २,००० के.जी. नाघेको |
| | ८८०२.२०.०० | -सामान नहाल्दाको हवाइजहाज वा अन्य हवाइजहाजको तौल २,००० के.जी. ननाघेका |
| | ८८०२.३०.०० | -सामान नहाल्दाको हवाइजहाज वा अन्य हवाइजहाजको तौल मात्र २,००० के.जी. नाघेको तर १५,००० के.जी. ननाघेको |
| | ८८०२.४०.०० | -सामान नहाल्दाको हवाइजहाज वा अन्य हवाइजहाजको मात्र तौल १५,००० के.जी. नाघेको |
| ८८.०५ | | हवाइजहाज उडाउने गियर; डेक-एरेष्टर वा यस्तै गियर; उडान अभ्यास सम्बन्धी सामान (ग्राउण्ड फ्लाइङ्ग ट्रेनर); माथि उल्लिखित सामानहरुका पार्टपूर्जाहरु । |
| | ८८०५.१०.०० | -हवाइजहाज उडाउने गियर र तिनका पार्टपूर्जाहरु; डेक एरेष्टर वा त्यस्तै गियर र तिनका पार्टपूर्जाहरु |

(आ) अन्य वस्तु तथा सेवाहरु

१. शित भण्डारले उपलब्ध गराउने कृषि पैदावार भण्डारण सेवा

२. हुलाक सेवा (नेपाल सरकारबाट सञ्चालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा ।

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरू ।

(ग) नेपाल सरकारद्वारा प्रदान गर्ने सेवाहरू ।

३. वित्तीय सेवा, जीवन बीमा सेवा, पुनर्बीमा सेवा, कृषि बाली बीमा, पशु बीमा र समाशोधन गृह (क्लियरिङ्ग हाउस) सेवा ।

४. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड ब्याट्रीहरु (उपशीर्षक ८५०७.२०.००) ।

५. वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रको सिफारिसमा बायो ग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरू, ट्यूवलर ब्याट्री (उपशीर्षक ८५०७.२०), एवं उपशीर्षक ९४०५.४० मा पर्ने सोलार लिड डिसि बत्तीहरु, उपशीर्षक २९०५.३२, ७४१०.२१, ७६०७.१९, ८४०३.१०, ८४०३.९०, ८४१२.८०, ८४१३.८१, ८४१९.१९, ८४१९.३१ र ८५१६.६० अन्तर्गत पर्ने सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपुर्जाहरु र सोलार चार्ज कन्ट्रोलर (उपशीर्षक ८५०४.४०) ।

६. उद्योग विभागको सिफारिशमा जुट उद्योगले आफ्नो उद्योगको संचालनको लागि पैठारी गर्ने स्पेयर पार्ट्स ।

७. ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।

८. स्वेदशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।

९. नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।

१०. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरू ।

११. सलाई (काठको काटी मात्र), धुप र टायर-ट्युब उद्योगहरूले आफ्नो उत्पादनको उक्त सामान बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम ती उद्योगलाई फिर्ता दिइनेछ ।

१२. मैदा उद्योगले आफ्नो उत्पादन (मैदा) बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम पच्चीस प्रतिशत मात्र फिर्ता दिइनेछ ।

१३. तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादनको तोरीको तेल र स्वदेशमा उत्पादित वनस्पती घ्यू र अन्य प्रशोधित खानेतेल उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा पचास प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ । तर ठूलो परिमाण (Bulk) मा प्रशोधित तेल पैठारी गरी उपभोक्ता प्याकेजमा प्याकिङ्ग (Refilling) गरी बिक्री वितरण गर्ने प्याकेजिङ्ग उद्योगहरुले यस्तो सुविधा पाउने छैनन् ।

१४. दुग्ध पदार्थको कारोबार गर्ने स्वदेशी डेरी उद्योगले आफ्नो कर योग्य उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा पचास प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

१५. स्वदेशमा चिया उत्पादन तथा प्रशोधन गर्ने उद्योगहरुले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा पचास प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

१६. तामा पित्तलको पत्रुबाट सिट, सर्कल र भाँडावर्तन उत्पादन गर्ने स्वदेशी उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा पच्चीस प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

१७. स्वदेशी कपडा उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा सत्तरी प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

तर शत प्रतिशत सुती कपडा उत्पादन गर्ने स्वदेशी कपडा उद्योगलाई उद्योगले आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करबाट खरिदमा तिरेको मूल्य अभिवृद्धि कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको मूल्य अभिवृद्धि कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

१८. सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोवाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई बिक्री गरेको प्रमाण पेश गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम पचास प्रतिशत फिर्ता दिइनेछ ।

१९. चिनी उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई विक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा नब्बे प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।

२०. जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरणहरु, मेशिनरी औजारहरु र सोसंग सम्बन्धित पार्टपुर्जाहरु तथा त्यस्ता उपकरणहरु निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) पैठारी गर्दा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा मूल्य अभिवृद्धि कर छूट दिइनेछ ।

२१. विदेशी नियोग तथा दातृ संस्थाले कूटनैतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्तिपछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

२२. कूटनैतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

२३. निजी प्रयोगको लागि नेपाली नागरिकले मूल्य अभिवृद्धि कर छूटमा पैठारी गरिएका सवारीसाधनका धनीको मृत्यू भई सवारीसाधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा विभागको स्वीकृतिको आधारमा त्यस्ता सवारी साधनहरूमा लाग्ने मूल्य अभिवृद्धि कर छूट हुनेछ ।

२४. बण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरूले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ मेटेरियल पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं प्याकिङ मेटिरियल पैठारी गर्दा भन्सार बिन्दुमा लागेको कर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार बिन्दुबाटै मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।

२५. नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको प्रधान कार्यालयको नाममा पैठारी हुने निम्न लिखित सामानहरूमा सम्बन्धित मन्त्रालयको सिफारिसमा छूट प्रदान गरिनेछ :–

(क) सैनिक, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका खरखजाना, हातहतियार, गोलिगठ्ठा, बारुद र तिनका स्पेयरपार्टस, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, बिस्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जाहरू ।

(ख) शान्तिसुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू, भीड नियन्त्रणका सामानहरू, अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामानहरू तथा सञ्चार मन्त्रालयको सिफारिसमा सैनिक जवान, सशस्त्र प्रहरी र नेपाल प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी सामानहरू ।

(ग) सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा घोडा खच्चरहरुको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्बन्धी सामानहरू ।

(घ) सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरीको अभ्यास तथा तालिममा प्रयोग हुने सामानहरू ।

(ङ) नेपाली सेनाले प्रयोग गर्ने इन्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभि अर्थमुभिंग प्लान्ट, औजार र सो सम्बन्धी पार्टस, अप्टिकल इक्वीपमेन्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका सामानहरू ।

(च) नेपाली सेनाले प्रयोग गर्ने क्याम्पिङ्ग इक्वीपमेण्ट तथा स्पेशल फोर्स र प्याराट्रुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।

(छ) नेपाली सेनाको नाममा पैठारी हुने हवाईजहाज, हेलिकप्टर र तीनका पार्टपुर्जा, प्यारासुट (ब्याग समेत) टुल्स, लुब्रिकेन्ट्स तथा ग्राउण्ड इक्वीपमेन्टहरू ।

(ज) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।

(झ) बैज्ञानिक प्रयोगशालालाई आवश्यकपर्ने सामानहरू ।

(ञ) दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

समूह १२ : भवन र जग्गा

- घर र तथा जग्गाको खरिद बिक्री तथा बहाल (होटल, गेष्टहाउस र एपार्टमेण्टले उपलब्ध गराउने होटल, गेष्ट हाउस सरहको व्यावसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवा बाहेक)

समूह १३ : बाजी, क्यासिनो र चिट्ठा

- बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिट्ठा ।

द्रष्टव्यः

(१) माथि समूह १ देखि ११ सम्मका मालवस्तुको हकमा चार अंकको शीर्षक अन्तर्गत आठ अंकको उपशीर्षकमा उल्लेख भएका मालवस्तुमा मात्र कर छुट हुनेछ । कर छुट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले थपघट तथा परिमार्जन गर्न सक्नेछ ।

(२) माथि उपखण्ड (११) देखि (१९) सम्म गरिएको धुप, टायर ट्यूब उद्योग, मैदा उद्योग, स्वदेशमा उत्पादित बनस्पति घ्यू र तोरीको तेल उद्योग, स्वदेशी डेरी उद्योग, चिया उद्योग, भाँडा उद्योग, कपडा उद्योग, सेलुलर मोबाइल फोन सेट तथा चिनी उद्योगलाई आंशिक सुविधा दिई सो अनुसार कर फिर्ता दिने व्यवस्था रहेकोमा,-

(क) यस सम्बन्धी कार्यविधि आन्तरिक राजस्व विभागबाट बनाई लागू गरिनेछ ।

(ख) उल्लेखित वस्तुहरुको उत्पादन प्रक्रिया, गुणस्तर, उपभोक्ता मूल्यमा परेको प्रभाव, त्यस्ता उद्योगहरुलाई कच्चा पदार्थ आपूर्ति गर्ने किसानहरुले प्राप्त गर्ने मूल्य स्थिति, बजार व्यवस्था लगायतका विषयमा अनुगमन समेतको कार्य वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय र आन्तरिक राजस्व विभागका पदाधिकारीहरु रहेको संयन्त्रले गर्नेछ ।

(ग) उल्लेखित संयन्त्रले तोकिए बमोजिम अर्थ मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) कर लाग्ने वस्तुमा कुनै छूट वा कर फिर्ता दिन मनासिव देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छूट दिन सक्नेछ ।

## अनुसूची-२
(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**शून्य दरमा कर लाग्ने वस्तु तथा सेवा**

१. नेपालबाहिर निर्यात हुने वस्तु : वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा :-
   (क) नेपालबाहिर निर्यात गरेको, वा
   (ख) नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा
   (ग) नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

२. नेपालबाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा :
   (क) नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,
   (ख) नेपालभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपालबाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

३. नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनीतिक सुविधा प्राप्त व्यक्ति वा नियोगले तथा महसुल सुविधा प्राप्त कुटनीतिक नियोगमा कार्यरत व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

४. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासँग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

५. प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामान ।

६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा सौर्य शक्तिबाट उर्जा उत्पादन गर्ने सयन्त्र तथा उपकरणमा प्रयोग हुने व्याट्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिस र

विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

७. जलविद्युत आयोजनाका लागि आवश्यक पर्ने मेशिनरी औजारहरू र तिनका पार्टपुर्जा, यन्त्र उपकरणहरू, पेनस्टक पाईप वा सो बनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र अन्य साना जल विद्युत आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

८. घरेलु तथा साना उद्यमीहरूले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, वास्तुकला र त्यस्तै प्रकारका अन्य हस्तकलाहरूका सामान नेपालका स्वीकृत निर्यात गृह (एक्सपोर्ट ट्रेडिङ्ग हाउस) मार्फत विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया पूरा गरेपछि फिर्ता दिईनेछ ।

९. अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि कर त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा तिरेको मूल्य अभिवृद्धि कर सम्बन्धित भन्सार कार्यालयबाट र स्थानीय खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागबाट फिर्ता गरिनेछ । त्यसरी फिर्ता गरिएको मूल्य अभिवृद्धि कर अपाङ्गता भएका व्यक्ति बाहेक अन्य व्यक्तिलाई बिक्री गरेमा असुल उपर गरिनेछ ।

२८. अन्तःशुल्क ऐन, २०५८ मा संशोधन : अन्तःशुल्क ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, प्रशोधन गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ ।"

(ख) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) "सूर्तीजन्य वस्तु" भन्नाले सूर्ती वा सूर्तीजन्य पदार्थका तत्वहरू मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिडी, सिगारलाई समेत जनाउँछ ।"

(ग) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनु पर्छ ।"

(घ) खण्ड (ट) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छ :-

"(३) पैठारी हुने वस्तुको हकमा दफा ७ को उपदफा (२) बमोजिम निर्धारण भएको मूल्य ।"

(ङ) खण्ड (ण) पछि देहायका खण्ड (ण१), (ण२), (ण३), (ण४), (ण५), (ण६), (ण७), (ण८), (ण९), (ण१०) र (ण११) थपिएका छन् :-

"(ण१) "मदिरा" भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको शून्य दशमलव पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जिन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई.एन.ए. र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ण२) "तयारी मदिरा" भन्नाले आयतनमा सन्ताउन्न दशमलव शून्य छ प्रतिशतभन्दा कम अल्कोहलको मिश्रणबाट बनेका सबै प्रकारका मादक पदार्थ सम्झनु पर्छ ।

(ण३) "एल.पी." भन्नाले लण्डन प्रुफमा शुद्ध ईथानोलको शक्ति सम्झनु पर्छ ।

(ण४) "एल.पी. लिटर" भन्नाले प्रति लिटरमा सन्ताउन्न दशमलव शून्य छ प्रतिशत शुद्ध ईथानोलको मात्रा सम्झनु पर्छ ।

(ण५) "यू.पी." भन्नाले लण्डन प्रुफभन्दा कम शक्ति सम्झनु पर्छ ।

(ण६) "ओ.पी." भन्नाले लण्डन प्रुफभन्दा बढी शक्ति सम्झनु पर्छ ।

(ण७) "भौतिक नियन्त्रण प्रणाली" भन्नाले अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, निष्काशन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु पर्छ ।

(ण८) "स्वयं निष्काशन प्रणाली" भन्नाले भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्तःशुल्क लाग्ने अन्य वस्तु वा सेवाको उत्पादन, निष्काशन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु पर्छ ।

(ण९) "अन्तःशुल्क निर्धारण" भन्नाले यस ऐन बमोजिम गरिने अन्तःशुल्क निर्धारण सम्झनु पर्छ ।"

(ण१०) "बिगो" भन्नाले यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य र सोमा लाग्ने अन्तःशुल्क जोडी कायम गरिएको कूल रकम सम्झनु पर्छ ।

(ण११) "विद्युतीय माध्यम" भन्नाले कम्प्युटर, इन्टरनेट, इमेल, फ्याक्स, विद्युतीय क्यास मेशिन, फिस्कल प्रिन्टर सम्झनु पर्छ र सो शब्दले विभागले तोकेको अन्य स्वीकृत माध्यमलाई समेत जनाउँछ ।

(२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :–

"३. अन्तःशुल्क लाग्ने : अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्काशन, पैठारी र सेवा बिक्री गर्दा अनुसूचीमा उल्लेख भए बमोजिमको अन्तःशुल्क लाग्नेछ ।"

(३) दफा ३ पछि देहायका दफा ३क. र ३ख. थपिएका छन् :-

"३क. अन्तःशुल्क निर्धारण र असुली : (१) यस ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुल गर्ने दायित्व अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन गर्ने उत्पादकको हुनेछ ।

तर पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण र असुली सम्बन्धित भन्सार कार्यालयले गर्नेछ ।

(२) कुनै वस्तुको उत्पादन वा पैठारीका अतिरिक्त बिक्री वितरणको तहमा समेत अन्तःशुल्क लाग्ने भएमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुली गर्ने दायित्व पैठारीकर्ता वा बिक्रेताको हुनेछ ।

(३) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ ।

तर स्वयं निष्काशन प्रणाली लागू हुने सूर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरु बाहेक अन्य उद्योगले कच्चा पदार्थ खरीद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क तयारी वस्तु बिक्री गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ ।

(४) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानि नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशु:ल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ ।

(५) यस दफा बमोजिम अन्तःशुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ र प्याकिङ्ग सामाग्रीमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने छैन ।

३ख. <u>अन्तःशुल्क नलाग्ने</u> : (१) दफा ३ बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क लाग्ने छैन :–

(क) नेपालबाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस र ड्यूटि फ्री सप) लाई मदिरा वा चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा त्यस्तो वस्तु वा सेवामा अन्तःशुल्क लाग्ने छैन ।

(ख) स्वीकृति प्राप्त बण्डेड वेयर हाउसले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कुटनीतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गर्ने चुरोट वा मदिरामा अन्तःशुल्क लाग्ने छैन ।

तर,

(१) बण्डेड वेयर हाउसले चुरोट तथा मदिरा बाहेकका अन्य वस्तु अन्तःशुल्क नलगाई बिक्री वितरण गर्न बाधा पर्ने छैन ।

(२) बण्डेड वयेर हाउसबाट बिक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैङ्क प्रत्याभूति राख्नु पर्नेछ ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको नगद धरौटी वा बैङ्क प्रत्याभूतिको फुकुवा वा फिर्ता प्रक्रिया विभागद्वारा तोकिए बमोजिम हुनेछ ।

(३) नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु नेपालबाहिर निर्यात भैसकेपछि सम्बन्धित पक्षले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा सोही मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका

बखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ ।

(४) अन्तःशुल्क लाग्ने बस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले अन्तःशुल्क लाग्ने बस्तु निकासी गरेको परिमाण उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क दफा ३क. को उपदफा (३) बमोजिम वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्क रकममा कट्टा गर्न पाउनेछ ।

(५) उपदफा (४) बमोजिम कट्टा गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम फिर्ता पाउनको लागि अन्तःशुल्क अधिकृत समक्ष दाबी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम फिर्ता दाबी भएको अन्तःशुल्क रकम अन्तःशुल्क अधिकृतले छानबिन तथा परीक्षण गर्दा त्यस्तो दाबी मनासिव देखिएमा फिर्ताका लागि दाबी गरेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता दाबी गर्नको लागि सूर्तीजन्य र मदिराजन्य पदार्थ तथा पानमसलाको निकासीमा कम्तिमा पन्ध्र प्रतिशत मूल्य अभिबृद्धि भएको हुनु पर्नेछ ।

(८) उपदफा (५) बमोजिम फिर्ता दाबी गर्दा विवरण बुझाउनु पर्ने अवधि समाप्त भएको मितिले एक वर्ष भित्र फिर्ताको लागि दाबी नगरेमा र उपदफा (७) बमोजिमको मूल्य अभिबृद्धि नभएको अवस्थामा यस दफा बमोजिमको अन्तःशुल्क फिर्ता हुने छैन ।

(९) सम्वत् २०७२ साल असार २८ गतेसम्म निकासी गरी उपदफा (४) बमोजिम कट्टा गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम सोही मितिसम्म फिर्ता दाबी गरेको हकमा अन्तःशुल्क अधिकृतले छानबिन तथा परीक्षण गरी फिर्ता गर्न सक्नेछ ।

तर सूर्तीजन्य र मदिराजन्य पदार्थ तथा पानमसला उत्पादन गर्ने उद्योगले यस उपदफा बमोजिम फिर्ता पाउन उपदफा (७) मा तोकिए बमोजिम पन्ध्र प्रतिशत मूल्य अभिबृद्धि भएको हुनु पर्नेछ ।

(४) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. अन्तःशुल्क असुली : (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क असुल गरिनेछ :-

(क) भौतिक नियन्त्रण प्रणाली लागू हुने उद्योगले उत्पादन गर्ने वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीका लागि निष्काशन गर्दाको बखत,

(ख) स्वयं निष्काशन प्रणालीमा आधारित वस्तु वा सेवाको हकमा बिजक जारी गर्दाको बखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सार बिन्दुमा,

(घ) पैठारी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नुपर्ने गरी विभागले तोक्न सक्नेछ ।"

(५) दफा ४ पछि देहायका दफा ४क., ४ख., ४ग., ४घ. र ४ङ थपिएका छन् :-

"४क. अन्तःशुल्क बुझाउने दायित्व : यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछ :-

(क) नेपालभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने बिल अफ लेडिङ्ग, एयर वे बिल, बिजक वा जाँचपासको लागि दिएको निवेदनमा उल्लेख भएको व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) करमुक्त पसल (ड्यूटी फ्रि सप) बाट बिक्री भएको मदिरा वा चुरोट बाहेकका वस्तु पुनः बिक्री वा अन्य

प्रयोजनमा प्रयोग भएमा पुनः बिक्री गर्ने वा प्रयोग गर्ने व्यक्ति,

(ङ) कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति,

(च) खण्ड (क) देखि (ङ) मा उल्लेख भएदेखि बाहेक अन्य अवस्थामा विभागले तोकेको व्यक्ति ।

४ख. अन्तःशुल्क दाखिला गर्ने म्याद : (१) यस ऐन बमोजिम असुल भएको अन्तःशुल्क देहाय बमोजिम दाखिला गर्नु पर्नेछ :–

(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा त्यस्तो वस्तु निष्काशन गर्दाका बखत,

(ख) स्वयं निष्काशन प्रणाली अन्तर्गत उत्पादन तथा बिक्री वितरण हुने वस्तु वा सेवाको हकमा बिजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाका बखत,

(घ) पैठारी हुने सेवाका हकमा विभागले तोके बमोजिम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको म्यादभित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ ।

४ग. अन्तःशुल्क छूट हुने : (१) कुटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले परराष्ट्र मन्त्रालयको सिफारिसमा पैठारी गर्ने वस्तुमा अन्तःशुल्क छूट हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समेत अन्तःशुल्क छूट हुनेछ :-

(क) विदेशी नियोग तथा दातृ संस्थाले कुटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई स्थानीय निकाय, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा,

(ख) कुटनीतिक नियोग, परियोजना र अन्य निकायहरू (सरकारी एवं गैरसरकारी संघ, संस्था) ले महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा,

(ग) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी गरिएका सवारी साधनका धनीको मृत्यु भै उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा ।

(३) नब्बे प्रतिशत वा सोभन्दा बढी स्वदेशी झुत्रा वा पत्रु (कवाडी) वस्तु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई त्यस्तो उत्पादनमा लाग्ने अन्तःशुल्क छूट हुनेछ ।

४घ. बिक्री वितरणमा नियन्त्रण : (१) नेपाल सरकारले आवश्यक ठानेको अन्तःशुल्क लाग्ने वस्तुको बिक्री वितरणमा नियन्त्रण गरी तोकिए बमोजिम व्यवस्थित गर्न सक्नेछ ।

(२) होटेल तथा रेष्टुरेन्ट व्यवसाय बाहेक महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेको प्रमुख राजमार्ग क्षेत्रमा मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोबार गर्न पाउने छ ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी कारोबार गर्न पाउने छ ।

४ङ. उपहार तथा नगद छूट सम्वन्धी व्यवस्था : मदिरा, वियर वा सूर्तीजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्तो बस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगले मुल्य अभिबृद्धि करमा दर्ता भएका बाहेक अन्य विक्रेतालाई त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन । त्यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लङ्घन गरेको मानिनेछ ।"

(६) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य निर्धारण : (१) नेपालभित्र उत्पादन हुने कुनै वस्तु वा सेवामा मूल्यको आधारमा अन्तःशुल्क लाग्ने भएमा देहाय बमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइनेछ :-

(क) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य,

(ख) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य, वा

(ग) विभागले उत्पादन लागत वा अन्य उपयुक्त आधारमा तोकी दिएको मूल्य ।

(२) नेपालभित्र पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसुल लिने प्रयोजनको लागि निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्यमा अन्तःशुल्क लगाइनेछ ।

(३) सेवामा बिजक बमोजिम मूल्य निर्धारण गरी अन्तःशुल्क असुल उपर गरिनेछ ।

(४) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न सक्नेछ ।"

(७) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. इजाजतपत्र सम्बन्धी व्यवस्था : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन ।

तर नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कुटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयम निष्काशन प्रणाली अन्तर्गतका वस्तुहरुको विक्री वा संचय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन परेमा त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको ढाँचामा विभाग वा विभागले तोकेको अन्तःशुल्क अधिकृतले इजाजतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ ।

(५) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछि तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ ।

तर,

(क) कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ ।

(ख) बिंडी, सुर्ति, खैनी, पानमसला, गुट्खा उत्पादन, खाडसारी उद्योग तथा खुदो र गुड पैठारी गर्ने इजाजतपत्रवालाले तोकिए बमोजिमको नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउनु पर्नेछ ।

(ग) स्वयम् निष्कासन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न लिइएको इजाजतपत्र नवीकरण गर्नु पर्ने छैन ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शत प्रतिशत जरिबाना बुझाउनु पर्नेछ ।

(७) उपनियम (६) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा तोकिए बमोजिमको नवीकरण बापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शत प्रतिशत थप इजाजत दस्तुर र बक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

(८) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको इजाजतपत्र नलिई कारोबार गरेकोमा इजाजतपत्र बापत र सोको नवीकरण बापत लाग्ने दस्तुरबाट उन्मुक्ति पाउने छैन ।"

(८) दफा ९ पछि देहायको दफा ९क. थपिएको छ :-

"९क. इजाजतपत्र स्थगन गर्न सक्ने : (१) इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबार गर्न छाडेमा पन्ध्र दिनभित्र

त्यसको कारण सहित इजाजतपत्र स्थगन गर्नको लागि अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालाको इजाजतपत्र स्थगन गर्नु पर्ने वा नपर्ने निर्णय गरी इजाजतपत्र स्थगन गर्नु पर्ने देखिएमा सो इजाजतपत्र स्थगन गरी निवेदन प्राप्त भएको तीस दिनभित्र सोको जानकारी इजाजतपत्रवालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र स्थगन भएको जानकारी इजाजतपत्रवालाले इजाजतपत्र स्थगन भएपछिको अर्को महिनादेखि दफा १०क. बमोजिमको विवरण पेश गर्नुपर्ने छैन ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र स्थगन भएको अवधिभरको लागि इजाजतपत्रवालाले दफा ९ बमोजिम इजाजतपत्र नवीकरण गर्नुपर्ने छैन ।"

(९) दफा १० को खण्ड (ग) पछि देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) इजाजतपत्रवाला संस्था विघटन भएमा वा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र रद्द गर्न निवेदन दिएमा ।"

(१०) दफा १० पछि देहायका दफा १०क., १०ख., १०ग., १०घ., १०ङ., १०च., १०छ., १०ज., १०झ., १०ञ. र १०ट. थपिएका छन् :–

"१०क. अन्तःशुल्क विवरण दिनु पर्ने : दफा ३क. बमोजिम अन्तःशुल्क निर्धारण र असुल गर्नुपर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोबारको विवरण सो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष वा दफा १०ग. को उपदफा (३) मा व्यवस्था भए बमोजिम वा हुलाकबाट रजिष्ट्री गरी तोकिए बमोजिमको अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ । त्यस्तो विवरण सो महिनामा अन्तःशुल्क लाग्ने

कारोबार गरेको वा नगरेको जे सुकै भए तापनि पेश गर्नु पर्नेछ ।

१०ख. लेखा राख्नु पर्ने : (१) दफा १०क. बमोजिम अन्तःशुल्क विवरण पेश गर्नु पर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन, बिक्री, त्यस्तो वस्तु वा सेवाको उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरीद, खपत तथा अन्तिम मौज्दातको मूल्य तथा परिमाण खुल्ने तोकिए बमोजिमका विवरण सहितको लेखा अद्यावधिक राख्नु पर्नेछ र त्यस्तो लेखा अन्तःशुल्क अधिकृतले निरीक्षण गर्न माग गरेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खरीद, उत्पादन, निष्काशन, बिक्री र मौज्दात खाता सम्बन्धित अन्तःशुल्क अधिकृतद्वारा प्रमाणित गराई लेखा राख्ने प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ ।

(३) इजाजतपत्रवालाले कारोबारको लेखा छ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(४) यस ऐनको कार्यान्वयनको निमित्त अन्तःशुल्क अधिकृतले लिखित रुपमा सूचना दिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबारको सम्बन्धमा जानकारी माग गर्न सक्नेछ ।

१०ग. कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको प्रयोजनको लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विभाग वा सो अन्तर्गतका कार्यालय वा अन्तःशुल्क प्रशासन गर्न तोकिएको कार्यालयमा रहेका कम्प्युटरबाट प्रशोधित कुनै व्यक्तिको अन्तःशुल्क सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ ।

(२) अन्तःशुल्क लाग्ने तोकिएका वस्तु वा सेवाको उत्पादन सम्बन्धी तथ्याङ्क विद्युतीय माध्यमबाट विभाग वा सो विभागले तोकेको कार्यालयमा स्वतः प्राप्त हुने गरी व्यवस्था गर्न सक्नेछ ।

(३) विभागले विद्युतीय माध्यमबाट अन्तःशुल्क विवरण पेश गर्ने र अन्तःशुल्क भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०घ. अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्ने : (१) देहायको कुनै अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्नेछ :–

(क) म्यादभित्र अन्तःशुल्क विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटीपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा,

(ग) झुट्टा अन्तःशुल्क विवरण पेश गरेमा,

(घ) अन्तःशुल्कको रकम कम देखाएको वा ठीक नभएको भन्ने विश्वास गर्नु पर्ने आधार भएमा,

(ङ) बिक्री मूल्यमा न्यूनबिजकीकरण गरेको भन्ने विश्वास गर्नुपर्ने आधार र कारण भै दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नुपर्ने भएमा,

(च) यस ऐन वा यस ऐन अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा,

(छ) निष्काशन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक परेमा,

(ज) अन्तःशुल्क छलेमा,

(झ) इजाजतपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गरेमा ।

(२) उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित

व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको अन्तःशुल्क निर्धारणको सम्बन्धमा विभागले अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा कुनै त्रुटी देखिएमा महानिर्देशकले पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्ने वा दफा १०क. बमोजिम पेश गरेको अन्तःशुल्क विवरण जाँच गर्ने प्रयोजनका लागि अन्तःशुल्क अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछ :–

(क) अन्तःशुल्क दायित्वसँग सम्बन्धित वस्तु, स्थान, कागजात, लेखा तथा अभिलेख जाँच गर्ने,

(ख) कुनै व्यक्तिको कारोबार स्थल वा यस ऐन अन्तर्गत कसूर मानिने कार्यसित सम्बन्धित प्रमाण हुनसक्ने सम्भावना भएका अन्य स्थलमा खानतलासी लिने वा सिलवन्दी गर्ने,

(ग) आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै अभिलेख, किताब, खाता कागजात तयार गर्ने वा तिनीहरूमा विवरण भर्ने व्यक्तिसँग जानकारी माग गर्ने,

(घ) अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबारस्थल वा सोसँग सम्बन्धित अन्य स्थलमा रहेको कुनै कागजात, किताब तथा अभिलेखलाई कब्जा गर्ने वा अन्यत्र लैजाने,

(ङ) कारोबार सञ्चालन गर्ने स्थान वा कार्यालय वा अन्य कुनै उपयुक्त स्थानमा अन्तःशुल्कको लेखापरीक्षण गर्ने,

(च) अन्तःशुल्क अधिकृतले बैङ्क तथा वित्तीय संस्था लगायत कुनै व्यक्तिसँग अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबारको सम्बन्धमा कुनै कुराको जानकारी माग गर्ने ।

(५) यस दफा बमोजिम अन्तःशुल्क अधिकृतले माग गरेको सूचना दिनु बैङ्क तथा वित्तीय संस्था वा सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

१०ङ. विशेषज्ञको सेवा लिन सक्ने : विभागले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार मदिरा विशेषज्ञ, ब्रुइङ्ग विशेषज्ञ, रसायन विज्ञ लगायतका अन्य विशेषज्ञहरूको सेवा लिन सक्नेछ ।

१०च. अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी तोक्न सक्ने : (१) एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए. को उत्पादन प्रतिलब्धी दरको निर्धारण तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रतिलब्धी दरभन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वा इ.एन.ए. बाट सो प्रतिष्ठानले उत्पादन गर्ने उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिनेछ ।

(३) विभागले अन्तःशुल्क लाग्ने अन्य वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धी दर तोक्न सक्नेछ ।

१०छ. अल्कोहलको मात्रा जाँच गर्ने : अन्तःशुल्क अधिकृतले जुनसुकै बखत स्वीकृति लिई निष्काशन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको परीक्षण गर्न सक्नेछ । अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक

वा गुणस्तरमा उल्लेखनीय रुपबाट फरक पार्न पाइने छैन ।

१०ज. बक्यौता अन्तःशुल्कको असुली : यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क कुनै व्यक्तिले नबुझाएमा सम्बन्धित अन्तःशुल्क अधिकृतले देहायका कुनै वा सबै तरीका अपनाई असुल गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिलाई फिर्ता गर्नु पर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था वा स्थानीय निकायबाट त्यस्तो व्यक्तिले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) त्यस्तो व्यक्तिको बैङ्क, वित्तीय वा अन्य संस्थामा रहेको हितबाट कट्टा गर्न लगाएर,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि “हित” भन्नाले बैङ्क, वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानीलाई समेत सम्झनु पर्छ ।

(घ) त्यस्तो व्यक्तिको बिक्री, निकासी, पैठारी र अन्य व्यवसाय रोक्का गरेर,

(ङ) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति कब्जा गरेर,

(च) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति सबै वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर,

(छ) मौज्दातमा रहेको वस्तु लिलाम गरेर ।

१०झ. विलम्ब शुल्क : दफा ४ को उपदफा (१) को खण्ड (क) को अवस्थामा बाहेक अन्तःशुल्क निर्धारण भएको वा अन्य कुनै कारणले यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम कुनै व्यक्तिले नबुझाएमा बुझाँउन बाँकी

रहेको अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शुन्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ ।

(१०ञ) अन्तःशुल्क छल्ने योजना विरुद्धको व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क छल्न दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण तथा असुल उपर गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्नेछ :-

(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी अन्तःशुल्क छल्ने उद्देश्यले कुनै योजना तथा कार्य गरी अन्तःशुल्कको दायित्व कम गरेमा, वा

(ख) अन्तःशुल्क दायित्व कम गर्ने उद्देश्यले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले संझौता गरेमा ।

१०ट. अन्तःशुल्क टिकट परीक्षण गर्ने : मदिरा, वियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्नेछ ।"

(११) दफा ११ मा रहेको "निकासी" भन्ने शब्दको सट्टा "निष्काशन" भन्ने शब्द राखिएको छ ।

(१२) दफा १२ को उपदफा ३ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) कसूरसंग सम्बन्धित अन्तःशुल्क लाग्ने वस्तु र सो बमोजिमको कसूर प्रमाणित गर्न सहायक हुने अन्य वस्तु कब्जा गर्न र सो स्थानलाई सिलबन्दी गर्न"

(१३) दफा १२ को उपदफा (३) को खण्ड (घ) मा देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यस्तो निलम्वन सात दिनभन्दा बढी अवधिको लागि गर्न पाइने छैन र त्यसरी निलम्बन गरेको साठी दिनभित्र तत्सम्बन्धी आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।"

(१४) दफा १३ को,–

(क) उपदफा (१) को ठाउँ ठाउँमा रहेका "अन्तःशुल्क कार्यालय" भन्ने शब्दहरूको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) विभागले यस दफा बमोजिमको कसूरको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागले तोके बमोजिम बढीमा दश हजार रुपैयाँसम्म सुराकी प्रोत्साहन खर्च दिन सक्नेछ ।

(५) यस दफा बमोजिम कसूरको सूचना दिने व्यक्तिको विवरण गोप्य रहनेछ ।"

(१५) दफा १४ को उपदफा (१) मा रहेका "अन्तःशुल्क कार्यालय" भन्ने शब्दहरूको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरू राखी सोही उपदफाको खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत ।

(ग) दशी तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,

तर सूचना वा सुराक दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरूबीच पुरस्कारको बाँडफाँड समानुपातिक रुपले गरिनेछ ।"

(१६) दफा १५ मा रहेका "अन्तःशुल्क कार्यालयले" भन्ने शब्दहरूको सट्टा "आन्तरिक राजस्व कार्यालयले" भन्ने शब्दहरू राखिएका छन् ।

(१७) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-

"१६. दण्ड : (१) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ :-

(क) यस ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले भुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा,

(घ) मदिरा, वियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने बस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसार पसार वा भण्डारण गरेमा ।

स्पष्टीकरण : (१) यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुनसक्ने बस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने बस्तुको मूल्य कायम गरी सोमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ ।

(२) यस उपदफाको प्रयोजनको लागि विगो कायम गर्नु पर्ने बस्तु तथा सेवा बिक्री भै सकेको अवस्थामा सो बस्तु तथा सेवाको बिक्री मूल्यलाई आधार मानी बिगो कायम गरी सो रकम विगोको रुपमा असुल गरिनेछ ।

(२) अन्तःशुल्क अधिकृतले उपदफा (१) मा उल्लिखित दण्ड जरिवानाका अतिरिक्त नब्बे दिनमा नबढ्ने गरी दफा ९ बमोजिम दिइएको इजाजतपत्र निलम्बन समेत गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) मा लेखिएको कसूरको उद्योग वा दुरुत्साहन गर्नेलाई मूख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(४) कसूरसँग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग हुन आएको भाडा बर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिबाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयासम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको

मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ ।

(६) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिबाना गर्न सक्नेछ :-

(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा सञ्चय गरेमा पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(ग) दफा १०क. को व्यवस्था उल्लङ्घन गरेमा लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलब शून्य पाँच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(घ) दफा १०ख. को उपदफा (१) बमोजिमको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकैपिच्छे पाँच हजार रुपैयाँ,

(ङ) दफा १०ख. को उपदफा (२) उल्लङ्घन गरेमा पाँच हजार रुपैयाँसम्म,

(च) दफा १०ख. को उपदफा (३) उल्लङ्घन गरेमा दश हजार रुपैयाँ,

(छ) दफा १०घ. को उपदफा (३) बमोजिमको अनुगमन गर्ने कार्यमा वाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ज) दफा १०छ. बमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक भएमा राजस्व चुहावट भएको रकमको शत प्रतिशत रकम,

(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम,

(ञ) दफा ४घ. को उपदफा (१) को उल्लङ्घन गरेमा पटकैपिच्छे दश हजार रुपैयाँ,

(ट) यस दफामा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ,

(ठ) स्वयम् निष्काशन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शत प्रतिशत रकम,

(ड) दफा ३क. को उपदफा (३) को उल्लङ्घन गरी अन्तःशुल्क क्रेडिट दावी गरेमा त्यसरी क्रेडिट दाबी गरेको अन्तःशुल्क रकमको शत् प्रतिशत रकम,

(ढ) दफा ४घ. को उपदफा (२) को उल्लङ्घन गरेमा पहिलो पटकका लागि दश हजार रुपैयाँ र त्यस पछि प्रत्येक पटकका लागि बीस हजार रुपैयाँ ।"

(१८) दफा १७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) जफत गरिएका वस्तुहरु परीक्षण गर्दा उपयोग गर्न मिल्ने देखिएमा लिलाम विक्री गरी आएको रकम राजस्व दाखिला गर्नु पर्नेछ ।

तर परीक्षणबाट त्यस्ता वस्तुहरु उपयोग गर्न नमिल्ने भएमा विभागले तोके बमोजिम नष्ट गर्नु पर्नेछ ।"

(१९) दफा १७ पछि देहायको दफा १७क. थपिएको छ :-

“१७क. <u>किस्ताबन्दीमा तिर्ने व्यवस्था</u> : कुनै करदाताले बक्यौता अन्तःशुल्क किस्ताबन्दीमा बुझाउन पाउँ भनी लिखित अनुरोध गरेमा एक वर्षको लागि किस्ताबन्दीमा बुझाउने गरी अनुमति प्रदान गर्न सकिनेछ।”

(२०) दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छ :-

“१९. <u>प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था</u> : (१) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र सो निर्णयको विरुद्ध प्रशासकीय पुनरावलोकन महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

तर दफा १६ को उपदफा (१), (२), (३) र (४) बमोजिमको कसूरमा अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय उपर पैंतीस दिन भित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ।

(३ उपदफा (१) बमोजिम परेको निवेदन उपर छानबिन गर्दा निवेदकको जिकीर मनासिब देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले सो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर महानिर्देशकले निर्णय गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित अन्तःशुल्क रकममध्ये विवाद रहित अन्तःशुल्क र जरिबाना रकम बुझाई विवादित

अन्तःशुल्क र जरिबाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नगरेमा सो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णयको सुचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(७) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(८) उपदफा (१) बमोजिम पुनरावलोकनको निवेदन वा पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।"

(२१) दफा २२ पछि देहायको दफा २२क. थपिएको छ :-

"२२क. अन्तःशुल्क सरह मानिने : यस ऐन बमोजिम लाग्ने दस्तुर, विलम्ब शुल्क वा जरिबाना यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क सरह मानिनेछ ।"

(२२) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छ :-

"२३. विभाग जिम्मेवार हुने : यस ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि विभाग जिम्मेवार हुनेछ ।"

(२३) दफा २३ पछि देहायको दफा २३क. राखिएको छ :-

"२३क. पूर्वादेश : (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्थाबारे द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रुपमा सूचित गरी पूर्वादेशद्वारा धारणा जारी गर्न सक्नेछ ।

(२) यस्तो पूर्वादेश माग भएको विषयमा जारी भएको मिति पश्चातका प्रवन्ध तथा निवेदनमा उल्लेख भएका विषयमा मात्र लागू हुनेछ ।

(३) अदालतमा विचाराधीन रहेका विषय र अदालतबाट व्याख्या भै आदेश भएका विषयमा

पूर्वादेशको निवेदन परी जारी भएमा समेत स्वतः निष्कृय भएको मानिनेछ ।"

(२४) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४. अन्तःशुल्क सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालवसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी अन्तःशुल्क लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छूट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका अन्तःशुल्कका व्यवस्थाहरुमा कुनै पनि संशोधन, परिवर्तन गर्न वा अन्तःशुल्क सम्बन्धी अन्य व्यवस्था गर्न सक्ने छैन ।"

(२५) दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ,-

"२५क. निर्देशिका बनाई लागू गर्न सक्ने : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।"

(२६) अन्तःशुल्क ऐन, २०५८ मा देहायको अनुसूची थपिएको छ :-

# अनुसूची
## (दफा ३ सँग सम्बन्धित)
## अन्तःशुल्क दरबन्दी

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर |
|---|---|---|---|
| १४.०४ | | अन्यत्र नपरेको वनस्पति उत्पादन । | |
| | | -अन्यः | |
| | १४०४.९०.११ | --अर्धतयारी खयर कत्था( कत्था रस) | प्रति किलो. रु.१०।- |
| | १४०४.९०.१२ | --खयर कत्था | प्रति किलो. रु.११५।- |
| १६.०१ | १६०१.००.०० | ससेज र मासु, अफल र रगतबाट वनेको यस्तै उत्पादन; यी उत्पादनहरुमा आधारित खाद्य पदार्थ । | मोल प्रतिशत ५ |
| १६.०२ | | तयारी वा सुरक्षित मासु, अफल वा रगत । | |
| | १६०२.१०.०० | -समरुपी परिकार | मोल प्रतिशत ५ |
| | १६०२.२०.०० | -कुनै जनावरको कलेजोको | मोल प्रतिशत ५ |
| | | -शीर्षक ०१.०५ को चरा चुरुङ्गीकोः | |
| | १६०२.३१.०० | --टर्कीको | मोल प्रतिशत ५ |
| | १६०२.३२.०० | --ग्यालुस डोमेष्टिक जातका चराहरु (फाउल्स) को | मोल प्रतिशत ५ |
| | १६०२.३९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -सुगुरको | |
| | १६०२.४१.०० | --फिला र फिलको टुक्रा | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | १६०२.४२.०० | अगाडीको फिला र त्यसको टुक्रा | मोल प्रतिशत ५ |
| | १६०२.४९.०० | --अन्य, मिश्रण समेतको | मोल प्रतिशत ५ |
| | १६०२.५०.०० | -चौपाया (बोभाइन) जिवजन्तुको | मोल प्रतिशत ५ |
| | १६०२.९०.०० | -अन्य, कुनै जनावरको रगतको परिकार समेत | मोल प्रतिशत ५ |
| १६.०३ | १६०३.००.०० | मासु, माछा, क्रुष्टासियन, मोलस्क वा अन्य जलीय इनभर्टिब्रेटको सार र रस । | मोल प्रतिशत ५ |
| १६.०४ | | तयारी र सुरक्षित माछा; क्याभिर (माछाको फुल) र माछाको फुल (क्याभिर) को प्रतिस्थापक (सब्स्टीच्यूट) | |
| | | -सिङ्गै वा टुक्रा माछा तर केस्रा नपारेको: | |
| | १६०४.११.०० | --साल्मोन | मोल प्रतिशत ५ |
| | १६०४.१२.०० | --हेरङ्गस् | मोल प्रतिशत ५ |
| | १६०४.१३.०० | --स्प्राट माछाको सार्डिन्स, सार्डिनेला, र ब्रिसलिङ | मोल प्रतिशत ५ |
| | १६०४.१४.०० | --टुनाज, स्कीपज्याक र वोनितो(सार्डा एस पी पी) | मोल प्रतिशत ५ |
| | १६०४.१५.०० | --म्याकारल | मोल प्रतिशत ५ |
| | १६०४.१६.०० | --एन्कोभिज | मोल प्रतिशत ५ |
| | १६०४.१७.०० | --बाम(ईल) हरु | मोल प्रतिशत ५ |
| | १६०४.१९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | १६०४.२०.०० | -अन्य तयारी वा सुरक्षित माछा | मोल प्रतिशत ५ |
| | | -क्याभियर र क्याभिएरका प्रतिस्थापकहरु | |

| | | | |
|---|---|---|---|
| | १६०४.३१.०० | --क्याभिएर | मोल प्रतिशत ५ |
| | १६०४.३२.०० | --क्याभिएरका प्रतिस्थापकहरु | मोल प्रतिशत ५ |
| १६.०५ | | तयारी वा सुरक्षित क्रुष्टासियन्स, मोलस्क, र अन्इ ढाडको हाड नभएको (इनभर्टिब्रेट) जलचरहरु । | |
| | १६०५.१०.०० | -गंगटो | मोल प्रतिशत ५ |
| | | -झिंगे माछा (स्रीम्प र प्राउन) हरु | |
| | १६०५.२१.०० | --हावा नछिर्ने भाँडोमा नराखिएको | मोल प्रतिशत ५ |
| | १६०५.२९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | १६०५.३०.०० | -लोव्स्टर | मोल प्रतिशत ५ |
| | १६०५.४०.०० | -अन्य कुष्टासियन्स | मोल प्रतिशत ५ |
| | | -बाहिरी खबटा हुने जीव (मोलस्क) हरु: | |
| | १६०५.५१.०० | --सिपी(ओइस्टर) हरु | मोल प्रतिशत ५ |
| | १६०५.५२.०० | --घुंगी (स्कालोप) हरु रानी घुंगी (क्वीन स्कालोप) हरु समेत | मोल प्रतिशत ५ |
| | १६०५.५३.०० | --मसलाहरु | मोल प्रतिशत ५ |
| | १६०५.५४.०० | --कटल माछा र स्क्विड् | मोल प्रतिशत ५ |
| | १६०५.५५.०० | -- क्लाम, कोकल र आर्क सेलहरु | मोल प्रतिशत ५ |
| | १६०५.५६.०० | --क्लाम, कोकल र आर्क सेलहरु | मोल प्रतिशत ५ |
| | १६०५.५७.०० | --एबालोन | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | १६०५.५८.०० | --शंखेकिरा (स्नेल) हरु, समुन्द्रि शंखेकिरा (सी स्नेल) हरु वाहेक | मोल प्रतिशत ५ |
| | १६०५.५९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -अन्य ढाडमा हाड नहुने जलचरहरु | |
| | १६०५.६१.०० | --समुद्री क्युकम्वरहरु | मोल प्रतिशत ५ |
| | १६०५.६२.०० | --समुद्री अर्चिनहरु | मोल प्रतिशत ५ |
| | १६०५.६३.०० | --जेलि माछा | मोल प्रतिशत ५ |
| | १६०५.६९.०० | --अन्य | मोल प्रतिशत ५ |
| १७.०१ | | ठोस रुपमा उखु वा चुकन्दर र रासायनिक तवरवाट शुद्ध गरिएको सुक्रोज (उखुको चिनी) | |
| | | -रंगाउने र सुवास स्वाद आउने पदार्थ नमिसाएको कच्चा चिनी | |
| | १७०१.१३.१० | ---सख्खर (गुंड र भेलीसमेत), गुँडगट्टा (पैठारीमा मात्र) | प्रति. क्वीन्टल. रु.९०।- |
| | | --उखुको अन्य चिनी: | |
| | १७०१.१४.१० | ---सख्खर (गुंड र भेलीसमेत), गुँडगट्टा (पैठारीमा मात्र) | प्रति. क्वीन्टल. रु.९०।- |
| १७.०३ | | चिनी वानउदा निस्कने शिरा वा उखुको रस(टेमा छुवा खुदो समेत) | |
| | १७०३.१०.०० | -उखुको खुंदो (मोलासिस) | प्रति. क्वीन्टल. रु.५०।- |
| | १७०३.९०.०० | -अन्य | प्रति. क्वीन्टल. रु.५०।- |

| | | | |
|---|---|---|---|
| १९.०२ | | स्पेगेटी, म्याकारोनी, नूडल्स, लसाने, नोकी, राभिओली, क्यानेलोनी कुकुहरु जस्ता पकाइएका वा नपकाइएका, (मासु वा अन्य पदार्थ) भरिएका वा नभरिएका वा अन्य किसिमबाट तयार पारिएका पाष्टाका परिकारहरु; तयार गरिएको वा नगरिएको कुकुहरु । | |
| | | -नपकाएको पास्टा (मुछेको पिठो), नभरेको (नौट स्टफेड) वा अन्य प्रकारको तयारी | |
| | १९०२.११.०० | --फुल हालेको | प्रति किलो. रु.७५० |
| | १९०२.१९.०० | --अन्य | प्रति किलो. रु.७५० |
| | १९०२.२०.०० | -पकाएको वा नपकाएको वा अन्य प्रकारले तयार गरेको भरेको पास्टा (मुछेको पिठो) | प्रति किलो. रु.७५० |
| | १९०२.३०.०० | -अन्य पास्टा (मुछेको पिठो) | प्रति किलो. रु.७५० |
| | १९०२.४०.०० | -कुकु (उत्तरी अफ्रिकी खाद्य पदार्थ) | प्रति किलो. रु.७५० |

| | | | |
|---|---|---|---|
| १९.०५ | | कोको परेको वा नपरेको पाउरोटी, पेष्ट्री, केक, बिस्कुट र अरु रोटी सम्बन्धी सामान; कम्युनियम, वेफर्स (पकाएको रोटी बिर्कोको काम गर्ने), औषधी भर्न हुने खाली क्याप्सूल, (एम्टी क्यासे) सिलिङ वेफयर्स (टाल्ने रोटी), राइस पेपर (तोफु, ममचा बनाउने पिठोको रोटी जस्तो पदार्थ) र अन्य यस्तै उत्पादन । | |
| | | -अन्य: | |
| | १९०५.९०.२० | --आलु चिप्स | प्रति किलो. रु.७५० |
| २०.०९ | | चिनी हालेको वा नहालेको, स्प्रीट नहालेको र नकुहाएको फलफूलको रस (अंगुरको कांचो रस समेत) र वनस्पति रस । | |
| | | -सुन्तलाको रस (ओरेन्ज जुस): | |
| | २००९.११.०० | --हिमीकृत (फ्रोजेन) | प्रति लिटर रु.४५० |
| | २००९.१२.०० | --हिमीकृत नगरिएको, वृक्षमूल्य २० ननाघेको | प्रति लिटर रु.४५० |
| | २००९.१९.०० | --अन्य | प्रति लिटर रु.४५० |
| | | -भोगटे (पोमेलो समेत) को रस (ग्रेपफ्रुट इन्क्लुडिङ्ग पोमेलो जूस) : | |
| | २००९.२१.०० | --वृक्ष मूल्य २० ननाघेको | प्रति लिटर रु.४५० |
| | २००९.२९.०० | --अन्य | प्रति लिटर रु.४५० |
| | | -अन्य कुनै जम्बिर जाति (सिटरस) को एकल फलको रस: | |

| | | | |
|---|---|---|---|
| | २००९.३१.०० | --वृक्ष मुल्य २० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.३९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | | -भुंइकटहरको रस (पाइनेपल जूस): | |
| | २००९.४१.०० | --वृक्ष मुल्य २० भन्दा बढी नभएको | प्रति लिटर रु.४।५० |
| | २००९.४९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | २००९.५०.०० | --गोलभेडाको रस (टमाटो जूस) | प्रति लिटर रु.४।५० |
| | | -अंगुरको रस (ग्रेप जूस) (अंगुरको कांचो रस) (ग्रेप मष्ट) समेत: | |
| | २००९.६१.०० | --वृक्ष मूल्य ३० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.६९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | | -स्याउको रस (एपुल जूस) : | |
| | २००९.७१.०० | --वृक्ष मूल्य २० ननाघेको | प्रति लिटर रु.४।५० |
| | २००९.७९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | | -अन्य कुनै एउटै फलफूल वा वनस्पतिको रस: | |
| | २००९.८१.०० | --क्र्यानबेरी (*भ्याक्सिनियम म्याक्रोकार्पोन, भ्याक्सिनियम अक्सिककस, भ्याक्सिनियम भिटिस-इडिया*) को रस (जुस) | प्रति लिटर रु.४।५० |
| | २००९.८९.०० | --अन्य | प्रति लिटर रु.४।५० |
| | २००९.९०.०० | -रसको मिश्रण | प्रति लिटर रु.४।५० |
| २१.०६ | | अन्यत्र नपरेको खाद्य पदार्थ | |

| | | | |
|---|---|---|---|
| | | -अन्य | |
| | २१०६.९०.२० | सुर्तीरहित पान मसला | प्रति किलो रु.३७५।- |
| | २१०६.९०.६० | कुरकुरे, कुरमुरे, चिजबल्स, लेज, र त्यस्तै उत्पादन | प्रति किलो रु.७५० |
| | २१०६.९०.७० | सूर्ति रहित सुगन्धित सुपारी | प्रति किलो रु १३८।- |
| २२.०२ | | चिनी हालेको वा गुलियो गरेको र वास्ना आउने सुरुचिकर पानी, प्राकृतिक र कृत्रिम खनिज पानी र वायु प्रवाहित पानी (एरिटेड) समेत र शीर्षक २०.०९ को फलफूल र वनस्पतिको रस समावेश नभएको अल्कोहल रहित पेय पदार्थ । | |
| | २२०२.९०.०० | - अन्य | प्रति लिटर .रु.६।५० |
| २२.०३ | २२०३.००.०० | जौबाट वनेको वियर । | प्रति लिटर रु.९८।- |
| २२.०४ | | ताजा अंगुरको वाइन र अल्कोहल हाली सुरक्षित गरिएको (फोर्टिफाइड) वाइन समेत शिर्षक २०.०९ को वाहेक काँचो अंगुरको रस(ग्रेप मस्ट) | |
| | | -स्पार्किङ वाइनः | |
| | २२०४.१०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका (पैठारीमा मात्र) | प्रति लिटर रु.२५०।- |
| | २२०४.१०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२५०।- |
| | २२०४.१०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.२९०।- |

| | | | |
|---|---|---|---|
| | | -अन्य वाइन; कांचो अंगुरको रस, अल्कोहल हालेर कुहुन रोकेको वा ढीलो गरेको: | |
| | | --२ लिटर वा कम जाने भांडोमा रहेको: | |
| | २२०४.२१.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएका (पैठारीमा मात्र) | प्रति लिटर रु.२५०।- |
| | २२०४.२१.२० | ---१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२५०।- |
| | २२०४.२१.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.२९०।- |
| | | --अन्य: | |
| | २२०४.२९.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२५०।- |
| | २२०४.२९.२० | ---१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२५०।- |
| | २२०४.२९.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.२९०।- |
| | २२०४.२९.४० | स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.६६।- |
| | | -अन्य कांचो अंगुरको रस: | |
| | २२०४.३०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका वाईन (पैठारीमा मात्र) | प्रति लिटर रु.२५०।- |
| | २२०४.३०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका वाईन | प्रति लिटर रु.२५०।- |
| | २२०४.३०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका वाईन | प्रति लिटर रु.२९०।- |
| २२.०५ | | भरमाउथ र वास्ना आउने सार वा सुगन्धित वोट विरुवा मिश्रित ताजा अंगुरको अन्य वाइन । | |

| | | | |
|---|---|---|---|
| | | -२ लिटर वा कम जाने भाडामा रहेको: | |
| | २२०५.१०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका (पैठारीमा मात्र) | प्रति लिटर रु.२५०।- |
| | २२०५.१०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२५०।- |
| | २२०५.१०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.२९०।- |
| | | -अन्य: | |
| | २२०५.९०.१० | --१२ प्रतिशतसम्म अल्कोहल भएका (वाइन पैठारीमा मात्र) | प्रति लिटर रु.२५०।- |
| | २२०५.९०.२० | --१२ देखि १७ प्रतिशतसम्म अल्कोहल भएका | प्रति लिटर रु.२५०।- |
| | २२०५.९०.३० | --१७ प्रतिशत भन्दा बढी अल्कोहल भएका | प्रति लिटर रु.२९०।- |
| २२.०६ | | अन्य कुहाएको (फर्मेण्टेड) पेय पदार्थहरु (उदाहरणत: स्याउबाट बनेको साइडर, नासपातीबाट बनेका पेरी, कुहाएको मह र पानी मिलाएको मिड); अन्यत्र नपरेका वा समावेश नभएका कुहाएको पेय पदार्थहरु (फर्मेण्टेड् विभरेजेज) को मिश्रण र कुहाइएका पेय पदार्थहरु (फर्मेण्टेड् विभरेजेज) तथा अमारक पेय पदार्थ (ननअल्कोहोलिक विभरेजेज) हरुको मिश्रण । | |
| | २२०६.००.१० | --छ्याङ्ग (कन्ट्री वियर) | प्रति लिटर रु.२०।- |

| | | | |
|---|---|---|---|
| | २२०६.००.२० | --सेम्पेन, सेरी, मिड, पेरी, विदेशमा उत्पादित साइडर | प्रति लिटर रु.२९०।- |
| | २२०६.००.३० | --स्वदेशमा उत्पादित साइडर | प्रति लिटर रु.१००।- |
| | २२०६.००.४० | --१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको जडिवुटी मिश्रित मदिरा, कक्टेल (अल्कोहलिक/ अल्कोहलिक/ नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरू | प्रति लिटर रु.२९०।- |
| | २२०६.००.९० | -अन्य | प्रति लिटर रु.२९०।- |
| २२.०७ | | ८० प्रतिशत घनत्व अल्कोहल शक्ति वा सो भन्दा माथि अल्कोहल शक्ति भएको अन्डिनेचर्ड इथायल अल्कोहल र जुनसुकै अल्कोहल शक्ति भएको डिनेचर्ड इथाइल अल्कोहल र अन्य स्प्रिट | |
| | २२०७.१०.१० | -८० प्रतिशत घनत्व अल्कोहल शक्ति वा सो भन्दा माथि अल्कोहल शक्ति भएको अन्डिनेचर्ड इथायल अल्कोहल | प्रति लिटर रु.५०।- |
| | २२०७.१०.२० | आयतनमा ८० प्रतिशत वा सो भन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट | प्रति लिटर रु.५०।- |
| | २२०७.१०.३० | ई.एन.ए.(एक्ट्रा न्युट्रल अल्कोहल) | प्रति लिटर रु.५०।- |
| | २२०७.१०.४० | एनहाइड्रस इथानोल (९९ प्रतिशतभन्दा बढी अल्कोहल भएको) | प्रति लिटर रु.६।- |

| | | | |
|---|---|---|---|
| | २२०७.२०.०० | -डिनेचर्ड स्प्रिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको) | प्रति लिटर रु.१०।- |
| २२.०८ | | ८० प्रतिशत भन्दा कम घनत्व अल्कोहल शक्ति भएको अविकृत (अनडिनेचर्ड) एथिल अल्कोहल; अरख (स्पिरिट्स), मदिरा (लिकर्स) र अन्य मादक (स्पिरिचुअस) पेयहरु (बेभरेजेज) । | |
| | | -अंगुरको वाइन वा अंगुर मार्कवाट निकालीएको स्प्रिट (व्राण्डी) | |
| | २२०८.२०.१० | --वाइन वा ब्राण्डीको कच्चा पदार्थको रुपमा प्रयोग हुने सवै प्रकारका मादक द्रबहरु(स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.२०.९०.१० | --- १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |
| | २२०८.२०.९०.२० | --- २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.२०.९०.३० | --- ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | | -ह्वीस्कीहरु | |

| | | | |
|---|---|---|---|
| | २२०८.३०.१० | -- ह्वीस्कीको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.३०.९०.१० | **---** १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |
| | २२०८.३०.९०.२० | **---**२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.३०.९०.३० | **---**३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | | -उखुको उत्पादनहरुलाई कुहाएर चुलाई गरी निकालिको रम र अन्य स्प्रिट | |
| | २२०८.४०.१० | -- रम र अन्य स्प्रीटहरुको कच्चा पदार्थको रुपमा प्रयोग हुने उखुको उत्पादनहरुलाई कुहाएर चुलाई गरी निकालिएको स्प्रीट समेतका मादक द्रबहरु | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.४०.९०.१० | **---**१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |

| | | | |
|---|---|---|---|
| | २२०८.४०.९०.२० | **---**२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.४०.९०.३० | **---**३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | | -जीन र जेनेभा | |
| | २२०८.५०.१० | -- जिन र जेनेभाको कच्चा पदार्थको रुपमा प्रयोग मादक द्रबहरु(स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.५०.९०.१० | **---**१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |
| | २२०८.५०.९०.२० | **---**२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.५०.९०.३० | **---**३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | | -भोड्का | |
| | २२०८.६०.१० | --भोड्काको कच्चा पदार्थको रुपमा प्रयोग मादक द्रबहरु(स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |

| | | | |
|---|---|---|---|
| | २२०८.६०.९०.१० | ---१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |
| | २२०८.६०.९०.२० | ---२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.६०.९०.३० | ---३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | | -मदिरा (लिकर्स) तथा उद्दीपक ( कार्डियल्स) | |
| | २२०८.७०.१० | -- मदिरा(लिकर्स) तथा उद्दीपक(कार्डियल्स) को कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.७०.९०.१० | --- १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |
| | २२०८.७०.९०.२० | --- २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.७०.९०.३० | --- ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरा | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | | -अन्य | |

| | | | |
|---|---|---|---|
| | २२०८.९०.१० | अन्य मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने मादक द्रबहरु (स्प्रीट समेत) | प्रति लिटर रु.११५।- |
| | | --अन्य | |
| | २२०८.९०.९०.१० | ---१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.७९३।- प्रति एल.पि. लिटर रु.९३३।- |
| | २२०८.९०.९०.२० | --- २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.५९१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.९०.९०.३० | ---३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.५५१।- प्रति एल.पि. लिटर रु.७८८।- |
| | २२०८.९०.९०.४० | ---४०यु.पि. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.२७९।- प्रति एल.पि. लिटर रु.४६५।- |
| | २२०८.९०.९०.५० | --- ५० यु.पि. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.११५।- प्रति एल.पि. लिटर रु.२३०।- |
| | २२०८.९०.९०.६० | ---७० यु.पि. शक्तिको (१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.२४।- प्रति एल.पि. लिटर रु.८०।- |

| | | | |
|---|---|---|---|
| | **द्रष्टव्य** | तर आयातित मदिराको हकमा माथि उल्लेखित दरबन्दीमा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशत सम्म फरक भएमा सोही दरबन्दी लाग्नेछ र एक प्रतिशत भन्दा बढी फरक भएमा नजिकको उच्चदरको दरवन्दी अनुसार अन्तशुल्क लगाई असुल उपर गरिनेछ । | |
| २४.०१ | | अनिर्मित (अन्म्यानुफ्याक्चर्ड) सुर्ती; सुर्तीको अवशेष (पैठारीमा मात्र) | |
| | २४०१.१०.०० | -डांठबाट नछुट्याइएको वा ननिकालिएको सुर्ती (नट स्टेम्ड/स्ट्रीप्ड) | प्रति कि.ग्रा. रु.६०।- |
| | २४०१.२०.०० | -आंशिक वा पूर्णरुपमा डांठबाट छुट्याइएको वा निकालिएको सुर्ती (स्टेम्ड/ स्ट्रीप्ड) | प्रति कि.ग्रा. रु.६०।- |
| | २४०१.३०.०० | -सुर्तीको अवशेष | प्रति कि.ग्रा. रु.६०।- |
| २४.०२ | | सुर्ती वा सुर्तीको प्रतिस्थापक (सब्स्टिच्यूट) बाट वनेको सिगार, चुरोट (चेरुट्स), सानो सिगार (सिगारिलस) र चुरोट (सिगरेट) । | |
| | २४०२.१०.०० | -सूर्तीको सिगार, चुरोट (चेरुट) र सानो सिगार ( सिगारीलस) | प्रति खिल्ली रु.११।- |
| | | -सूर्तीको चुरोट (सिगरेट) | |
| | २४०२.२०.१० | --फिल्टर नभएको | प्रति एम रु.३२०।- |
| | | --फिल्टर भएको | |

| | | | |
|---|---|---|---|
| | २४०२.२०.२१ | ---७० मि.मि. सम्मको लम्वाईमा | प्रति एम रु.७२३।- |
| | २४०२.२०.२२ | ---७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | प्रति एम रु.९३१।- |
| | २४०२.२०.२३ | ---७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्वाईमा (फिल्टर भएको) | प्रति एम रु.११९३।- |
| | २४०२.२०.२४ | --- ८५ मि.मि. भन्दा बढी लम्वाईमा (फिल्टर भएको) | प्रति एम रु.१६२४।- |
| | | -अन्य | |
| | २४०२.९०.१० | --तयारी विडी | प्रति एम रु. ७५।- |
| | २४०२.९०.२० | --सवै प्रकारका सिगार | प्रति खिल्ली रु.११।- |
| २४.०३ | | अन्य निर्मित (म्यानुफ्याक्चर्ड) सुर्ती र प्रतिस्थापक सुर्ती; समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती; सुर्तीको रस र सार। | |
| | | -कुनै पनि अनुपातमा सुर्तीको प्रतिस्थापक (सब्स्टिच्यूट) भएको वा नभएको धूमपान गर्ने सुर्तीः | |
| | | --अन्य : | |
| | २४०३.१९.१० | ---पाइप टोबाको | प्रति कि.ग्रा. रु.९००।- |
| | २४०३.१९.२० | --चुरोट तथा बिडीको लागि प्रशोधित सुर्ती | प्रति कि.ग्रा. रु.२०५।- |
| | २४०३.१९.९० | ---अन्य | प्रति कि.ग्रा. रु.२०५।- |
| | | -अन्य | |

| | | | |
|---|---|---|---|
| | २४०३.९१.०० | --समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती | प्रति कि.ग्रा. रु.२०५।- |
| | | --अन्य | |
| | २४०३.९९.१० | ---जर्दा, खैनी, नस (स्नफ) र गुट्खा र निकोटीनयुक्त पान मसलाहरु तथा यस्तै सूर्ती मिश्रित तयारी वस्तुहरु | प्रति कि. ग्राम रु.३७५।- |
| | २४०३.९९.२० | ---चूना मिलाई खाने खुद्रा विक्रीको लागि प्याकिङ्ग गरिएको सुर्ती | प्रति कि.ग्रा. रु.२०५।- |
| | २४०३.९९.३० | ---खुद्रा विक्रीको लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको) | प्रति कि.ग्रा. रु.२०५।- |
| २५.१५ | | अलि अलि टुक्राएको वा करौतीद्वारा काटेको वा अरु किसिमले काटेको विशिष्ट गुरुत्व २.५ वा बढी भएको चरपाटे (बर्गाकार समेत) ढिक्का वा पाता मार्वल (सिंगमर्मर), ट्राभरटिन, इकोजिन र अन्य चूनद्वारा स्मारक वा भवन बनाउने ढुंगा र एलावाष्टर (स्फटिक ढुंगा) । | |
| | | -मार्वल संगमर्मर र ट्राभरटिनः | |
| | २५१५.१२.०० | --करौतिद्वारा अलि अलि काटिएको वा अरु किसिमले काटेको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता | मोल प्रतिशत ५ |
| | २५१५.२०.०० | -इकोजिन वा अन्य चून मिश्रित स्मारक वा भवन बनाउने ढुंगा र एलावाष्टर (स्फटिक ढुंगा) | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| २५.१६ | | करौंतिद्वारा वा अन्य किसिमले अलि अलि ताछिएको, काटिएको वा टुक्राइएको चारपाटे (बर्गाकार समेत) ढिक्का वा पाताको रुपमा रहेको ग्रेनाइट (कडा पत्थर), पर्फाइरी, रेशा नभएको आग्नेय चट्टान, वेसाल्ट, बलौटेढुंगा र स्मारक एवं भवन बनाउने अन्य ढुंगा । | |
| | | -कडा पथ्थर (ग्रेनाइट) | |
| | २५१६.१२.०० | --करौंतिद्वारा अलि अलि काटिएको वा अन्य प्रकारले काटेको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता | मोल प्रतिशत १५ |
| | २५१६.२०.०० | -बलौट ढुङ्गा | मोल प्रतिशत १५ |
| | २५१६.९०.०० | -अन्य स्मारक वा भवन बनाउने ढुंगा | मोल प्रतिशत १५ |
| | | -पोर्टल्याण्ड सिमेण्टः | |
| | २५२३.२१.०० | --कृत्रिम रुपले रंगाएको वा नरंगाएको सेतो सिमेण्ट | प्र.मे.टन रु.१८० |
| | २५२३.२९.०० | --अन्य (पोर्टल्याण्ड सिमेण्ट खैरो) | प्र.मे.टन रु.१८० |
| | २५२३.३०.०० | -आलुमिनस सिमेण्ट | प्र.मे.टन रु.१८० |
| | २५२३.९०.०० | -अन्य हाइड्रोलिक सिमेण्ट | प्र.मे.टन रु.१८० |

| | | | |
|---|---|---|---|
| ३२.०८ | | अजलीय माध्यममा प्रक्षिप्त (डिस्पर्स्ड) वा घुलित (डिजोल्भ्ड) संश्लेषित पोलिमरहरु (बहुभाव) वा रासायनिक ढंगबाट परिवर्तित (मोडिफाइड) संश्लेषित पोलिमर-हरुमा आधारित रंगलेप (पेन्टस) र रोगन (वार्निस) हरु (इनामेल र प्रलाक्षारस समेत); यस भागको दृष्टव्य मा परिभाषा गरे अनुसारका घोलहरु(सोल्यूशन) । | |
| | ३२०८.१०.०० | -पोलिष्टरमा आधारित | मोल प्रतिशत ५ |
| | ३२०८.२०.०० | -एक्रेलिक वा भिनाइन पोलिमरहरुमा आधारित | मोल प्रतिशत ५ |
| | ३२०८.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३२.०९ | | जलीय माध्यममा डिष्पर्स्ड (प्रक्षिप्त) वा डिजल्भ (घुलित) गरिएको कृत्रिम पोलिमरहरु (बहुभाग) वा रासायनिक तवरले परिवर्तन गरिएको प्राकृतिक पोलिमरहरुमा आधारित रङ्गलेप (पेन्ट) र रोगन वार्निस) (इनामेल र प्रलाक्षारस (ल्याकर्स) समेत) । | |
| | ३२०९.१०.०० | -एक्रेलिक वा भिनाइल पोलिमरमा आधारित | मोल प्रतिशत ५ |
| | ३२०९.९०.०० | -अन्य | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ३२.१० | ३२१०.००.०० | अन्य रंङ्गलेप (पेन्ट) र रोगन (वार्निस) (इनामेल, प्रलाक्षारस (ल्याकर) र डिष्टेम्पर समेत) र छाला तयारी गर्ने (लेदर फिनिशिङ्ग) काममा प्रयोग हुने खालका तयारी वाटर पिगमेन्ट (जलीय वर्णक) । | मोल प्रतिशत ५ |
| ३८.१४ | ३८१४.००.०० | प्रांगारिक संयुक्त द्रावक (सोल्भेन्ट) र पातलो पार्ने (थिनर) पदार्थ, अन्यत्र नपरेको; प्रलेप (पेन्ट) र रोगन (वार्निस) हटाउने वा मेट्ने तयारी सामानहरु । | प्रति लि. रु.२२।- |
| ३९.२० | | अकोशीय (नन्सेलुल्यर) र असवल (नट्रिइन्फोर्स्ड), अस्तर नहालिएको वा पटलित (लेमिनेट) नगरिएको, आधार (सपोर्ट) नहालिएको वा यस्तै अरु सामानसँग नजोडिएका प्लाष्टिकका अन्य प्लेटहरु, सिटहरु, फिल्म, फ्वाईल र स्ट्रिपहरु । | |
| | ३९२०.१०.०० | -इथाइलिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२०.२०.०० | -प्रोपिलिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२०.३०.०० | -स्टाइरिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | | -भिनायल क्लोराइडको पोलिमरहरुका | |
| | ३९२०.४३.०० | --तौलको हिसावले ६ प्रतिशतभन्दा घटी सुघट्यकारी (प्लाष्टिसाइजर्स) नरहेको | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ३९२०.४९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -एक्रेलिक पोलिमरको: | |
| | ३९२०.५१.०० | --पोलि (मिथाइल मिथाक्रिलेट) को | मोल प्रतिशत ५ |
| | ३९२०.५९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -पोलिकार्वोनेटहरु, अल्किडरेजिन्स, पोलिएलिल इष्टरहरु वा अन्य पोलिष्टरहरु : | |
| | ३९२०.६१.०० | --पोलिकार्वोनेटहरुको | मोल प्रतिशत ५ |
| | ३९२०.६२.०० | --पोलि (इथाइलिन टेरिफ्थालेट) को | मोल प्रतिशत ५ |
| | ३९२०.६३.०० | --असंतृप्त पोलिष्टरहरुको | मोल प्रतिशत ५ |
| | ३९२०.६९.०० | --अन्य पोलिष्टरहरुको | मोल प्रतिशत ५ |
| | | -सेलुलोज वा यसका रासायनिक ब्यूत्पत्तिहरुको : | |
| | ३९२०.७१.०० | --पुनर्उत्पादिन सेलुलोजको | मोल प्रतिशत ५ |
| | ३९२०.७३.०० | --सेलुलोज एसिटेटको | मोल प्रतिशत ५ |
| | ३९२०.७९.०० | --अन्य सेलुलोज ब्यूत्पत्तिहरुको | मोल प्रतिशत ५ |
| | | -अन्य प्लाष्टिकहरुको: | |
| | ३९२०.९१.०० | --पोलि (भिनायल वुटाईरन) को | मोल प्रतिशत ५ |
| | ३९२०.९२.०० | --पोलियामाइडको | मोल प्रतिशत ५ |
| | ३९२०.९३.०० | --एमिनो-रेजिन्सको | मोल प्रतिशत ५ |
| | ३९२०.९४.०० | --फेनोलिक रेजिन्सको | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ३९२०.९९.०० | --अन्य प्लाष्टिकको | मोल प्रतिशत ५ |
| ३९.२१ | | प्लाष्टिकका अन्य प्लेटहरु, सिटहरु,फिल्म, फ्वाइलहरु र स्ट्रीपहरु । | |
| | | -कोशमय (सेलुलर) : | |
| | ३९२१.११.०० | --स्टाइरिनको पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२१.१२.०० | --भिनायल क्लोराइड पोलिमरको | मोल प्रतिशत ५ |
| | ३९२१.१३.०० | --पोलियूरेथेनको | मोल प्रतिशत ५ |
| | ३९२१.१४.०० | --पुनर्उत्पादित (रिजेनरेटेड) कोष (सेलुलोज) को | मोल प्रतिशत ५ |
| | ३९२१.१९.०० | --अन्य प्लाष्टिकहरुको | मोल प्रतिशत ५ |
| | ३९२१.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३९.२२ | | प्लाष्टिकका स्नानगार (वाथ्स) हरु, वहुधार स्नानागार(सावर वाथ्स्) हरु, पानी आउने र निस्कने व्यवस्था सहितको डुंड(सिङ्क) हरु, प्रक्षालनाधार (वश - बेसिन), सबडेटहरु, ल्याभोटरी प्यानहरु, आसनहरु(सिट्स) र ढकनीहरु(कभर्स), प्रक्षालन जलाधार (फ्लसिङ्ग सिस्टर्न्स) हरु र यस्तै सरसफाइका समानहरु (स्यानीटरी वेयर) | |

| | | | |
|---|---|---|---|
| | ३९.२२.१०.०० | -स्नानागार (वाथ्स) हरु, वहुधार स्नानागार(शावर वाथ्स) हरु डुंड (सिङ्कस) हरु तथा प्रक्षालनाधार (वास वेसिन्स हरु) | मोल प्रतिशत ५ |
| | ३९.२२.२०.०० | -ल्याभोटरी सिटहर (आसनहरु) र ढकनीहरु ( कभरहरु) | मोल प्रतिशत ५ |
| | ३९.२२.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३९.२३ | | मालसामानको ओसारपसार (कन्भेयेन्स) वा परिवेष्टन (प्याक) गर्ने प्लाष्टिकका सामानहरु; प्लाष्टिकका पौलो वा वुजो (स्टोपर्स) ढकनी (लिड्स), बिर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने (क्लोजर्स) सामग्रीहरु । | |
| | | -बाकस (कन्तुर वा सन्दूस) हरु, केस (वट्टा वा पेटी) हरु, टोकरी वा डालो (क्रेटस) र यस्तै सामाग्रीहरु: | |
| | ३९२३.१०.१० | --प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्यूवहरु | मोल प्रतिशत ५ |
| | ३९२३.१०.९० | --अन्य | मोल प्रतिशत ५ |
| | | -बोरा वा थैलो (स्याक्स) र झोलाहरु (ब्यागहरु) (कोन्स (डोको, सोली जस्ता सामानहरु) समेत) : | |
| | ३९२३.२१.०० | --इथाइलिनका पोलिमरहरुका | मोल प्रतिशत ५ |
| | ३९२३.२९.०० | --अन्य प्लाष्टिकहरुको | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | | -कार्वाइज (चोया इत्यादि बुनी मोह्रेको ठूलो बोतल), बोतलहरु फ्लास्कहरु र त्यस्तै सामानहरु: | |
| | ३९२३.३०.१० | --पेट बोतल (बोतल प्रिफर्म) | मोल प्रतिशत ५ |
| | ३९२३.३०.९० | --अन्य | मोल प्रतिशत ५ |
| | ३९२३.५०.०० | -पौलो वा वुजोहरु (स्टोपर्स), ढकनीहरु (लिड्स), बिर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने सामग्रीहरु (क्लोजर्स) | मोल प्रतिशत ५ |
| | ३९२३.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३९.२४ | | प्लाष्टिकका भोजनपात्रहरु(टेबुल-वेयर), भान्साका पाक उपकरणहरु (किचेन वेयर), अन्य घरायासी सामानहरु र सरसफाई सम्वन्धी (हाइजेनिक) वा शौच र श्रृङ्गार (ट्वाइलेट) का समानहरु | |
| | | -टेवुलका भोजनपात्रहरु (टेवुलवेयर), भान्साका पाक उपकरणहरु (किचेनवेयर): | |
| | ३९२४.१०.१० | --बच्चालाई दुध खुवाउने वोतल | मोल प्रतिशत ५ |
| | ३९२४.१०.२० | --मेलामाइनका भाँडा | मोल प्रतिशत ५ |
| | ३९२४.१०.९० | --अन्य | मोल प्रतिशत ५ |
| | ३९२४.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३९.२५ | | अन्यत्र नपरेको कर्मीका प्लाष्टिकका ज्यावलहरु (विल्डर्स वेयर) | |

| | | | |
|---|---|---|---|
| | ३९२५.१०.०० | -३०० लि. भन्दा वढी क्षमताका रिजर्भ्वायर्स ट्याङ्कस, तरल पदार्थ राख्ने बडाबडा भाडा (भ्याट्स) र त्यस्तै कन्टेनरहरु | मोल प्रतिशत ५ |
| | ३९२५.२०.०० | -ढोकाहरु,झ्यालहरु र तिनका फ्रेम(चौकोसहरु) र ढोकाका संघारहरु | मोल प्रतिशत ५ |
| | ३९२५.३०.०० | -सटर(कपाट) हरु, झ्यालका झिलमिल पर्दाहरु (भेनेसियन ब्ल्याण्डस समेत) र त्यस्तै सामानहरु र तिनका अवयव(पार्टस) हरु | मोल प्रतिशत ५ |
| | ३९२५.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ३९.२६ | | प्लाष्टिकका अन्य सामाग्रीहरु र शीर्षक ३९.०१ देखि ३९.१ सम्मका अन्य पदार्थहरुका सामानहरु । | |
| | ३९२६.१०.०० | -कार्यालय वा विद्यालयका आपूर्तीहरु (सप्लाइज) | मोल प्रतिशत ५ |
| | ३९२६.२०.०० | -परिधान सामग्रीहरु (लुगाफाटो र सहायक परिधान सामग्रीहरु (क्लोदिङ एक्सेसरिज) (पन्जा ग्लोभ्स, मिटेन्स( वुढीऔला एकातीर अरु चारओटा औला एकैठाउ अर्कोतिर ढाक्ने गरी तयार गरेको पञ्जाहरु) र औलाहरु खुलै रहने खालका पञ्जाहरु(मिट्स) समेत | मोल प्रतिशत ५ |
| | ३९२६.३०.०० | फर्निचरका काउचहरुका फिटिङ्गहरु, उपकरण, पार्टपुर्जा जस्ता सामानहरु वा यस्तै सामानहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ३९२६.४०.०० | लघु प्रतिमाहरु (स्ट्याट्यूट्स) | मोल प्रतिशत ५ |
| | | -अन्य | |
| | ३९२६.९०.९० | --अन्य | मोल प्रतिशत ५ |
| ६८.०२ | | शिर्षक ६८.०१ का वस्तुहरु वाहेकका स्मारक वा निर्माणको लागि तयार गरेका ढुंगा(स्लेट वाहेक) र तिनका समानहरु, प्रिष्ठ सामग्री(व्याकिङ्ग) भएको वा नभएको प्रकृतिक ढुंगा(स्लेट सहित) का संगमर्मरका ठोस दाना (मोज्याक क्युव्स) र यस्तै समाना प्राकृतिक ढुंगा( स्लेट सहित) का कृतिम रुपले रंगाइएका दानाहरु रोडा, गिर्खा, टुक्रहरु र धुलो(स्लेट सहित) | |
| | | -चेप्टो वा समतल सतह भएको सामान्य रुपले काटिएको वा चिरेको अन्य स्मारक वा निर्माणको लागि तयार गरिएको ढुंगा र तिनका वस्तुहरुः | |
| | ६८०२.२१.०० | --संगमर्मर, सरन्ध पत्थर (ट्राभरटाइन) र पत्थरिलो पदार्थ (अलावाष्टर) | मोल प्रतिशत ५ |
| | ६८०२.२३.०० | --पत्थर वा चट्टान (ग्रेनाइट) | मोल प्रतिशत १५ |
| | ६८०२.२९.०० | --अन्य ढुङ्गाहरु | मोल प्रतिशत ५ |
| | | -अन्य : | |
| | ६८०२.९१.०० | --संगमर्मर, सरन्ध्र पत्थर (ट्राभरटाइन) र पत्थरिलो पदार्थ (अलावाष्टर) | मोल प्रतिशत ५ |
| | ६८०२.९२.०० | --अन्य चुनदार ढुंगा | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ६८०२.९३.०० | --पत्थर वा चट्टान (ग्रेनाइट) | मोल प्रतिशत १५ |
| | ६८०२.९९.०० | --अन्य पत्थरहरु | मोल प्रतिशत ५ |
| ६८.१३ | | आश्मतन्तु (एसवेष्टस), अन्य खनिज तत्वहरु वा सेल्युलोजका आधारका, कपडा वा अन्य पदार्थका साथ समायोजन (कम्वाइन) भए वा नभएको ब्रेक, क्लच र यस्तै समानहरुका लागि, जडान नभएका -नौट माउन्टेन्ट) घर्षण पदार्थ वा तिनका सामानहरु (जस्तै , चाँदर रौल, पाटा (स्ट्रिप), खण्ड(सेग्मेण्ट), चक्का (डिस्क), वासर्स, प्याडहरु) । | |
| | ६८१३.२०.०० | -अश्मतन्तु (एसवेस्टस) भएका | मोल प्रतिशत ५ |
| | | - अश्मतन्तु (एसवेस्टस) नभएकाः | |
| | ६८१३.८१.०० | --ब्रेक लाइनिङ्ग र प्याडहरु | मोल प्रतिशत ५ |
| | ६८१३.८९.०० | --अन्य | मोल प्रतिशत ५ |
| ६९.०८ | | टल्काएको (ग्लेज्ड गरेको) माटोका फ्लेगहरु र पेभिङ, अगेनो वा चुलो वा भित्ताका झिंगटीहरु; अस्तर (ब्याकिङ्ग) मा भएको वा नभएको टल्काएको सिंगमर्मर गर्ने ठोस दाना पदार्थ र यस्तै सामानहरु । | |

| | | | |
|---|---|---|---|
| | ६९०८.१०.०० | -चारपाटे भएको वा नभएको सबभन्दा ठूलो सतही क्षेत्रफललाई ७ से. सी. भन्दा कम लम्वाइको भुजा भएको वर्गभित्र समाविष्ट गर्न सकिने झिंगटीहरु, दाना पदार्थहरु र यस्तै सामानहरु | मोल प्रतिशत ५ |
| | ६९०८.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ७०.०३ | | अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (पत्र वा लेयर) भएको वा नभएको, पाता (सिट्स) वा प्रोफाइल को रुपमा भएको, अरु कुनै किसिमको काम नगरिएको, ढालेको कांच (काष्ट ग्लास) र वेल्लित कांच (रोल्ड ग्लास) । | |
| | | -तारविहिन पाता : | |
| | ७००३.१२.०० | --सम्पूर्ण रुपमा रंगाएको (बडी टिण्टेड्), अपारदर्शी पारिएको (ओपासिफाइड्), रंग चढाइएको (फ्ल्यास्ड) वा अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको | मोल प्रतिशत ५ |
| | ७००३.१९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | ७००३.२०.०० | -तार भएको पाता | मोल प्रतिशत ५ |
| | ७००३.३०.०० | -प्रोफाइल | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ७०.०४ | | अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको वा नभएको, तर अन्य कुनै काम नगरिएको, पाता (सिट्स) को रुपमा भएको तन्क्याएर बनाइएको (ड्रन) कांच वा हावाफुकेर वा ग्याँस भरेर बनाइएको (ब्लोन) कांच । | |
| | ७००४.२०.०० | -सम्पूर्ण रुपमा रंगाएको (बडी टिन्टेड्), अपारदर्शी पारिएको (ओपासिफाइड), रंगचढाएको (फ्ल्यास्ड) वा अबशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको | मोल प्रतिशत ५ |
| | ७००४.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ७०.०५ | | अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको वा नभएको, तर अन्य किसिमबाट कुनै काम नभएको, पाता (सिट्स) मा भएको फ्लोट ग्लास (कांच) र सतह घर्षित (ग्राउण्ड) वा चमकाइएको (पोलिस्ड) कांच । | |
| | ७००५.१०.०० | -अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको, तार-विहिन (नन-वायर्ड) कांच । | मोल प्रतिशत ५ |
| | | -अन्य तार विहिन कांच : | |
| | ७००५.२१.०० | --सम्पूर्णतः रंगाएको (वडी टिण्टेड) ओपासिफाइड, फ्ल्यास्ड वा मेरेली सर्फेस ग्राउण्ड | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ७००५.२९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | ७००५.३०.०० | -तार भएको कांच | मोल प्रतिशत ५ |
| ७०.०६ | ७००६.००.०० | शीर्षक ७०.०३, ७०.० वा ७०.०५ का कांचहरु, निहुरेको (बेन्ट), किनाराको काम गरेको (एज वर्क्ड), खोपेको (इनग्रेभ्ड), प्वाल पारेको (ड्रिल्ड), इनामेल लगाएको वा अन्य प्रकारले बनाएको तर अन्य पदार्थसंग जोडी आकार नदिएको वा जडान नगरेको । | मोल प्रतिशत ५ |
| ७०.०७ | | कडा बनाएको वा पटलित कांच भएको सुरक्षित कांच । | |
| | | -कडा बनाएको (तापित) सुरक्षित कांचः | |
| | ७००७.११.०० | --गाडी, जहाज, अन्तरीक्षयान वा सवारीका साधनमा समाविष्ट गर्न योग्य आकार र नापका | मोल प्रतिशत ५ |
| | ७००७.१९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -पटलित सुरक्षित कांच : | |
| | ७००७.२१.०० | --गाडी, जहाज, अन्तरीक्षयान वा सवारीका साधनमा समाविष्ट गर्न योग्य आकार र नापको | मोल प्रतिशत ५ |
| | ७००७.२९.०० | --अन्य | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ७०.०८ | ७००८.००.०० | कांचको बहुभित्तीय अवरोधक इकाइ (मल्टिपल वाल्ड इन्सुलेटिङ यूनिट)। | मोल प्रतिशत ५ |
| ७०.०९ | | फ्रेम भएको वा नभएको कांचको ऐना, पछाडिको दृश्य देखिने ऐना समेत। | |
| | ७००९.१०.०० | -गाडीको पृष्ठदृश्य देखिने ऐना | मोल प्रतिशत ५ |
| | | -अन्य | |
| | ७००९.९१.०० | --फ्रेम नहालेको | मोल प्रतिशत ५ |
| | ७००९.९२.०० | --फ्रेम हालेको | मोल प्रतिशत ५ |
| ७२.१३ | | फलाम वा अमिश्रित स्पातका (नन् एल्वाय) का लाप्सा र डण्डीहरु (बार्स एण्ड रौड्स), तापवेलित (हटरौल्ड), असममित रुपले बेह्रिएको कुण्डली (क्वायल)हरु। | |
| | ७२१३.१०.०० | -वेलन प्रक्रिया (रोलिङ्ग प्रोसेस) कै समयमा उत्पन्न भंगुरीकरण (इण्डेण्टेसन), धर्साहरु (रिब्स), खांचहरु (ग्रुभ्स) वा अन्य विकृतिहरु (डिफोर्मेसन) हरु भएका | प्र.मे.टन रु.१०००।- |
| | ७२१३.२०.०० | -अन्य फ्रि कटिङ्ग स्टील (सल्फरको मात्रा बढी प्रतिशतमा भएको इस्पात विशेष) को | प्र.मे.टन रु.१०००।- |
| | | --१ मि.मि. भन्दा कम नापको ब्यास भएको बृत्ताकार तिर्यकच्छेद (क्रस सेक्सन) को: | |
| | ७२१३.९१.१० | --- ८ मि.मि. ननाघेको | प्र.मे.टन रु.१०००।- |
| | ७२१३.९१.९० | ---अन्य | प्र.मे.टन रु.१०००।- |

| | | | |
|---|---|---|---|
| | ७२१३.९९.०० | --अन्य | प्र.मे.टन रु.१०००।- |
| ७२.१४ | | गढेको (फोर्ज्ड), तापवेलित (हटरोल्ड), ताप कर्षित (हट ड्रन) वा ताप वहिष्कृत (हट एक्स्ट्रुडेड्) बाहेक अन्य काम नगरिएको फलाम वा अमिश्रित (नन् एल्वाय) इस्पातका अन्य लाप्सा (बार्स) डण्डी (रौड) हरु, वेलनक्रिया पछि बटारिएका (ट्विस्टेड्) यस्ता वस्तुहरु समेत । | |
| | ७२१४.१०.०० | -गढेको (फोर्ज्ड) (तातो पारी पिटेर बनाएको ) | प्र.मे.टन रु.१०००।- |
| | ७२१४.२०.०० | -वेलन प्रक्रिया (रोलिङ्ग प्रोसेस) कै समयमा उत्पन्न भएका भंगुरीकरण (इण्डेण्टेसन), धर्साहरु (रिब्स), खांचहरु (ग्रुभ्स) वा अन्य बिकृतिहरु (डिफोर्मेसन्स) भएका वा वेलन क्रिया (रोलिङ्ग) पछि बटारिएका (ट्रिवस्टेड): | प्र.मे.टन रु.१०००।- |
| | ७२१४.३०.०० | -अन्य, फ्रि कटिङ्ग स्टील (सल्फरको मात्रा बढी प्रतिशतमा भएको इस्पात विशेष) को | प्र.मे.टन रु.१००० |
| | | -अन्य : | |
| | ७२१४.९१.०० | --चतुर्भुजाकृति (वर्गाकार बाहेक) को तिर्यक परिच्छेद (क्रस(सेक्सन) को | प्र.मे.टन रु.१०००।- |
| | | --अन्य : | |

| | | | |
|---|---|---|---|
| | ७२१४.९९.१० | ---पुनर्वेलन योग्य (Rerollable) लाप्सा र डण्डी अधिकतम लम्बाई १०० मि.मि. चौडाई ६०० मि.मि. र मोटाई ५ मि.मि. र सो भन्दा बढी भएको | प्र.मे.टन रु.१०००।- |
| | ७२१४.९९.९० | ---अन्य | प्र.मे.टन रु.१०००।- |
| ७२.१५ | | फलाम वा अमिश्रित स्पात (नन् एल्वाय स्टील) का अन्य लाप्सा डण्डीहरु । | |
| | ७२१५.१०.०० | -शित(निर्मित (कोल्ड फोर्म्ड) वा शित-परिष्कृत (कोल्ड-फिनिस्ड) बाहेक अन्य काम नभएको, फ्रि कटिङ्ग स्टील (सल्फरको मात्रा बढी प्रतिशतमा भएको इस्पात विशेष) को | प्र.मे.टन रु.१०००।- |
| | ७२१५.५०.०० | -अन्य, शित (निर्मित (कोल्ड फोर्म्ड) वा शित-परिष्कृत कोल्ड फिनिस्ड) बाहेक अन्य काम नभएका | प्र.मे.टन रु.१०००।- |
| | ७२१५.९०.०० | -अन्य | प्र.मे.टन रु.१०००।- |
| ८४.२१ | | अपकेन्द्रित (सेन्ट्रिफ्युजेज), अपकेन्द्रण शोष (सेन्ट्रिफ्युगल ड्रायर्स) समेत, तरल र ग्याँस नित्तिका निस्पन्दन (फिल्टरिङ्ग) वा परिशोधन (प्युरिफिाइङ्ग) यन्त्रावली (मशिनरी) र उपकरणहरु (एपरेटस) | |

| | | | |
|---|---|---|---|
| | | -तरल पदर्थको लागि निस्पन्दन(फिल्टरिङ्ग) वा परिशोधन (प्यूरीफाङ्ग) का यन्त्रावली उपकरणहरु (मेशिनरी एण्ड एपरेट्स) | |
| | ८४२१.२३.०० | --ईन्टरनल कम्बशन इन्जिनको लागि लेत पेट्रोल निस्यन्दकहरु (फिल्टर्स) | मोल प्रतिशत ५ |
| | ८४२१.३१.०० | --इन्टरनल कम्वस्शन इन्जिनको वायु अन्तग्रहण निस्पन्दकहरु(इनटेक एयर (फिल्टर्स) | मोल प्रतिशत ५ |
| ८४.४३ | | प्लेटहरु, सिलिण्डरहरु र शीर्षक ८४.४२ का छपाईका अन्य उपादानहरुद्वारा मुद्रण कार्यको लागि प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावली; अन्य मुद्रण यन्त्रहरु, प्रतिलिपि उतार्ने यन्त्रहरु, र फ्याक्स गर्ने यन्त्रहरु, संयोजित भएका वा नभएका; तिनका अङ्गहरु र सहायक वस्तुहरु (पाटर्स एण्ड एसेसरिज) । | |
| | | -अन्य मुद्रकहरु, प्रतिलिपि उतार्ने यन्त्रहरु र फ्याक्स गर्ने यन्त्रहरु; संयोजन भएका वा नभएका : | |
| | ८४४३.३१.०० | --मुद्रण गर्ने, प्रतिलिपि उतार्ने वा फ्याक्स पठाउने मध्ये दुई वा दुई भन्दा बढी कार्यहरु सम्पन्न गर्न सक्ने यन्त्रहरु, स्वचालित आँकडा प्रशोधन यन्त्र वा संजाल (नेटवर्क) मा जोड्न सकिने किसिमका | मोल प्रतिशत १० |
| | ८४४३.३९.०० | --अन्य | मोल प्रतिशत १० |

| | | | |
|---|---|---|---|
| ८४.७२ | | अन्य कार्यालय यन्त्रहरु (अफिस मशिन्स) (उदाहणत : हेक्टोग्राफ वा स्टेन्सिल डुप्लिकेटिङ्ग मशिनहरु, एड्रेसिङ्ग मशिनहरु, अटोम्याटिक ब्याङ्कनोट डिस्पेन्सरहरु, क्वाइनसौर्टिङ्ग मशिनहरु (मुद्रा छांट्ने यन्त्र), क्वाइन काउण्टिङ्ग वा र्‍यापिङ्ग मशिनहरु, पेन्सिल शार्पेनिङ्ग मशिनहरु, परफोरेटिङ्ग वा स्ट्याप्लिङ्ग मशिनहरु) । | |
| | ८४७२.९०.०० | -अन्य | मोल प्रतिशत १५ |
| ८४.७९ | | यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, ब्यक्तिगत कार्य (इनडिभिजुअल फङ्कसन्स) भएका यन्त्रहरु र यान्त्रिक साधित्रहरु (मेकानिकल अप्लायन्सेस) । | |
| | | --अन्य : | |
| | ८४७९.८९.९० | ---अन्य | मोल प्रतिशत १० |
| ८४.८१ | | नल (पाइप) हरु, वाष्पित्र वा ब्वायलरको वाह्यावरण (ब्वायलर शेल), जलाशय(टैङ्कस), भ्याटहरु वा यस्तै वस्तुहरुको लागि टुटीहरु (ट्याप्स, कौक्स), भल्भहरु र यस्तै उपकरणहरु, प्रेसर रिड्युसिङ्ग भल्भ र ताप स्थैतकीय ढंगले नियन्त्रित (थर्मोस्टाटिकली कन्ट्रोल्ड) भल्भहरु समेत | |

| | | | |
|---|---|---|---|
| | ८४८१.१०.०० | -प्रेसर रिड्युसिङ्ग भल्भहरु | मोल प्रतिशत ५ |
| | ८४८१.२०.०० | -ओलियो हाइड्रोलिक वा न्युम्याटिक ट्रान्समिसन निमित्तका भल्भहरु | मोल प्रतिशत ५ |
| | ८४८१.३०.०० | -चेक(नन्रिटर्न) भल्भहरु | मोल प्रतिशत ५ |
| | ८४८१.४०.०० | -सेफ्टि वा रिलिफ भल्भहरु | मोल प्रतिशत ५ |
| | | -अन्य उपकरणहरु (अप्लायन्सेस): | |
| | ८४८१.८०.९० | --अन्य | मोल प्रतिशत ५ |
| ८५.०७ | | चारपाटे (वर्गाकार समेत) भएको वा नभएको विद्युत संचित गर्ने यन्त्र (एकुमुलेटर); तिनका छुट्याउने यन्त्र (सेपरेटर) समेत । | |
| | ८५०७.१०.०० | -पिष्टन इन्जिन जगाउन प्रयोग हुने प्रकारको सीसा अम्ल (लीड-एसीड) | मोल प्रतिशत १० |
| | ८५०७.२०.०० | -अन्य लीड एसीड एकुमुलेटर | मोल प्रतिशत १० |
| | ८५०७.८०.०० | -अन्य एकुमुलेटर | मोल प्रतिशत १० |

| | | | |
|---|---|---|---|
| ८५.११ | | विद्युत इग्निसन वा स्पार्क इग्निसन वा कम्प्रेसन इग्निसन इन्टरनल कम्वसन इन्जिनको लागि स्टार्टिङ्ग उपकरणहरु (जस्तै-इग्निसन म्याग्नेटोस्, म्याग्नेटो डाइनामोज (चुम्वकीय डाइनामो), इग्निसन क्वायल, स्पार्किङ्ग प्लग र ग्लो प्लग, स्टाटर मोटर); जेनेरेटर, (जस्तै-डाइनामा, अल्टरनेटर्स) र यस्तो इन्जिनमा जोड्ने कट आउटहरु । | |
| | ८५११.१०.०० | -स्पार्किङ प्लग | मोल प्रतिशत ५ |
| ८५.१२ | | विद्युतको प्रकाश दिने वा सूचना दिने उपकरणहरु (शीर्षक ८५.३९ का सामान बाहेक), साइकल वा मोटर साइकलमा प्रयोग हुने विण्ड स्क्रिन, वाइपर, डिफ्रोष्टर र डेमिष्टर । | मोल प्रतिशत ५ |
| | ८५१२.१०.०० | -साइकलमा प्रयोग हुने प्रकाश वा दृष्टिसूचक औजारहरु | मोल प्रतिशत ५ |
| | ८५१२.२०.०० | -अन्य प्रकाश वा दृष्टिसूचक (भिजुअल सिग्नलिङ्ग) औजारहरु | मोल प्रतिशत ५ |
| | ८५१२.३०.०० | -ध्वनिसूचक (साउण्ड सिग्नलिङ्ग) औजारहरु | मोल प्रतिशत ५ |
| | ८५१२.४०.०० | -विण्ड स्क्रिन विपर, डिफ्रोष्टर र डेमिष्टर | मोल प्रतिशत ५ |
| | ८५१२.९०.०० | -पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ८५.१७ | | टेलिफोन सेटहरु, सेलुलर संजालहरु वा अन्य तारविहिन संजालहरुका लागि प्रयोग हुने टेलिफोनहरु समेत; ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरु, तारसहित वाताररहित संजाल (जस्तै: स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा संचार गर्न प्रयोग हुने उपकरणहरु समेत, शीर्षक ८४.४३, ८५.२५, ८५.२७ वा ८५.२८ का प्रसारण वा संग्रहण उपकरणहरु बाहेक। | मोल प्रतिशत ५ |
| | | -ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरु, तारसहित वा ताररहित संजाल (जस्तै : स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा संचार गर्न प्रयोग हुने उपकरणहरु समेत। | |
| | ८५१७.६१.०० | --आधार स्थानहरु (बेस स्टेशन्स) | मोल प्रतिशत ५ |
| | ८५१७.६२.०० | --ध्वनी, छवी वा अन्य आँकडालाई संग्रहण गर्ने परिवर्तन गर्ने र प्रसारण वा पुनरुत्पादन गर्ने यन्त्रहरु, स्वीचीङ्ग र राउटिङ्ग उपकरणहरु समेत | मोल प्रतिशत ५ |
| | ८५१७.६९.०० | --अन्य | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ८५१७.७०.०० | -अङ्गहरु (पार्टस) | मोल प्रतिशत ५ |
| ८५.१८ | | सूक्ष्मध्वनी वाहक (माइक्रोफोन) हरु र त्यस निमित्तका धारकहरु (स्टयाण्डस); संलग्नक (इनक्लोजर) मा आरोपित (माउण्टेड्) भए वा नभएका ध्वनि विस्तारक यन्त्रहरु (लाउड् स्पीकर्स); सुक्ष्मध्वनि वाहक (माइक्रोफोन) सम्मिलित (कम्वाइण्ड) भएको वा नभएको कर्ण श्रवणयन्त्र (हेड फोन) हरु तथा कर्ण श्रवणयन्त्र (इयर फोन) हरु, र एक सूक्ष्मध्वनिवाहक (माइक्रोफोन) तथा एक वा एक भन्दा बढी ध्वनि विस्तारक यन्त्र (लाउडस्पीकर) हरु भएका समुच्चय (सेट) हरु; श्रव्यावृत्ति वैद्युतिक विस्तारक (अडियो फ्रिक्वेन्सी इलेक्ट्रिक एम्प्लिफायर) हरु; वैद्युतिक ध्वनी प्रवर्द्धक यन्त्र (इलेक्ट्रिक साउण्ड एम्प्लीफायर) का समुच्चयहरु (सेट्स) | |
| | ८५१८.१०.०० | -माइक्रोफोन र तिनका अडेसाहरु | मोल प्रतिशत ५ |
| | | -बट्टाभित्र अड्याइएका वा नअड्याइएका लाउड स्पिकरहरु: | |
| | ८५१८.२९.०० | --अन्य | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ८५.२३ | | डिस्कहरु, टेपहरु, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरु, "स्मार्ट कार्डहरु" र ध्वनी वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरु र माष्टरहरु, तर भाग ३७ का उत्पादनहरु बाहेक । | |
| | | -चुम्बकीय माध्यमः | |
| | ८५२३.२९.०० | --अन्यः | मोल प्रतिशत ५ |
| | | -चाक्षुषीय (अप्टिकल) माध्यमः | |
| | ८५२३.४१.०० | --रेकर्ड नगरिएको | मोल प्रतिशत ५ |
| | ८५२३.४९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -अर्धसंवाहक (सेमिकन्डक्टर) माध्यमः | |
| | ८५२३.५१.०० | --सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरु | मोल प्रतिशत ५ |
| | ८५२३.५२.०० | --"स्मार्ट कार्डहरु" | मोल प्रतिशत ५ |
| | ८५२३.५९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | | -अन्य | |
| | ८५२३.८०.१० | --सफ्टवेयरहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ८५२३.८०.९० | --अन्य | मोल प्रतिशत ५ |
| ८५.२५ | | संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो प्रसारण (रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेटस); टेलिभिजन क्यामराहरु; डिजिटल क्यामराहरु र भिडियो क्यामरा-रिकर्डर्स । | |
| | ८५२५.६०.०० | -संग्रहण उपकरण (रिसेप्सन एपरेटस्) समाविष्ट ट्रान्समिसन उपकरणहरु | मोल प्रतिशत ५ |
| | ८५२५.८०.०० | -टेलिभिजन क्यामराहरु, डिजिटल क्यामराहरु र भिडियो क्यामरा रिकर्डरहरु (भिडियो क्यामरा रेकर्डर्स) | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ८५.२८ | | रेडियो प्रसारण (ब्रोडकास्ट) ग्राहकहरु (रिसिभर्स) अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरणहरु (ऐपरेटस) समाविष्ट (इनकरपोरेटिङ्ग) भएका वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण (ऐपरेटस); टेलिभिजन संग्रहण उपकरणहरु समाविष्ट नभएका मोनिटरहरु (परीविक्षकहरु) र प्रोजेक्टर (प्रक्षेपित्र) हरु । | |
| | | -प्रोजेक्टर (प्रक्षेपित्र) हरु: | |
| | ८५२८.६१.०० | --शीर्षक ८४.७१ को स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किसिमको | मोल प्रतिशत रु.१० |
| | | -रेडियो ब्रोडकाष्ट रिसिभरहरु वा ध्वनी वा दृष्य अभिलेखन वा पुनरुत्पादन उपकरणहरु समावेश भएका वा नभएका टेलिभिजन निमित्तका संग्रहण उपकरणहरु: | |
| | | --अन्य रंगिन | |
| | ८५२८.७२.१० | ---अनएसेम्बल्ड अवस्थाका | मोल प्रतिशत ५ |
| | ८५२८.७२.९० | ---अन्य(तयारी टेलीभिजन) | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ८५.२९ | | शीर्षक ८५.२५ देखि ८५.२८ सम्मका उपकरणहरुको लागि पूर्णतया वा मुख्यतया प्रयोगयोग्य पार्टपूर्जाहरु । | |
| | | -अन्य : | |
| | ८५२९.९०.१० | --टेलिभिजन रिसिभरका | मोल प्रतिशत १५ |
| ८५.३१ | | शीर्षक ८५.१२ वा ८५.३० बाहेकका विद्युतीय ध्वनि वा दृश्य सूचक उपकरणहरु (जस्तै-घण्टी, साइरन, इंडिकेटर प्यानेल, चोर घण्टी (वर्गलर एलार्म) वा आगलागीको घण्टी (फायर अलार्म) । | |
| | ८५३१.२०.०० | -तरल स्फटिक सामाग्री (एल.सी.डी.) वा प्रकाश इमिटिङ डायोड्स (एल.इ.डी.) समाविष्ट इण्डिकेटर प्यानेल | मोल प्रतिशत १० |
| | ८५३१.९०.०० | -पार्टपुर्जाहरु | मोल प्रतिशत १० |
| ८५.३२ | | स्थिर भ्यारिएवल र मिलाउन हुने विद्युतीय सन्धारित्र (क्यापासिटर) (प्रि-सेट) । | |
| | ८५३२.१०.०० | -५०।६० हर्ज सर्किटको प्रयोगको लागि तयार गरिएको स्थिर सन्धारित्र (क्यापासिटर) र ०.५ के.भार (पावर क्यापासिटर) भन्दा कम क्षमता नभएको रिएक्टीभ शक्ति संचालन गर्न सक्ने भएको | मोल प्रतिशत १० |
| | | -अन्य स्थिर सन्धारित्र (क्यापासिटर): | |

| | | | |
|---|---|---|---|
| | ८५३२.२१.०० | --ट्यान्टालम | मोल प्रतिशत १० |
| | ८५३२.२२.०० | --आल्मुनियम इलेक्ट्रोलाइटिक | मोल प्रतिशत १० |
| | ८५३२.२३.०० | --सेरामिक डाइईलेक्ट्रिक, सिङ्गल लेयर | मोल प्रतिशत १० |
| | ८५३२.२४.०० | --सेरामिक डाइईलेक्ट्रिक, मल्टिलेयर | मोल प्रतिशत १० |
| | ८५३२.२५.०० | --कागज वा प्लाष्टिकको डाइईलेक्ट्रिक | मोल प्रतिशत १० |
| | ८५३२.२९.०० | --अन्य | मोल प्रतिशत १० |
| | ८५३२.३०.०० | -भ्यारिएवल वा एडजष्टेवल (मिलाउन हुने) (प्रि-सेट) क्यापासिटर | मोल प्रतिशत १० |
| | ८५३२.९०.०० | -पार्टपुर्जाहरु | मोल प्रतिशत १० |
| ८५.३३ | | विद्युत प्रतिरोधक (रेसिष्टर) (रियोस्ट्याट् र पोटेन्शीयोमिटर समेत), ताप प्रतिरोधक बाहेक । | |
| | ८५३३.१०.०० | -स्थिर कार्बन प्रतिरोधक, कम्पोजिसन वा फिल्म जस्ता | मोल प्रतिशत १० |
| | | -अन्य स्थिरप्रतिरोधकः | |
| | ८५३३.२१.०० | --२० वाट सम्मको शक्ति संचालन क्षमताका लागि | मोल प्रतिशत १० |
| | ८५३३.२९.०० | --अन्य | मोल प्रतिशत १० |
| | | -तार जोडिएको घटबढ हुने (भ्यारिएवल) प्रतिरोधक, रियोस्ट्याट्स र पोटेन्शीयोमिटरः | |
| | ८५३३.३१.०० | --२० वाट सम्मको शक्ति संचालन क्षमताका लागि | मोल प्रतिशत १० |
| | ८५३३.३९.०० | --अन्य | मोल प्रतिशत १० |

| | | | |
|---|---|---|---|
| | ८५३३.४०.०० | -अन्य घटबढ हुने प्रतिरोधक, रियोष्ट्याट्स र पोटेन्शीयोमिटर समेत | मोल प्रतिशत १० |
| | ८५३३.९०.०० | -पार्टपुर्जाहरु | मोल प्रतिशत १० |
| ८५.३४ | ८५३४.००.०० | प्रिन्टेड सर्किट (छापिएका परिपथहरु) । | मोल प्रतिशत १० |
| ८५.३६ | | १००० भोल्टसम्मको भोल्टेज भएको वाल्ने निभाउने (स्वीचिङ) वा विद्युतीय परिपथको लागि वा विद्युत परिपथमा वा संग जोड्नको लागि चाहिने वैद्युतिक उपकरणहरु (जस्तै, स्वीच, रिले, फ्यूज, सर्ज सप्रेसर, प्लग, सकेट, ल्याम्प-होल्डर र अन्य संयोजकहरु (कनेक्टर्स) जक्सन बक्सेस); चाक्षुषीय तन्तुहरु (अप्टिकल फाइवर्स), चाक्षुषीय तन्तुका मुट्ठा वा मोटा तारहरु निमित्तका संयोजकहरु (कनेक्टर्स) । | |
| | ८५३६.५०.०० | -अन्य स्वीचहरु | मोल प्रतिशत १५ |
| | | -ल्याम्प होल्डर, प्लग र सकेटहरु : | |
| | ८५३६.६९.०० | --अन्य | मोल प्रतिशत १५ |
| | ८५३६.९०.०० | -अन्य उपकरणहरु | मोल प्रतिशत १५ |

| | | | |
|---|---|---|---|
| ८५.४० | | तातो, चीसो क्याथोड वा फोटोक्याथोड भल्भस् र ट्यूबस् (जस्तै-भ्याकुम वा भेपोर वा ग्याँस फिल्ड भल्भ र ट्यूब, मर्करी आर्क रेक्टीफाइङ भल्भ र ट्यूब, क्याथोड रे ट्यूब, टेलिभिजन क्यामरा ट्यूब) । | |
| | | -क्याथोड-रे, टेलिभिजन पिक्चर ट्यूब, भिडियो मनिटर क्याथोड रे ट्यूब समेतः | |
| | ८५४०.११.०० | --रंगीन | मोल प्रतिशत ५ |
| ८५.४४ | | विद्युतरुद्ध (इन्सुलेटेड), (इनामेल लगाएको वा एनोडाइज समेत), तार (वायर), केबुल (को-एक्सेल केबुल समेत) र कनेक्टरसंग जोडिएको वा नजोडिएको अन्य इन्सुलेटेड कन्डक्टर; अप्टिकल फाइबर केबुल, तार, विद्युत कण्डक्टर वा कनेक्टर जोडेको वा नजोडेको प्रत्येक ढाकिएका रेशाहरु (शिद्ड फाइबर) बाट बनेको तार । | |
| | | -१००० भोल्टसम्मको लागि अन्य इलेक्ट्रिक कण्डक्टरहरुः | |
| | ८५४४.४२.०० | --कनेक्टरसंग जोडिएका | मोल प्रतिशत १५ |
| | ८५४४.४९.०० | --अन्य | मोल प्रतिशत १५ |
| | ८५४४.७०.०० | -अप्टिकल फाइबर केवुल | मोल प्रतिशत १० |

| | | | |
|---|---|---|---|
| ८७.०२ | | ड्राइभर समेत १० वा सो भन्दा बढी यात्रुहरु बोक्ने मोटर गाडीहरु । | |
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डिजेल वा अर्द्ध डिजेल) भएको: | |
| | ८७०२.१०.१० | --बसहरु (२६ सिट र सो भन्दा बढीको) | मोल प्रतिशत ५ |
| | ८७०२.१०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | मोल प्रतिशत.३५ |
| | ८७०२.१०.३० | --माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | मोल प्रतिशत ५५ |
| | ८७०२.१०.९० | --जीप, कार र भ्यानहरु | मोल प्रतिशत ६० |
| | | -अन्य | |
| | ८७०२.९०.१० | --बसहरु (२६ सिट र सो भन्दा बढीको) | मोल प्रतिशत ५ |
| | ८७०२.९०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | मोल प्रतिशत ३५ |
| | ८७०२.९०.३० | --माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | मोल प्रतिशत ५५ |
| | ८७०२.९०.९० | --जीप कार र भ्यानहरु | मोल प्रतिशत ६० |
| ८७.०३ | | मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ बाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत । | |
| | | -मूलतः हिउंमा यात्रा गर्नका लागि बनेका गाडीहरु गल्फ कार र यस्तै गाडीहरुः | |

| | | | |
|---|---|---|---|
| | ८७०३.१०.१० | --मूलतः हिउंमा यात्रा गर्नका लागि बनेका गाडीहरु | मोल प्रतिशत ६० |
| | ८७०३.१०.९० | --अन्य | मोल प्रतिशत ६० |
| | | -स्पार्क इग्नीसन इन्टरनल कम्वस्चन रेसिप्रोकेटिङ प्रिस्टोन इञ्जिन भएका अन्य गाडीहरु | |
| | | --सिलिण्डर क्षमता १००० सी.सी. ननाघेको | |
| | ८७०३.२१.१० | ---तीन पांग्रे गाडीहरु (अटोरिक्सा) | मोल प्रतिशत ५५ |
| | ८७०३.२१.९० | ---अन्य | मोल प्रतिशत ६० |
| | ८७०३.२२.०० | --सिलिण्डर क्षमता १,००० सी.सी. नाघेको तर १,५०० सी.सी. ननाघेको | मोल प्रतिशत ६० |
| | ८७०३.२३.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर ३,००० सी.सी. ननाघेको | मोल प्रतिशत ६० |
| | ८७०३.२४.०० | --सिलिण्डर क्षमता ३,००० सी.सी. नाघेको | मोल प्रतिशत ६० |
| | | -कम्प्रेशन इग्नीसन इन्टरनल कम्वस्चन प्रिस्टोन इञ्जिन (डिजेल वा अर्धडिजेल) भएका अन्य गाडीहरु | |
| | ८७०३.३१.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघेको | मोल प्रतिशत ६० |
| | ८७०३.३२.०० | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर २,५०० सी.सी. ननाघेको | मोल प्रतिशत ६० |
| | ८७०३.३३.०० | --सिलिण्डर क्षमता २,५०० सी.सी. नाघेको | मोल प्रतिशत ६० |
| | | -अन्य | |

| | | | |
|---|---|---|---|
| | | | |
| | ८७०३.९०.९० | --अन्य | मोल प्रतिशत ६० |
| ८७.०४ | | वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरु । | |
| | ८७०४.१०.०० | -राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरु | मोल प्रतिशत ५ |
| | | -अन्य, कंप्रेसन इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डीजेल वा अर्ध डिजेल) भएका: | |
| | | --बाहनको कूल तौल (जी.भी.डब्लु.) ५ टन ननाघेको : | |
| | ८७०४.२१.१० | ---मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ जना भन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी | मोल प्रतिशत ६० |
| | ८७०४.२१.२०.१० | ---मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ सीट भएको सिंगल क्याब पिकअप गाडी | मोल प्रतिशत ५० |
| | ८७०४.२१.२०.२० | ---डेलिभरी भ्यान | मोल प्रतिशत ३० |
| | ८७०४.२१.९०. | ---अन्य | मोल प्रतिशत ५ |
| | | --बाहनको कूल तौल (जी.भी.डब्लु) ५ टन नाघेको: | |

| | | | |
|---|---|---|---|
| | ८७०४.२२.१० | ---मूलत सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ जना भन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी | मोल प्रतिशत ६० |
| | ८७०४.२२.९० | ---अन्य | मोल प्रतिशत ५ |
| | ८७०४.२३.०० | --बाहनको कूल तौल (जी. भी. डब्लु) २० टन नाघेको | मोल प्रतिशत ५ |
| | | -अन्य स्पार्क-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन भएको: | |
| | ८७०४.३१.०० | --डेलिभरी भ्यान | मोल प्रतिशत ३० |
| | ८७०४.३२.०० | --बाहनको कूल तौल (जी.भी.डब्लु) ५ टन नाघेको | मोल प्रतिशत ५ |
| | ८७०४.९०.०० | -अन्य | मोल प्रतिशत ५ |
| ८७.०६ | | शीर्षक ८७.०१ देखि ८७.०५ सम्मको मोटर गाडीका लागि इन्जिनसंग जोडिएका चेसिस। | |
| | ८७०६.००.२० | -मिनिबसहरु (१५ देखि २५ सम्म सिट भएको) का | मोल प्रतिशत ३५ |
| | ८७०६.००.३० | -माइक्रोबसहरु (११ देखि १४ सम्म सिट भएको) का | मोल प्रतिशत ५५ |
| | ८७०६.००.४० | -जीप कार र भ्यानहरुका | मोल प्रतिशत ६० |
| | ८७०६.००.५० | -तिन पांग्रे गाडीहरु (अटोरिक्सा) का | मोल प्रतिशत ५५ |
| | ८७०६.००.६०.१० | -डवल क्याव पिकअप गाडीहरुको | मोल प्रतिशत ६० |

| | | | |
|---|---|---|---|
| | ८७०६.००.६०.२० | -सिङ्गल क्याव पिकअप गाडीहरुको | मोल प्रतिशत ५० |
| | ८७०६.००.६०.३० | --डेलिभरी भ्यानका | मोल प्रतिशत ३० |
| | ८७०६.००.७० | -राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरुका | मोल प्रतिशत ५ |
| | ८७०६.००.८० | बस, ट्रकहरुका | मोल प्रतिशत ५ |
| | ८७०६.००.९० | -अन्य | मोल प्रतिशत ५ |
| ८७.०८ | | शीर्षक ८७.०१ देखि ८७.०५ का मोटर गाडीका पार्टपूर्जाहरु र सहायक सामग्रीहरु। | |
| | ८७०८.१०.०० | -बम्परहरु र तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |
| | | -गाडीको मुख्य भाग (बडी) का अन्य पार्टपूर्जाहरु र सहायक सामग्रीहरु (क्याव समेत) : | |
| | ८७०८.२१.०० | --सीटको सुरक्षा पेटीहरु (सेफ्टी सीट वेल्ट) | मोल प्रतिशत ५ |
| | ८७०८.२९.०० | --अन्य | मोल प्रतिशत ५ |
| | ८७०८.३०.०० | -ब्रेकहरु (गतिरोधक) र सहायक ब्रेकहरु; तिनका पार्टपूर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.४०.०० | -गेयर बाकसहरु र तिनका पार्टपूर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.५०.०० | -अन्य ट्रान्समिसन कम्पोनेन्टसंग जोडेको वा नजोडेको डिफरेन्सीयलसंगको ड्राइभ एक्सल र ननड्राइभिङ्ग एक्सेलहरु; तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ८७०८.७०.०० | -सडक पांग्राहरु (रोड व्हिल्स) र तिनका पार्टपूर्जाहरु र सहायक सामग्रीहरु | मोल प्रतिशत ५ |
| | ८७०८.८०.०० | -सस्पेन्सन प्रणालीहरु र तिनका पार्टपुर्जाहरु (शक-एब्जोर्वरहरु समेत) | मोल प्रतिशत ५ |
| | | -अन्य पार्टपूर्जाहरु र सहायक सामग्रीहरु: | मोल प्रतिशत ५ |
| | ८७०८.९१.०० | --रेडिएटर र तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.९२.०० | --साइलेन्सर (मफलर्स) र एक्जष्ट पाइपहरु; तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.९३.०० | --क्लच र तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.९४.०० | --स्टेरिङ पांग्राहरु, स्टेरिङ कोलम (स्तंभ) र स्टेरिङ बाकसहरु; तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.९५.०० | --इन्फ्ल्याटर प्रणाली भएका सेफ्टी एयरब्यागहरु; तिनका पार्टपुर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७०८.९९.०० | --अन्य | मोल प्रतिशत ५ |
| ८७.११ | | मोटरसाइकलहरु (मोपेड सहित) र साइड कार रहित वा सहित साइकलमा सहायक मोटर जडान गरेको साइडकारहरु । | |
| | ८७११.१०.०० | -सिलिण्डर क्षमता ५० सी.सी. ननाघेको रेसिप्रोकेटिङ इन्टरनल कम्बसन पिष्टोन इन्जिन | मोल प्रतिशत ४० |

| | | | |
|---|---|---|---|
| | ८७११.२०.०० | -सिलिण्डर क्षमता ५० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको रेसिप्रोकेटिङ इन्टरनल कम्बसन पिष्टोन इन्जिन | मोल प्रतिशत ४० |
| | ८७११.३०.०० | -सिलिण्डर क्षमता २५० सी.सी. नाघेको तर ५०० सी.सी. ननाघेको रेसिप्रोकेटिङ इन्टरनल कम्बसन पिष्टोन इन्जिन | मोल प्रतिशत ४० |
| | ८७११.४०.०० | -सिलिण्डर क्षमता ५०० सी.सी. नाघेको तर ८०० सी.सी. ननाघेको रेसिप्रोकेटिङ इन्टरनल कम्बसन पिष्टोन इन्जिन | मोल प्रतिशत ४० |
| | ८७११.५०.०० | -सिलिण्डर क्षमता ८०० सी.सी. नाघेको रेसिप्रोकेटिङ इन्टरनल कम्बसन पिष्टोन इन्जिन | मोल प्रतिशत ४० |
| | ८७११.९०.०० | -अन्य | मोल प्रतिशत ४० |
| ८७.१४ | | शीर्षक ८७.११ देखि ८७.१३ सम्मको गाडीहरुको पार्टपूर्जाहरु र सहायक सामग्रीहरु। | |
| | ८७१४.१०.०० | -मोटर साइकल (मोपेड समेत) को | मोल प्रतिशत ५ |
| | | -अन्य : | मोल प्रतिशत ५ |
| | ८७१४.९१.०० | --फ्रेम र फोर्क, र तिनका पार्टपूर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७१४.९२.०० | --पांग्राको रीमहरु र स्पोक (चक्काको प्रत्येक त्रिज्याकार बींड, पांग्रा ओह्रालोमा गुड्नबाट रोक्ने डण्डा) | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| | ८७१४.९३.०० | --पांग्राको भाग (हब), भिरालोमा पाउदान नचाली गतिरोध गर्ने पांग्राको भाग (कोष्टर ब्रेकिङ हव) र पांग्राको भागको गतिरोधक (हब ब्रेकर) र स्वतन्त्र चक्काको दांत चक्का (स्प्रोकेट ब्हिल) | मोल प्रतिशत ५ |
| | ८७१४.९४.०० | --गतिरोधक (ब्रेक्स्), भिरालोमा पाउदान नचाली गतिरोध गर्ने पाङ्गाको भाग (कोष्टर ब्रेकिङ हव) र पाङ्गाको भागको गतिरोधक (हव ब्रेकर) समेत, र तिनका पार्टपूर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७१४.९५.०० | --काठीहरु | मोल प्रतिशत ५ |
| | ८७१४.९६.०० | --पेडल र क्रेङ्क गियर, तिनका पार्टपूर्जाहरु | मोल प्रतिशत ५ |
| | ८७१४.९९.९० | ---अन्य | मोल प्रतिशत ५ |
| ९०.१० | | यो भागको अन्यत्र उल्लेख नभएको वा समावेश नभएको तस्वीर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालाहरुमा प्रयोग हुने उपकरण र औजारहरु; नेगेटोस्कोप; प्रोजेक्सन स्क्रीन (प्रक्षेपक पर्दा) । | |
| | ९०१०.९०.०० | -पार्टपुर्जा र सहायक सामानहरु | मोल प्रतिशत १० |

| | | | |
|---|---|---|---|
| ९०.११ | | सूक्ष्म फोटोग्राफी (फोटोमाइकोग्राफी), सिनेफोटोमाइकोग्राफी वा माइकोप्रोजेक्सन (सूक्ष्म प्रक्षेपण) को लागि समेत संयुक्त चाक्षुष सूक्ष्मदर्शी यन्त्रहरु (कम्पाउण्ड अप्टिकल माइक्रोस्कोप) । | |
| | ९०११.१०.०० | -स्टीरियोस्कोपिक माइक्रोसकोप्स | मोल प्रतिशत ५ |
| | ९०११.२०.०० | -सूक्ष्म फोटो खिच्ने (फोटोमाइक्रोग्राफी), सूक्ष्म चलचित्र खिच्ने (सिनेफोटोमाइकोग्राफी) वा सूक्ष्म प्रक्षेपण (माइक्रो प्रोजेक्सन) का अन्य सूक्ष्म दर्शक यन्त्रहरु (माइक्रोस्कोप्स) | मोल प्रतिशत ५ |
| | ९०११.९०.०० | -पार्टपूर्जाहरु र सहायक सामानहरु | मोल प्रतिशत ५ |
| ९०.१२ | | चाक्षुष (अप्टिकल) सूक्ष्मदर्शक यन्त्रहरु (माइक्रोस्कोप्स) बाहेकका सूक्ष्मदर्शक यन्त्रहरु; विवर्तित उपकरणहरु (डिफ्रयाक्सन एपरेटस) । | |
| | ९०१२.१०.०० | -दुरवीक्षण यन्त्रहरु (माइक्रोस्कोप्स), अप्टिकल माइक्रोस्कोपहरु बाहेक; विवर्तन उपकरणहरु (डिफ्रयाक्सन एपरेटस्) | मोल प्रतिशत ५ |
| | ९०१२.९०.०० | -पार्टपूर्जाहरु र सहायक सामग्रीहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ९०.१७ | | खिच्ने, चिनो लगाउने, वा गणितीय हिसाव गर्ने औजारहरु (जस्तै-खिंच्ने मेशिन, नक्सा उतार्ने यन्त्र, प्रोट्रयाक्टर, नक्साका सेटहरु, स्लाइड् रुलहरु, डिस्क क्याल्कुलेटर); यस भागमा अन्यत्र नपरेको, हातले लम्वाई नाप्ने औजारहरु (जस्तै-नाप्ने डण्डी र फित्ता वा माइक्रोमिटर, क्यालिपर्स) । | मोल प्रतिशत ५ |
| | ९०१७.२०.०० | -अन्य खिच्ने, चिनो लगाउने र गणितीय हिसाव गर्ने औजारहरु | मोल प्रतिशत ५ |
| | ९०१७.९०.०० | -पार्टपूर्जाहरु र सहायक सामग्रीहरु | मोल प्रतिशत ५ |
| ९०.२६ | | ग्यांस वा अरु तरल पदार्थका प्रवाह, तह, दवाव वा अन्य विविधता (भेरियवल्स) नाप्ने वा परीक्षण गर्ने (जस्तै-प्रवाहमापक, सतहमापक, म्यानोमीटर (हावा वा वाष्पको दवाव नाप्ने यन्त्र) तापमापक) औजार र उपकरणहरु, शीर्षक ९०.१४, ९०.१५, ९०.२८ वा ९०.३२ का औजार र उपकरणहरु बाहेक । | |
| | ९०२६.१०.०० | -तरलको प्रवाह वा सतह नाप्न वा परीक्षण गर्नको लागि | मोल प्रतिशत ५ |
| | ९०२६.२०.०० | -दवाव नाप्न वा परीक्षण गर्नको लागि | मोल प्रतिशत ५ |
| | ९०२६.८०.०० | -अन्य औजारहरु र उपकरणहरु | मोल प्रतिशत ५ |
| | ९०२६.९०.०० | -पार्टपूर्जाहरु र सहायक सामग्रीहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ९०.२७ | | भौतिक वा रासायनिक विश्लेषण(जस्तै- ध्रुवीकरणमापक (पोलारी-मिटर), परावर्तमापक रिफ्र्याक्टोमिटर), बर्णक्रममापक (स्पेक्ट्रो- मिटर), ग्यांस वा धुवां विश्लेषण गर्ने उपकरणहरु) का प्रयोगका औजारहरु र उपकरणहरु; च्यापच्याप लाग्ने (भिस्कोसिटी), छिद्रता (पोरोसिटी), प्रसारण (एक्सपान्सन) सतहको धारण-क्षमता (सर्फेस टेन्सन) वा यस्तै नाप्ने वा परीक्षण गर्ने औजार र यन्त्रहरु; तापको मात्रा, ध्वनि वा प्रकाशको नाप वा परीक्षण गर्ने औजारहरु र उपकरणहरु (एक्स्पोजर मीटर समेत); सूक्ष्मकर्तक (माइक्रोटोम्स) । | |
| | ९०२७.२०.०० | -वर्णलेख (क्रोम्याटोग्राफ) र विद्युत् संरचण सम्बन्धी (इलेक्ट्रोफोरिसिस) उपकरणहरु | मोल प्रतिशत ५ |
| | ९०२७.५०.०० | -चाक्षुष विकीरण (यू.भी., भिजिवल, आइ. आर.) प्रयोग गर्ने अन्य औजारहरु र उपकरणहरु | मोल प्रतिशत ५ |
| | ९०२७.८०.०० | -अन्य औजारहरु र उपकरणहरु | मोल प्रतिशत ५ |

| | | | |
|---|---|---|---|
| ९०.३० | | ओसीलोस्कोप (दोलनदर्शी), स्पेक्ट्रम (वर्णपट) विश्लेषक र शीर्षक ९०.२८ का मापक (मिटर) बाहेकका विद्युतको मात्रा नाप्ने वा परीक्षण गर्नको लागि प्रयोग हुने अन्य औजारहरु र उपकरणहरु; अल्फा, बिटा, गामा, एक्स-रे, कस्मिक (अन्तरिक्ष) वा अन्य आयोनाइजिङ (विद्युत अणु) विकीरण (रेडीएसन) नाप्ने वा पत्ता लगाउने औजार र उपकरणहरु । | |
| | ९०३०.४०.०० | -विशेषतः दूरसंचारको लागि निर्मित अन्य औजारहरु र उपकरणहरु (जस्तै-क्रस-टकमीटर, गेन मिजरिङ्ग गर्ने औजारहरु, डिस्टोर्सन फ्याक्टर मिटर, सोफोमिटर) | मोल प्रतिशत ५ |
| | ९०३०.९०.०० | -पार्टपूर्जाहरु र सहायक सामग्रीहरु | मोल प्रतिशत ५ |

द्रष्टव्य :-

(१) अन्तःशुल्क दरबन्दीमा माथि जुनसुकै कुरा लेखिएको भए तापनि एम्बुलेन्स, शव वाहन, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका स्कुटर र ब्याट्रिबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन ।

अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरिद गर्दा तिरेको अन्तःशुल्क त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा तिरेको अन्तःशुल्क सम्बन्धित भन्सार कार्यालयबाट र स्थानीय खरीद गर्दा तिरेको

अन्तःशुल्क आन्तरिक राजस्व विभागबाट फिर्ता गरिनेछ ।

(२) आर्थिक वर्ष २०६५/६६ सम्म खरिद भई मौज्दातमा रहेका अन्तःशुल्क लाग्ने सवारी साधनहरूको अन्तःशुल्क असुल गर्ने प्रक्रिया आर्थिक ऐन, २०६५ बमोजिम नै हुनेछ ।

(३) कुनै पनि मदिराको कक्टेल गरेमा सि.नं. १० बमोजिमको दरबन्दी लाग्नेछ ।

(४) ७० यू.पी. शक्तिको तयारी मदिरा सि.नं. १६ को रेक्टिफाइड स्प्रिट प्रयोग गरी मात्र बनाउन पाइनेछ ।

(५) मार्बलको स्थानीय उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

(६) सम्वत २०६५ साल कार्त्तिक १ गते नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचना अन्तर्गत प्राप्त सुविधा अन्तर्गत भन्सार महसुल छूटमा पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन ।

(७) मोटर साइकलको स्थानीय उत्पादनमा पचास प्रतिशत र अन्य सवारी साधनको स्थानीय उत्पादनमा लाग्ने अन्तःशुल्कमा पच्चीस प्रतिशत छूट हुनेछ ।

(८) विद्युतीय माध्यमबाट चल्ने सवारी साधनहरूमा अन्तःशुल्क लाग्ने छैन ।

(९) औद्योगिक नीति, २०६७ को अनुसूची-९ मा उल्लेख भएका अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डीको उत्पादनमा यस अन्तःशुल्क दरबन्दी अनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छूट हुनेछ ।

(१०) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अंकको उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ ।

(११) अन्तः शुल्क लाग्न सक्ने वस्तुहरूको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ ।

(१२) मदिरा, वियर र चुरोट पैठारीकर्ता वा सो को विक्रेता इजाजतपत्रवालाले विक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको शुरुमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ

सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ ।

(१३) शीर्षक ८५.०७ अन्तर्गत पर्ने लिड एसिड व्याट्रीको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

(१४) मदिराको अन्तःशुल्क गणना गर्दा प्रति एल. पि. लिटर वा प्रति लिटरमध्ये जुन बढी हुन्छ सोही दरमा गणना गरी असुल उपर गरिनेछ ।

(१५) हाते मेशिन तथा घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ उद्योगबाट उत्पादित (Ready to Eat नभएको) काँचो वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

(१६) उद्योगले पैठारी गर्ने शीर्षक ७२.१३ को उप-शीर्षक ७२१३.९०.१० को M. S. Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफरिशमा अन्तःशुल्क छुट दिइनेछ ।

(१७) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बसहरु सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्थाहरु तथा कम्पनीहरुले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसहरुमा अन्तःशुल्क छुट दिइनेछ । त्यसरी पैठारी गरेका सवारी साधनहरु पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री बितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन । दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पुरै अन्तःशुल्क लाग्नेछ ।

२९. मदिरा ऐन, २०३१ मा संशोधन : मदिरा ऐन, २०३१ को,-

(१) दफा २ को खण्ड (ग) पछि देहायका खण्ड (ग१), (ग२), (ग३), (ग४) र (ग५) थपिएका छन् :-

"(ग१) "अन्तःशुल्क अधिकृत" भन्नाले अन्तःशुल्क सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ग२) "उत्पादक" भन्नाले मदिरा उत्पादन गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(ग३) "व्यक्ति" भन्नाले कुनै व्यक्ति, प्रतिष्ठान, संघ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा

कोषको सञ्चालक, प्रोप्राइटर वा मुख्य भै काम गर्ने प्रतिनिधि वा एजेण्ट सम्झनु पर्छ र सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई मदिराको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रुपमा बिक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा वा त्यस्तै अन्य कारोबार गर्ने स्थान समेतलाई जनाउँछ ।

(ग४) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपालभित्र मदिरा ल्याउने कार्य सम्झनु पर्छ ।

(ग५) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ ।"

(२) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :–

"६. इजाजतपत्र लिनु पर्ने : अन्तःशुल्क ऐन, २०५८ वा सो ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न पाउने छैन ।"

(३) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

"१२. सजाय : (१) कसैले देहायका कसूर गरेमा बिगो जफत गरी बिगो बमोजिम जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ :-

(क) अन्तःशुल्क ऐन, २०५८ बमोजिम मदिरामा तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई मदिरा उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कसूर गर्न प्रयत्न वा दुरुत्साहन गरेमा सो उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

(३) कसूरसँग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग हुन आएको भाँडा वर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशीन, उपकरण वा सवारी साधन समेत जफत हुनेछ ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमति विना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिबाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्रहजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सवारी साधन भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकको संलग्नतामा प्रयोग गरेको पाइएमा त्यस्तो सवारी साधन जफत हुनेछ ।"

(४) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :-

"१५. पुनरावेदन : (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर राजस्व न्यायाधिकरणमा र नेपाल सरकारले तोकी दिएको अधिकारीले गरेको निर्णय उपर सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको एक प्रति सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ ।"

(५) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि मदिरा प्रशासन सम्बन्धी अन्य प्रचलित नेपाल कानून बमोजिम इजाजतपत्र, मदिराको कच्चा पदार्थ, उत्पादन, निष्काशन, प्रतिलब्धी दर, दरबन्दी र दस्तुर सम्बन्धी व्यवस्था अन्य प्रचलित कानून बमोजिम हुनेछ ।"

(६) यस ऐनको ठाउँ ठाउँमा रहेका "अनुमतिपत्र" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द र "अन्तःशुल्क अधिकारी" भन्ने शब्दहरूको सट्टा "अन्तःशुल्क अधिकृत" भन्ने शब्दहरू राखी रुपान्तरण गरिएको छ ।

३०. आयकर ऐन, २०५८ मा संशोधनः आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) "आय" भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम गणना गरिएको सो आयको कुल रकमलाई समेतलाई जनाउँछ ।"

(ख) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) "आकस्मिक लाभ" भन्नाले चिट्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी वा अन्य कुनै पनि आकस्मिक रुपमा प्राप्त हुने लाभ सम्झनु पर्छ ।"

(ग) खण्ड (ढ) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले दफा ९० बमोजिम बुझाउनु पर्ने रकम वा किस्ताबन्दीमा दाखिला गर्ने व्यक्तिले दफा ९४ बमोजिम बुझाउनु पर्ने रकम वा अग्रिम कर दाखिला गर्नु पर्ने व्यक्तिले दफा ९५क. बमोजिम बुझाउनु पर्ने रकम वा दफा ९९, १००, १०१ बमोजिम कर निर्धारण भए अनुसार बुझाउनु पर्ने रकम ।"

(घ) खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छ :-

"(त१) "कारोबार" भन्नाले कुनै आय वर्षको रोजगारी, व्यवसाय वा लगानीको आय गणना गर्ने प्रयोजनको लागि दफा ७, ८ वा ९ बमोजिम समावेश गरिने जम्मा रकम बराबरको कारोबार सम्झनु पर्छ ।"

(ङ) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) "गैर व्यावसायिक करयोग्य सम्पत्ति" भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-

(१) व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,

(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन,

(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको र

(ख) सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "निजी भवन" भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ सो लाई सम्झनु पर्छ ।

(३) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,

(४) कुनै प्राकृतिक व्यक्तिको तीस लाख रुपैयाँभन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन, वा

(५) तीन पुस्ताभित्र भएको खरीद, बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति ।"

(च) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएको छ :-

"(ध) "छुट पाउने संस्था" भन्नाले देहायका निकाय सम्झनु पर्छ :-

(१) कर छूट पाउने संस्थाको रुपमा विभागमा दर्ता भएका देहाय बमोजिमका निकाय :-

(क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था,

(ख) सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले सो संस्था वा

त्यसका सदस्यहरूले लाभ नलिने गरी गठन भएको अव्यवसायी (एमेच्योर) खेलकूद संस्था,

(२) निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल,

(३) गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति,

तर छूट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा बापतको कुनै भुक्तानी गर्दा बाहेक सो संस्थाको सम्पत्ति र सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई यस खण्ड बमोजिम कर छूट हुने छैन ।"

(छ) खण्ड (भ) को उपखण्ड (५) मा रहेका "उपखण्ड (१), (२) र (३)" भन्ने शब्दहरूको सट्टा "उपखण्ड (१), (२), (३) र (४)" भन्ने शब्दहरू राखिएका छन् ।

(ज) खण्ड (श) को उपखण्ड (१) र (२) को सट्टा देहायका उपखण्ड (१) र (२) राखिएका छन् :-

"(१) जमिनबाट पानी, खनिज पदार्थ वा अन्य जीवित वा निर्जीव स्रोत निकाल्ने अधिकार प्राप्त गरे बापतको भुक्तानी, वा

(२) जमिनबाट समग्र वा आंशिक रुपमा निकालिएको प्राकृतिक स्रोत र खनिज पदार्थको जीवित वा निर्जीव स्रोतको परिमाण वा मूल्यका आधारबाट गणना गरिएको रकम ।"

(झ) खण्ड (स) को सट्टा देहायको खण्ड (स) राखिएको छ :-

"(स) "भाडा" भन्नाले घर बहाल समेतका मूर्त सम्पत्तिको बहाल तथा पट्टा अन्तर्गत

गरिएका प्रिमियम लगायतका सबै भुक्तानी सम्झनु पर्छ ।

तर सो शब्दले प्राकृतिक स्रोत बापत भएको भुक्तानीलाई जनाउने छैन ।"

(ञ) खण्ड (कक) को उपखण्ड (३) मा रहेका "बैज्ञानिक अनुभव प्रदान गर्ने" भन्ने शव्दहरुको सट्टा "बैज्ञानिक अनुभव प्रयोग गर्ने वा प्रदान गर्ने" भन्ने शव्दहरु राखिएका छन् ।

(ट) खण्ड (कख) को सट्टा देहायको खण्ड (कख) राखिएको छ :-

"(कख) "लगानी" भन्नाले देहाय बमोजिम बाहेक एक वा एकभन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनु पर्छ :-

(१) सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,

(२) रोजगारी वा व्यवसाय ।

तर गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिनेछ ।"

(ठ) खण्ड (कङ) को,-

(१) उपखण्ड (१) को देहाय (ख) मा रहेका "कुनै आय वर्षको" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपखण्ड (३) को देहाय (ख) को अन्त्यमा "वा," भन्ने शब्द थपिएको छ ।

(३) उपखण्ड (४) को देहाय (क) को अन्त्यमा "वा," भन्ने शब्द थपिएको छ ।

(४) उपखण्ड (४) पछि देहायको उपखण्ड (४क) थपिएको छ :-

"(४क) नेपाल सरकार,"

(५) उपखण्ड (६) मा रहेको "र" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ ।

(ड) खण्ड (कझ) को उपखण्ड (२) मा रहेको "प्रिमियम" भन्ने शब्दको सट्टा "ऋण दायित्व

अन्तर्गतको छूट, प्रिमियम" भन्ने शब्दहरू राखिएका छन् ।

(ढ) खण्ड (कञ) मा रहेका "गरिएको वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(ण) खण्ड (कठ) पछि देहायको खण्ड (कठ१) थपिएको छ :-

"(कठ१) "विद्युतीय माध्यम" भन्नाले कम्प्यूटर, फयाक्स, इमेल, इन्टरनेट, विद्युतीय क्यास मेशिन, फिस्कल प्रिन्टर सम्झनु पर्छ र सो शब्दले विभागले तोकेका अन्य स्वीकृत माध्यमलाई समेत जनाउँछ । "

(त) खण्ड (कण) मा रहेका "उपखण्ड (४)" भन्ने शब्दहरूको सट्टा "उपखण्ड (५)" भन्ने शब्दहरू राखिएका छन् ।

(थ) खण्ड (कन) पछि देहायको खण्ड (कन१) थपिएको छ :-

"(कन१) "समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको कर योग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।"

(द) खण्ड (कल) मा रहेका "कार्यसँग सम्बन्धित कुनै निकायमा" भन्ने शब्दहरूको सट्टा "कुनै निकायमा खण्ड (म) बमोजिमको" भन्ने शब्दहरू थपिएका छन् ।

(२) दफा ४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै आय वर्षका लागि दफा ३ मा उल्लिखित कुनै व्यक्तिले दाखिला गर्नुपर्ने करको रकम सो दफाको खण्ड (क), (ख) र (ग) मा उल्लिखित कुनै एक वा एकभन्दा बढी व्यक्तिको हैसियतले सो व्यक्तिले दाखिला गर्नुपर्ने करको जम्मा रकम बराबर हुनेछ ।"

(ख) उपदफा (२) मा रहेका "दफा ५१ वा ७१" भन्ने शब्दहरूपछि "वा दुवै दफा" भन्ने शब्दहरू थपिएका छन् ।

(ग) उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) रोजगारदाताले भुक्तानी गरेको औषधी उपचार खर्च बापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा दफा १२ बमोजिम चन्दा बापत खर्च घटाउन दाबी नगरेको ।"

(घ) उपदफा (४) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) औषधी उपचार खर्च बापत दफा ५१ बमोजिम तथा अग्रिम करकट्टी बापत दफा ९३ बमोजिम कर मिलान गर्न दाबी नगरेको,"

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) व्यवसायबाट प्राप्त आय दुई लाख रुपैयाँ र व्यवसायको कारोबार बीस लाख रुपैयाँभन्दा बढी नभएको,

(३) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) मूल्य अभिबृद्धि करमा दर्ता नभएको ।"

(ङ) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुनै अवस्था पुरा गरेका दफा ३ को खण्ड (क) बमोजिमको वासिन्दा प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा कारोबारको आधारमा दाखिला गर्नु पर्ने कर अनुसूची -१ को दफा १ को उपदफा (१७) मा तोकिएको दर अनुसार गणना गरिएको रकम बराबर हुनेछ :-

(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा श्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको,

(ख) दफा ५१ बमोजिम औषधि उपचार खर्च वापत कर मिलान गर्न दावी नगरेको,

(ग) दफा ९३ बमोजिम अग्रिम कर कट्टी दावी नगरेको,

(घ) व्यवसायको कारोबार वार्षिक बीस लाख रुपैयाँभन्दा बढी र पचास लाख रुपैयाँभन्दा घटी भएको,

(ङ) मूल्य अभिबृद्धि करमा दर्ता नभएको, र

(च) चिकित्सक, इन्जिनियर, लेखा परीक्षक, कानून व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको ।"

(च) उपदफा (६) मा रहेका "दफा ८८" भन्ने शब्दहरूको सट्टा "दफा ८७, ८८, ८८क. र ८९" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ५ को,-

(क) तेस्रो हरफमा रहेका "दफा १२ वा" भन्ने शब्दहरूपछि "१२क. वा ६३ वा तीनै दफा" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) खण्ड (ख) को अन्त्यमा रहेको "र" भन्ने शब्द झिकिएको छ ।

(ग) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-
"(घ) आकस्मिक लाभ ।"

(४) दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. निर्धारणयोग्य आय : यस ऐनको अधीनमा रही कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको देहायका आयलाई निर्धारण योग्य आय मानिनेछ :-

(क) बासिन्दा व्यक्तिको आयको स्रोत जहाँसुकै भएपनि सो वर्षमा सो व्यक्तिको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय, र

(ख) गैर-बासिन्दा व्यक्तिको सो वर्षमा आयको स्रोत नेपालमा भएको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय ।

तर निर्धारणयोग्य आयमा दफा ११ वा ६४ वा दुबै दफा बमोजिम कर छूट दिइएको कुनै पनि आय समावेश हुने छैन ।"

(५) दफा ७ को उपदफा (१) मा रहेका "आयमा गणना गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "आय हुनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(६) दफा ९ को उपदफा (१) मा रहेका "मानी गणना गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "हुनेछ" भन्ने शब्द राखिएको छ ।

(७) दफा १० को,-

(क) खण्ड (क) मा रहेको "सन्धिमा" भन्ने शब्दको सट्टा "सन्धि वा सम्झौता" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (छ) को उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपिएको छ :-

"(४) नेपाल धितोपत्र बोर्डले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम ।

(ग) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छ :-

"(झ) नेपाल सरकारको जुनसुकै प्रकारको आय ।"

(८) दफा ११ को, -

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा

प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधी, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा ग्रामीण समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।"

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "ग्रामीण समुदाय" भन्नाले महानगरपालिका, उपमहानगरपालिका तथा ती क्षेत्रसँग जोडिएका गाउँ विकास समिति र नगरपालिका बाहेकको क्षेत्र सम्झनु पर्छ ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) ग्रामीण समुदायमा आधारित लघु वित्त संस्था, ग्रामीण विकास बैङ्क, हुलाक बचत बैङ्क र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आयमा कर लाग्ने छैन ।"

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) कुनै व्यक्तिलाई कुनै आय वर्षमा विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट भएको आयमा देहाय बमोजिम कर लगाइनेछ :-

(क) तीन सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको नब्बे प्रतिशत, बाह्र सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने विशेष उद्योगलाई सो वर्षको आयमा लाग्ने

करको असी प्रतिशत, महिला, दलित वा अपाङ्गहरूमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी एक सय जनाभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी प्रत्यक्ष रोजगारी दिएको विशेष उद्योगलाई सो वर्षको आयमा लाग्ने करको असी प्रतिशत,

(क१) वर्षभरी नेपाली नागरिकलाई मात्र प्रत्यक्ष रोजगारी दिएको बिशेष उद्योग, कृषिजन्य उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई सो वर्षको आयमा लाग्ने करको सत्तरी प्रतिशत,

तर यो सुविधा प्राप्त गर्ने उद्योगले कम्तिमा एक सय जनालाई रोजगारी प्रदान गरेको हुनु पर्नेछ ।

(ख) अति अविकसित, अविकसित, अल्पविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योग सञ्चालन भएको आय वर्ष समेत दश आय वर्षका लागि सो वर्षहरूको आयमा लाग्ने करको क्रमशः दश, बीस र तीस प्रतिशत,

(ग) एक अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने बिशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत,

तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता बृद्धि गरी एक अर्ब पूँजी पुर्याई पाँच सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा

आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत ।"

(घ) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग), (३घ), (३ङ), (३च), (३छ), (३ज), (३झ), (३ञ) र (३ट) थपिएका छन् :-

"(३क) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :-

(क) हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित क्षेत्र वाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ग) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म शत प्रतिशत र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत,

(घ) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको पचास प्रतिशत

(ङ) विशेष उद्योग, कृषिजन्य उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो संचित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पूँजीकरण गरेको अवस्थामा त्यस्तो पूँजीकरणमा लाभांश

वितरण स्वरुप लाग्ने  लाभांश करमा शत प्रतिशत ।

(३ख) पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन् गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०७५ साल चैत्र महिनासम्म व्यापारिक रुपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छूट पाउनेछ र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छूट पाउनेछ ।

(३ग) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, वायोटेक पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइवर क्याफे, डिजिटल म्यापिङ सम्बन्धी उद्योगको आयमा लाग्ने करको पचास प्रतिशत छूट हुनेछ ।

(३घ) सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने छ र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ । यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउनेछ ।

तर यो उपदफा प्रारम्भ भएका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाका वखतको व्यवस्था कायम रहनेछ ।

(३ङ) उत्पादनमुलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेमा प्राप्त आयमा लाग्ने करको दरमा पच्चीस प्रतिशतले छुट हुनेछ ।

(३च) सडक, पुल, विमानस्थल र सुरुङ मार्ग निर्माण तथा सञ्चालन गरेमा वा ट्राम,  ट्रलीबसमा लगानी गरी सञ्चालन गरेमा सोबाट प्राप्त आयमा लाग्ने करको दरमा चालीस प्रतिशतले छुट हुनेछ ।

(३छ) धितोपत्र बजारमा सूचिकृत भएका उत्पादनमुलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा

उल्लेख भएका निकायहरुलाई लाग्ने करमा दश प्रतिशतले छुट हुनेछ ।

(३ज) अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म चालीस प्रतिशत आयकर छुट हुनेछ ।

(३झ) कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आय करको दरमा पच्चीस प्रतिशतले छुट हुनेछ ।

(३ञ) कुनै व्यक्तिले वौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशतले छुट हुनेछ ।

(३ट) दुई अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसंग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा र त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ ।

तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योग वा हवाई कम्पनीले हालको जडित क्षमताको कम्तीमा पच्चीस प्रतिशत क्षमता बृद्धि गरी दुई अर्ब पूँजी पुऱ्याएमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा र त्यसपछिको तीन वर्षसम्म लाग्ने आय करको दरमा पचास प्रतिशत छुट हुनेछ ।"

(ङ) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (१), (२), (३) को खण्ड (क) र (ख), उपदफा (३क), (३ख), (३ग) र (३घ), अनुसूची-१ को दफा १ को उपदफा (१३), (१४) र (१५) र दफा २ को उपदफा (२), (३), (३क) र (४) बमोजिमका व्यक्तिले आयको गणना गर्दा अन्य छुट्टै व्यक्तिद्वारा सो आय मात्र प्राप्त गरे सरह मानी सो आयको गणना गर्नु पर्नेछ ।"

(च) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ।"

(छ) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) उपदफा (३क) र (३ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफाहरूमा उल्लिखित उद्योग वा व्यवसाय सञ्चालन गर्न प्रयोग भएको सम्पत्ति साविकमा अन्य व्यक्तिले सोही किसिमको वा अन्य किसिमको उद्योग वा व्यवसाय सञ्चालन गर्न प्रयोग गरेको पुरानो सम्पत्ति भए सो उपदफाहरू बमोजिमको सुविधा प्राप्त हुने छैन।"

(९) दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन् :-

"११क. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा लाग्ने कर : पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नका लागि नेपाल सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा सो सम्झौता गर्दाका वखत कायम रहेको ऐनले व्यवस्था गरेको करका सुविधाहरू त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर उपभोग गर्न पाउनेछ।

११ख. राष्ट्रिय महत्वका पूर्वाधार विकास आयोजनाहरूमा सहुलियत : राष्ट्रिय महत्वका जलविद्युत आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, भूमिगतमार्ग तथा सडकमार्ग, रेलमार्ग जस्ता पूर्वाधार विकास आयोजना तथा तीन सयजनाभन्दा बढी स्वदेशी कामदारलाई रोजगारी दिने र पचास प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ उपयोग गर्ने उत्पादनशील उद्योग (चुरोट, मदिरा र वियर उद्योग बाहेक) मा सम्वत् २०७५ साल चैत मसान्तसम्म गरेको लगानीको आयस्रोत खोजिने छैन।

(१०) दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा सो व्यक्तिको सो वर्षको

समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ सोभन्दा बढी हुने छैन ।"

(११) दफा १२ पछि देहायका दफा १२क. र दफा १२ख. थपिएका छन् :-

"१२क. सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च : कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संबर्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्चमध्ये दश लाख रुपैयाँसम्मको रकम वा निर्धारण योग्य आयको दश प्रतिशतले हुने रकममध्ये जुन घटी हुन्छ सो रकम आफ्नो सो वर्षको करयोग्य आय गणना गर्दा घटाउन दाबी गर्न सक्नेछ ।

१२ख. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च : कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ ।"

(१२) दफा १४ को,-

(क) उपदफा (१) मा रहेका "सो व्यक्तिको" भन्ने शब्दहरूपछि "व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको" भन्ने शब्दहरू थपी सोही उपदफाको खण्ड (ख) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(ख) उपदफा (२) मा रहेका "सो उपदफा बमोजिम कट्टी गर्न पाउने कूल व्याज रकम देहायका रकमहरूको जम्माभन्दा बढी हुने छैन" भन्ने शब्दहरूको सट्टा "नियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई व्याज भुक्तानी गरेमा उपदफा (१) बमोजिम कट्टी गर्न पाउने त्यस्तो व्याज रकम देहायका रकमहरूको जम्माभन्दा बढी हुने छैन" भन्ने शब्दहरू राखी सोही उपदफाको खण्ड (ख) मा रहेका "करयोग्य आयको" भन्ने शब्दहरूको

सट्टा "समायोजित करयोग्य आयको" भन्ने शब्दहरू राखिएका छन् ।

(१३) दफा १५ को,-

(क) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) कुनै व्यक्तिको व्यवसायको व्यापार मौज्दात यकीन गर्न नसकिने भएमा सो व्यक्तिले पहिलो प्राप्ति पहिलो निष्काशन तरीका वा भारित औसत लागत तरीकाबाट व्यापार मौज्दातको लागत गणना गर्न छनौट गर्न सक्नेछ ।"

(ख) उपदफा (८) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) भारित औसत लागत तरीका बमोजिम गणना गर्दा लेखाको सर्वमान्य सिद्धान्त अन्तर्गत व्यवसायमा रहेका उही किसिमका सबै व्यापार मौज्दातको भारित औसत लागतको आधारमा गणना गर्ने ।"

(ग) स्पष्टीकरणको,-

(१) खण्ड (ग) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन ।"

(२) खण्ड (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर परिवर्तनशील कारखाना शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन ।"

(१४) दफा १६ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा सो आय वर्षको अन्त्यमा

रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशतभन्दा बढी हुने छैन ।

तर

(क) हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाईजहाजको परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा यो सीमा लागू हुने छैन ।

(ख) नेपाल सरकारले तोकेका भूकम्प प्रभावित जिल्लामा क्षति भएको सम्पत्तीको मर्मत सम्भार खर्चमा करदाताले चाहेमा यो सीमा आर्थिक वर्ष २०७३।७४ सम्मको लागि लागू हुने छैन ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (२) बमोजिमको सीमाको परिणाम स्वरुप कट्टी गर्न नपाइने मर्मत तथा सुधार बापत कुनै अधिक खर्च वा सोको भाग आगामि आय वर्षको शुरुमा सम्बन्धित सम्पत्तिको समूहको ह्रास आधार रकममा जोड्न पाउनेछ ।"

(१५) दफा १७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन ।"

(ख) उपदफा (३) मा रहेको "भागलाई" भन्ने शब्दपछि "आगामि आय वर्षको शुरुमा" भन्ने शब्दहरू थपिएका छन् ।

(१६) दफा १८ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा

लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन ।"

(ख) उपदफा (३) मा रहेको "कुनै भागलाई" भन्ने शब्दहरू पछि "आगामि आय वर्षको शुरुमा" भन्ने शब्दहरू थपिएका छन् ।

(१७) दफा १९ को उपदफा (१) मा रहेका "गर्न पाउनेछ" भन्ने शब्दहरूको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(१८) दफा २० को,-

(क) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) सो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरूको कट्टी हुन नपाएको नोक्सानी ।

तर सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना, विद्युत गृह निर्माण, उत्पादन तथा प्रसारण गर्ने आयोजना र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको हकमा विगत बाह्र वर्षको कट्टी हुन नपाएको नोक्सानी ।"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले अन्य कुनै लगानीबाट व्यहोर्नु परेको सो वर्षको कट्टी हुन नपाएको नोक्सानी र सो व्यक्तिको सो लगानी र अन्य कुनै लगानीबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउनेछ ।"

(ग) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) कुनै व्यक्तिले कुनै आय वर्षमा

व्यवसाय वा लगानीको आयमा पूर्ण कर छूट प्राप्त गरेको भए त्यस्तो आय वर्षमा भएको नोक्सानी आगामि आय वर्षमा सारी लैजान (क्यारी फरवार्ड) पाउने छैन ।"

(१९) दफा २१ को स्पष्टीकरणको,-

(क) खण्ड (क) को उपखण्ड (१) मा रहेका "प्राकृतिक व्यक्तिको लागि भएको खर्चहरु" भन्ने शब्दहरूको सट्टा "प्राकृतिक व्यक्तिको निजी खर्च" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) "नगद भुक्तानी" भन्नाले बैंक वा वित्तीय संस्था मार्फत प्रतितपत्र, एकाउण्ट पेयी चेक, ड्राफ्ट, धनादेश, टेलिग्राफिक ट्रान्सफर, मनी ट्रान्सफर (हुण्डी) द्वारा बैंक खातामा जम्मा हुने गरी गरिएको भुक्तानी र बैंक वा वित्तीय संस्थाबीच अन्य कुनै किसिमबाट गरिएको स्थानान्तरण बाहेकका भुक्तानी सम्झनु पर्छ ।"

(२०) दफा २४ को,-

(क) उपदफा (२) मा रहेका "कुनै व्यक्तिले गरेको आयको गणनामा" भन्ने शब्दहरूको सट्टा "कुनै व्यक्तिको आय गणना गर्दा" भन्ने शब्दहरू राखी सोही उपदफाको खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) त्यस्तो दायित्वको मूल्य यथार्थपरक ढङ्गले अनुमान गर्न सकिने भएकोमा ।"

(ख) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन् :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ ।

तर सहकारी संस्थाले व्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्नेछ ।

(४) व्यवसाय वा लगानीबाट भएको कुनै व्यक्तिको आय एक्रुयल आधारमा गणना गर्दा सो व्यक्तिले आफूले पाउनु पर्ने कुनै भुक्तानी समावेश गरेकोमा वा आफूले व्यहोर्नु पर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारण समेतले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा भुक्तानी दिँदा फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिँदा समायोजन गर्नु पर्नेछ ।"

(२१) दफा २५ को उपदफा (१) को खण्ड (क) मा रहेका "रकमको सोधभर्ना" भन्ने शब्दहरूको सट्टा "रकम फिर्ता" भन्ने शब्दहरू राखिएका छन् ।

(२२) दफा २७ को उपदफा (१) को खण्ड (क) मा रहेका "द्रव्य (मनी) वा" र सोही खण्डमा रहेका "द्रव्य र" भन्ने शब्दहरू झिकिएका छन् ।

(२३) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-

"२९. अप्रत्यक्ष भुक्तानी : कुनै व्यक्तिले भुक्तानीकर्ता वा निजसँग सम्बद्ध व्यक्तिले गरेको भुक्तानीबाट अप्रत्यक्ष रुपले फाइदा लिएमा वा भुक्तानी प्राप्त गर्ने अन्य व्यक्ति तोकेकोमा विभागले लिखित रुपमा सूचना जारी गरी त्यस्तो फाइदा लिने वा त्यस्तो अन्य व्यक्ति तोक्ने व्यक्तिलाई नै सो भुक्तानी प्राप्त गर्ने व्यक्तिको रुपमा मान्न सक्नेछ ।"

(२४) दफा ३१ को खण्ड (ख) मा देहायका प्रतिबन्धात्मक वाक्यांशहरु थपिएको छ :-

"तर

(१) बासिन्दा प्राकृतिक व्यक्तिको व्यक्तिगत दुर्घटनाबाट भएको शारीरिक क्षति बापतको क्षतिपूर्ति भुक्तानी रकम आयमा समावेश गर्नु पर्ने छैन र सो दुर्घटनाबाट भएको क्षतिको उपचारमा लागेको खर्च दफा ५१ बमोजिम कर मिलान दाबी गर्न पाउने छैन ।

(२) प्राकृतिक व्यक्तिको मृत्यु बापत प्राप्त हुने क्षतिपूर्तिको रकम आयमा समावेश गर्नु पर्ने छैन ।"

(२५) दफा ३२ को उपदफा (३) मा रहेको "बिक्रेताले" भन्ने शब्द झिकिएको छ ।

(२६) दफा ३८ को उपदफा (१) को खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) सो सम्पत्ति प्राप्त भएको कारणले सो व्यक्तिको आय गणना गर्दा समावेश गरिनु पर्ने कुनै रकम ।"

(२७) दफा ३९ को उपदफा (१) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कर लागेको रकम" भन्ने शब्दहरूको सट्टा "भुक्तानी" भन्ने शब्द राखिएको छ ।

(२८) दफा ४१ को,-

(क) खण्ड (क) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) सो सम्पत्ति पुनः निःसर्ग हुँदा यो दफा बमोजिम निःसर्ग भएको बखतसम्म सो सम्पत्ति बापत गरिएका खूद खर्चहरू (नेट आउट गोइङ्ग) प्राप्ति रकम बराबरको रकम भए सरह मानिनेछ ।"

(ख) खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) सो दायित्व पुनः निःसर्ग हुँदा यो दफा बमोजिम निःसर्ग भएको समयसम्म उपखण्ड (१) बमोजिम दायित्व बापत गरिएका खूद आम्दानीहरू खर्च रकम बराबरको भए सरह मानिनेछ ।"

(२९) दफा ४५ को,-

(क) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) ऐनको दफा २ को खण्ड (द) को उपखण्ड (५) बमोजिम हस्तान्तरण भई आएको सम्पत्तिको हकमा हस्तान्तरण गर्ने व्यक्तिको लागत नै हस्तान्तरण भई सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।"

(ख) उपदफा (२) मा रहेका "कर लाग्ने" भन्ने शब्दहरूको सट्टा "करयोग्य" भन्ने शब्द राखिएको छ ।

(ग) उपदफा (४) मा रहेको "नलिई" भन्ने शब्दको सट्टा "नदिई" भन्ने शब्द राखिएको छ ।

(३०) दफा ४७ पछि देहायको दफा ४७क. थपिएको छ :-

"४७क. व्यवसाय गाभिएको कारणले हुने निःसर्ग सम्बन्धी विशेष व्यवस्था : (१) बैंकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क), (ख), (घ), (ङ), (च) र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन ।

तर गाभिएर अस्तित्वमा नरहेको निकायको कुनै कट्टी हुन नसकेको नोक्सानी भए त्यस्तो नोक्सानी दामासाहीले आगामि सात वर्षमा कट्टी गर्नु पर्नेछ । यसरी समान किस्तामा नोक्सानी कट्टी गर्ने निकाय सो पूरै नोक्सानी कट्टी नगर्दै पुनः विभाजन भएमा कट्टी भएको नोक्सानी बापत कट्टी भएको रकममा गाभिएको (मर्जर वा एक्युजिशन) आर्थिक बर्षमा कायम रहेको करको दरले कर तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निकायहरु गाभिई सम्पत्ति र दायित्वको निःसर्ग भएमा देहाय बमोजिम हुनेछ :-

(क) व्यापारिक मौज्दात तथा व्यावसायिक सम्पत्तिको निःसर्गको हकमा,-

(१) निःसर्गको तत्काल अघि सो सम्पत्ति बापत भएको खूद खर्च बराबरको रकम सो निःसर्ग बापत सो व्यक्तिले प्राप्त गरेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।

(ख) ह्रासयोग्य सम्पत्तिको निःसर्गको हकमा,-

(१) निःसर्ग हुँदाका वखत अनुसूची-२ को दफा ४ बमोजिम समूहको घट्दो

प्रणालीको बाँकी मूल्य बराबरको रकम सो निःसर्ग बापत प्राप्त गरेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।

(ग) दायित्वको निःसर्गको हकमा,-

(१) निःसर्गको तत्काल अघि सो दायित्वको बजार मूल्य र खूद आम्दानीमध्ये जुन घटी हुन्छ सो बराबरको रकम निःसर्ग बापत सो व्यक्तिको लागत परेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम दायित्व वहन गर्ने व्यक्तिले सो दायित्व वहन गरे बापत प्राप्त गरेको मानिनेछ ।

(घ) व्यवसाय गाभ्ने निकाय वा गाभिएर कायम भएको निकायले गाभिएको सम्पत्ति र दायित्वको लागत गणना गर्दा गाभिने निकायबाट सो गाभिएको व्यवसाय सञ्चालन गरेका बखत (मर्जर वा एक्युजिसन अगाडि) कायम रहेका सम्पत्ति र दायित्व बापतको लागत मात्र खण्ड (क), (ख) र (ग) बमोजिम गणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा वा गाभिए पश्चातको निकायमा कार्यरत कर्मचारीहरुलाई सामूहिक रुपमा सेवाबाट अवकाश दिने प्रयोजनको लागि गरिने थप एकमुष्ट भुक्तानीमा (अवकाश कोष मार्फत गरिने भुक्तानी वा कर्मचारी सेवा शर्तमा उल्लेख भए अनुसार गर्नुपर्ने भुक्तानी बाहेकका) अवकाश भुक्तानीमा

कर कट्टी गर्नुपर्ने दरमा पचास प्रतिशत छूट दिई भुक्तानीमा कर कट्टी गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरुले आफ्नो शेयर गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गरेमा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पूँजीगत लाभ कर लाग्ने छैन ।

(५) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभाशंमा कर लाग्ने छैन ।

(६) उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने निकायले सम्वत् २०७३ असार मसान्तभित्र गाभिने आशयपत्र आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ ।

(७) उपदफा (१) बमोजिम गाभिनको लागि उपदफा (६) बमोजिम आशयपत्र दिने निकायहरुले गाभिने प्रक्रिया सम्वत् २०७४ असार मसान्तभित्र पूरा गर्नु पर्नेछ ।

(८) यो व्यवस्था प्रारम्भ भएपछि एक आपसमा गाभिई यस दफा बमोजिमको सुविधा उपयोग नगरेका निकायले समेत यसै बमोजिमको सुविधा उपयोग गर्न पाउनेछन् ।

(९) उपदफा (६) मा तोकिएको अवधिभित्र आशयपत्र नदिने निकाय तथा उपदफा (७) मा उल्लेख भएको मितिसम्म गाभिने प्रक्रिया पूरा नगरेको निकायको हकमा यो दफाको व्यवस्था लागू भएको मानिने छैन ।"

(३१) दफा ५० को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आश्रितलाई भरणपोषण गर्नु पर्ने बासिन्दा विधवा वा विधुरलाई दम्पती सरह मानिनेछ ।"

(३२) दफा ५४ को,-

(क) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा

देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) कुनै कम्पनीको शेयरवाला वा साझेदारी फर्मको साझेदारलाई लाभांश वितरण गरेमा अन्तिम रूपमा कर कट्टीको विधिले कर लाग्नेछ, र

(ख) अन्य निकायहरूले वितरण गरेमा कर लाग्ने छैन ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कर कट्टी भई प्राप्त भएको लाभांश वितरण गरेमा कर लाग्ने छैन ।"

(ग) उपदफा (४) झिकिएको छ ।

(३३) दफा ५७ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छ :-

"(१क) उपदफा (१) बमोजिमको कुनै निकायको पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तनको गणना गर्ने प्रयोजनको लागि सो निकायको देहाय बमोजिमको स्वामित्वलाई मात्र समावेश गरिनेछ :-

(क) कुल स्वामित्वको एक प्रतिशत वा सोभन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाले ग्रहण गरेको स्वामित्व, र

(ख) कुल स्वामित्वको एक प्रतिशत भन्दा कम स्वामित्व ग्रहण गर्ने शेयरवालामध्ये सो निकायको कुल स्वामित्वको एक प्रतिशतभन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाको सम्बद्ध व्यक्तिले ग्रहण गरेको स्वामित्व ।"

(ख) उपदफा (२) को खण्ड (ग) मा रहेका "दफा ५९ वा ६०" भन्ने शब्दहरू झिकिएका छन् ।

(ग) उपदफा (२) को खण्ड (घ) मा रहेका "दफा २४ को उपदफा (४) को खण्ड (ख) बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा २४ को उपदफा (४) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(३४) दफा ५८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै निकायले देहायको सबै अवस्था कायम राखी गरेको प्रबन्धलाई लाभांश कर घटाउन गरेको प्रबन्ध मानिनेछ :-

(क) सो निकायको सञ्चित, चालू वा अपेक्षित मुनाफा भएमा,

(ख) हित प्राप्त गर्ने कुनै व्यक्तिले सो निकायको कुनै हित प्राप्त गर्छ र सो हित प्राप्तकर्ता वा निजको सम्बद्ध व्यक्तिले सो निकायको हालको वा साबिकको हिताधिकारीलाई वा निजको सम्बद्ध व्यक्तिलाई हित प्राप्तिसँग सम्बन्धित भए वा नभए पनि र हित प्राप्तिको समयमा भुक्तानी भए वा नभए पनि कुनै भुक्तानी गरेकोमा,

(ग) सो भुक्तानी पूर्ण वा आंशिक रुपमा निकायको मुनाफामा प्रतिबिम्बित भएमा, र

(घ) सो निकायले सो हित प्राप्तकर्तालाई लाभांश वितरण गरेकोमा र सो लाभांशले पूर्ण वा आंशिक रुपले सो मुनाफालाई समावेश गरेमा ।"

(३५) दफा ५९ को,-

(क) उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख) र (१ग) थपिएका छन् :-

"(१क) नेपाल राष्ट्र बैंङ्कले तोकेको मापदण्डको अधीनमा रही बैंकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैंकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ ।

(१ख) सहकारी संस्थाले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रुपमा कट्टी गरिनेछ ।

(१ग) उपदफा (१क) र (१ख) बमोजिम जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र सो कोषमा रहेको रकम पूँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ ।"

(ख) उपदफा (२) र (३) झिकिएका छन् ।

(३६) दफा ६० को,-

(क) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (२) पछि देहायको उपखण्ड (३) थपिएको छ :-

"(३) जोखिम व्यहोर्ने कोषमा राखेको देहाय बमोजिमको रकमको योग :-

(क) कुनै वर्षको नाफा नोक्सान हिसाबमा देखाइएको खूद बीमा शुल्कको पचास प्रतिशतसम्मको रकम, र

(ख) कुनै वर्षको अन्त्यमा दाबी भुक्तानी बापत बाँकी रकमको एकसय पन्ध्र प्रतिशतसम्मको रकम ।

तर यस उपखण्ड बमोजिम कुनै वर्ष खर्चकट्टी लिएको रकम आगामि आय वर्षमा बीमा व्यवसायको आय गणना गर्दा आयमा समावेश गर्नु पर्नेछ ।"

(ख) उपदफा (३) र (४) झिकिएका छन् ।

(३७) दफा ६१ को,-

(क) उपदफा (२) को खण्ड (ख) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) बीमितलाई फिर्ता भएको खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित प्रिमियम ।"

(ख) उपदफा (३) मा रहेका "खर्चहरूमा समावेश गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "खर्च मानिने छैन" भन्ने शब्दहरू राखिएका छन् ।

(३८) दफा ६३ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोषले र कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोषले अवकाश कोष सञ्चालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनु पर्ने छैन ।"

(ख) उपदफा (२) मा रहेका "आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "आयको गणना गर्दा घटाई पाउन दाबी गर्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(३९) दफा ६४ को उपदफा (३) मा रहेका "कम्पनीलाई लाग्ने" भन्ने शब्दहरूको सट्टा "अनुसूची-१ को दफा २ को उपदफा (१) मा उल्लिखित" भन्ने शब्दहरू राखिएका छन् ।

(४०) दफा ६५ को,-

(क) उपदफा (१) मा रहेका "हितबाट भएको" भन्ने शब्दहरूपछि "वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) स्पष्टीकरणको अन्तमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर हिताधिकारीको योगदान नहुने कुनै कोष (नन् कण्ट्रीबुटरी फण्ड) बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ मानिने छैन ।"

(४१) दफा ६७ को उपदफा (६) को खण्ड (झ) को उपखण्ड (२) मा रहेका "सो कार्यहरू" भन्ने शब्दहरूको सट्टा "रोजगार" भन्ने शब्द राखिएको छ ।

(४२) दफा ७१ मा रहेको स्पष्टीकरणको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "नेपालको करको औसत दर" भन्नाले कुनै आय वर्षमा कुनै विदेशी कर मिलान गर्नु अगावैको दफा

३ को खण्ड (क) मा उल्लिखित व्यक्तिले सो वर्षमा दाखिला गर्नु पर्ने करको रकमलाई सो व्यक्तिको सो आय वर्षको करयोग्य आयले भाग गरी हुन आउने रकमलाई एक सयले गुणन गर्दा हुन आउने दर सम्झनु पर्छ ।"

(४३) दफा ७२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा उल्लिखित विभागको जिम्मेवारी पूरा गर्ने कार्यमा सघाउ पुऱ्याउन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभाग मातहतमा ठूला करदाता कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय स्थापना गर्न र ती कार्यालयको कार्यक्षेत्र तोक्न सक्नेछ । यसरी कार्यक्षेत्र तोकिएको कार्यालय विभागकै अङ्गको रुपमा रहने छन् ।"

(४४) दफा ७४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) करदाताले यस ऐन बमोजिमका कर्तव्यहरू पालना गर्नु पर्नेछ ।"

(४५) दफा ७७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) विभागले कुनै व्यक्तिले विभागमा पेश गर्नु पर्ने सूचना वा विवरण वा कागजात विद्युतीय माध्यमबाट पेश गर्नु पर्ने गरी तोक्न सक्नेछ ।"

(४६) दफा ७८ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) यस ऐनको अधीनमा रही कुनै व्यक्तिको पहिचान गर्ने प्रयोजनका लागि विभागले सो व्यक्तिलाई स्थायी लेखा नम्बर जारी गर्नेछ ।

तर विभागबाट स्वीकृति प्राप्त निकायले यस ऐनको प्रक्रिया पुऱ्याई यस्तो स्थायी लेखा नम्बर प्रदान गर्न सक्नेछ । यसरी जारी गरिएको स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाताले विभागले तोकेको अवधिसम्म पैठारी निर्यातको कारोबार गर्न सक्ने छैन ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको

छ :–

"(३) विभागले कुनै व्यक्तिलाई स्थायी लेखा नम्बर देखाउन पर्ने वा उल्लेख गर्नु पर्ने अवस्था तोक्न सक्नेछ ।"

(ग) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन् :-

"(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको व्यक्तिले कारोबार गर्नुभन्दा पहिले स्थायी लेखा नम्बर लिनु पर्नेछ ।

(५) उपदफा (१), (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी लेखा नम्बर नलिएको कारणबाट कुनै व्यक्तिले करको दायित्वबाट फुर्सद पाउने छैन ।"

(४७) दफा ८१ को,-

(क) उपदफा (२) मा रहेको "कम्तीमा" भन्ने शब्द झिकिएको छ ।

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) कुनै व्यक्तिले उपदफा (१) बमोजिम राख्नु पर्ने कागजातहरू विद्युतीय माध्यमबाट राख्न पाउने गरी विभागले स्वीकृति दिन सक्नेछ ।"

(४८) दफा ८५ को उपदफा (१) मा रहेका "बुझाउनु पर्नेछ" भन्ने शब्दहरूपछि "र त्यसरी तिर्नु पर्ने कर विद्युतीय माध्यमबाट समेत तिर्नु पर्ने गरी विभागले तोक्न सक्नेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(४९) दफा ८८ को,-

(क) उपदफा (१) मा रहेका "सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै" भन्ने शब्दहरूको सट्टा "सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा" भन्ने शब्दहरू राखी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर देहायको भुक्तानीमा देहायका दरले कर कट्टी गर्नु पर्नेछ :-

(१) नेपाल सरकार वा स्वीकृत अवकाश

कोषबाट भएको अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले,

(२) बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा पाँच प्रतिशतका दरले,

(३) वायुयानको लिज (पट्टा) बापतको रकम भुक्तानी गर्दा दश प्रतिशतका दरले,

(४) मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्ति वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलब पाँच प्रतिशतका दरले,

(५) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले,

तर मूल्य अभिबृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकममा एक दशमलब पाँच प्रतिशतले कर कट्टी गर्नु पर्नेछ ।

(६) सामूहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई बितरण गरिने प्रतिफल रकम भुक्तानीमा ५ प्रतिशतका दरले ।”

(ख) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएको छन् :-

“(२) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको देहायका भुक्तानी गर्दा देहायका दरले करकट्टी गर्नु पर्नेछ :-

(क) लाभांश भुक्तानी गरेकोमा भुक्तानी रकमको पाँच प्रतिशत,

(ख) लगानी बीमाको लाभ भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशत वा

(ग) स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको पाँच प्रतिशत ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैङ्क, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेञ्चर तथा सरकारी बण्ड बापत देहाय बमोजिमको ब्याज वा ब्याज बापतको कुनै रकम भुक्तानी दिँदा कुल भुक्तानी रकममा पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ :-

(क) नेपालमा स्रोत भएको, र

(ख) व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको ।"

(ग) उपदफा (४) को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

(क) "प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित वाहेकका अन्य कुनै भुक्तानी ।"

(२) खण्ड (क) पछि देहायका खण्ड (क१) थपिएको छ :-

"(क१) पत्रपत्रिकामा प्रकाशित लेख रचना बापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी ।"

(३) खण्ड (ग) पछि देहायका खण्ड (घ) र (ङ) थपिएका छन् :-

"(घ) क्रेडिट कार्ड जारी गर्ने बैङ्कलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क,

(ङ) सामूहिक लगानी कोष (म्युचुअल फण्ड) लाई भुक्तानी गरिएको लाभांश र ब्याज ।"

(५०) दफा ८८ पछि देहायको दफा ८८क. थपिएको छ :-

"८८क. आकस्मिक लाभमा करकट्टी : (१) आकस्मिक लाभ बापतको भुक्तानीमा पच्चीस प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ ।

तर साहित्य, कला, संस्कृति, खेलकूद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पुरस्कारमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आकस्मिक लाभ कर नलाग्ने गरी छूट दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्य, कला, संस्कृति, खेलकूद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयाँसम्मको पुरस्कारमा आकस्मिक लाभ कर लाग्ने छैन ।"

(५१) दफा ८९ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ ।"

(ख) उपदफा (३) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) वायुयान मर्मत तथा अन्य ठेक्का वा करारमा पाँच प्रतिशत,

(ख) गैर बासिन्दा बीमा कम्पनीलाई प्रिमियम भुक्तानी गर्दा एक दशमलव पाँच प्रतिशत,

(ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक विभागले सो बासिन्दा व्यक्तिलाई लिखित सूचना दिएकोमा सो सूचनामा उल्लिखित दरमा ।"

(ग) उपदफा (४) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र घरमा जडित सामान तथा उपकरण बापत तिरेको भाडा बाहेकको अन्य कुनै भुक्तानी,"

(ख) कर छूट दिइएको भुक्तानी वा दफा ८७ वा ८८ बमोजिम कर कट्टी गर्नु पर्ने भुक्तानी ।"

(घ) दफा ८९ मा देहायको स्पष्टीकरण थपिएको छ :- "स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "ठेक्का वा करार" भन्नाले कुनै वस्तु वा श्रमिकको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता तथा विभागले ठेक्का वा करार भनी तोकेको कार्यलाई सम्झनु पर्छ र त्यस्तो करार वा सम्झौताले निर्माण वा जडान वा स्थापनासँग सम्बन्धित सेवा समेतलाई समेटेको भए सो सेवा बापतको भुक्तानी समेत करार अन्तर्गतको भुक्तानीलाई जनाउँछ ।"

(५२) दफा ९० को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) अग्रिम करकट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरीका र ढाँचामा विभागमा विवरण दाखिला गर्नु पर्नेछ ।"

(ख) उपदफा (४) मा रहेको "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पच्चीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक व्यक्तिको व्यवसायसँग सम्वन्धित नभएको घर वहाल आयमा लाग्ने कर चालु वर्षको असार मसान्तभित्र र ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर तिर्ने व्यक्तिले परिच्छेद १७ बमोजिम

कट्टा गरिएको अग्रिम कर किस्तावन्दी कर तिर्ने समयमा दाखिला गर्नु पर्नेछ ।"

(घ) उपदफा (५) मा रहेको "देहाय बमोजिम अग्रिम करकट्टी गर्ने व्यक्तिले करकट्टी नगरेमा वा दाखिला नगरेमा सो करकट्टी हुने व्यक्ति" भन्ने शब्दहरूको सट्टा "देहाय बमोजिमको अवस्थामा अग्रिम करकट्टी हुने व्यक्ति" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिम दाखिल गर्नु पर्ने विवरण वा कर दाखिला नगरेको वा कुनै व्यक्तिको सम्बन्धमा उपदफा (५) को अवस्था रहेको कुरामा विभाग विश्वस्त भएमा दाखिल नगरेको वा घटी दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज दाखिला गर्न आदेश दिन सक्नेछ ।

तर त्यस्तो आदेश दिनुभन्दा पहिले उचित कारण खोली सो आदेशका सम्बन्धमा सफाइको सबुत प्रमाण पेश गर्न १५ दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ ।"

(५३) दफा ९१ को उपदफा (२) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पच्चीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(५४) दफा ९२ को उपदफा (१) को,-

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको लाभ ।"

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) दफा ८८ को उपदफा (३) मा उल्लिखित बैंङ्क, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याज :-

(१) नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित

नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,

(२) दफा २ को खण्ड (ध) बमोजिमको कर छूट पाउने संस्थालाई भुक्तानी गरेको ।"

(ग) खण्ड (च) पछि देहायका खण्ड (छ), (ज), (झ) र (ञ) थपिएका छन् :-

"(छ) नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रुपमा भुक्तानी हुने निबृत्तिभरण बाहेक),

(ज) बैठक भत्ता, पटके रुपमा अध्यापन गराए बापतको भुक्तानी,

(झ) आकस्मिक लाभ बापतको भुक्तानी,

(ञ) सामुहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई बितरण गरिने प्रतिफल रकम ।"

(५५) परिच्छेद १८ को परिच्छेद शीर्षकमा रहेको "किस्ताबन्दी" भन्ने शब्दपछि "र अग्रिम कर" भन्ने शब्दहरु थपिएका छन् ।

(५६) दफा ९४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले देहाय बमोजिम तीन किस्तामा कर दाखिला गर्नु पर्नेछ :-

| दाखिला गर्नु पर्ने मिति | दाखिला गर्नु पर्ने कर रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | अनुमानित करको चालीस प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम |

| | |
|---|---|
| चैत महिनाको अन्त्यसम्म | अनुमानित करको सत्तरी प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम |
| असार महिनाको अन्त्यसम्म | अनुमानित करको शत प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम |

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि,-

(क) "अनुमानित कर" भन्नाले किस्ताबन्दीमा कर दाखिला गर्नु पर्ने कुनै व्यक्तिले कुनै वर्षको किस्ताबन्दी कर दाखिला गर्नु पर्ने समयमा दफा ९५ बमोजिम गणना गरेको किस्ताबन्दीको अनुमानित कर सम्झनु पर्छ ।

(ख) "तिर्न बाँकी कर रकम" भन्नाले अनुमानित करको यस उपदफामा किस्तामा दाखिला गर्न तोकिएको प्रतिशतले हुने रकमबाट देहायको कुल जम्मा रकम घटाउँदा नपुग हुने रकम सम्झनु पर्छ :-

(१) सम्बन्धित किस्ता दाखिला गर्नु पर्ने मिति अगाडि यस दफा बमोजिम पूर्व किस्ताद्वारा सो आय वर्षमा दाखिला गरेको कर रकम,

(२) सो आय वर्षमा सम्बन्धित किस्ता दाखिला गर्नु पर्ने मिति अगाडि कुनै व्यक्तिको परिच्छेद-१७ बमोजिम सो वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश हुने भुक्तानीबाट कट्टी भएको कर रकम,

(३) किस्ता बुझाउनु पर्ने मितिभन्दा अगाडि सो वर्षमा करकट्टी गर्ने एजेण्ट वा

करकट्टी हुने व्यक्तिले उपखण्ड (२) मा उल्लिखित भुक्तानीबाट दफा ९० को उपदफा (३) बमोजिम करकट्टी भएको मानिने रकम विभागमा दाखिला गरेको भए त्यस्तो कर रकम, र

(४) किस्ता बुझाउनु पर्ने मितिभन्दा अगाडि सो व्यक्तिले गरेको स्वीकृत औषधी उपचार खर्चको सम्बन्धमा सो व्यक्तिले दफा ५१ बमोजिम दाबी गर्न सक्ने औषधी उपचार खर्चको कर मिलान रकम ।

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) कारोबारको आधारमा कर तिर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नु पर्नेछ :-

| दाखिला गर्नु पर्ने मिति | दाखिला गर्नु पर्ने कर रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | पुस २० गतेसम्मको कारोबारमा तोकिएको दर अनुसार लाग्ने कर |
| असार महिनाको अन्त्यसम्म | असार २० गते सम्मको यथार्थ कारोबारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोबार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी सो कर रकमबाट पुस |

मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम ।

(ग) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम बुझाउनु पर्ने समग्र किस्ताको जम्मा रकम पाँच हजार रुपैयाँभन्दा कम भएमा त्यस्तो किस्ताको रकम बुझाउनु पर्ने छैन ।"

(५७) दफा ९५ को,-

(क) उपदफा (१) मा रहेका "सोको विवरण" भन्ने शब्दहरूपछि "विभागबाट" भन्ने शब्द थपिएको छ ।

(ख) उपदफा (७) मा रहेका "वा उपदफा (६) बमोजिम करको किस्ता बुझाउन कुनै व्यक्तिले अनुमान पेश गर्नु नपर्ने गरी तोकिएकोमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(५८) दफा ९५ पछि देहायको दफा ९५क. थपिएको छ :-

"९५क. <u>अग्रिम कर असुल गर्ने</u> : (१) कमोडिटी फ्युचर मार्केट अन्तर्गत व्यापार गर्ने व्यक्तिबाट सो व्यवसायबाट प्राप्त गर्ने मुनाफा र लाभमा दश प्रतिशतका दरले हुने रकम कमोडिटी फ्यूचर मार्केट सेवा सञ्चालन गर्ने निकायले अग्रिम कर असुल गर्नु पर्नेछ ।

(२) प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रको खरीद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-

(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र

विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशत र अन्यको हकमा लाभ रकमको दश प्रतिशतका दरले,

(ख) नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पन्ध्र प्रतिशतका दरले,

तर सामुहिक लगानी कोष (म्युचुअल फण्ड) द्वारा लगानी गरिएको हितको निःसर्गको हकमा भने यो उपदफा लागू हुने छैन ।

(३) कुनै प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्ग बापत भएको पूँजीगत लाभमा मालपोत कार्यालयले रजिस्ट्रेशनका वखत देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-

(क) निःसर्ग भएको गैर व्यवसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व पाँच वर्ष वा सोभन्दा बढी भएको छ भने दुई दशमलव पाँच प्रतिशतका दरले,

(ख) निःसर्ग भएको गैर व्यवसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व पाँच वर्षभन्दा कम भएको छ भने पाँच प्रतिशतका दरले ।

(४) उपदफा (१), (२) र (३) बमोजिम अग्रिम कर असुल गर्नु पर्ने व्यक्ति वा निकायले

अग्रिम कर असुल नगरेको भए पनि असुल हुनु पर्ने समयमा सो कर असुल गरेको मानिने छ।

(५) अग्रिम कर असुल गर्नु पर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरीका र ढाँचामा विभागमा विवरण दाखिला गर्नु पर्नेछ।

(६)उपदफा (५) मा उल्लिखित विवरणसँग अग्रिम कर असुल गरिएको रकम वा उपदफा (३) को खण्ड (क) बमोजिम असुल गरेको मानिएको रकम सोही उपदफा बमोजिमको म्यादभित्र विभागमा दाखिला गर्नु पर्नेछ।

(७) देहाय बमोजिमको अवस्थामा अग्रिम कर दाखिला गर्नु पर्ने र असुल गर्नु पर्ने व्यक्ति दुवैजना संयुक्त रुपमा र छुट्टाछुट्टै रुपमा सो कर रकम विभागमा दाखिला गर्न जिम्मेवार हुनेछन् :-

(क) अग्रिम कर असुल गर्नु पर्ने व्यक्तिले अग्रिम कर असुल नगरेमा, र

(ख) अग्रिम कर असुल गर्नु पर्ने व्यक्तिले उपदफा (४) बमोजिम असुल गरेको मानिने रकम उपदफा (६) बमोजिम विभागमा दाखिला नगरेमा।

(८) उपदफा (७) बमोजिम अग्रिम कर दाखिला गर्नु पर्ने व्यक्तिले उपदफा (५) मा उल्लिखित म्याद समाप्त भएको पच्चीस दिनभित्र सो कर दाखिला गर्नु पर्नेछ।

(९) अग्रिम कर असुल गर्नु पर्ने व्यक्तिले असुल नगरेको अग्रिम कर उपदफा (६) बमोजिम विभागमा दाखिला गरेको भए सो दाखिला भएको कर रकम बराबरको रकम सो कर दाखिला गर्नु पर्ने व्यक्तिबाट असुल उपर गर्न पाउनेछ।

(१०) यस दफा बमोजिम दाखिला गरिएको अग्रिम कर दाखिला गर्नु पर्ने व्यक्तिले तिर्नु पर्ने बार्षिक कर दायित्वमा घटाउन पाउने छ।"

(५९) दफा ९६ को उपदफा (२) को,-

(क) खण्ड (क) को उपखण्ड (४) र (५) झिकिएका छन् ।

(ख) खण्ड (ग) को उपखण्ड (१) झिकिएको छ ।

(६०) दफा ९७ को सट्टा देहायको दफा ९७ राखिएको छ :-

"९७ **आय विवरण दाखिला गर्न नपर्ने :** (१) विभागले लिखित रुपमा आदेश दिएमा वा सार्वजनिक रुपमा सूचना प्रकाशित गरी आदेश दिएमा बाहेक देहायका कुनै पनि व्यक्तिले दफा ९६ बमोजिम कुनै आय वर्षको आय विवरण पेश गर्नु पर्ने छैन :-

(क) सो आय वर्षमा दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिमध्ये कर तिर्नु नपर्ने कुनै व्यक्ति,

(ख) सो आय वर्षमा दफा ३ को खण्ड (ग) मा उल्लिखित व्यक्ति,

(ग) सो आय वर्षमा दफा ४ को उपदफा (३) आकर्षित हुने कुनै बासिन्दा प्राकृतिक व्यक्ति, वा

(घ) अनुसूची-१ को दफा १ को उपदफा (१३) बमोजिम कर दाखिला गर्ने सवारी साधन धनी प्राकृतिक व्यक्ति भएमा त्यस्तो प्राकृतिक व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा चालिस लाख रुपैयाँभन्दा बढी आय भएमा ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण पेश गर्नु पर्ने व्यक्तिले समावेश गर्नु पर्ने आयको अतिरिक्त ऐनको दफा ५ को खण्ड (घ), दफा ७ को उपदफा (३), दफा ८ को उपदफा (३) को खण्ड (क), दफा ९ को उपदफा ३ को खण्ड (क) र दफा ११ बमोजिमको व्यवसायिक छुट सुविधाबाट प्राप्त आय समेत समावेश गर्नु पर्नेछ ।

तर बैठक भत्ता र व्याज आय समावेश गर्नु पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम कायम भएको आयबाट ऐनको दफा ३ को खण्ड (ग) को आय र दफा ११ अनुसार कर छुट प्राप्त आय घटाउनु पर्नेछ ।

तर बैठक भत्ता र व्याज आय घटाउनु पर्ने छैन ।

(५) उपदफा (२) बमोजिम पेश गर्नु पर्ने आय विवरणको ढाँचा आन्तरिक राजस्व विभागले तोके बमोजिम हुनेछ ।"

(६१) दफा १०० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९६ को उपदफा (५) मा उल्लिखित अवस्थामा विभागले कुनै आय वर्ष वा सो वर्षको अंशको लागि दफा ९६ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (१), (२), र (३) मा उल्लिखित रकमको आधारमा न्यायोचित रुपले सो व्यक्तिको कर निर्धारण गर्न सक्नेछ ।"

(६२) दफा १०१ को उपदफा (६) मा रहेका "सात दिनको" भन्ने शब्दहरूको सट्टा "पन्ध्र दिनको" भन्ने शब्दहरू राखिएका छन् ।

(६३) दफा १०६ को उपदफा (१) मा रहेका "कर विभागले" भन्ने शब्दहरूको सट्टा "विभागले" भन्ने शब्द राखिएको छ ।

(६४) दफा ११० पछि देहायको दफा ११०क. थपिएको छ :-

"११०क. <u>किस्ताबन्दीमा बक्यौता कर असुली</u> : दफा १११ बमोजिम मुद्दा चलाउनु अगावै कुनै व्यक्तिले तिर्ने बक्यौता रकम किस्ताबन्दीमा तिर्न लिखित अनुरोध गरेमा कर अधिकृतले मनासिव म्याद दिई किस्ताबन्दीमा तिर्न स्वीकृति दिन सक्नेछ ।

(६५) दफा ११३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) कुनै व्यक्तिले उपदफा (१) बमोजिम रकम फिर्ता पाउन तोकिए बमोजिम विभागमा निवेदन दिएमा विभागले निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो रकम फिर्ता गर्नु पर्नेछ ।"

(६६) दफा ११४ को उपदफा (१) को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) दफा ९० को उपदफा (८) बमोजिम गरिएको निर्णय वा दिइएको आदेश,

(ख) खण्ड (ङ) मा रहेका "करको निर्धारण" भन्ने शब्दहरूपछि "वा दफा १०५ को उपदफा (५) बमोजिमको लिलाम बिक्री खर्चको निर्धारण" भन्ने शब्दहरू थपिएका छन् ।

(६७) दफा ११५ को,-

(क) उपदफा (६) मा रहेका "तिर्नु पर्ने करको पचास प्रतिशत" भन्ने शब्दहरूको सट्टा "अविवादित करको सम्पूर्ण रकम र विवादित करको एकतिहाई" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (८) मा रहेका "नब्बे दिनभित्र" भन्ने शब्दहरूको सट्टा "साठी दिनभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(६८) दफा ११७ को , -

(क) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) कुनै व्यक्तिले देहाय बमोजिमको विवरण दाखिला नगरेमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ :-

(क) दफा ९५ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा प्रति विवरण दुई हजार रुपैयाँ,

(ख) अग्रिम कर असुल गर्नु पर्ने कुनै व्यक्तिले दफा ९५क.को उपदफा (५) बमोजिमको विवरण दाखिला नगरेमा त्यस्तो व्यक्तिलाई विवरण दाखिला गर्नु पर्ने मितिबाट विवरण दाखिला नभएको मितिसम्मको प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर असुल गर्नु पर्ने रकमको वार्षिक डेढ प्रतिशतका दरले हुने रकम,

(ग) दफा ९६ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला

नगरेमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्तिको हकमा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए सो समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलब एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम,

(घ) कर छुट प्राप्त संस्थाले तोकिएको म्यादभित्र वित्तीय विवरण दाखिला नगरेमा आयमा देखाएको रकमको प्रति वर्ष शून्य दशमलब एक प्रतिशतका दरले हुने रकम ।"

(२) कुनै व्यक्तिले कुनै आय वर्षको दफा ८१ बमोजिम राख्नु पर्ने कागजात नराखेमा त्यस्तो व्यक्तिलाई त्यस्तो कागजात नराखेको वर्षको लागि कुनै आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र रकमहरू समावेश गर्नु पर्ने भए सो समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशतले हुने रकम वा एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्नेछ ।"

(६९) दफा ११८ को सट्टा देहायको दफा ११८ राखिएको छ :-

"११८. किस्ताबन्दीमा दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा व्याज लाग्ने : (१) कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नु पर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकमभन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम ब्याज लाग्नेछ :-

(क) सो व्यक्तिले कुनै आय वर्षमा तिरेको प्रत्येक किस्ताको रकम,

(ख) सो आय वर्षमा प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने कुल रकमको अनुमान वा संशोधित अनुमान सही भएको भए सो रकम र सो रकम सही नभएको भए दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित व्यक्तिले दाखिला गर्नु पर्ने कर रकमको प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने रकमको नब्बे प्रतिशत रकम ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिलाई सो वर्षको सो किस्ता बुझाउनु पर्ने मितिदेखि देहायको अवधिसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य ब्याजदरले ब्याज लाग्नेछ :-

(क) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण गर्ने व्यक्तिको हकमा आय विवरण बुझाउनु पर्ने मितिसम्म,

(ख) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण नगरेको कारणले विभागले दफा १०१ बमोजिम पहिलो पटक संशोधित कर निर्धारण गरेको व्यक्तिको हकमा दफा १०२ बमोजिम सो संशोधित कर निर्धारणको सूचना बुझाएको मितिसम्म ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "किस्ताबन्दीको रुपमा बुझाउनु पर्ने रकम" भन्नाले एक पटक अनुमान पेश गरी सकेपछि संशोधित अनुमान पेश नगर्नेको तथा अनुमान पेश नगरेको कारणले दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको हकमा दफा ९४ को उपदफा (१) बमोजिम र संशोधित अनुमान

पेश गर्नेको हकमा तथा पेश गरिएको अनुमान वा संशोधित अनुमानमा सन्तुष्ट नभई दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको दफा ९५ को उपदफा (५) को व्यवस्था अनुसार गणना गरिएको किस्ताको रकम सम्झनु पर्छ ।"

(७०) दफा ११९ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) अग्रिम कर असुल गर्नु पर्ने व्यक्तिले दफा ९५क. को उपदफा (८) वा अग्रिम कर कट्टी गर्ने व्यक्तिले दफा ९० को उपदफा (४) पालना नगरेको कारणले निजले बुझाउनु पर्ने व्याज निजले अग्रिम कर दाखिला गर्नु पर्ने वा अग्रिम कर कट्टी हुने व्यक्तिबाट असुल उपर गरी लिन पाउने छैन ।"

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) दफा ११०क. बमोजिम दिइएको म्याद भित्र कर नतिरेमा तिर्न बाँकी करमा वार्षिक पाँच प्रतिशतका दरले थप व्याज लगाई सो व्यक्तिबाट असुल उपर गरिनेछ ।"

(७१) दफा ११९ पछि देहायको दफा ११९क. थपिएको छ :-

"११९क. शुल्क लाग्ने : यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई दफा १२८ मा उल्लिखित जरिबानाको रकम बराबरको शुल्क लाग्नेछ ।"

(७२) दफा १२१ मा रहेको "परिच्छेद - २३ मा" भन्ने शब्दहरुको सट्टा "यस ऐनमा" भन्ने शब्दहरु राखिएका छन् ।

(७३) दफा १२४ को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छ :-

"स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विभागमा दिएको कुनै जानकारी वा विवरण" भन्नाले विभागमा वा यस ऐन बमोजिम कर्तव्य पालना गर्ने सिलसिलामा विभागबाट अख्तियार प्राप्त अधिकृत समक्ष लिखित रुपमा

दाखिला गरिएको विवरण र देहाय बमोजिम दाखिला गरिएको विवरण सम्झनु पर्छ :-

(क) निवेदन, सूचना, विवरण, उजूरी, वयान वा यस ऐन बमोजिम दाखिला गरिएको, तयार पारिएको, दिइएको वा पेश गरिएको अन्य कागजात,

(ख) विभाग वा विभागका कुनै अधिकृत समक्ष पेश गरिएको कागजात,

(ग) विभाग वा कुनै अधिकृतले कुनै व्यक्तिलाई सोधेको प्रश्नको उत्तर, वा

(घ) विवरण दिइने कुराको मनासिव जानकारी भएको कुनै व्यक्तिले कुनै अर्को व्यक्तिमार्फत विभाग वा कुनै अधिकृतलाई दिएको जानकारी ।"

(७४) दफा १३६ पछि देहायको दफा १३६क. थपिएको छ :-

"१३६क. पुरस्कार र सुराकी खर्चको व्यवस्था : (१) कुनै व्यक्तिले आफ्नो करको दायित्व सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकममध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम महानिर्देशकको निर्णयले पुरस्कार दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ ।

(३) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व चुहावटको सूचना दिने व्यक्तिलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधि बमोजिम तत्काल दशहजार रुपैयाँसम्म सुराकी खर्च दिन सकिनेछ ।

(४) उपदफा (१) र (३) बमोजिमको सूचना दिने व्यक्तिको नाम, थर र वतन गोप्य राखिनेछ ।"

(७५) खारेजी : दफा ६६, ८९क. र ८९ख. खारेज गरिएका छन् ।

(७६) अनुसूचीमा संशोधन : (क) अनुसूची-१ को,-

(१) दफा १ को,-

(क) उपदफा (१), (२), (३), (४), (५), (६) र (७) को सट्टा देहायको उपदफा (१), (२), (३), (४), (५), (६) र (७) राखिएका छन् :-

"(१) कुनै आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्तिको करयोग्य आयमा यस अनुसूचीको उपदफा (२) र (४) को अधीनमा रही देहाय बमोजिमको दरले कर लाग्नेछ :-

(क) दुई लाख पचास हजार रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

(ख) दुई लाख पचास हजार रुपैयाँभन्दा बढी तर तीन लाख पचास हजार रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (क) बमोजिम दुई लाख पचास हजार रुपैयाँसम्म दुई हजार पाँचसय रुपैयाँ र दुई लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा पन्ध्र प्रतिशत,

(ग) तीन लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड (ख) बमोजिम तीन लाख पचास हजार रुपैयाँसम्म सत्र हजार पाँचसय रुपैयाँ र तीन लाख पचास हजार रुपैयाँभन्दा बढी भएको करयोग्य आयमा पच्चीस प्रतिशत, र

(घ) पच्चीस लाख रुपैयाँ भन्दा बढी कर योग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (ग) बमोजिम लागेको करको दरमा थप चालीस प्रतिशत अतिरिक्त कर ।

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा र निवृत्तभरण बापतको आयमा

खण्ड (क) बमोजिमको कर लाग्ने छैन ।

(२) कुनै आय वर्षमा दफा ५० बमोजिम छनौट गर्ने कुनै दम्पतीको करयोग्य आयमा यस अनुसूचीको उपदफा (४) को अधीनमा रही देहाय बमोजिमको दरमा कर लाग्नेछ :-

(क) तीन लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

(ख) तीन लाख रुपैयाँभन्दा बढी तर चार लाख रुपैयाँसम्मको करयोग्य आय भएमा खण्ड (क) बमोजिम तीन लाख रुपैयाँसम्म तीन हजार रुपैयाँ र तीन लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा पन्ध्र प्रतिशत,

(ग) चार लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा खण्ड (ख) बमोजिम चार लाख रुपैयाँसम्म अठार हजार रुपैयाँ र चार लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा पच्चीस प्रतिशत, र

(घ) पच्चीस लाख रुपैयाँ भन्दा बढी कर योग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (ग) बमोजिम लागेको करको दरमा थप चालीस प्रतिशत अतिरिक्त कर ।

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा र निवृत्तभरण बापतको आयमा उपरोक्त खण्ड (क) बमोजिमको कर लाग्ने छैन ।

(३) यस अनुसूचीको उपदफा (४) मा उल्लिखित व्यवस्था देहायको अवस्थामा लागू हुनेछ :-

(क) बासिन्दा प्राकृतिक व्यक्तिको सम्बन्धमा कुनै आय वर्षमा दुई लाख पचास हजार रुपैयाँभन्दा बढी आय भएको वा दफा ५० बमोजिमको छनौट नगरेको बासिन्दा दम्पतीको सम्बन्धमा कुनै आय वर्षमा तीन लाख रुपैयाँभन्दा बढी आय भएको,

(ख) गैर-व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खूद लाभ सो प्राकृतिक व्यक्ति वा दम्पतीको आय र तदनुरुप करयोग्य आयको गणनामा समावेश भएको ।

(४) यस अनुसूचीको उपदफा (३) को अधीनमा रही देहायका व्यक्तिलाई देहाय बमोजिम कर लाग्नेछ :-

(क) देहायका रकममध्ये जुन बढी छ सो रकममा सो प्राकृतिक व्यक्ति वा दम्पतीको सो मात्र करयोग्य आय भए सरह मानी यस अनुसूचीको उपदफा (१) वा (२) बमोजिमको दरले कर लाग्नेछ :-

(१) सो प्राकृतिक व्यक्ति वा दम्पतीको जम्मा करयोग्य आयबाट सो लाभको रकम घटाई बाँकी हुन आउने रकम,

(२) प्राकृतिक व्यक्तिको सम्बन्धमा दुई लाख पचास हजार रुपैयाँ वा दम्पतीको सम्बन्धमा तीन लाख रुपैयाँ ।

(ख) सो करयोग्य आयको बाँकी रकमबाट दश प्रतिशतका दरले कर लाग्नेछ ।

तर,

(१) निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व पाँच वर्ष वा सो भन्दा बढी भएको छ भने दुई दशमलव पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

(२) निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व पाँच वर्षभन्दा कम रहेको छ भने पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

(३) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको निःसर्गवाट प्राप्त लाभको हकमा पाँच प्रतिशतको दरले कर लाग्नेछ ।

(५) नेपाल सरकारले तोकेको दूर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दूर्गम भत्ता बापत तोकिए बमोजिम बढीमा पचास हजार रुपैयाँसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

(६) नेपालका विदेशस्थित कुटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको

पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिनेछ ।

(७) यस ऐनको दफा ४ को उपदफा (४) बमोजिम करको रकम देहाय बमोजिम हुनेछ :-

(क) महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा पाँच हजार रुपैयाँ,

(ख) नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा दुई हजार पाँच सय रुपैयाँ,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा एक हजार पाँच सय रुपैयाँ ।"

(ख) उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छ :-

"(९) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पत्तिको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

तर यसरी घटाइने रकमको सीमा तोकिए बमोजिमभन्दा बढी हुने छैन ।"

(ग) उपदफा (९) पछि देहायका उपदफा (१०), (११), (१२), (१३), (१४), (१५), (१६) र (१७) थपिएका छन् :-

"(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्गता भएको रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा

दम्पतीको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नु पर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरूबाट देहाय बमोजिमको वार्षिक कर असुल गरिनेछ र सवारी साधन धनी प्राकृतिक व्यक्ति भएमा त्यसरी तिरेको कर नै अन्तिम हुनेछ :-

| सवारीको किसिम | प्रतिसवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|
| (क) मिनिबस, मिनि ट्रक, ट्रक र बस | रु. ३,०००।- |
| (ख) कार, जिप, भ्यान, माइक्रो बस | रु. २,४००।- |
| (ग) थ्रि ह्वीलर, अटो रिक्सा, टेम्पो | रु. १,५५०।- |
| (घ) ट्रेक्टर र पावर टिलर | रु. १०००।- |

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक व्यक्तिले कुनै वर्षभरी पूर्णरुपले यस ऐनको दफा ११ मा उल्लिखित विशेष उद्योग सञ्चालनमा संलग्न रहेमा यस दफा बमोजिम करको गणना गर्दा पच्चीस प्रतिशत कर लाग्ने करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेछ ।

(१५) कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा निकासीबाट भएको करयोग्य आयमा करको

गणना गर्दा पच्चीस प्रतिशत कर लाग्ने कर योग्य आयमा पन्ध्र प्रतिशतका दरले कर लाग्नेछ ।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

(१७) दफा ४ को उपदफा (४क) बमोजिम कारोबार कर रकममा निम्न बमोजिमको दरले कर लाग्नेछ :-

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलब पाँच प्रतिशत

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको एक दशमलब पाँच प्रतिशत

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको दुई प्रतिशत ।

तर खण्ड (क), (ख) र (ग) मा उल्लेख गरिए बमोजिम कर गणना गर्दा पाँच हजार रुपैयाँभन्दा कम भएमा पाँच हजार रुपैयाँ ।"

(२) दफा २ को,-

(क) उपदफा (२) मा रहेका "सामान्य बीमा व्यवसाय" भन्ने शब्दहरूपछि "वा चुरोट, बिँडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पानमसला, मदिरा, बियरको कारोबार" भन्ने शब्दहरू थपिएका छन् ।

(ख) उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) सो निकायले,-

(१) कुनै सडक, पुल, टनेल, रोप-वे वा आकाशे पुल निर्माण गरी सञ्चालन गरेमा,

स्पष्टीकरण : "रोप-वे" भन्नाले सामान ढुवानी गर्ने प्रयोजनका लागि निर्माण गरिएको वा मानिस ओसार पसार गर्ने प्रयोजनका लागि निर्माण गरिएको केवलकार समेतलाई सम्झनु पर्छ ।

(२) कुनै ट्रली बस वा ट्राम सञ्चालन गरेमा, वा

(३) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा ।

(ग) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) कुनै निकायको नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेछ ।"

(घ) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) कुनै आय वर्षमा कुनै मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा अशक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा सो सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा सो ट्रष्टलाई बासिन्दा प्राकृतिक व्यक्ति सरह मानी यस अनुसूचीको दफा १ को उपदफा (१) र उपदफा (४) बमोजिम कर लाग्नेछ ।"

(ङ) उपदफा (६) मा रहेको "दश" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राखिएको छ :-

(च) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छ :-

"(७) कुनै आय वर्षमा दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा दुई प्रतिशतका दरले कर लाग्नेछ।

(ख) अनुसूची-२ को,-

(क) दफा २ को उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेका "दफा ५" भन्ने शब्दहरुको सट्टा "उपदफा (५)" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) दफा ३ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) कुनै व्यक्तिले आफ्नो व्यवसायिक प्रयोजनको निमित्त आवश्यक पर्ने उर्जाशक्ति उत्पादन गर्न पूँजीकृत गरेको सम्पत्तिको पूँजीगत रकमको पचास प्रतिशत सोही वर्ष ह्रास खर्च बापत कट्टी दाबी गर्न सक्नेछ।

(४) कुनै व्यक्तिले फिस्कल प्रिन्टर र क्यास मेशिन राखी बिल बिजक जारी गर्ने गरेमा सो प्रिन्टर तथा क्यास मेशिनमा भएको खर्चको एकमुष्ट रकम ह्रासखर्च बापत सोही वर्ष दाबी गर्न सक्नेछ।"

३१. <u>भन्सार ऐन, २०६४ मा संशोधन :</u> भन्सार ऐन, २०६४ को,-

(१) दफा २ को,-

(क) खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थपिएको छ :-

"(ढ१) "बिपद्" भन्नाले भूकम्प, आगलागी, आँधीवेरी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य बिपद्लाई सम्झनु पर्दछ र सो शब्दले औद्यौगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै प्रकारको बिपद् समेतलाई जनाउँछ।"

(ख) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) "भन्सार अधिकृत" भन्नाले प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार अधिकृत, प्रमुख भन्सार परीक्षक, भन्सार अधिकृत वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले भन्सार कार्यालय वा छोटी भन्सार कार्यालयको प्रमुख र दफा ८४ बमोजिम अर्थ मन्त्रालयले तोकेको अधिकारी समेतलाई जनाउँछ ।"

(ग) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छ :-

"(न) "भन्सार कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको वा गरेको भन्सार कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तो भन्सार कार्यालय परिसर र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य क्षेत्र समेतलाई जनाउँछ ।"

(घ) खण्ड (प) पछि देहायको खण्ड (प१) थपिएको छ :-

"(प१) "भन्सार जाँचपास परीक्षण कार्यालय" भन्नाले दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि स्थापना गरिएको कार्यालयलाई सम्झनु पर्छ ।"

(ङ) खण्ड (भ) को सट्टा देहायको खण्ड (भ) राखिएको छ :-

"(भ) "भन्सार क्षेत्र" भन्नाले दफा ३ बमोजिम नेपाल सरकार वा महानिर्देशकले तोकिदिएको भन्सार क्षेत्र सम्झनु पर्दछ ।"

(च) खण्ड (ल) पछि देहायको खण्ड (ल१) थपिएको छ :-

"(ल१) "राहत सामग्री" भन्नाले विपद्को अवस्थामा पीडितको उद्धार तथा राहतका लागि मानवीय सहायतास्वरुप पैठारी हुने

नेपाल सरकारले तोके बमोजिमका मालवस्तु सम्झनु पर्दछ ।"

(२) दफा ३ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) राहत सामग्री जाँचपास गर्ने प्रयोजनको लागि वा बिपद्को अवस्थामा उपदफा (१) बमोजिमको प्रयोजनको लागि महानिर्देशकले नेपालको कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रुपमा तोक्न सक्नेछ । त्यसरी तोकिएको भन्सार क्षेत्रको प्रयोजन समाप्त भएपछि महानिर्देशकले त्यस्तो भन्सार क्षेत्र खारेज गर्नेछ ।"

(ख) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर उपदफा (१क) बमोजिमको भन्सार क्षेत्रबाट नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने बाटो महानिर्देशकले तोक्न सक्नेछ ।"

(३) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

**"४. <u>भन्सार कार्यालयको स्थापना</u>** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय वा छोटी भन्सार कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) बिपद्को कारणले गर्दा कुनै भन्सार कार्यालयबाट कार्यसम्पादन गर्न नसकिने अवस्था भएमा महानिर्देशकले कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय स्थापना गर्न सक्नेछ । त्यसरी स्थापना भएको भन्सार कार्यालयको प्रयोजन समाप्त भएपछि त्यस्तो भन्सार कार्यालय महानिर्देशकले खारेज गर्नेछ ।"

(४) दफा ४ पछि देहायको दफा ४क. थपिएको छ :-

"४क. "**<u>भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना</u>** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको भन्सार जाँचपास परीक्षण कार्यालय यसै दफा बमोजिम स्थापना भएको मानिनेछ।"

(५) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७ **महसुल नलाग्ने:** (१) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तु भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमै छाड्न निवेदन दिएमा त्यस्तो मालवस्तुमा महसुल लाग्नेछैन।

(२) उपदफा (१) बमोजिम छाडिएको मालवस्तु जफत भएको मानिनेछ । त्यस्तो मालवस्तु नेपाल सरकारले आफै प्रयोग गर्न वा यस ऐन बमोजिम भन्सार अधिकृतले लिलाम विक्री गर्न सक्नेछ।

तर त्यस्तो मालवस्तु प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको रहेछ भने भन्सार अधिकृतले भन्सार कार्यालयबाट तोकिएबमोजिम हटाउँन वा नष्ट गर्न सक्नेछ र त्यसरी हटाउँन वा नष्ट गर्न लाग्ने खर्च सम्बन्धित पैठारीकर्ताबाटै असुल उपर गरिनेछ।

(३) कुनै मालवस्तु चलान गर्दा कम भएको, बाटोमा दुर्घटना वा विपद्मा परी टुटफुट भई व्यापारिक रुपमा मूल्यहीन भएको वा परिमाण वा तौलमा कमी भएको वा चोरी भई परिमाण कम भएको भएमा तोकिएको प्रमाण सहित तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समयावधिभित्र पैठारीकर्ताले निवेदन दिएमा भन्सार अधिकृतले त्यस्तो क्षति वा घटी भएको वा व्यापारिक रुपमा मूल्यहीन भएका मालवस्तुको तोकिए बमोजिम महसुल छुट दिन वा असुल भइसकेको भए फिर्ता दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नोक्सानी भएको परिमाणको मालवस्तु जुन उद्देश्यका लागि

पैठारी भएको हो सो उद्देश्य पूरा नहुने तर रद्दी वा पत्रुको रुपमा वा अन्य कुनै वैकल्पिक उपयोगमा प्रयोग हुन सक्ने अवस्थाको भएमा भन्सार अधिकृतले सोही रुपमा त्यस्तो मालवस्तुको भन्सार मूल्य कायम गरी लाग्ने महसुल असुल गर्न सक्नेछ ।"

(६) दफा ८ को उपदफा (१) मा रहेका "भन्सार कार्यालयमा दर्ता भएको" भन्ने शब्दहरुको सट्टा "भन्सार कार्यालयमा दर्ता भएको वा कम्प्युटर प्रणालीमार्फत भन्सार कार्यालयमा प्राप्त भएको" भन्ने शब्दहरु राखिएका छन् ।

(७) दफा ९ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) नेपाल सरकारले राहत सामग्रीको पैठारीमा लाग्ने सम्पूर्ण महसुल छुट दिन सक्नेछ । यसरी महसुल छुट दिंदा महसुल छुट दिइएका मालवस्तुको विवरण र छुट पाउने अवधि समेत खुलाउनु पर्नेछ ।"

(८) दफा ११ को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर मदिरा, चुरोट वा अन्य सूर्तीजन्य पदार्थ निकासी गर्ने उद्योगलाई यो सुविधा दिइने छैन ।"

(९) दफा १३ को,-

(क) उपदफा (१४) को सट्टा देहायको उपदफा (१४) राखिएको छ :-

"(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत प्रयोजनको लागि गुण्टा, भिटी, भारी आदेश अन्तर्गत पैठारी भएको मालवस्तु वा बिदेशी मुलुकबाट उपहार वा नमूना स्वरुप प्राप्त गरी पैठारी भएको मालवस्तु वा राहत सामग्रीको कारोवार मूल्य खुलाउन नसक्ने कारण जनाई सो मालवस्तुको धनीले मूल्याङ्कन गरिदिन निवेदन दिएमा र सो व्यहोरा भन्सार अधिकृतलाई उपयुक्त लागेमा वा मूल्य नखुलेको अवस्थामा पेश हुन आएमा निजले त्यस्तो मालवस्तुको अनुमानित भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।"

(ख) उपदफा (१६) मा रहेका "मालवस्तु जाँचपास हुँदाका दिन" भन्ने शब्दहरुको सट्टा "सो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको वा कम्प्युटर प्रणालीमार्फत भन्सार कार्यालयमा प्राप्त भएको दिन" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (१६) पछि देहायका उपदफा (१७), (१८) र (१९) थपिएका छन् :-

"(१७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भन्सार अधिकृतले भन्सार मूल्य निर्धारण गर्दा यस दफामा उल्लेख भएको विधि वा प्रक्रिया अनुकूल नभएमा वा सो मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा त्यस्तो मालवस्तुको यस दफा बमोजिम पुनः मूल्य निर्धारण गर्न महानिर्देशकले आदेश दिन सक्नेछ ।

(१८) उपदफा (१७) बमोजिम आदेश प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र पुनः भन्सार मूल्य निर्धारण गरी महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।

(१९) उपदफा (१७) बमोजिम आदेश दिंदा महानिर्देशकले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले नब्बे दिनभित्र दिनु पर्नेछ ।"

(१०) दफा १६ को,-

(क) उपदफा (३) झिकिएको छ ।

(ख) उपदफा (४) मा रहेका "मालवस्तु जाँचपास हुने दिनमा" भन्ने शब्दहरुको सट्टा "त्यस्तो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको वा कम्प्यूटर प्रणालीमार्फत भन्सार कार्यालयमा प्राप्त भएको दिनमा" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा १८ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन् :-

"(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले

मालवस्तुको विवरण प्रज्ञापनपत्रको ढाँचामा विद्युतीय माध्यमबाट कम्प्यूटर प्रणाली मार्फत भन्सार कार्यालयमा पठाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम विद्युतीय माध्यमबाट मालवस्तुको प्रज्ञापनपत्र पठाएकोमा निकासी वा पैठारीकर्ताले उपदफा (१) बमोजिमका कागजातहरु भौतिक रुपमा वा विद्युतीय स्वरुपमा भन्सार अधिकृतसमक्ष पेश वा सम्प्रेषण गर्नु पर्नेछ ।

(१२) दफा २० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार अधिकृतले छनौट प्रणाली बमोजिम देहायको कुनै प्रक्रिया अवलम्बन गरी मालवस्तु जाँचपास गर्न सक्नेछ :-

(क) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने वा,

(ख) मालवस्तुको जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने वा,

(ग) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपास पछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने वा,

(घ) मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत पूर्ण रुपमा जाँच गरेर जाँचपास गर्ने ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "छनौट प्रणाली" भन्नाले राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वास्थ्यको सुरक्षा, पर्यावरणीय सुरक्षा, मालवस्तुको प्रकृति, मालवस्तुको उत्पत्तिको मुलुक, मालवस्तु चलान भएको मुलुक, आपूर्तिकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टको साख आदिको आधारमा निर्धारण गरिने जोखिमलाई विचार गरी त्यस्ता जोखिमका आधारमा मालवस्तुको वर्गीकरण गरी मालवस्तु जाँचपास गर्न विभागले जारी गरेको निर्देशिकामा निर्धारण गरिएको प्रणाली सम्झनु पर्छ ।"

(१३) दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ :-

“२२ **मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारणः** (१) दफा २१ बमोजिम भन्सार मूल्य निर्धारण भएपछि भन्सार अधिकृतले घोषित मालवस्तु प्रचलित आर्थिक ऐन अनुसारको उपशीर्षक बमोजिम वर्गीकरण भए नभएको जाँच गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा भन्सार अधिकृतले दफा ६१क. को उपदफा (३) मा उल्लिखित विषयलाई समेत आधार लिई वर्गीकरण ठीक भए वा नभएको यकिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मालवस्तुको वर्गीकरण जाँच गर्दा ठीक पाइएमा भन्सार अधिकृतले सो मालवस्तुमा लाग्ने महसुल निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा मालवस्तुको वर्गीकरण ठीक नभएको पाइएमा भन्सार अधिकृतले घोषणाकर्तालाई जानकारी गराई वर्गीकरण उपशीर्षक संशोधन गरी सोही बमोजिम लाग्ने महसुल निर्धारण गर्नेछ ।

(४) उपदफा (३) वमोजिम भन्सार अधिकृतले गरेको संशोधनमा चित्त नवुभ्ने पैठारीकर्ताले दफा ६१क. बमोजिम पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ । त्यसरी निवेदन दिनुअघि भन्सार अधिकृतले निर्धारण गरेको महसुल भुक्तान गरी मालवस्तु छुटाउनु पर्नेछ ।

(५) पैठारीकर्ताले उपदफा (४) बमोजिम महसुल भुक्तान गर्दा वस्तु वर्गीकरणको अन्तिम निर्णय हुँदा ठहरेबमोजिम हुने गरी पूर्ण वा आंशिक रुपमा धरौटीमा राख्न भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ । त्यसरी निवेदन दिएमा भन्सार अधिकृतले सोही बमोजिम धरौटी राखी मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिम मालवस्तुको वर्गीकरण यकिन गर्न भन्सार अधिकृतलाई द्विविधा भएमा द्विविधा हुनुपर्ने कारण र आफ्नो राय तथा

मालवस्तुको नमूना सहित महानिर्देशक समक्ष निर्णयको लागि लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम लेखी आएमा महानिर्देशकले वर्गीकरण उपशीर्षक तोक्ने निर्णय गरी सोको जानकारी भन्सार अधिकृतलाई गराउनु पर्नेछ । भन्सार अधिकृतले पनि सोही बमोजिम मालवस्तुको वर्गीकरण तथा महसुल निर्धारण गरी मालवस्तु जाँचपास गर्नेछ ।"

(१४) दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छ :-

"३०. **मालवस्तुको नमूना सङ्कलन र परीक्षण**: (१) पैठारी हुने कुनै मालवस्तुको गुणस्तर परीक्षण, भन्सार मूल्याङ्कन, वर्गीकरण, जनस्वास्थ्य वा वातावरणमा पर्न सक्ने प्रभावको दृष्टिकोणले नमूना जाँच गर्न वा सम्बन्धित विशेषज्ञवाट जाँच गराउन वा प्रयोगशालाबाट परीक्षण गराउन आवश्यक देखेमा भन्सार अधिकृतले उक्त मालवस्तुको धनी वा निजको एजेन्टको रोहवरमा नमूना झिकी आफैले जाँच गर्न, सम्बन्धित विशेषज्ञबाट जाँच गराउन वा विभागको प्रयोगशाला वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षणको लागि प्राप्त हुन आएको मालवस्तुको नमूना विभागको वा अन्य सरकारी निकायको प्रयोगशालाले यथाशीघ्र परीक्षण गरी सोको नतिजा सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भन्सार कार्यालयबाट परीक्षणको लागि प्राप्त नमूनाहरु विभागको प्रयोगशालाले आफैले परीक्षण गर्न नसक्ने भएमा सरकारी निकायको अन्य प्रयोगशालाबाट परीक्षण गराइ सोको प्रतिवेदन सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।"

(१५) दफा ३४ को,-

(क) उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएका छन् :-

"(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा पैठारीकर्ताले पैठारी गरेका मालवस्तु निजले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार अधिकृतले त्यसरी घटी भएको मूल्य वा परिमाणमा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असुल गरी घटी कारोवार मूल्य वा परिमाण घोषणा गरेबापत निजलाई यस ऐन बमोजिम कारवाही गर्नेछ।

तर घटी कारोवार मूल्य घोषणा गरेकोमा लाग्ने महसुलको शत प्रतिशत जरिवाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असुल भएको देखिएमा त्यस्तो कम महसुल रकम र सो बराबरको जरिवाना रकम सम्बन्धित कार्यालयले पैठारीकर्ताबाट तत्काल असुल गर्नेछ।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग), (३घ), (३ङ), (३च) र (३छ) थपिएका छन् :-

"(३क) महानिर्देशक वा भन्सार अधिकृतले यस दफा बमोजिम परीक्षण गर्दा मालवस्तुको स्पष्ट घोषणा नभएको देखेमा प्रचलित कानून बमोजिम थप रकम असुल गर्न तथा सम्बन्धित व्यक्तिलाई भिकाउन, बयान गराउन, प्रमाण वुभ्न, लिखत पेश गर्न लगाउन, सूचना वा म्याद जारी गर्न सक्नेछ।

(३ख) यस दफा बमोजिम परीक्षण गर्दा जारी गरिएको म्यादमा उपस्थित नहुने वा माग गरिए बमोजिम लिखत प्रमाण वा कागजात पेश

नगर्ने पैठारीकर्तालाई महानिर्देशक वा भन्सार अधिकृतले दफा ५७ को उपदफा (१५क) बमोजिम जरिवाना गरी निजको निकासी पैठारी सम्बन्धी कारोवार रोक्का गरी उपलव्ध भएसम्मका लिखित प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ ।

तर यस उपदफा बमोजिम परीक्षण गरिसकेपछि सो पैठारीकर्ताका सम्वन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफा बमोजिम पुनः परीक्षण गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३ग) यस दफा बमोजिम महसुल निर्धारण गर्दा सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३घ) यस दफा बमोजिम निर्धारण भएको महसुल तथा जरिवाना बापतको रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिए बमोजिमको रकम दाखिला गर्नु पर्नेछ । सो अवधिभित्र दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिवाना दाखिला गर्ने आदेश भएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत गणना गरी असुलउपर गरिनेछ ।

(३ङ) उपदफा (३घ) बमोजिम तिर्नु बुझाउनु पर्ने रकम नबुझाउने पैठारीकर्ताको कारोवार तथा चल अचल सम्पत्ति रोक्का गरी भन्सार अधिकृतले सोही सम्पत्तिबाट त्यस्तो रकम असुलउपर गर्नेछ ।

(३च) उपदफा (३ङ) बमोजिम रकम असूल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(३छ) महानिर्देशक वा भन्सार अधिकृतले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैंक, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोबारसँग

सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ । यसरी माग गरिएका हिसाव, कर विवरण, बीजक तथा कागजात उपलव्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।"

(१६) दफा ५३ पछि देहायको दफा ५३क. थपिएको छ :-

"**५३क. <u>भन्सार एजेन्टको कर्तव्य</u> :** मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्नको लागि यस ऐन बमोजिम नियुक्त भन्सार एजेन्टको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) भन्सार सम्बन्धी कानूनको पूर्ण परिपालना गर्ने,

(ख) भन्सार जाँचपास प्रक्रियालाई सरलीकरण गर्न भन्सार कार्यालयलाई आवश्यक सहयोग पुऱ्याउने,

(ग) महसुल असुल गर्ने कार्यमा भन्सार कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(घ) भन्सार कार्यालयको काम कारबाहीमा बाधा अवरोध पुग्ने किसिमका कुनै पनि कार्य नगर्ने,

(ङ) निजलाई नियुक्त गर्ने निकासीकर्ता वा पैठारीकर्तालाई आफू समक्ष उपस्थित गराउन भन्सार अधिकृतले लिखित सूचना दिएमा त्यस्तो सूचना सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई बुझाउने ।"

(१७) दफा ५५ को,-

(क) उपदफा (१) मा रहेका "कुनै काम गर्ने" भन्ने शब्दहरुपछि "वा आफ्नो कर्तव्य पूरा नगर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) भन्सार एजेन्टले उपदफा (१) बमोजिमको काम तेस्रो पटक पनि गरेमा वा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य झुट्ठा कागजात वा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको देखिएमा भन्सार अधिकृतले निजको इजाजत पत्र रद्द गर्नेछ।"

(ग) उपदफा (४) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (५)" भन्ने शब्दहरु र "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) र (५)" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थपिएका छन् :-

"(५) प्रचलित कानून बमोजिम भन्सार एजेन्टउपर फौज्दारी कसूरको अभियोगमा अदालतमा मुद्दा दायर भएमा मुद्दा दायर भएका मितिदेखि निज स्वतः निलम्वन हुनेछ।

(६) कुनै फौज्दारी अभियोगमा अदालतबाट कुनै भन्सार एजेन्ट दोषी प्रमाणित भएमा निजको इजाजतपत्र स्वतः रद्द हुनेछ।"

(१८) दफा ५७ को,-

(क) उपदफा (६) मा रहेका "महसुल बराबरको" भन्ने शब्दहरुको सट्टा "भन्सार महसुलको पच्चीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (१५) पछि देहायको उपदफा (१५क) थपिएको छः-

"(१५क) दफा ३४ बमोजिम परीक्षण गर्ने प्रयोजनका लागि माग गरेका हिसाव, कर विवरण, बीजक तथा कागजात तोकिएको समयमा उपलब्ध नगराउने पैठारीकर्तालाई महानिर्देशक वा भन्सार अधिकृतले पटकैपिच्छे दश हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।"

(ग) उपदफा (१७) पछि देहायका उपदफा (१८), (१९) र (२०) थपिएका छन् :-

"(१८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० को उपदफा (२) को खण्ड (क), (ख) वा (ग) बमोजिम जाँचपास भएका मालवस्तु पैठारीकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानुअघि वा भन्सारक्षेत्र बाहिर लगिसकेपछि अधिकारप्राप्त अधिकारीले यस ऐन बमोजिम पुनः जाँच गर्दा पैठारीकर्ताले घोषणा गरेकोभन्दा मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तरमा फरक पाइएमा त्यसरी विवरण फरक पारी पैठारी गरेवापत यस दफामा उल्लिखित जरिवाना र महसुलका अतिरिक्त त्यस्तो मालवस्तुको मूल्यको तीनसय प्रतिशत थप जरिवाना असुल गरी मालवस्तु छाडिदिने वा त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको मूल्यको दुईसय प्रतिशत जरिवाना गरिनेछ ।

(१९) उपदफा (१८) बमोजिम सजाय पाएको पैठारीकर्तालेे पुनः निकासी तथा पैठारी सम्बन्धी कार्य गर्न नपाउने गरी विभागले कारोवार रोक्का गर्न सक्नेछ ।

(२०) कुनै व्यक्तिले यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु, जुन उद्देश्यले पैठारी गरेको हो सो उद्देश्य विपरीत प्रयोग वा विक्री गरेको वा छुट वा सुविधा नपाउने व्यक्तिले आंशिक भन्सार महसुल छुट वा सुविधामा कुनै मालवस्तु पैठारी गरेको पाइएमा भन्सार अधिकृतले त्यस्ता मालवस्तुको भन्सार मूल्यको शतप्रतिशत जरिवाना गर्न सक्नेछ ।"

(१९) दफा ५९ को उपदफा (१) मा रहेका "तीन हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२०) दफा ६१ को,-

(क) उपदफा (१) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) मूल्याङ्कन पुनरावलोकन समितिले यस दफा बमोजिम पुनरावलोकन गर्दा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको भन्सार मूल्याङ्कन ठीक भए नभएको सम्बन्धमा जाँचबुझ गरी भन्सार अधिकृतले गरेको मूल्याङ्कनलाई नै कायम गर्न, बदर गर्न, त्यस्ता मालवस्तुको यस ऐन बमोजिम मूल्याङ्कन गरिदिन वा भन्सार अधिकृतलाई पुनः मूल्याङ्कन गर्नको लागि आदेश दिन सक्नेछ । मूल्याङ्कन पुनरावलोकन समितिले त्यसरी मूल्याङ्कन कायम गर्दा, बदर गर्दा, मूल्याङ्कन गर्दा वा पुनः मूल्याङ्कनको लागि आदेश दिंदा स्पष्ट कारण र आधार समेत खुलाउनु पर्नेछ ।"

(ग) उपदफा (७) पछि देहायको उपदफा (८) राखिएको छ :-

"(८) मूल्याङ्कन पुनरावलोकन समितिले उपदफा (५) बमोजिम पुनरालोकन गर्दा दफा १३ को उपदफा (१) बमोजिम गर्नेछ ।"

(२१) दफा ६१ पछि देहायको दफा ६१क. थपिएको छ :-

"६१क. **मालवस्तुको वर्गीकरण उपर पुनरावलोकनको व्यवस्था** : (१) भन्सार अधिकृतले दफा २२ बमोजिम गरेको मालवस्तुको वर्गीकरण उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले तीस दिनभित्र पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन साथ त्यस्तो मालवस्तुको नमूना एवं आफ्नो निवेदनको व्यहोरा पुष्ट्याँइ हुने आवश्यक कागजात समेत पेश गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम महानिर्देशकले मालवस्तुको वर्गीकरणको निर्णय उपर

पुनरावलोकन गर्दा वा दफा २२ को उपदफा (७) बमोजिम निर्णय गर्दा प्रचलित आर्थिक ऐन, विश्व भन्सार संगठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली, सो प्रणालीको व्याख्या सम्बन्धी नियमहरु, व्याख्यात्मक टिप्पणीहरु, विश्व भन्सार संगठनद्वारा गरिएका वस्तु वर्गीकरण सम्बन्धी निर्णयहरु, विश्व भन्सार संगठनको हार्मोनाइज्ड सिष्टम कमिटिले दिएको रायहरुलाई आधार लिन सक्नेछ ।

(४) कुनै मालवस्तुको वर्गीकरणका सम्बन्धमा निर्णय लिनु अघि महानिर्देशकले विभागको वा अन्य सरकारी निकायको प्रयोगशालाबाट परीक्षण गराई सो सम्बन्धी विशेषज्ञको राय लिन वा कुनै मालवस्तुका सम्बन्धमा सम्बन्धित विशेषज्ञ वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायको राय लिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम पर्न आएका वर्गीकरण सम्बन्धी पुनरावलोकनका निवेदनउपर महानिर्देशकले साठी दिनभित्र निर्णय दिई सक्नु पर्नेछ ।

तर अन्तर्राष्ट्रिय निकायसँग राय लिई निर्णय गर्नुपर्ने अवस्थामा यस उपदफा बमोजिमको समयावधि लागू हुने छैन ।”

(२२) दफा ६२ को,-

(क) उपदफा (२) मा रहेका “भन्सार कार्यालयमा” भन्ने शब्दहरुको सट्टा “भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयमा” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेका “भन्सार कार्यालयमा” भन्ने शब्दहरुको सट्टा “भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयमा” भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) दफा ६१क. बमोजिम महानिर्देशकले गरेको वर्गीकरण वा पुनरावलोकनको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।"

(२३) दफा ६३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस ऐन बमोजिमको काम कारवाहीको सिलसिलामा महानिर्देशकले दिएको आदेश वा निर्देशनको पालना नगर्ने वा लापरवाही वा बदनियतपूर्वक काम गर्ने भन्सार कार्यालयको कर्मचारीलाई महानिर्देशकले विभागीय कारवाही गर्न सक्नेछ।"

(२४) दफा ७४ को उपदफा (१) मा रहेका "पछिबाट देखिन आएमा" भन्ने शब्दहरुपछि "वा विभागले कुनै माध्यमबाट जानकारी प्राप्त गरी असुल गर्न आदेश दिएमा" भन्ने शब्दहरु थपिएका छन्।

(२५) दफा ८२ मा रहेका "सात दिनको" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनको" भन्ने शब्दहरु राखिएका छन्।

(२६) दफा ८९ को सट्टा देहायको दफा ८९ राखिएको छ :-

"८९. **पूर्वादेश सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले मालवस्तुको वर्गीकरण सम्बन्धमा पूर्वादेश जारी गर्न सक्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति सम्बन्धी अन्य व्यवस्था सोही सूचनामा तोकिए बमोजिम हुनेछ।"

(२७) दफा ८९ पछि देहायको दफा ८९क. थपिएको छ :-

"८९क. **भन्सार सहयोग सम्बन्धी सम्झौता गर्न सक्ने** : (१) नेपाल सरकारले व्यापार सहजीकरण, भन्सार सम्बन्धी पारस्परिक सहयोग एवं सूचना आदान/प्रदान गर्नका लागि विदेशी मुलुकसँग सम्झौता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि महानिर्देशकले सक्षम अधिकारीको रुपमा कार्य गर्नेछ ।

(३) सन्धि सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही महानिर्देशकले यस दफा बमोजिमको सम्झौताका सम्बन्धमा अर्को मुलुकको सक्षम अधिकारीसँग वार्ता गर्न वा सम्झौताको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न सक्नेछ ।"

(२८) दफा ९० को सट्टा देहायको दफा ९० राखिएको छ :-

"९०. **आदेश जारी गर्न सक्ने** : (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ हटाउनको लागि अर्थ मन्त्रालयले यस ऐनको प्रतिकूल नहुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) भन्सार मूल्य निर्धारण वा मालवस्तु जाँचपास वा भन्सार प्रक्रिया सम्बन्धी अन्य कुनै कुरामा भन्सार अधिकृतलाई द्विविधा भएमा वा यस प्रकारका कार्य सम्पादनमा कुनै बाधा अड्काउ परेमा महानिर्देशकले त्यस्तो द्विविधा हटाउन वा वाधा अड्काउ फुकाउन भन्सार अधिकृतलाई यस ऐनको प्रतिकूल नहुने गरी उपयुक्त आदेश दिन सक्नेछ ।"

(२९) दफा ९१ को सट्टा देहायको दफा ९१ राखिएको छ :-

"**९१. कारबाही गर्ने अधिकार** : भन्सार क्षेत्र बाहेक अन्यत्रबाट भन्सार महसुल छली ल्याएका मालवस्तु कसैले पक्राउ गरी पेश गरेको सम्बन्धमा कारवाही गर्ने अधिकार महानिर्देशक वा निजले तोकेको कुनै अधिकृतलाई र त्यस्तो मालवस्तु कुनै भन्सार कार्यालयमा पेश भएकोमा सम्बन्धित भन्सार अधिकृतलाई सो मालवस्तुको सम्बन्धमा कारवाही गर्ने अधिकार हुनेछ ।"

(३०) दफा ९३ को सट्टा देहायको दफा ९३ राखिएको छ :-

"**९३. निर्देशिका वा कार्यविधि बनाउन सक्ने अधिकार** : विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको

नियमको अधीनमा रही देहायका विषयमा निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ :

(क) मालवस्तुको मूल्याङ्कन,

(ख) छनौट प्रणाली बमोजिम मालवस्तुको जाँचपास,

(ग) जाँचपास पछिको परीक्षण,

(घ) राहत सामग्री जाँचपास,

(ङ) विद्युतीय घोषणा, जाँचपास एवं राजस्व भुक्तानी,

(च) भन्सारको कार्यसम्पादनसँग सम्बन्धित अन्य विषय ।"

३२. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (क) झिकिएको छ ।

३३. **<u>संशोधन वा खारेजी बहाल रहने अवधि</u>** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनद्वारा संशोधन वा खारेज भएका ऐनका प्रावधान यो ऐन वहाल रहेसम्मको लागि मात्र संशोधन वा खारेज हुनेछ र सो अवधि व्यतित भएपछि त्यस्ता प्रावधान स्वतः जागेको मानिनेछ ।

# अनुसूची-१

## (दफा २ को उपदफा (१) सँग सम्बन्धित)

१. **भन्सार महसुल:** (१) विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा आर्थिक ऐन, २०७१ को अनुसूची-१ मा उल्लिखित शीर्षक, उपशीर्षक, मालवस्तुका विवरणहरू र अन्य व्यवस्थाहरूमा समेत देहाय बमोजिम संशोधन र थप गरी भन्सार महसुल दर लगाइएको छ । यसमा उल्लिखित संशोधन र थप बाहेकका परिच्छेद र भागका द्रष्टव्यहरू, शीर्षक, उपशीर्षकहरू, मालवस्तुका विवरणहरू र मालवस्तुको पैठारीका दरहरू समेत आर्थिक ऐन, २०७१ बमोजिम नै हुनेछन् ।

| शीर्षक | उपशीर्षक | मालवस्तुको विवरण | पैठारी भन्सार महसुल दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ०४.०५ | | **दूधबाट निकालिएका नौनी तथा अन्य स्नेह (फ्याट वा चिल्लो पदार्थहरु) र तेलहरु (आयल्स); दुग्ध विस्तरण (डेरी स्प्रेड्स) ।** | |
| | ०४०५.१०.०० | -नौनी (बटर) | २० |
| | ०४०५.२०.०० | -दुग्ध विस्तरण (डेरी स्प्रेड्स) | २० |
| | ०४०५.९०.०० | -अन्य | २० |
| | | **शीर्षक ०७.१३ को उपशीर्षक ०७१३.२०.०० मा रहेको "सानो केराउ" भन्ने शब्दहरुको सट्टा "चना" भन्ने शब्द राखिएको छ ।** | |
| | | **शीर्षक ११.०१ को उपशीर्षक ११०१.००.०० मा रहेको "पीठो" भन्ने शब्दको सट्टा "मैदा" भन्ने शब्द राखिएको छ ।** | |
| | | **शीर्षक ११.०३ को शीर्षकमा रहेको "गहुँ" भन्ने शब्दको सट्टा "अन्न" भन्ने शब्द राखिएको छ ।** | |
| | | **शीर्षक ३९१६ को शीर्षक पाठको सट्टा देहायको शीर्षक पाठ राखिएको छः** | |

| | | | |
|---|---|---|---|
| २२.०८ | | **८० प्रतिशत भन्दा कम घनत्व अल्कोहल शक्ति भएको अविकृत (अनडिनेचर्ड) एथिल अल्कोहल; अरख (स्पिरिट्स), मदिरा (लिकर्स) र अन्य मादक (स्पिरिचुअस) पेयहरु (बेभरेजेज) ।** | |
| | | -अंगुरको वाइन वा अंगुर मार्कबाट निकालिएको स्प्रिट (ब्राण्डी): | |
| | २२०८.२०.९० | --अन्य | प्र.लि. रु.१२००।- |
| | | -व्हीस्कीहरु : | |
| | २२०८.३०.९० | --अन्य | प्र.लि. रु.१२००।- |
| | | -उखुको उत्पादनहरुलाई कुहाएर चुलाई गरी निकालिएको रम र अन्य स्प्रीट: | |
| | २२०८.४०.९० | --अन्य | प्र.लि. रु.१२००।- |
| | | -जीन र जेनेभा : | |
| | २२०८.५०.९० | --अन्य | प्र.लि. रु.१२००।- |
| | | -भोड्का : | |
| | २२०८.६०.९० | -अन्य | प्र.लि. रु.१२००।- |
| | | -मदिरा (लिकर्स) तथा उद्दीपक (कर्डियल्स): | |
| | २२०८.७०.९० | --अन्य | प्र.लि. रु.१२००।- |
| | | -अन्य : | |
| | २२०८.९०.९० | --अन्य | प्र.लि. रु.१२००।- |
| २४.०२ | | **सुर्ती वा सुर्तीको प्रतिस्थापक (सब्स्टिच्यूट) बाट वनेको सिगार, चुरोट (चेरुट्स), सानो सिगार (सिगारिलस) र चुरोट (सिगरेट) ।** | |
| | २४०२.१०.०० | -सुर्तीको सिगार, चुरोट (चेरुट) र सानोसिगार (सिगारिलस) | प्र.हजार खिल्ली रु.४५००।- |
| | २४०२.२०.०० | -सुर्तीको चुरोट (सिगरेट) | प्र.हजार खिल्ली रु.४५००।- |

| | | | |
|---|---|---|---|
| | २४०२.९०.०० | -अन्य | प्र.हजार खिल्ली रु.४५००।- |
| ३९.१६ | | **प्लाष्टिकको, कुनै पनि क्रस सेक्सनल डाइमेन्सन १ एम.एम. भन्दा बढी भएको मोनोफिलामेन्ट सर्फेस वर्क (सतही कार्य) गरेको वा नगरेको तर त्यस बाहेक केही नगरेको डण्डी (रड), छडी (स्टीक) र प्रोफाइल आकार (सेप) हरु ।** | |
| ४४.०१ | | **बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हांगा विंगा वा दाउराको बाधेको विटो, वा यस्तै रुपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल); काठ चिरेको धूलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, ब्रिकेट (थिचेर बनाइएको चक्का), पेलेट (मट्याङ्ग्रा) वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको ।** | |
| | ४४०१.१०.०० | -बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हांगा विगा, दाउराको विटो वा यस्तै रुपमा | ५ |
| | | -काठको चोइटा चोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल): | |
| | ४४०१.२१.०० | --देवदार जातिका (कोनिफरस) | ५ |
| | ४४०१.२२.०० | --देवदार जाति बाहेकका (नन्कोनिफेरस) | ५ |
| | | -काठको धूलो, काठको अवशेष र रद्दी वस्तु, मुढा, चक्का (ब्रिकेट), गुटिका (पेलेट) हरु वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको | |
| | ४४०१.३१.०० | --काठका गुटिका (उड पेलेट) हरु | ५ |
| | ४४०१.३९.०० | --अन्य | ५ |
| ४९.११ | | **अन्य मुद्रित वस्तुहरु, मुद्रित चित्र र आलोक चित्र (फोटोग्राफ) समेत ।** | |
| | | --अन्य : | |
| | ४९११.९९.१० | ---कम्प्यूटर सफ्टवेयरका मुद्रित पत्रहरु | ५ |
| | ४९११.९९.२० | ---रिचार्ज कार्डहरु | २० |
| | ४९११.९९.९० | ---अन्य | २० |

| | | | |
|---|---|---|---|
| ६३.०६ | | **त्रिपालहरु (टारपोलिन्स), नौका (वोट), सेलबोर्ड वा भू यान (ल्याण्डक्र्याफ्ट) निमित्तका पालहरु (सेल्स), जहाजको आच्छादन चंदुवा (अनिङ्गस), झ्यालका बाहिरी पर्दाहरु (सनब्लाइण्ड्स), पालहरु (टेण्ट्स) र शिविर (क्याम्पिङ्ग) का सामानहरु ।** | |
| | | -त्रिपालहरु, जहाजको चंदुवा (अनिङ्गस) र सूर्यको प्रकाश छेक्ने झ्यालका बाहिरी पर्दा (सनब्लाइण्ड्स) : | |
| | ६३०६.१२.०० | --संश्लेषित रेशाहरुको | १५ |
| | ६३०६.१९.०० | --अन्य कपडा पदार्थको | १५ |
| | | -पालहरु (टेन्टस) : | |
| | ६३०६.२२.०० | --संश्लेषित रेशाहरुको | १५ |
| | ६३०६.२९.०० | --अन्य कपडा पदार्थको | १५ |
| ६८.०२ | | **शीर्षक ६८.०१ का वस्तुहरु बाहेकका स्मारक वा निर्माणको लागि तयार गरेका ढुंगा (स्लेट बाहेक) र तिनका सामानहरु; पृष्ठ सामग्री (ब्याकिङ्ग) भएको वा नभएको प्राकृतिक ढुंगा (स्लेट सहित) का संगमर्मरका ठोस दाना (मोज्याक क्यूब्स) र यस्तै सामान प्राकृतिक ढुंगा (स्लेट सहित) का कृत्रिम रुपले रंगाइएका दानाहरु, रोडा, गिर्खा, टुक्राहरु, र धूलो (स्लेट सहित) ।** | |
| | | -चेप्टो वा समतल सतह भएको सामान्य रुपले काटिएको वा चिरेको अन्य स्मारक वा निर्माणको लागि तयार गरिएको ढुंगा र तिनका वस्तुहरु : | |
| | ६८०२.२३.०० | --पत्थर वा चट्टान (ग्रेनाइट) | २० |
| | | -अन्य : | |
| | ६८०२.९३.०० | --पत्थर वा चट्टान (ग्रेनाइट) | २० |
| ६९.०४ | | **निर्माणका माटाका ईटाहरु, भूई ढाक्ने ढिकाहरु (फ्लोरिङ्गब्लक्स), टेवाहरु (सपोर्ट्स) वा फिलर टाइलहरु र यस्तै सामानहरु ।** | |
| | ६९०४.१०.०० | -निर्माणका ईटाहरु | १० |
| | | **उपशीर्षक ७३१०.२ मा रहेका "-५० लिटर वा कम क्षमताको" भन्ने शब्दहरुको सट्टा "-५० लिटर भन्दा कम क्षमताको" भन्ने शब्दहरु राखिएको छ ।** | |

| | | | |
|---|---|---|---|
| | | **भाग ७१.०१ को उपभाग १ मा रहेको "(कल्वर्ड)" भन्ने शब्द पछि "मोती र" भन्ने शब्द थपिएका छन् ।** | |
| | | **शीर्षक ७१.०१ मा रहेको मूल पाठको सट्टा देहायको मूल पाठ राखिएको छ :** | |
| ७१.०१ | | **कारीगरी गरिएको वा नगरिएको, छुट्याएको वा नछुट्याएको तर नउनेको, अडेसा नलगाएको (माउण्टेड) वा नजडेको (सेट) रुपमा नभएको प्राकृतिक वा सम्बर्द्धित मोती; परिवहनको सुविधाका लागि अस्थायी रुपमा उनेको प्राकृतिक वा सम्बर्द्धित मोती ।** | |
| ७२.१० | | **६०० मि.मि.वा सो भन्दा बढी चौडाइको, आच्छादित, (क्ल्याड्), जलप (प्लेटेड) वा लेपित (कोटेड्) गरिएका फलाम वा अमिश्रित ईस्पात (नन्एल्वाय) का फ्ल्याटरोल्ड उत्पादनहरु ।** | |
| | | -अन्य किसिमबाट जस्ता (जिङ्क) को जलप वा लेप लगाइएको : | |
| | ७२१०.४१.०० | --कर्कटीकृत (गरागरा पारिएको वा कोरुगेटेड्) | १५ |
| ७२.१६ | | **फलाम वा अमिश्रित (नन्-एल्वाय स्टील) स्पातका ऐङ्गल (कोण) शेप्स (आकार) र सेक्सनहरु (भागहरु) ।** | |
| | ७२१६.१०.०० | -तापबेलित (हट रोल्ड), ताप कर्षित (हटड्रन) वा ताप वहिष्कृत (हट एक्सट्रुडेड्) बाहेक अन्य कार्य नगरिएको, ८० मि.मि.भन्दा कम उंचाइ भएको यू, आइ वा एच भागहरु (सेक्सन्स) | २० |
| | | -तापबेलित, ताप कर्षित वा ताप वहिष्कृत बाहेक अन्य कार्य नगरिएको, ८० मि.मि.भन्दा कम उंचाइ भएको एल वा टी भागहरु (सेक्सन्स) : | |
| | ७२१६.२१.०० | --एल सेक्सनहरु | २० |
| | ७२१६.२२.०० | --टि सेक्सनहरु | २० |
| | | -तापबेलित, ताप कर्षित वा ताप बहिष्कृत बाहेक अन्य कार्य नगरिएको, ८० मि.मि. वा सो भन्दा बढी उंचाइ भएको यू, आइ वा एच् भागहरु (सेक्सन्स): | |
| | ७२१६.३१.०० | --यू सेक्सनहरु | २० |

| | | | |
|---|---|---|---|
| | ७२१६.३२.०० | --आई सेक्सनहरु | २० |
| | ७२१६.३३.०० | --एच सेक्सनहरु | २० |
| | ७२१६.४०.०० | --तापबेलित ताप कर्षित वा ताप बहिष्कृत बाहेक अन्य कुनै काम नगरिएको, ८० मि.मि. वा सो भन्दा बढी उंचाइ भएको, एल वा टी भागहरु (सेक्सन्स) | २० |
| | ७२१६.५०.०० | -तापबेलित, तापकर्षित वा ताप बहिष्कृत बाहेक अन्य कार्य नगरिएको, कोणहरु (एंगल) आकार (शेप्स) र भागहरु (सेक्सन्स) | २० |
| | | -शित निर्मित (कोल्ड फोर्म्ड) वा शित परिष्कृत (कोल्ड फिनिस्ड) बाहेक अन्य काम नभएका, कोणहरु (एंगल्स), आकारहरु (शेप्स) र खण्डहरु (सेक्सन्स): | |
| | ७२१६.६१.०० | --समतल वेलन (फल्याट रोल्ड) उत्पादनहरुबाट उपलब्ध | २० |
| | ७२१६.६९.०० | --अन्य | २० |
| | | -अन्य : | |
| | ७२१६.९१.०० | --समतल-बेलन (फ्ल्याट-रोल्ड) उत्पादनहरुबाट शित-निर्मित(कोल्ड-फोर्म्ड) वा शित परिष्कृत (कोल्ड फिनिस्ड) गरिएका | २० |
| | ७२१६.९९.०० | --अन्य | २० |
| ८४.७१ | | **स्वयंचालित आंकडा उपयोगी बनाउने यन्त्रहरु (अटोम्याटिक डेटा प्रोसेसिङ्ग मेशिन्स) र तिनका इकाइहरु (यूनिट्स); म्याग्नेटिक (चुम्वकीय) वा चाक्षुष वा प्रकाशीय (ओप्टिकल) रिडर्सहरु, शीर्षकवद्ध रुपमा (कोडेड फौर्म) आंकडा माध्यम (डेटा मिडिया) मा आकंडा (डेटा) लाई अनुलेखन गर्ने (ट्रान्सक्राइबिङ्ग) निमित्तका यन्त्रहरु र त्यस्ता आंकडाहरु (डेटा) लाई उपयोगीकरण (प्रोसेसिङ्ग) गर्ने यन्त्रहरु, अन्यत्र उल्लेख नभएको वा समावेश नगरिएको ।** | |

| | | | |
|---|---|---|---|
| | | -उपशीर्षक ८४७१.४१ वा ८४७१.४९ बाहेकका अभिसंस्करण इकाइहरु (प्रोसेसिङ्ग यूनिट्स), एउटै उही ढांचा (हाउजिङ्ग) भित्र देहायका किसिम (टाइप) का एक वा दुई इकाई समाविष्ट भएका वा नभएका: संचय इकाइहरु (स्टोरेज यूनिट्स), निवेश इकाइहरु (इनपुट यूनिटस्), उत्पादन इकाइहरु (आउटपुट यूनिट्स): | |
| | ८४७१.५०.१० | --कम्प्यूटर सर्भर तथा नेटवर्क सर्भरहरु | माफी |
| | ८४७१.५०.९० | --अन्य | माफी |
| | | -संचय इकाइहरु (स्टोरेज यूनिट्स): | |
| | ८४७१.७०.१० | --कम्प्यूटरका हार्ड डिस्क, आन्तरिक (इन्टर्नल) | माफी |
| | ८४७१.७०.२० | --कम्प्यूटरका हार्ड डिस्क, स्थानान्तरण गर्न सक्ने (पोर्टेवल) वा वाह्य (एक्स्टर्नल) | ५ |
| | ८४७१.७०.९० | --अन्य | ५ |
| ८५.०४ | | **विद्युतका ट्रान्सफर्मरहरु, स्ट्याटिक कन्भर्टर्स (जस्तै-रेक्टीफायर) र इन्डक्टर ।** | |
| | | -तरल मिसाएको ट्रान्सफर्मरहरु : | |
| | ८५०४.२२.०० | --६५० के.भी.ए. भन्दा बढीको तर १०,००० के.भी.ए सम्म शक्ति संचालन गर्ने क्षमता भएको | १५ |
| | ८५०४.२३.०० | --१०,००० के.भी.ए. भन्दा बढी शक्ति संचालन गर्ने क्षमता भएको | १५ |
| | | -अन्य ट्रान्सफर्मरहरु: | |
| | ८५०४.३४.०० | --५०० के.भी.ए. भन्दा बढी शक्ति संचालन क्षमता भएको | १५ |
| ८५.२३ | | **डिस्कहरु, टेपहरु, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरु, "स्मार्ट कार्डहरु" र ध्वनी वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरु र माष्टरहरु, तर भाग ३७ का उत्पादनहरु बाहेक ।** | |

| | | | |
|---|---|---|---|
| | ८५२३.२९.०० | --अन्य | माफी |
| ८५.२३ | | **डिस्कहरु, टेपहरु, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरु, "स्मार्ट कार्डहरु" र ध्वनी वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरु र माष्टरहरु, तर भाग ३७ का उत्पादनहरु बाहेक ।** | |
| | | -अन्य: | |
| | ८५२३.८०.१० | --सफ्टवेयरहरु | माफी |
| | ८५२३.८०.९० | --अन्य | माफी |
| ८५.४६ | | **कुनै पनि पदार्थको इलेक्ट्रिकल इन्सुलेटर ।** | |
| | ८५४६.९०.०० | -अन्य | ३० |
| ८७.०३ | | **मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ बाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत ।** | |
| | | -अन्य: | |
| | | --विद्युतद्वारा सञ्चालित : | |
| | ८७०३.९०.११ | ---तीन पाङ्गे | ३० |
| | ८७०३.९०.१९ | ---अन्य | ८० |
| | ८७०३.९०.९० | --अन्य | ८० |
| ८७.०६ | | **शीर्षक ८७.०१ देखि ८७.०५ सम्मको मोटर गाडीका लागि इन्जिनसंग जोडिएका चेसिस ।** | |
| | ८७०६.००.१० | -शीर्षक ८७०१ का ट्याक्टरहरुका | ५ |
| | ८७०६.००.२० | -मिनिबसहरु (१५ देखि २५ सम्म सिट भएको) का | ३० |
| | ८७०६.००.३० | -माइक्रोबसहरु (११ देखि १४ सम्म सिट भएको) का | ३० |
| | ८७०६.००.४० | -जीप कार र भ्यानहरुका | ८० |
| | ८७०६.००.५० | -तिन पांग्रे गाडीहरु (अटोरिक्सा) का | ३० |
| | ८७०६.००.६० | -पिकअप गाडीहरुका | ३० |

| | | | |
|---|---|---|---|
| | ८७०६.००.७० | -राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरुका | ३० |
| | ८७०६.००.८० | -बस, ट्रकहरुका | ३० |
| | ८७०६.००.९० | -अन्य | ३० |
| ९०.०७ | | **ध्वनि अभिलेख गर्ने वा ध्वनि उतार्ने उपकरणहरु समावेश भएको वा नभएको चलचित्र सम्बन्धी क्यामरा र प्रोजेक्टरहरु ।** | |
| | ९००७.२०.०० | -प्रक्षेपकहरु (प्रोजेक्टर्स) | १० |
| ९०.०८ | | **चलचित्र सम्बन्धी बाहेक आकृति प्रक्षेपक (प्रोजेक्टर); तस्वीर सम्बन्धी (चलचित्र बाहेक) बढाउने र घटाउने यन्त्र ।** | |
| | ९००८.५०.०० | -प्रोजेक्टरहरु, बढाउने यन्त्र (इन्लार्जर) हरु र घटाउने यन्त्र (रेड्युसर) हरु | १० |
| ९४.०६ | ९४०६.००.०० | **पूर्व निर्मित भवन ।** | १५ |

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि देहायका व्यवस्थाको सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

२. यात्रुहरूले भन्सार महसुल छूटमा ल्याउन पाउने मालवस्तु बाहेक निजी गुण्टा, भिटी भारी सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालवस्तुमा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा देहाय बमोजिम एकमुष्ट समदरबाट भन्सार महसुल लाग्नेछः-

(क) भन्सार दर माफी भएका मालवस्तुमा पन्ध्र प्रतिशत,

(ख) पाँच प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा बीस प्रतिशत,

(ग) दश प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा पच्चीस प्रतिशत;

(घ) पन्ध्र प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा तीस प्रतिशत;

(ङ) बीस प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा पैंतीस प्रतिशत;

(च) तीस प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा पचास प्रतिशत,

तर,

(१) चाँदीका गहना, चुरोट, पाइप टोवाको, मदिरा, सवारी साधनहरू, हातहतियार, खरखजाना एवं अन्य पैठारी इजाजतपत्र लिई पैठारी गर्न पाइने मालवस्तुहरूमा दरबन्दी बमोजिम नै महसुल लाग्नेछ ।

(२) सुन, सुनका गहना र चाँदीमा दफा १४ को उपदफा (३) को खण्ड (झ) मा उल्लेख भए बमोजिमको दर लाग्नेछ ।

(३) नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनामा उल्लिखित टेलिभिजन मध्ये एल.सी.डी., प्लाज्मा वा एल.इ.डी. टेलिभिजनमा दफा १९ को उपदफा (१४) बमोजिम महसुल लाग्नेछ ।

(४) नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचनामा तोकिएको परिमाणभन्दा बढी भएको मालवस्तुमा लाग्ने महसुलको शत प्रतिशत थप गरी असुल गरिनेछ ।

३. भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपालभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा तीस प्रतिशतसम्मको दरमा पाँच प्रतिशत र सोभन्दा बढीका दरहरूमा तीन प्रतिशत छुट दिइनेछ ।

४. जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु चीनको स्वशासित क्षेत्र तिब्वतबाट नेपालभित्र प्रतीतपत्रको माध्यमबाट पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुल दरमा तीन प्रतिशत छुट दिइनेछ ।

५. अमेरिकी डलर दश हजार मूल्यसम्मका नेपालमा उत्पादन भएका मालवस्तुहरू निकासी गर्दा निकासीकर्ताले विदेशी मुद्रा प्राप्तीको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा उक्त कागजातहरू पछि पेश गर्ने शर्तमा प्राप्त हुनुपर्ने विदेशी मुद्रा वापतको रकमको बैङ्क ग्यारेण्टी राखी निकासी गर्न दिइनेछ । निकासीकर्ताले निकासी गरेको ६ महिनाभित्र विदेशी मुद्रा भुक्तानी प्राप्तीको कागजात वा निकासी भएको मालवस्तु फिर्ता आएको भए सोको प्रमाण पेश गरी बैङ्क ग्यारेण्टी फुकुवा गराउनु पर्नेछ । उक्त अवधिभित्र भुक्तानीको

कागजात वा निकासी भएको सामान फिर्ता आएको प्रमाण पेश गरी बैङ्क ग्यारेण्टी फुकुवा नगराएमा सम्बन्धित भन्सार कार्यालयले बैङ्क जमानत दिने बैङ्कसंग सो वापत राखेको बैङ्क ग्यारेण्टीको रकम माग गर्न सक्नेछ। यसरी माग गरेको अवस्थामा उक्त रकम पन्ध्र दिनभित्र बैङ्कले सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ । उपरोक्त अनुसार प्राप्त भएको रकम अबिलम्ब राजस्व खातामा दाखिला गरिनेछ।

६. यस अनुसूचीको दफा २० मा उल्लिखित नेपाल सरकारको संवेदनशील सूचीमा परेका मालवस्तुहरू र यसै अनुसूचीको दफा २१ मा उल्लिखित मालवस्तुहरू बाहेक सार्क मुलुकमा उत्पादित अन्य मालवस्तुहरू सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाटै बिल/बिजक बनी सोही मुलुकबाटै साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा सम्वत् २०६२ पुस १७ गते कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछ।

| सम्वत् २०६२ पुस १७ मा कायम रहेको भन्सार महसुल दर | सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर |
|---|---|
| ५% | ५% |
| १०% | ६% |
| १५% | ७.२५% |
| २५% | ९.५% |
| ३५% | ११.२५% |
| ४०% | ११.२५% |
| ८०% | ११.२५% |

तर,

(१) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी माथि उल्लेख भएकोभन्दा यस आर्थिक ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दर बमोजिम महसुल असुल गरिनेछ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाहरूबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने

महसुलभन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ ।

(३) सम्वत् २०६२ पुस १७ मा कायम नरहेका तर यस अनुसूचीको दफा १ मा रहेका तथा यस अनुसूचीको दफा २० तथा दफा २१ मा नपरेका उपशीर्षकहरूमा उल्लिखित मालवस्तुहरू दफा ६ बमोजिम सार्क मुलुकवाट पैठारी गर्दा उक्त दफामा उल्लिखित सार्क मुलुकहरूवाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर नै लाग्नेछ ।

७. सार्क मुलुकमा उत्पादित यस अनुसूचीको दफा २१ मा उल्लिखित उपशीर्षकहरूका मालवस्तुहरू सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाटै बिल/बिजक बनी सोही मुलुकबाटै साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा सम्वत् २०६७ कात्तिकमा कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिने छ ।

| सम्वत् २०६७ कात्तिकमा कायम रहेको भन्सार महसुल दर | सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर |
|---|---|
| ५% | ५% |
| १०% | ९% |
| १५% | १४% |
| २०% | १८.५% |
| २५% | २२% |
| ३०% | २७.५% |
| ८०% | ३०% |

तर,

(१) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी माथि उल्लेख भएको भन्दा यस आर्थिक ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दरबमोजिम महसुल असुल गरिनेछ ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाहरूबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने

महसुल भन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ ।

८. यस अनुसूचीमा उल्लेख भएबमोजिम कुनै मालवस्तुमा दिइएको छुट प्रदान गर्दा दोहोरो नपर्ने गरी कुनै एक छुट मात्र प्रदान गरिनेछ ।

९. **पुराना सवारी साधन एवं यन्त्र उपकरणहरूको मूल्य कायम गर्दा देहाय बमोजिम ह्रासकट्टी गरिने छ :-** (१) कुटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेण्टी वा धरौटीमा पैठारी भएका वा अन्य संघ, संस्थाको नाममा पूर्ण वा आंशिक भन्सार महसुल छूटमा पैठारी भएका सवारी साधन एवं यन्त्र उपकरण नेपालभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन एवं यन्त्र उपकरणहरूको भन्सार महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक दश प्रतिशतको दरबाट अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नेछ ।

(२) उपदफा (१) बाहेक निजी प्रयोगका लागि आंशिक भन्सार महसुल छूटमा व्यक्तिगत रूपमा पैठारी भएका सवारी साधनहरू अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले अधिकतम पाँच वर्षको (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

तर उत्पादन भएको मितिले दश वर्ष व्यतित भइसकेका सवारी साधनहरूको हकमा पैठारी हुँदा कायम भएको मूल्यमा साठी प्रतिशत ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पैठारी भएका सवारी साधनहरूको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनहरूको मूल्यभन्दा धेरै कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी उपदफा (१) वा (२) बमोजिम मूल्य कायम गरिनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम सवारी साधनहरूमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना

गरिनेछ र पैठारी हुनु पूर्व विदेशमा व्यतित भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ ।

१०. हवाईमार्गबाट व्यापारिक रूपमा पैठारी गरिने मालवस्तुको भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा पैठारीकर्ताले मालवस्तुको मूल्य, भाडा तथा बीमा रकम छुट्टाछुट्टै घोषणा गर्नु पर्नेछ । पैठारीकर्ताले घोषणा गरेको भाडा रकम र एयर वे बिलमा उल्लिखित भाडा रकममध्ये जुन बढी देखिन्छ सोही भाडा रकमलाई समावेश गरी मूल्य निर्धारण गरिनेछ । एयर वे बिलमा भाडा रकम उल्लेख नभएको र पैठारीकर्ताले घोषणा गरेको भाडा रकम वास्तविक भाडा रकमभन्दा कम देखिएमा भन्सार अधिकृतले उक्त मालवस्तु हवाईमार्गबाट पैठारी गर्दा लाग्न सक्ने अनुमानित भाडा रकम समेत समायोजन गरी मूल्य निर्धारण गर्नु पर्नेछ । हवाईमार्गबाट मालवस्तु पैठारी गर्दा लाग्ने भाडा रकमको जानकारी भन्सार अधिकृतले सम्बन्धित हवाई सेवाबाट लिन सक्नेछ । यसरी भन्सार अधिकृतले मालवस्तुमा लागेको वा लाग्न सक्ने भाडा रकमको जानकारी मागेको बखत त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित हवाई सेवाको कर्तव्य हुनेछ ।

तर एयर वे बिलमा उल्लिखित भाडा रकम र सम्बन्धित हवाई सेवाले वास्तविक रूपमा असुल गरेको भाडा रकम फरक भएमा सम्बन्धित हवाई सेवाले वास्तविक भाडा रकम असुल गरी जारी गरेको नगदी रसीदलाई मान्यता दिन सकिनेछ ।

११. **निर्यात हुने वस्तुको कच्चा पदार्थ धरौटीमा पैठारी गर्न सकिने** : बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगहरूले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल निम्न लिखित शर्त र कार्यविधिको अधीनमा रही धरौटी राखी पैठारी गर्न पाउनेछ । नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस्तो सुविधा दिइनेछ ।

तर मदिरा, चुरोट तथा सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरुलाई यो सुविधा दिइनेछैन ।

(क) उद्योगहरूले यस दफा बमोजिम कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल धरौटीमा जांचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढाँचामा भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) उक्त निवेदनको आधारमा, पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुल बापतको रकम धरौटीमा राखी जाँचपास गरिनेछ । साथै कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ ( प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा वा निकासी प्रक्रिया पूरा गरेपछि सोको विवरण पैठारीकर्तालाई दिइने निर्धारित ढाँचाको पासबूकमा स्पष्टसँग उल्लेख गरिनेछ ।

(ग) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित तयारी मालवस्तु बाह्र महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नु पर्नेछ ।

(घ) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा नेपाल सरकारबाट आंशिक वा पूर्णरूपमा महसुल सुविधा पाएको आयोजना वा निकायलाई बिक्री गर्ने भएमा मात्र उपर्युक्त बमोजिमको सुविधा प्रदान गरिनेछ ।

(ङ) यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेश मैं बिक्री गरेको प्रमाण, बैङ्कद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालवस्तु निकासी भएको भए सोवापत मालवस्तु पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढांचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि खण्ड (ग) बमोजिमको अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा निवेदन गर्नुपर्नेछ ।

तर बन्द, हड्ताल वा प्राकृतिक प्रकोप वा अन्य यस्तै कावुवाहिरको परिस्थिति परी खण्ड (ग) बमोजिमको अवधिभित्र तयारी मालवस्तु निकासी गर्न वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा विक्री गर्न वा विदेशी मुद्रा आर्जन

गरेको प्रमाण पेश गर्न नसकेको व्यहोरा जनाई भन्सार कार्यालयका प्रमुख समक्ष निवेदन दिएमा र व्यहोरा मनासिव देखिएमा भन्सार कार्यालयका प्रमुखले बढीमा छ महिनासम्मको म्याद थप गर्न सक्नेछ । यसरी थप भएको म्यादभित्र यस उपदफामा उल्लिखित कागजात सहित निवेदन गरेमा धरौटी रकम फुकुवा गरिनेछ ।

(च) धरौटी फुकुवाको लागि खण्ड (ङ) बमोजिमको अवधिभित्र निवेदन गरेपछि पेश भएका कागजातको छानविन गरी एक महिनाभित्र धरौटी फुकुवा गरिनेछ । यसरी धरौटी फुकुवा भएको विवरण पासबूकमा जनाइदिनु पर्नेछ ।

(छ) उद्योगले यस दफा बमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुलमा फुकुवा भएको धरौटी रकम मिलान गरी पासवुकमा जनाइनेछ । तर उद्योगले त्यस्तो फुकुवा भएको धरौटी रकम फिर्ता माग गरेमा फुकुवा भएजतिको रकम तत्काल फिर्ता दिइनेछ ।

(ज) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी वस्तु बनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोबार मूल्यमा कम्तीमा दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(झ) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित मालवस्तु शर्त बमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै खण्ड (ग) अनुसार परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी स्थानीय बिक्री गरे जतिको हकमा नियम अनुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको दश प्रतिशत जरिबाना समेत पैठारीकर्ताबाट असुल गरिनेछ ।

(ञ) यसरी धरौटीमा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्ने र त्यसबाट निर्मित मालवस्तु निकासी गर्ने प्रयोजनका लागि भन्सार विभागले भन्सार कार्यालयहरू तोक्नेछ ।

तर, उद्योगले यस्तो सुविधामा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी

गर्दा भन्सार विभागले तोकेकोमध्ये कुनै एउटा भन्सार कार्यालयबाट मात्र गर्नु पर्दछ ।

१२. **सवारी साधन पैठारी सम्बन्धी विशेष व्यवस्था** : (१) सवारी वा ढुवानीका साधनहरू पैठारी गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधनहरू नेपालस्थित आधिकारिक बिक्रेताहरूले मात्र पैठारी गर्न पाउने छन् ।

(ख) रिकण्डीसन्ड, प्रयोग भइसकेको वा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र नपर्ने सवारी वा ढुवानीका साधनहरू पैठारी गर्न पाइने छैन ।

(ग) बिक्री गर्ने प्रयोजनको लागि खण्ड (क) बमोजिम पैठारी गरेका सवारी वा ढुवानीका साधनहरूको पैठारीकर्ताले एक वर्षमा तीन पटक (प्रत्येक चार महिनामा) त्यस्ता साधनहरूको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनिवार्यरूपले प्रकाशित गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम पैठारी भएका सवारी वा ढुवानीका साधनहरूको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित नगर्ने पैठारीकर्ताहरूको भन्सार विभागले पैठारी तथा बिक्री कारोबार रोक्का राखी छानविन गर्न सक्नेछ ।

(ङ) यस उपदफाको खण्ड (क) तथा खण्ड (ख) मा उल्लिखित शर्तहरू उल्लङ्घन गरी पैठारी गरिएका सवारी वा ढुवानीका साधनहरू जफत गर्न सकिनेछ ।

तर,

(१) सरकारी निकाय, कुटनीतिक वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकाय, ऋण तथा अनुदान सहयोगमा सञ्चालित सरकारी आयोजनाहरूले पैठारी गर्ने सवारी तथा ढुवानीका साधनहरू तथा अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा यस उपदफाको खण्ड (क) लागू हुने छैन ।

(२) दमकल पैठारी गर्दा यस उपदफाको खण्ड (क) तथा (ख) लागू हुने छैन ।

(३) एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कुटनीतिक नियोगमा काम गरी कार्य अवधि समाप्त भई फर्केका नेपाली नागरिकहरूले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछन् ।

(४) कृषि कार्यको लागि प्रयोग हुने ट्याक्टर पैठारी गर्दा यस उपदफाको खण्ड (क) लागू हुने छैन ।

(५) नेपालले आयोजना गर्ने अन्तर्राष्ट्रिय वा क्षेत्रीय महत्वको सभा सम्मेलनको प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गरी पैठारी गर्ने नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधनको हकमा यस उपदफाको खण्ड (क) लागू हुने छैन ।

(६) नेपालस्थित विदेशी कुटनीतिक नियोगमा कार्यरत कुटनीतिक पदाधिकारीहरुले प्रयोग भइसकेका सवारी साधन पैठारी गर्न चाहेमा पारस्पारिकताको आधारमा पैठारी गर्न दिन परराष्ट्र मन्त्रालयले सिफारिस गरेको अवस्थामा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधन पछि आफ्नो कार्य अवधि समाप्त भएपछि फिर्ता लैजाने शर्तमा पैठारी गर्न दिन सकिनेछ ।

(७) यस अनुसूची वमोजिम वा नेपाल सरकारको निर्णयद्वारा पूर्ण वा आंशिक भन्सार महसुल छुट दिइएको व्यक्ति वा संस्था वा निकायले सवारी साधन निर्माता कम्पनी वा निजको आधिकारिक विक्रेताबाट खरीद गरी पैठारी गर्दा खण्ड (क) लागू हुने छैन ।

(२) कार्नेट अन्तर्गत पर्यटकहरूले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरू नेपालभित्र अस्थायी रूपमा प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक

पटक गरी जम्मा छ महिनाको अवधिसम्म नेपालभित्र बिना महसुल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरू छ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ । तर दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवधि भने भन्सारले कार्नेटमा तोकिदिएको अवधिमा गणना हुने छैन । यसरी कार्नेट अन्तर्गत पैठारी भएका सवारी साधनहरू दान, दातव्य वा उपहार दिन वा बिक्री गर्न पाइने छैन । कार्नेट अन्तर्गत सवारी साधनसाथ रहेका मालवस्तुहरू सवारी साधन साथ फिर्ता लैजान पर्ने व्यहोरा कार्नेटमा जनाई छाड्न सकिनेछ ।

(३) कार्नेट बाहेक अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लैण्डरोभर, जीप, ट्रक, ट्रयाक्टर, लहरी, भ्यान र मोटरसाइकल आदि साधनहरू र तिनका टेलर समेतमा देहाय बमोजिम भन्सार महसुल लगाई असुलउपर गरिनेछः-

(क) अस्थायी पैठारी गरी ल्याएको ट्रयाक्टरमा दैनिक तीन सय रूपैंयाका दरले पैठारी महसुल असुल गरिनेछ । तर ट्रेलर फिट भएको ट्रयाक्टर वा ट्रेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा प्रति दिन छ सय रूपैंयाका दरले महसुल असुल गरिनेछ । तर मालवस्तु बोकी ल्याएका ट्रेलर सहितको ट्रयाक्टर अठ्चालिस घण्टाभित्र रित्तै फर्कि गएमा सो ट्रयाक्टरको महसुल लिइने छैन । यसरी पैठारी गरी ल्याएको ट्रयाक्टर, ट्रेलर वा ट्रेलरसहितको ट्रयाक्टर तीस दिनभन्दा बढी नेपालमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरू पैठारी हुँदा कार, जीप र भ्यानमा दैनिक चार सय रूपैंया, बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक चार सय रूपैंया, मोटरसाइकल तथा स्कुटरमा दैनिक एक सय रूपैंया र तीन पाङ्ग्रे सवारी साधनमा दैनिक तीन सय रूपैंया महसुल लाग्नेछ । यसरी महसुल तिरी अस्थायी पैठारी भएका सवारी साधनहरू एक वर्षमा तीस दिनभन्दा बढी नेपालभित्र राख्न पाइने छैन ।

तर,

(१) यसरी पैठारी भएका सवारी साधनहरू नजिकको बजारसम्म पुगी प्रवेश गरेकै दिन फर्कने भएमा कुनै महसुल लाग्नेछैन ।

(२) नेपालसँग भएको दुई पक्षीय वा वहुपक्षीय सम्झौता बमोजिम अस्थायी पैठारी हुने सवारी साधनहरुका सम्बन्धमा सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) चलचित्र छायाँकन, शैक्षिक प्रदर्शन तथा सामाजिक जनचेतना अभिबृद्धिका निमित्त संयन्त्र जडित भई आउने विशेष प्रकारका सवारी साधनहरूको लागि यस खण्डमा उल्लिखित समयावधिले नपुग हुने भई सम्बन्धित कार्यालय प्रमुखको राय सहित लेखी आएमा महानिर्देशकले नियम अनुसारको महसुल लिई बढीमा तीन महिनासम्मको म्याद थप गरिदिन सक्नेछ ।

(ग) मालवस्तुहरूको परिवहनको लागि अस्थायी पैठारी हुने ट्रेक्टर बाहेकका ट्रेलर ट्रक र अन्य गाडीहरूलाई अस्थायी रूपमा एकपटकमा सात दिनसम्म प्रति दिन एक हजार पाँच सय रूपैयाका दरले महसुल लिई पैठारी गर्न दिन सकिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरू अनिवार्यरूपमा फिर्ता लैजानु पर्नेछ । खण्ड (क), (ख) र (ग) मा उल्लिखित सवारी र ढुवानीका साधनहरू प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपालभित्र झुट्टा विवरण दिई बसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिव कारण भएमा सवारी साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको मोटरसाइकलमा दैनिक एक हजार रूपैंयाँका दरले र अन्य सवारी साधनमा दैनिक दुई हजार रूपैयाँका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशबाट एल.पी. ग्याँस बोकी ल्याउने मालवाहक कन्टेनर (वुलेट) लाई गन्तव्यस्थलमा अनलोड गर्नका निमित्त छयानव्वे घण्टासम्म अस्थायी पैठारी महसुल लिइनेछैन ।

(च) विदेशवाट एल.पी. ग्याँस बाहेक अन्य मालवस्तु ढुवानी गरी ल्याएको ट्रक र मालवस्तुसहितको कन्टेनर बोकी ल्याएको ट्रेलरलाई सो मालवस्तु गन्तव्यस्थलमा अनलोड गर्नको लागि र रित्तो कन्टेनर लिई आएको ट्रेलरलाई भन्सार क्षेत्रभित्र रहेको मालवस्तु लोड गर्नका निमित्त बहत्तर घण्टासम्म अस्थायी पैठारी महसुल लिइने छैन ।

(छ) विदेशवाट मालवस्तु ढुवानी गरी नेपाल प्रवेश गरेका ट्रक र मालवस्तु सहितको कन्टेनर बोकी आएको ट्रेलर र रित्तो ट्रक वा रित्तो कन्टेनर सहित आएको ट्रेलरले भन्सार क्षेत्रबाहिरबाट मालवस्तु लोड गरी अठ्चालिस घण्टाभित्र फर्केमा एक दिनको मात्र अस्थायी पैठारी महसुल लिइनेछ ।

(ज) खण्ड (ङ), (च) र (छ) मा उल्लिखित ढुवानीसंग सम्बन्धित साधनहरु तत्तत् खण्डमा उल्लिखित समयावधिभित्र बन्द, हड्ताल, दैवीप्रकोप, दुर्घटना जस्ता कारणले फिर्ता हुन नसकेका कारणबाट अस्थायी महसुल लाग्ने अवस्था भएमा भन्सार कार्यालयका प्रमुखले बढीमा अर्को तीन दिनसम्मको म्याद थप दिन सक्नेछ र यसरी म्याद थप दिइएको अवधिको महसुल लाग्ने छैन ।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ । अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले, महसुल नपुग हुने भए सो रकम असुल गरी स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र स्वीकृति नलिई दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधनहरू जफत गरिनेछ ।

(५) यस भागको शीर्षक ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट र ड्राइभर सिट गणना गरिनेछ । तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीटलाई गणना गरिने छैन ।

(६) सरकारी निकाय, जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँ विकास समिति तथा नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरूले महसुल सुविधामा पैठारी गरेका पाँच वर्षभन्दा पुराना गाडीहरू र

यन्त्रोपकरण समेत लिलाम बिक्री गर्दा त्यसमा भन्सार महसुल लाग्ने छैन ।

तर भन्सार ऐन, २०६४ बमोजिम जफत भई नेपाल सरकारको निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा उपरोक्त पाँच वर्षको बन्देज लागू हुने छैन ।

(७) अस्थायी पैठारी भएका सवारी तथा ढुवानी साधनहरू दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा कव्जामा रहेको व्यहोरा सम्बन्धित प्रहरी वा राजस्व अनुसन्धान विभाग वा सो अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने महसुल मूल भन्सार कार्यालयको प्रमुखले मिनाहा दिन सक्नेछ ।

(८) कुनै विदेशी यात्रुले सवारी साधन सहित नेपाल प्रवेश गर्दा यस दफा बमोजिम महसुल बुझाउन छुट भएको र निजले पछि कुनै भन्सार कार्यालयमा स्वयं उपस्थित भई महसुल बुझाउन निवेदन दिएमा भन्सार अधिकृतले जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा पच्चीस हजार रुपैयाँ जरिवाना र लाग्ने महसुल लिई त्यस्ता सवारी साधन विदेश फिर्ता लैजान दिन सक्नेछ ।

तर,

(क) यस्तो सवारी साधन नेपाल प्रवेश गरेको मितिले ७ (सात) दिनभित्रको हुनुपर्ने छ ।

(ख) कुनै पनि व्यक्ति वा निकायबाट पक्राउ गरी भन्सार कार्यालयमा मुद्दाको रुपमा पेश भएको हुनुहुँदैन ।

(९) नेपालमा खानेपानी एवं सिंचाई कार्यको लागि भूमिगत पानी निकाल्न पैठारी गरिने बोरिङ मेशिन जडित ढुवानीका साधन अस्थायी पैठारी गर्दा प्रति दिन एक हजार रुपैयाँ महसुल लिइनेछ । यसरी पैठारी गरेको वोरिङ मेशिन जडित त्यस्ता ढुवानीका साधन एक वर्षभन्दा बढी नेपालमा राख्न पाइनेछैन ।

१३. **भन्सार सुविधा (कुटनीतिक सुविधा), पूर्ण वा आंशिक महसुल सुविधा, लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण वा मालवस्तुहरू सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारबाट भन्सार सुविधा (कुटनीतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा नेपाल सरकारको निर्णयबाट एक प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरू बिक्री गरेमा वा उपहार दिएमा वा आफैंले

उपयोग  गरेमा यस अनुसूची बमोजिम लाग्ने कुल भन्सार महसुलको साठी प्रतिशत छुट हुनेछ । आंशिक महसुल छूटमा पैठारी भएका सवारी साधनका हकमा पहिले तिरेको भन्सार महसुल रकम कट्टा गरी बाँकी महसुल असुल गरिनेछ ।

तर यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरू पैठारी गरेको मितिले पाँच वर्ष अवधि व्यतित भइसकेको हुनु पर्नेछ । भन्सार सुविधा (कुटनीतिक सुविधा) वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउँदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एकपटकमात्र दिइनेछ ।

(२) कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरू उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिई वा बिक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसुल बुझाई सकेको अवस्थामा बाहेक तीन महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ । यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरू नेपाल सरकारले म्याद थप दिएको अवस्थामा बाहेक जफत गरिनेछ ।

(३) उपदफा (२) को अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाई म्याद नघाइ राखिएका सवारी साधन, यन्त्रोपकरण वा अन्य मालवस्तुहरूको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो मालवस्तु लिलाम गरी प्राप्त हुने रकमको दश प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ ।

(४) नेपालभित्रका आयोजना सञ्चालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी  हुने सवारी र ढुवानीका साधन लगायतका निर्माण उपकरण र यन्त्रहरू समेतको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधीनमा रही आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी भएको सवारी र ढुवानी साधन, निर्माण उपकरण र यन्त्रहरू लगायतका मालवस्तु समेत आंशिक भन्सार महसुल लिई वा महसुल बापतको बैङ्क ग्यारेण्टी लिई अस्थाई पैठारी गर्न  दिइनेछ ।

(ख) यसरी पैठारी हुने सवारी र ढुवानी साधन लगायतका मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्रमै नेपालभित्र रहने अवधि उल्लेख गरी जांचपास गर्नु पर्नेछ । निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापनपत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नु पर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनु पर्नेछ । सो आधारमा भन्सार विभागले सम्बन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ ।

(ग) उपर्युक्तानुसार पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले दर्ता गर्नु पर्नेछ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नवीकरण गरिने छैन ।

(घ) यसरी पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तु नेपालको एउटा आयोजनाबाट अर्को आयोजना सञ्चालनको लागि नेपाल सरकारले अनुमति दिएकोमा बाहेक भन्सार महसुल नतिरी लगत हस्तान्तरण गरिने छैन ।

(ङ) नेपाल सरकारले म्याद थप दिएकोमा बाहेक आयोजना सम्पन्न भएको मितिले तीन महिनाभित्र उपरोक्त अनुसारका मालवस्तुहरू फिर्ता लगिसक्नु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लिखित अवधिभित्रै यस अनुसूचीबमोजिम लाग्ने महसुल बुझाई सक्नु पर्नेछ । यसरी म्यादभित्र फिर्ता नलगेका र महसुल पनि नबुझाएका उक्त सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरूको हकमा माथि उपदफा (२) मा लेखिएबमोजिम हुनेछ ।

(छ) तोकिएको अवधिभित्र फिर्ता नलगी वा महसुल नबुझाई म्याद नघाई राखेका यस्ता मालवस्तुहरूको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई माथि उपदफा (३) बमोजिम पुरस्कार दिइनेछ ।

(ज) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको मालवस्तु फिर्ता नलगी वा महसुल नतिरी अर्को

परियोजनाका लागि सोही ठेकेदारले सवारी साधन यन्त्रोपकरण एवं मालवस्तुहरू पैठारी गर्न पाउने छैन ।

१४. **देहायका मालवस्तुहरूमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछ** :

(१) **भन्सार महसुल पूर्ण छुट हुने :**

(क) निम्न उपशीर्षकहरूमा पर्ने मालवस्तुहरू

| | | | | |
|---|---|---|---|---|
| ०५११९९१० | २५०१००९० | २७१६०००० | ४०१४१००० | ४९०२१००० |
| ४९०२९००० | ५००१०००० | ५१०११९०० | ५१०११९०० | ५१०१२१०० |
| ५१०१२९०० | ५१०१३००० | ५२०१०००० | ५२०२१००० | ५२०२९१०० |
| ५२०२९९०० | ५२०३०००० | | | |

(ख) आंशिक चहकिलो पारिएको धागो (पी.ओ.वाई) उत्पादन गर्ने उद्योगले उद्योग विभागले तोकेको हदसम्मका कच्चा पदार्थका खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा हुने निकासीको आधारमा उद्योगले पैठारी गर्ने उपशीर्षक ३९०७.६०.०० मा पर्ने Pet Chips।

(ग) भाग ३१ को मलखाद ।

(घ) भाग ३२ का सिन्दूर, भाग ३९ र ७० मा पर्ने चुरा, टीका र टिकुली ।

(ङ) जूट उद्योगहरूले पैठारी गर्ने भाग ५३ को कच्चा जूट ।

(च) देहाय बमोजिमका मालवस्तुहरू:

(१) नेपाल सरकारले पैठारी गर्ने हुलाक टिकट, पोष्टकार्ड, हवाईपत्र, राहदानी, अन्तःशुल्क टिकट,

(२) परम्परागत पात्रो, शीर्षक ४९.०१ तथा ४९.०३ का मुद्रित कितावहरू र शीर्षक ४९.०४ को किताब ।

तर नेपाली प्रकाशक, वितरक वा सोल एजेण्ट वा प्रतिलिपि अधिकार उल्लेख भएका पुस्तक नेपालबाहिरबाट मुद्रण गरी पैठारी गरेमा त्यसरी पैठारी भएको पुस्तकको छपाई मूल्य

(कागज, मुद्रणमा लागेको खर्च, भाडा र बीमा जोडी हुन आउने मूल्य) मा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(छ) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी भई सवारी साधनका धनीको मृत्यु भएको कारणले निजको हकवाला पति वा पत्नीको नाममा नामसारी हुने सवारी साधन ।

(ज) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको भाग २७ को शीर्षक २७.०९ को कच्चा पेट्रोलियम तेल र विटुमिन खनिजबाट प्राप्त कच्चा तेल ।

(झ) भारतमा उत्पादन भई भारतबाटै पैठारी हुने निम्न उपशीर्षकहरूका मालवस्तुरू :

| | | | | |
|---|---|---|---|---|
| २५०२०००० | २५०४१००० | २५०४९००० | २५१०१००० | २५१११००० |
| २५११२००० | २५१३१००० | २५१३२००० | २५१९९००० | २५२१०००० |
| २५२५१००० | २५२८०००० | २६०१११०० | २६०११२०० | २६०१२००० |
| २६०२०००० | २६०३०००० | २६०४०००० | २६०५०००० | २६०६०००० |
| २६०७०००० | २६०८०००० | २६०९०००० | २६१००००० | २६११०००० |
| २६१२१००० | २६१२२००० | २६१३१००० | २६१३९००० | २६१४०००० |
| २६१५१००० | २६१५९००० | २६१६१००० | २६१६९००० | २६१७१००० |
| २६१७९००० | ४४०१.१०.०० | ४४०१.२१.०० | ४४०१.२२.०० | ४४०१.३१.०० |
| ४४०१.३९.०० | ४४०२.१०.०० | ४४०२.९०.०० | ४४०३.१०.०० | ४४०३.२०.०० |
| ४४०३.४१.०० | ४४०३.४९.०० | ४४०३.९१.०० | ४४०३.९२.०० | ४४०३.९९.०० |
| ४४०४.१०.०० | ४४०४.२०.०० | ४४०६.१०.०० | ४४०६.९०.०० | ४४०७.१०.०० |
| ४४०७.२१.०० | ४४०७.२२.०० | ४४०७.२५.०० | ४४०७.२६.०० | ४४०७.२७.०० |
| ४४०७.२८.०० | ४४०७.२९.०० | ४४०७.९१.०० | ४४०७.९२.०० | ४४०७.९३.०० |
| ४४०७.९४.०० | ४४०७.९५.०० | ४४०७.९९.०० | | |

(ञ) मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरूले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र सबै किसिमका मानव निर्मित स्टेपुल फाइवर ।

(ट) विद्युत सोलार वा ब्याट्रीबाट मात्र चल्ने तीन पांग्रे वा चार पांग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफुले उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने चेसिस, इञ्जिन, मोटर र ब्याट्री चार्जर ।

(ठ) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने रगत राख्ने प्लाष्टिकका थैला, ट्रान्सफ्यूजन सेट, टेस्टिङ्ग किट्स, रिएजेण्ट तथा रक्त परीक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरू एवं रसायनहरू ।

(ड) दृष्टिविहिनहरूले प्रयोग गर्ने सेतो छडी, (ह्वाइट केन) स्लेटस्टाइलस, ब्रेल नोटटेकर, ब्रेलो (ब्रेल प्रिन्टर), रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, आवाज दिने थर्मामिटर, ब्रेल टाइपराइटर, ब्रेल घडी, एवाकस, मेग्नीफाइङ्ग ग्लास, ब्रेल कम्पास, ब्रेल पुस्तक, ब्रेल इम्बोसर, ब्रेल स्टेनसिल मेशिन ।

(ढ) अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने ह्वील चेयर, कमोड चियर, वाकर, ट्राई साइकल, बैशाखीहरू, कृत्रिम अंगहरू, हेरिङ्ग एड एवं जुत्ताहरू ।

(२) **भन्सार महसुल एक प्रतिशत मात्र लाग्ने** :

(क) १० किलोवाट वा सोभन्दा बढी क्षमताको जेनेरेटर ।

(ख) हवाई सेवा प्रदायक संस्थाले आफैले पैठारी गर्ने हवाइजहाज, हेलिकोप्टर, तिनका गेयर बक्स, इञ्जिन, टायर, ब्याट्री, नट, वोल्ट, रिभेट, ए.पी.यु., प्रोपेलर, ब्लेड, हव, एक्यूटर, रोटर, ब्लेड, ल्याण्डिङ्ग गेयर, व्हिल र ब्रेक, विण्डसिल्ड, पिष्टन ट्यूव, फ्यूल कन्ट्रोल यूनिट, विङ्ग, स्टेरिङ्ग सेलेक्टर भल्भ, भाइब्रेसन आइसोलेटर तथा शीर्षक ८८.०३ अन्तर्गत पर्ने अन्य पार्टपुर्जाहरु ।

तर लिजमा पैठारी भएका हवाइजहाज, हेलिकोप्टर वा तिनका इञ्जिन पैठारी गरेको मितिले तीन वर्षभित्र फिर्ता गरेमा पैठारी हुँदा तिरेको भन्सार महसुल फिर्ता दिइनेछ ।

(ग) दाना तथा पशुपंक्षी उद्योगहरूले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने शीर्षक ०५११ मा पर्ने माछाका टुक्राटाक्री वा धुलो, सिपिको टुक्रा शीर्षक २३०१ को फिड सप्लीमेन्टको कच्चा पदार्थ, उपशीर्षक २३०९.९०.०० को फिड सप्लीमेन्ट, शीर्षक २५२१ को चुन ढुंगाको धुलो ।

(घ) मसी बनाउने उद्योग र मसलन्द उद्योगले पैठारी गर्ने शीर्षक ७०.१० को ०.३३ लिटरसम्मको बोतल ।

(ङ) तोरी, रायो सर्स्यूं र क्यानोला (रेपसीड) को गेडा ।

(च) औषधी उद्योग वा अन्य उद्योगले पैठारी गर्ने शीर्षक ९०.२७ का भन्सार दर शून्य भए बाहेकका सम्पूर्ण यन्त्र उपकरण एवं औजारहरू र तिनका पार्टपूर्जा ।

(छ) शीर्षक ७१.०१ मा पर्ने प्राकृतिक वा सम्वर्द्धित मोती, शीर्षक ७१.०२, ७१.०३, ७१.०४ र ७१.०५ मा पर्ने वहुमूल्य वा अर्धवहूमूल्य पत्थर ।

(ज) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने सम्पूर्ण कच्चा पदार्थ एवं सहायक कच्चापदार्थहरू ।

(झ) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोलाई ब्याट्रीबाट सञ्चालन गरी सफा टेम्पो बनाउने प्रयोजनका लागि यस्ता उद्योग वा टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरण ।

(ञ) सवारी प्रदूषण कम गर्ने उद्देश्यले सवारी साधनमा प्रयोग गर्ने गरी पैठारी गर्ने क्याटलिक कन्भर्टर र म्याग्नेटाइजर ।

(ट) पशुको चारा काट्ने मेशिन, धान तथा गहुँ चुट्ने, निफन्ने थ्रेसर, पंखी, उपशीर्षक ८४३२.१०.००,

८४३२.२१.००, ८४३२.२९.००, ८४३२.३०.०० र ८४३२.४०.०० मा पर्ने कृषि तथा बागवानीमा प्रयोग हुने कल्टिभेटर, रोटरी टिलर, लेभलर, हलो, ह्यारो, वीउ तथा विरूवा रोप्ने (सिडर्स, प्लाण्टर्स, ट्रान्सप्लाण्टर्स), तथा सो को लागि आवश्यक पर्ने वीऊ रोप्ने ट्रेहरु, मल छर्ने (म्यान्योर स्प्रेडर्स र फर्टिलाइजर डिष्ट्रिब्यूटर्स) र उपशीर्षक ८४३३.५१.००, ८४३३.५३.०० र ८४३३.५९.०० मा पर्ने कृषि कार्यमा प्रयोग हुने वेलर वा स्ट्र कलेक्टर सहितको कम्वाइन्ड हार्भेष्टर, वेलर, स्ट्र कलेक्टर यन्त्र तथा यन्त्रावलीहरू, उपशीर्षक ८७०१.१०.१० मा पर्ने हाते ट्याक्टर र पावर टिलर, उपशीर्षक ८४३७.१०.०० मा पर्ने मिलिङ्ग तथा मिक्सीङ्ग मेशिन, उपशीर्षक ९०१८.९०.०० मा पर्ने सिमेन्स सिलिङ्ग फिलिङ्ग मेशिन ।

(ठ) सिंचाई कार्यमा प्रयोग हुने दुई हर्ष पावरदेखि आठ हर्ष पावरसम्म शक्ति भएको इञ्जिन सहितको पम्पिङ सेट र सोको साथमा पैठारी हुने होज पाइप ।

(ड) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आइरन ।

(ढ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, लिक्वीड नाइट्रोजन राख्ने कन्टेनर र शीर्षक ८४३६ को इन्कुवेटर, फिडिङ प्लाण्ट, (सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष किसिमका भाँडा) र कुखुरा पालन व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण यन्त्र । यस्ता यन्त्र उपकरणहरू सि.के.डी. वा एस.के.डी. रूपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल बापतको बैङ्क ग्यारेण्टी लिने र उक्त यन्त्रोपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

(ण) कफी परफुरेटर (शीर्षक ८५.१६), वीऊ विजन स्क्रिनिङ सर्टिङ सम्बन्धी मेशिन (शीर्षकहरू ८४.३७ र ८४.७४), फलफूलको रस निकाल्ने मेशिन (शीर्षक ८४.३५), फुल सफा गर्ने मेशिन, सिँचाइमा प्रयोग हुने स्प्रिङ्कल र ड्रिप इरिगेशन सम्बन्धी उपकरणहरू ।

(त) चिया उद्योगले पैठारी गर्ने मेशिनरी, उपकरण र पार्टपुर्जाहरू, स्प्रीङकल, ड्रिप इरिगेशन र सो सम्बन्धी सहायक सामग्रीहरू, चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाई पैठारी गर्ने प्याकिङ्ग मेटेरियल ।

(थ) दर्ता भएका मत्स्य फार्महरूले पैठारी गर्ने विभिन्न किसिमका तयारी जालहरू, जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरू, पम्पसेट, ह्याककिट, एरेटर, अटोमेटिक फिडर, हाँसको चल्ला कडाउने इन्कुवेटर, मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोन ।

(द) कृषि, वागवानी तथा पुष्प फार्महरूले पैठारी गर्ने ग्रिन हाउस, सिँचाइ उपकरण र यस्तै अन्य यन्त्र उपकरण ।

(ध) मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने जेनरेटिङ पार्टस् ।

(न) उद्योगहरूले प्रदूषण नियन्त्रणका लागि पैठारी गर्ने संयन्त्र र उपकरण ।

(प) शीर्षक ५१.०८ मा पर्ने पश्मिनाको धागो (काश्मिरी यार्न) ।

(फ) भन्सार उपशीर्षक ८९०३.९१ मा पर्ने मोटर रहित वा सहित सेलवोट (खियाउने डुङ्गा) ।

(ब) शीर्षक ८४.५२ मा पर्ने लुगा सिउने कल र इण्टरलक मेशिन समेत ।

(भ) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने मेटल व्यारल, रानी छेक्ने

पाता, मौरी ब्रुस, आधार चाका रोलर, गियर पम्प र व्हील प्लेट तथा मौरीपालन व्यवसायको मेशिन (शीर्षक ८४.३६) र मह छान्ने र रस छान्ने मेशिन (शीर्षक ८४.३३) ।

(म) तयारी गहना बनाई विदेश निकासी गर्ने उद्योगले पैठारी गर्ने भन्सार दरबन्दीको भाग २५ अन्तर्गत पर्ने कच्चा एम्बर (Raw Amber) ।

(३) **<u>भन्सार महसुल आंशिक रूपमा छुट हुने</u>** :

(क) कार्पेट उद्योगहरूले पैठारी गर्ने भाग ५५ मा पर्ने सबै किसिमका मानवनिर्मित स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइनेछ ।

(ख) भाग ३० मा पर्ने दरबन्दीमा माफी जनिए बाहेकका औषधी (च्यवनप्रास, दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी लगायतका मानव पोषण र स्वास्थ्यवर्धक भिटामिन, बाम, भिक्स, स्वीचो तथा बाम, भिक्स वा स्वीचोको कार्य गर्ने अन्य यस्तै उत्पादनहरू बाहेक), रोग निदानमा प्रयोग हुने परीक्षण किट्स (डायग्नोस्टिक किट्स) (भाग ३८ को समेत) मा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(ग) भाग ८४ को पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने वाहेकका मिल, मेशिनरी एवं यन्त्रोपकरणहरु र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पटक पटक पैठारी हुने मिल मेशिनरीका मुख्य अवयव एवं तीनका पहिचानयोग्य अंगहरु एवं सहायक समग्रीहरुमा चार प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । भाग ७३ मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण टंकीहरु (स्टोरेज ट्याङ्क), ग्राइण्डिङ वल (पेषण गुटिका), फलाम वा स्पातका पाइपहरु तथा भाग ६९ मा पर्ने ताप सहन गर्न सक्ने ईटा एवं विद्युतीय प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमरहरु जस्ता

मालस्तुहरुमा यो सुविधा प्रदान नगरी दरवन्दी बमोजिम नै महसुल असुल गरिनेछ । जगेडा वा प्रतिस्थापनको लागि पैठारी हुने मिल मेशिनरी यन्त्र उपकरणका पार्टपुर्जा एवं सहायक सामग्रीहरुमा पनि यो सुविधा नदिई दरवन्दी बमोजिम कै महसुल लाग्नेछ ।

तर, पुराना वा प्रयोग भइसकेका मिल मेशिनरी यन्त्रोपकरणमा यस खण्ड बमोजिमको छुट दिइने छैन ।

(घ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरीज, ह्विट फ्लेक्स जस्ता ब्रेक फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १००४.९० अन्तर्गतको भूस सहितको ओट्स पैठारी गरेमा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ङ) डेरी उद्योगले पैठारी गर्ने दूध ढुवानीमा प्रयोग हुने शीर्षक ८७.०४ मा पर्ने ट्याङ्करमा असी प्रतिशत ।

साथै यस्ता उद्योगले दूध ढुवानी गर्न प्रयोग हुने तयारी ट्याङ्कर पैठारी नगरी त्यसको चेसिस पैठारी गरेमा त्यस्तो चेसिस पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटीमा लिइनेछ र छ महिनाभित्र ट्याङ्कर बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरी सोही अवधिभित्र सम्बन्धित भन्सार कार्यालयमा सोको प्रमाण पेश गरेपछि यस उपखण्ड बमोजिम छुट दिइ धरौटी रकम फिर्ता गरिनेछ । यसरी पैठारी गरिएका ट्याङ्करहरू दूध ढुवानी प्रयोजनको लागि अन्य डेरी उद्योगलाई बिक्री गर्दा समेत भन्सार महसुल लाग्ने छैन । दूध ढुवानी गर्ने कार्यदेखि बाहेक अन्य प्रयोजनको लागि बिक्री गर्ने भएमा वा आफैले अन्य प्रयोगमा ल्याउन चाहेमा कानून बमोजिम लाग्ने महसुल तिरी बिक्री गर्न वा अन्य प्रयोजनमा ल्याउन पाइनेछ । सो बमोजिम नगरी अन्य प्रयोगमा ल्याएको पाइएमा त्यस्तो ट्याङ्कर जफत गरिनेछ ।

(च) शीर्षक ५२.०५ र ५२.०७ को सूती धागोको पैठारीमा पाँच प्रतिशत भन्सार महसुलमा असी प्रतिशत छुट हुनेछ ।

(छ) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरूले पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको शीर्षक ३९.१९, ३९.२० र ३९.२१ को पोलिष्टर फिल्म, वि.ओ.पी.पी. फिल्म, एक्स्ट्रुटेड पोलिफिल्म मेटालाइज्ड सी.पी.पी. फिल्म र मिल्की सी.पी.पी. फिल्म पैठारी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ज) एल.पी. ग्याँस पैठारी गर्दा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(झ) भाग ७१ को शीर्षक ७१.०८ मा पर्ने सुनमा प्रति दश ग्राम चार हजार दुई सय रूपैयाँ र शीर्षक ७१.०६ मा पर्ने चाँदीमा प्रति दशग्राम छपन्न रूपैयाँ भन्सार महसुल लाग्नेछ । साथै शीर्षक ७१.१३ मा पर्ने सुनका गहनामा पन्ध्र प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

तर, वाणिज्य वैङ्कहरूले सर्वसाधारण जनताहरूलाई विक्री गर्ने उद्देश्यले आफ्नो लोगो अंकित स-साना परिमाणका सिक्काहरू पैठारी गरेमा सो सिक्काहरूमा भाग ७१ को शीर्षक ७१.०८ मा पर्ने सुन सरह नै भन्सार महसुल लाग्नेछ ।

(ञ) शीर्षक ६२.११ मा पर्ने साडी, लुङ्गी, सुतीको गम्छा र सुतीको धोती (जनाना/मर्दाना) मा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(ट) केवुल कार निर्माण गर्ने उद्योगले केवुल कार निर्माण कार्यका निमित्त आवश्यक पर्ने शीर्षक ७३.१२ अन्तर्गतको केवुल (लठ्ठा) र तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने स्टील पाता

पैठारी गर्दा भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ठ) देहायका मालवस्तुहरूमा पन्ध्र प्रतिशत मात्र भन्सार महसुल लाग्नेछः-

१. शीर्षक ३९.१८ मा पर्ने यूपिभिसीको कोरूगेटेड रूफिङ सिट (टायल्स),

२. युपीभीसीको झ्याल ढोका पार्टीशन लगायत विभिन्न सामान उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.१६ को मालवस्तु ।

(ड) शीर्षक ३९.२० मा पर्ने फिलर मास्टर ब्याचमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ढ) विद्युत वा ब्याट्रीबाट मात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधन (इलेक्ट्रिक रिक्सा समेत) पैठारी गर्दा दरबन्दी बमोजिम लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ण) मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रिजिरेटिङ्ग प्रणाली जडान गरिएका शीर्षक ८७.०४ मा पर्ने ढुवानीका साधनहरूको पैठारीमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ र शीर्षक ८७.०६ अन्तर्गतका मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी रेफ्रिजिरेटिङ्ग प्रणाली जडान गर्न आवश्यक पर्ने चेसिस र उक्त चेसिसमा जडान हुने बक्स र सोसंग सम्बन्धित मेशिनरी उपकरण सहितको चेसिस (रेफ्रिजिरेसन सिष्टम) पैठारी गरेमा नियमानुसार लाग्ने पुरै भन्सार महसुल धरौटीमा राखी पछि मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रिजिरेसन जडान भएको ढुवानीको साधन बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरे पछि दश प्रतिशत भन्सार महसुल

वापतको रकम असुल गरी वाँकी रहेको धरौटी रकम फिर्ता गरिनेछ ।

(त) उद्योगले सूर्यमुखीको तेल उत्पादन गर्न पैठारी गर्ने सूर्यमुखीको गेडा, दाना तथा पशुपंक्षी उद्योगले पैठारी गर्ने भटमासको पिना तथा उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने मकैको गेडा तथा उखुमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट र कृषि सुधार शुल्कको हकमा अठ्सट्ठी प्रतिशत छुट हुनेछ ।

(थ) भटमासको गेडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट र कृषि सुधार शुल्कको हकमा शत प्रतिशत छुट हुनेछ ।

(द) उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने उपशीर्षक ३९२३.१०.१० मा पर्ने प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्यूवहरूमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ ।

(ध) स्पिलिटिङ्ग एवं डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टि एसिड, स्टेरिक एसिड, ग्लिसरिन तथा सावुन उत्पादन गर्ने उद्योगले पैठारी गर्ने शीर्षक १५.०३ मा पर्ने टेलो आयल, शीर्षक २८.३९ मा पर्ने सोडियम सिलिकेट र शीर्षक ३८.२३ मा पर्ने पाम एसिड आयल, पाम फेट्टी एसिड र एसिड आयलमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ ।

(न) वनस्पति घ्यू तथा तेल उत्पादन गर्ने स्वदेशी उत्पादन मूलक उद्योगले पैठारी गर्ने कच्चा सोयाविन तेल, कच्चा सूर्यमूखीको तेल, कच्चा पाम आयल र कच्चा पामओलिन तेलको पैठारीमा भन्सार महसुल दुई दशमलव पाँच प्रतिशत मात्र लाग्नेछ ।

(प) टेलिभिजन जडान (एसेम्वल) गर्ने उद्योगहरूले टेलिभिजन जडान गर्नको लागि आवश्यक

पार्टपुर्जाहरू, अर्ध तयारी एल.सी.डी. वा एल.ई.डी, प्यानेल, क्याथोड रे पिक्चर ट्यूव तथा सहायक सामग्रीहरू सहितको उपशीर्षक ८५२८.७२.१० मा पर्ने जडान नगरिएको (अनएसेम्वल्ड) टेलिभिजन पैठारी गर्दा बीस प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(फ) हार्डवेयरमा पहिले नै लोड भई आएका (प्रि-लोडेड वा इनविल्ट) सफ्टवेयर पैठारी हुँदा जुन हार्डवेडरमा लोड भई आएको हो सोही हार्डवेयरमै वर्गीकरण गरी महसुल लिइनेछ र सफ्टवेयरको छुट्टै वर्गीकरण गर्नुपर्ने छैन ।

(ब) भाग ८७ अन्तर्गत पर्ने हाइव्रिड सवारी साधन (व्याट्री र इन्धन दुवैबाट चल्ने) पैठारी गर्दा दरवन्दी बमोजिम लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ ।

(भ) कम्तीमा एक हेक्टर क्षेत्रफलमा माछा पालन गरेका मत्स्य फार्महरुले जीवित माछाहरु एवं माछाका भुराहरु ढुवानी गर्ने गरी तयार गरेका अक्सिजन संयन्त्र जडित ढुवानी साधनमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(म) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बसहरु सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्थाहरु तथा कम्पनीहरुले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसहरुमा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । त्यसरी पैठारी गरेका सवारी साधनहरु पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री बितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन । दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पुरै महसुल लाग्नेछ ।

(य) नेपाली प्रकाशक एवं सम्पादकहरु मिली सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्थाहरुले पैठारी गर्ने उपशीर्षक ८४४३.१२.०० वा ८४४३.१३.०० मा पर्ने अफसेट मुद्रण यन्त्रावली (अफसेट प्रिटिङ्ग मेशिन) मा एक प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(र) पूर्वनिर्मित भवन (प्रिफेब्रिकेटेड विल्डिङ) निर्माण गर्ने गरी दर्ता भएका उद्योगहरुले त्यस्ता भवन निर्माण गर्नको लागि पैठारी गर्ने शीर्षक ७२.१० वा ७२.१२ मा पर्ने स्लिट स्टील क्वाइलमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ल) दाल उत्पादन गर्ने उद्योगले पैठारी गर्ने मुंग, रहर, मास तथा मुसुरोको दाना पैठारी गर्दा लाग्ने भन्सार महसुल र कृषि सुधार शुल्कमा पचास प्रतिशत छुट हुनेछ ।

१५. **नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा देहायका मालवस्तुमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछ** :-

(१) **भन्सार महसुल पूर्ण छुट हुने :-**

(क) कूटनीतिक नियोग, परियोजना र अन्य निकायहरू (सरकारी एवं गैरसरकारी संघ संस्था) ले महसुल सुविधामा पैठारी गरेका शुरू उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधन ।

(ख) रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तु:-

(अ) सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोली गट्ठा, वारूद र तिनका स्पेयर पार्टस, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजारहरू र पार्टपुर्जाहरू ।

(आ) सैनिक जवान तथा घोडा खच्चडहरूको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्बन्धी सामानहरू ।

(इ) नेपाली सेनाले उपयोग गर्ने सञ्चारका उपकरणहरू र सोको सञ्चालनको लागि आवश्यक मालसामानहरू ।

(ई) इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ्ग प्लाण्ट, औजार र सोसम्बन्धी पार्टस, अप्टिकल इक्विपमेण्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका सामानहरू ।

(उ) क्याम्पिङ्ग इक्विपमेण्टस तथा स्पेशल फोर्स र प्यारा ट्रुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।

(ऊ) सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा सरसामानहरू, औषधी, मेडिकल औजारहरू र उपकरणहरू ।

(ए) नेपाली सेनाको नाममा पैठारी हुने हवाइजहाज, हेलिकोप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, तथा ग्राउण्ड इक्विपमेण्टहरू ।

(ऐ) बिपद् उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

(ग) गृह मन्त्रालयको सिफारिसमा सशस्त्र प्रहरी प्रधान कार्यालयको नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तु :-

(अ) शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू ।

(आ) हातहतियार ।

(इ) भीड नियन्त्रणका सामानहरू ।

(ई) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।

(उ) सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी सामानहरू (सञ्चार मन्त्रालयको सिफारिस बमोजिम) ।

(ऊ) अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामानहरू ।

(ए) विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने सामानहरू ।

(ऐ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने सामानहरू ।

(ओ) बिपद् उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

(घ) गृह मन्त्रालयको सिफारिसमा नेपाल प्रहरीको नाममा पैठारी हुने देहायका मालवस्तुः-

(अ) शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजारहरू ।

(आ) हातहतियार ।

(इ) भीड नियन्त्रणको लागि आवश्यक सामानहरू ।

(ई) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।

(उ) प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी सामानहरू (सञ्चार मन्त्रालयको सिफारिस बमोजिम)

(ऊ) ट्राफिक सम्बन्धी सामानहरू ।

(ए) फिङ्गर प्रिन्ट्स र सो सम्बन्धी आवश्यक सामानहरू ।

(ऐ) अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य सामानहरू ।

(ओ) विष्फोटक सम्बन्धी प्रहरीलाई आवश्यक पर्ने सामानहरू ।

(औ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने सामानहरू ।

(अं) बिपद् उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

(ङ) बाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको सिफारिसमा पर्वतारोहण दलले ट्रान्जिटको रूपमा नेपालको बाटो गरी पैठारी/निर्यात गर्ने मालवस्तुहरू ।

(च) नेपाल राष्ट्र बैङ्कको नाममा पैठारी हुने बैङ्क नोट, सिक्का, सुन, चाँदी, टकमरीको निमित्त आवश्यक पर्ने कागज, धातु एवं रसायन, चेकबुक तथा बैङ्कलाई आवश्यक पर्ने अन्य मालवस्तुहरू ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका मालवस्तुहरू:-

(अ) वी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेण्टरको नाममा पैठारी हुने निर्माण तथा सञ्चालनको लागि आवश्यक निर्माण सामग्री एवं चिकित्सा सम्बन्धी उपकरणहरू एवं औजारहरू ।

(आ) क्यान्सरका विरामीलाई नि:शुल्क वितरण गर्ने प्रयोजनको लागि सरकारी वा सामुदायिक अस्पतालहरूले पैठारी गर्ने क्यान्सर निरोधक ग्लिभेक एचजीसी र यस्तै औषधीहरू ।

(ज) उद्योग विभागको सिफारिसमा जुट उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि पैठारी गर्ने स्पेयर पार्टहरू ।

(२) **<u>भन्सार महसुल एक प्रतिशत मात्र लाग्ने</u> :-**

(क) स्वीकृतिप्राप्त निजी वा सामुदायिक अस्पतालहरूले देहाय बमोजिमको शर्त अनुसार यस अनुसूचीको दफा १२ को खण्ड (क) को अधीनमा रही नेपालस्थित आधिकारिक विक्रेताहरूमार्फत पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मका एम्वुलेन्स र शववाहन :-

(अ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूशन नेपालको सिफारिसमा एक सयभन्दा कम शैया भएको निजी वा सामुदायिक अस्पतालको लागि एउटा एम्बुलेन्स र एउटा शवबाहन तथा एक सय वा सोभन्दा बढी शैया भएको अस्पतालको लागि दुईवटासम्म एम्बुलेन्स र एउटा शवबाहन । यस उपखण्ड बमोजिम सिफारिस गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एसोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूशन नेपालले उक्त संस्थाले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ ।

यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स_दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा त्यसलाई पत्रु (स्क्र्याप) गरी दर्ता खारेज गराई सोको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि सोको सट्टा अर्को एम्वुलेन्स पैठारी गर्दा समेत यो सुविधा दिइनेछ ।

(आ) खण्ड (ख) वा यस खण्डको उपखण्ड (अ) बमोजिम एम्बुलेन्स वा शववाहन पैठारी गर्दा निम्न बमोजिमको शर्त समेत पालना गर्नु पर्नेछ :-

(१) एम्बुलेन्स वा शवबाहन पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्स वा शवबाहनको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला-ठूला अक्षरमा एम्बुलेन्स (Ambulance) वा शवबाहन भनी लेखिएको हुनु पर्नेछ ।

(२) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका साथै अन्य आवश्यक औजारहरू फिट गरिएको हुनु पर्नेछ ।

(३) एम्बुलेन्स वा शवबाहनमा चालकको पछाडिपट्टि कुनै पनि सीट राखिएको हुनु हुँदैन ।

(४) त्यस्तो एम्बुलेन्स विरामीको सेवा बाहेक अन्यत्र प्रयोग गर्न र शवबाहन शवको ओसारपसार गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(५) उक्त एम्बुलेन्स वा शवबाहन नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर सञ्चालन गर्नु पर्नेछ ।

(६) यसरी पैठारी भएको एम्बुलेन्स वा शवबाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शवबाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(७) एम्बुलेन्समा टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त" भन्ने पनि लेखिएको हुनु पर्नेछ ।

(८) राजस्व छुट सुविधामा पैठारी गरेका एम्बुलेन्सले विरामी ओसारपसार लगायतका सेवा प्रदान गरेबापत लिने भाडा दर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(इ) उपखण्ड (आ) मा उल्लिखित शर्त उल्लङ्घन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स वा शवबाहन जफत गरी बिगो बमोजिम जरिबाना गरिनेछ ।

(ख) सरकारी, सामुदायिक एवं निजी क्षेत्रका अस्पताल बाहेक कानून बमोजिम दर्ता भएका अन्य संघ, संस्था, कम्पनी एवं उद्योगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा यस उपदफाको खण्ड (क) को उपखण्ड (आ) बमोजिमको शर्तका अधीनमा रही पैठारी गर्ने एम्बुलेन्स र शवबाहन एक/एक थान । यस खण्ड बमोजिम सिफारिस गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त संस्थाले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ ।

(ग) सरकारी अस्पतालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी गर्ने एम्बुलेन्स र शवबाहन ।

(घ) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा बाह्य कारणले राम्रोसँग चल्न नसकी ठूलो नोक्सानी व्यहोर्नु परेका उद्योगहरूको प्रवर्द्धन तथा सुधारको लागि नेपाल सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रूग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्ता रूग्ण

उद्योगहरूको पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जा ।

(ङ) पशु सेवा विभागको सिफारिसमा देहाय बमोजिमका मालवस्तुहरू :-

(अ) दाना तथा पशुपक्षी उद्योगहरूले पैठारी गर्ने भाग २८, २९ र ३० मा पर्ने कच्चापदार्थ तथा सहायक कच्चापदार्थ एवं प्याकिङ्ग मेटेरियल ।

यसरी सिफारिस गर्दा एक आर्थिक वर्षमा खपत हुन सक्ने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ । यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ एवं उद्योगको ट्रेडमार्क अङ्कित प्याकिङ्ग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र विक्री एवं विदेश निकासी भएको परिमाणको आधारमा गर्नु पर्नेछ ।

(आ) नश्ल सुधारको लागि विदेशबाट पैठारी गरिने उपशीर्षक ०५११.१० अन्तर्गत पर्ने उन्नत जातका चौपायको वीर्य (सिमेन) र पशुको भ्रूण ।

(च) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपालबाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(छ) वैकल्पिक उर्जाका स्रोत सम्बन्धी देहाय बमोजिमका मालवस्तुहरू :-

(अ) वैकल्पिक उर्जाको स्रोत, जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपुर्जा,

(आ) दरवन्दीमा माफी जनिए बाहेकका सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने निम्न उपकरणहरूः-

(१) सोलार प्यानल, सोलार मोड्यूल (शीर्षक ८५.४१), सोलार चार्ज कन्ट्रोलर(उपशीर्षक ८५०४.४०),

(२) सोलार फोटोभोल्टिक ट्यूवलर व्याट्री (शीर्षक ८५.०७),

(३) सफा टेम्पोको व्याट्री उत्पादन गर्न आवश्यक पर्ने एण्टिमोनियल लिड एल्वाय इन्गट, लिड (शीर्षक ७८.०१) व्याट्रीवक्स, सेपरेटर र ट्यूवलर (शीर्षक ८५.०७),

(४) सोलार लेड डि.सी. बल्ब (चीम) तथा सोलार रिचार्जेवल लालटेर्न (शीर्षक ९४.०५),

(५) सौर्य पम्प (शीर्षक ८४.१३),

(६) सौर्य ताप ऊर्जा सम्बन्धी निम्न उपशीर्षकमा पर्ने उपकरणहरू:

२९०५.३२, ७४१०.२१, ७६०७.१९, ८४०३.१०, ८४०३.९०, ८४१२.८०, ८४१९.१९, ८४१९.३१ र ८५१६.६० ।

(७) असी प्रतिशत भन्दा बढी क्षमता भएको सोलार इन्भर्टर ।

(इ) गोबर ग्याँस लगायत बायोग्याँसका लागि आवश्यक पर्ने उपकरण, जस्तै मेन ग्याँस भल्भ तथा बायो ग्याँसमा प्रयोग हुने अन्य भल्भहरू र तिनका फिटिङ्ग, एल्बो, ग्याँस पाइप, ग्याँस गेज, गोबर ग्याँस बत्ती, ग्याँस टेप (ब्रास), गोबर ग्याँस चुल्हो र तिनका पार्टपुर्जा, रिडक्सन एल्वो र रवर होज पाइप ।

(ई) गोबरबाट विद्युत उत्पादन गर्ने ब्याट्री बनाउने उद्योगले पैठारी गर्ने कच्चापदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो ब्याट्री बनाउन आवश्यक कच्चापदार्थहरू भनी उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट सिफारिस भई आएका कच्चापदार्थहरू ।

(उ) बायो उर्जामा आधारित बायो स्टोभ (राइस हस्क स्टोभ) ।

(ऊ) जैविक इन्धन उत्पादनको प्रयोजनको लागि पैठारी हुने मिल, मेशिनरी उपकरण, तिनका पार्टपुर्जा तथा रसायनहरू ।

(ज) मृगौला उपचारमा प्रयोग हुने हेमो डायलाइसिस मेशिन, डायलाइजर र यसको ट्यूविङ्ग ।

(झ) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरू र थर्मोकोल ।

(ञ) बालीनालीको लागिमात्र प्रयोग हुने भाग ३८ का कीटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी र त्यसको कच्चा पदार्थ ।

(ट) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका मालवस्तुहरू :-

(अ) सरकारी, सरकारी अनुदानप्राप्त र सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० का औषधीय एवं शल्यचिकित्सा सम्बन्धी यन्त्र उपकरण तथा औजारहरू, मुटुभित्र प्रत्यारोपण गरिने भल्भहरू, स्टेण्टहरू, पेस मेकरहरू ।

तर यसरी पैठारी गरेका मालवस्तुहरू वारेण्टी वा ग्यारेण्टीको अवधिमा पैठारी गरेको मितिले एक

वर्षभित्र मर्मत गर्न लैजांदा वा मर्मत गरी ल्याउँदा वा सोको सट्टा सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्दा त्यसमा भन्सार महसुल पूर्ण छुट हुनेछ ।

(आ) सरकारी, सरकारी अनुदान प्राप्त, सामुदायिक र गैर सरकारी अस्पतालहरूले पैठारी गर्ने आँखा उपचारको प्रयोगमा आउने इण्ट्राओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ र तिनका सहायक सामग्रीहरू, यन्त्र उपकरणहरु र तिनका पार्टपुर्जाहरु ।

(ठ) गाउँ विकास समितिको हकमा सम्बन्धित जिल्ला विकास समिति र नगरपालिकाको हकमा सम्बन्धित नगरपालिकाको सिफारिसमा बारूण यन्त्र (दमकल) एवं ढलको फोहोर पानी प्रशोधनको लागि पैठारी हुने ट्रिटमेण्ट प्लान्ट, मेशिनरी र संयन्त्रहरू ।

(ड) सम्बन्धित नगरपालिकाको सिफारिसमा फोहर मैला सङ्कलन गरी पुनः उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने गार्वेज कम्पाक्टर, गार्वेज कन्टेनर तथा फोहर मैला प्रशोधन गरी पुनः उत्पादन गर्ने मेशिनरीहरू ।

(ढ) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरी कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका र आयोजना समाप्तिपछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने गरी सरकारी निकायलाई हस्तान्तरण गर्ने वा स्वीकृति प्राप्त कम्तीमा १५ शैयाभन्दा बढी क्षमताका गैर नाफामुखी सामुदायिक अस्पताललाई हस्तान्तरण गर्ने सवारी साधन ।

(ण) औषधी व्यवस्था विभागको सिफारिसमा औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, रासायनिक पदार्थ, प्याकिङ मेटेरियल तथा १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कपहरू ।

यस्तो सिफारिस गर्दा औषधी व्यवस्था विभागले कच्चापदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा भएको निकासीको आधारमा एक आर्थिक वर्षको लागि चाहिने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ ।

(त) विद्युत विकास विभाग वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा संभारको लागि आवश्यक पर्ने सञ्चालन वा संभारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेशिनरी औजारहरू र सोको सम्बन्धित पार्टपुर्जाहरू तथा त्यस्ता उपकरणहरू निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) ।

(थ) मृगौला रोगीहरूको उपचारमा प्रयोग गर्ने शीर्षक ३८.२४ मा पर्ने डाइलासिस वाथ कन्सन्ट्रेट (ठोस वा तरल) ।

(द) गोलभेडाको केचप तथा सस उत्पादन गर्ने गरी सहकारी संस्थाले स्थापना गरेको उद्योगले गोलभेडाको केचप तथा सस उत्पादनको लागि कृषि विकास मन्त्रालयको सिफारिशमा पैठारी गर्ने मिल मेशिनरी तथा यन्त्र उपकरण ।

(ध) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड व्याट्रीहरू ।

(३) **<u>भन्सार महसुल आंशिक छुट हुने</u> :-**

(क) मसी बनाउने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने रासायनिक पदार्थमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ ।

(ख) स्वदेशी मुद्रण (प्रेस) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि मेशिनरी पार्टपुर्जा, छाप्ने टाइप ब्लक, प्लेट, शीट, ग्राफिक आर्ट, फिल्म, शीर्षक ९०.०६ अन्तर्गतका भर्टिकल क्यामरा, केमिकलहरू पैठारी गरेमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ । साथै, यस्ता उद्योगले पैठारी गर्ने मसीको पैठारीमा भने पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(ग) ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि पाल (टेन्ट) आइस एक्स, क्याम्पन, पिटन, क्लाइम्बिङ रोप, क्लाइम्बिङमामात्र प्रयोग हुने मालवस्तुहरू, विशेष प्रकारका क्याम्पिङ क्रोकरी तथा कटलरी र रूकस्याक पहिलो पटक पैठारी गर्दा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । साथै यस्ता एजेन्सीहरूले सूचना तथा सञ्चार मन्त्रालयको सिफारिसमा पैठारी गर्ने सञ्चार उपकरणमा समेत लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ । यसरी पैठारी हुने मालवस्तुमध्ये क्याम्पिङ क्रोकरी र कटलरीमा ट्रेकिङ्ग एजेन्सीको नाम र चिन्ह अङ्कित भएको हुनु पर्नेछ ।

(घ) जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग एजेन्सीले आफ्नो व्यवसाय सञ्चालनको लागि रबर र मोटरको डुङ्गा दश/दश थान, हेलमेट एकसय थान, प्याडल एकसय जोर र वाटर प्रुफ क्यामरा कण्टेनर दश थान पहिलो पटक पैठारी गर्दा भन्सार महसुल पाँच प्रतिशतमात्र लाग्नेछ ।

(ङ) नेपालमा छायाङ्कन गरिएको सिनेमा डेभलप गर्न वा प्रशोधन गर्न वा प्रदर्शन गर्न अस्थायी निकासी गर्नु परेमा चलचित्र विकास बोर्डको सिफारिसमा भन्सार महसुल नलिई लगतमा राखी निकासी गर्न दिइनेछ । यस्तो सिनेमा पुनः पैठारी गर्दा प्रति सिनेमा पाँच हजार रूपैंया भन्सार महसुल लाग्नेछ । विदेशमा प्रदर्शनका लागि लगिएको सिनेमा फिर्ता ल्याउँदा भने भन्सार महसुल लाग्ने छैन ।

तर विदेशी चलचित्र नेपालमा प्रदर्शनको लागि पैठारी गर्दा प्रति चलचित्र दश हजार रूपैयाँ भन्सार महसुल लाग्नेछ । साथै नेपालमा चलचित्र छायाँङ्कन गर्नको लागि विदेशी नागरिकहरूले आफूसँग ल्याउने तथा नेपाली नागरिकले विदेशमा चलचित्र छायाङ्कन गर्नको लागि आफूसंग लैजाने चलचित्र सम्बन्धी यन्त्र उपकरणहरू र सोसँग सम्बन्धित मालवस्तुहरू चलचित्र विकास बोर्डको सिफारिसमा पछि फिर्ता लैजाने वा फिर्ता ल्याउने शर्तमा भन्सार महसुल नलिई लगतमा राखी पैठारी वा निकासी गर्न दिन सकिनेछ ।

(च) स्थायी स्वीकृत प्राप्त ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, राफ्टिङ्ग एजेन्सी र तारे तथा रिसोर्ट होटलले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लक्जरी कोच, माइक्रोबस र मिनिबसमध्ये जम्मा दुई थानमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

तर यसरी पैठारी हुने सवारी साधनहरू पैठारी भएको आठ वर्षसम्म निजी सवारीको रूपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टि त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनु पर्नेछ । यस्ता सवारी साधन आठ वर्ष नपुगी नामसारी गरेमा नियमानुसार पूरै भन्सार महसुल लाग्नेछ र आठ वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन । एकपटक यस्तो सुविधा उपभोग गरिसकेको आठ वर्ष व्यतित गरिसकेपछिमात्र पुनः यस्तो सुविधा प्रदान गरिनेछ ।

(छ) तारे होटल वा रिसोर्टहरूले स्वीकृत योजनाअनुसार होटेलको निर्माण वा क्षमता विस्तार वा स्तरबृद्धिका लागि वा पहिले पैठारी गरेका मालवस्तुहरू पुराना भई तिनलाई प्रतिस्थापन गर्नको लागि पैठारी गर्ने देहायका उपखण्ड (अ) मा उल्लिखित मालवस्तुमा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ :-

(अ) किचेन इक्यूपमेण्ट, लिफ्ट, एयरकण्डीसनिङ, फर्निचर एण्ड फिक्सचर्स, रङ्गहरू, कार्पेट (ऊनी बाहेक), इलेक्ट्रिक इन्स्टलेशन एण्ड फिक्सचर्स, लण्ड्री तथा ड्राइक्लिनिङ, हाउसकिपिङ्ग इक्यूपमेण्ट, इलेक्ट्रिकल पार्टस, कम्प्रेसर एण्ड पम्पस्, लक्स एण्ड लकिङ्ग फर डोर्स, इलेक्ट्रिकल ट्रान्सफर्मर एण्ड जेनेरेटर्स, क्रकरी, ग्लासवेयर, कटलरी एण्ड टेवुलवेयर्स, सेनिटरी फिटिङ्ग र लिनेन्स ।

(आ) उपखण्ड (अ) मा उल्लिखित मालवस्तुमध्ये क्रकरी, ग्लासवेयर, कटलरी, टेवुलवेयर, सेनिटरी फिटिङ्ग र लिनेन्समा होटेलको नाम र चिन्ह अङ्कित भएको हुनु पर्दछ ।

(इ) यस खण्डमा उल्लिखित सुविधा पाँच वर्षको अवधिमा एकपटक मात्र प्रदान गरिनेछ ।

(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा सरकारी अस्पतालले र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एशोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूसन नेपालको सिफारिसमा सामुदायिक वा निजी अस्पतालले पैठारी गर्ने माइक्रोबस एवं मिनिबसहरूमा देहाय बमोजिम भन्सार महसुल छुट दिइनेछः-

(अ) न्यूनतम पन्ध्र शैयादेखि पचास शैयासम्म भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये एउटा र पचास शैयाभन्दा बढी भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये जम्मा दुईवटा सवारी साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ ।

(आ) उपखण्ड (अ) बमोजिम सुविधामा पैठारी भएको माइक्रोबस वा मिनिबस पुरानो

भई प्रयोग गर्न नसकिने भएमा त्यसलाई स्क्र्याप गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि सोही प्रकारको अर्को सवारी साधन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ ।

(झ) चलचित्र धुलाई गर्ने ध्वनी भर्ने समेत उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरूले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने देहायका उपखण्ड (अ), (आ) र (इ) मा उल्लिखित मालवस्तु र चलचित्र प्रदर्शन गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीहरूले उपखण्ड (ई) मा उल्लिखित मालवस्तुहरू पहिलो पटक पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत महसुल लिई बाँकी महसुल छुट हुनेछ । यसरी सिफारिस गर्दा चलचित्र विकास बोर्डले सम्बन्धित उद्योग वा कम्पनीको क्षमता र प्रयोगको आधारमा परिमाण किटान गरी सिफारिस गर्नु पर्नेछ ।

(अ) नेगेटिभ प्रोसेसिङ्ग मेशिन, कम्प्यूटराइज्ड प्रिभ्यूएवल नेगेटिभ कटिङ मेशिन सेट, फाइनल नेगेटिभ अल्ट्राक्लिनिङ मेशिन, भिडियो एसिष्ट सहित कलर एनालाइजिङ्ग (करेक्सन) मेशिन सेट, फाइनल प्रिन्टिङ्ग तथा फाइनल प्रोसेसिङ्ग मेशिन, प्रोसेसर एवं प्रिन्टर, एनालाइजर, प्रोजेक्टर, स्टेनवेक, साउण्ड रिडर, सिक्रोमीटर, स्पालाइजर, रिवाइण्डर, ३ चिप एच.डी. क्यामेरा र सोको लेन्स, एच.डी. टेप रेकर्डर, एच.डी. हार्ड डिस्क, एच. डी. मोनिटर, पी २ रेकर्डर, पी. २ कार्ड र भिडियो क्यामेरा स्टेवलाइजर ।

(आ) कलर करेक्सन समेतको टेलिसिने मेशिन, वेटा-एस.पी. भिडियो रेकर्डर एवं टेलिसिने सम्बन्धी उपकरणहरू, मनिटर, अडियो मिक्सिङ्ग कन्सोल र बेटा भिडियो एस.पी. एवं टेपरिकर्डरहरू, डवर,

मिक्सचर, एम्प्लिफायर, स्पीकर र माइक्रोफोन ।

(इ) साउण्ड अप्टिकल ट्रान्सफरिङ्ग मेशिन सेट, प्रिन्ट प्रिभ्यू प्रोजेक्टरहरू, १६ एम.एम. एवं ३५ एम.एम. का क्यामराहरू, साउण्ड अप्टिकल क्यामरा, लेन्स, फिल्टरहरू, म्यागेजिन, क्यामेरा स्टैण्ड, बैट्री चार्जरहरू, ट्रली, डली, क्रेन र रिफ्लेक्टरहरू । वेवी, सुपर मल्टी-१०, मल्टी-२० सोलार, एच. एम. आई, डीमर ।

(ई) लक्जरी सिट्स, ४ टनभन्दा बढी क्षमताका एयर कण्डीसन्स, प्रोजेक्टर लेन्स, प्रोजेक्टर ल्याम्पस र रेक्टिफाइर्स, प्रोजेक्ट कन्सोल, जेनन वल्वस, प्रोजेक्ट कार्बन्स, डिजिटल फिल्म सर्वर, सवउफर्स, फिल्म प्लाटर्स, फिल्म अटोमेशन इक्विपमेण्ट्स, स्क्रिन्स, डिजिटल सिनेमा प्रोजेक्टर (५००० ल्युमेन्स-नेटिभ १०८०x७२० रिसोलुसन) र सोको लेन्स ।

(ञ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पर्वतारोहण दलले नेपालका हिमाल आरोहरण गर्नको निमित्त पैठारी गर्ने नेपालमा खपत हुने मदिरा तथा चुरोट बाहेकका मालवस्तुहरूमा दश प्रतिशतभन्दा बढी भन्सार महसुल लाग्ने भएमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । यस्ता दलहरूले पैठारी गर्ने नेपालमा खपत नहुने मालवस्तुहरूको हकमा दरबन्दी बमोजिम लाग्ने महसुल धरौटीमा लिई मालवस्तु फिर्ता गरेपछि धरौटी रकम फिर्ता दिइनेछ ।

(ट) सूचना तथा सञ्चार मन्त्रालयको सिफारसमा ग्रामीण क्षेत्रमा सेवा पुऱ्याउने दूरसञ्चार सेवा प्रदायक वा दूरसञ्चार सेवा स्थापना गरी

सञ्चालन गर्ने सरकारी वा निजी क्षेत्रका निकायले एक्सचेन्ज स्थापना तथा नेटवर्क विस्तारका लागि पैठारी गर्ने दरबन्दीमा माफी भए बाहेकका केवुल, व्याट्री तथा दूरसञ्चार सम्बन्धी उपकरणहरू (टावर स्ट्रक्चर र सेल्टर बाहेक) मा पाँच प्रतिशतभन्दा बढी भन्सार महसुल दर भएमा सात प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ठ) पत्र-पत्रिका प्रकाशन गर्न स्वीकृति प्राप्त सञ्चार गृहहरूले पैठारी गर्ने अखवारी कागज (भन्सार उपशीर्षक ४८०१.००.००) मा लाग्ने भन्सार महसुलको पचास प्रतिशत छुट हुनेछ ।

(ड) शीर्षक ९०.१८ मा पर्ने सिरिन्ज उत्पादन गर्ने उद्योगले सिरिन्ज उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको प्लाष्टिक दानामा उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । उद्योग विभागले यसरी सिफारिस गर्दा उद्योगले उत्पादन तथा विक्री गरेको सिरिन्जको परिमाण, सो सिरिन्ज उत्पादन गर्दा लाग्ने प्लाष्टिक दानाको परिमाण एवं खपत अनुपात समेतका आधारमा एक आर्थिक वर्षको लागि आवश्यक पर्ने प्लाष्टिक दानाको परिमाण एकैपटक सिफारिस गर्नुपर्नेछ ।

(ढ) मुटुको शल्यक्रिया गर्दा प्रयोग हुने कष्टम ट्यूविङ्ग प्याक (सी.टि.पी) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको लागि आवश्यक पर्ने परिमाणसम्मको मेडिकल पी.भि.सी. ट्यूव र सो को सहायक सामग्रीहरु उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ण) एक सय वटा भन्दा बढी दुधालु गाई वा भैंसी पाल्ने पशु फार्मले आफ्नो प्रयोजनको निमित्त कृषि विकास मन्त्रालयको सिफारिसमा पैठारी गर्ने एक वटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ । यस्ता ढुवानीका साधन पैठारी गरेका मितिले सात वर्षसम्म विक्री वितरण वा नामसारी गर्न पाइनेछैन ।

(त) चिया उद्योगले चिया ढुवानी गर्ने प्रयोजनको निमित्त शीर्षक ८७.०४ अन्तर्गतका पिकअप वा मिनि ट्रक कृषि विकास मन्त्रालयको सिफारिसमा पैठारी गरेमा सात वर्षसम्म विक्री वितरण वा नामसारी गर्न नपाउने गरी एक पटकका लागि देहाय बमोजिमको संख्यामा भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ :-

(१) दश विगाहा देखि तीस विगाहासम्म क्षेत्रफलमा चिया खेती गरी चिया उत्पादन गर्ने उद्योगहरूलाई एक वटा,

(२) तीस विगाहाभन्दा बढी क्षेत्रफलमा चिया खेती गरी चिया उत्पादन गर्ने उद्योगहरूलाई दुई वटा ।

(थ) औषधी उत्पादन गर्ने उद्योगहरुले औषधी उत्पादन एवं गुणस्तर कायम गर्न आवश्यक पर्ने एयर ह्याण्डलिङ्ग युनिट पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

१६. **देहायका मालवस्तुहरू भारत र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्वतबाट पैठारी हुँदा भन्सार महसुल पूर्णरूपले छुट हुनेछ र देहाय बमोजिमको दरमा कृषि सुधार शुल्क लाग्नेछः-**

**(१) पाँच प्रतिशतका दरले कृषि सुधार शुल्क लाग्ने मालवस्तुहरूः**

(क) भाग १ को जीवित जन्तु सबै,

(ख) भाग ३ को शीर्षक ०३.०१ देखि ०३०४.९९ सम्मका मालवस्तुहरू,

(ग) भाग ४ को शीर्षक ०४.०१ का उत्पादनहरू, शीर्षक ०४.०७ का उत्पादनहरू र शीर्षक ०४.०९ को अप्रशोधित प्राकृतिक मह,

(घ) शीर्षक ०५.०६ का उत्पादनहरू,

(ङ) भाग ६ का सबै उत्पादनहरू,

(च) भाग ७ का देहायका शीर्षक/उपशीर्षकमा पर्ने मालवस्तु वाहेकका अन्य सबै उत्पादनहरू,

उपशीर्षक ०७१२.९०.११ तथा ०७१२.९०.१२ को (सुकाएको लसुन), ०७१३.१०, ०७१३.२०, ०७१३.३१, ०७१३.३२, ०७१३.३३, ०७१३.३४, ०७१३.३५, ०७१३.६० र शीर्षक ०७.१४,

(छ) भाग ८ को उपशीर्षकहरू, ०८०१.१२, ०८०१.१९, ०८०३.१०, ०८०३.९०, ०८०४.२० को ताजा अंजिर, उपशीर्षकहरू ०८०४.३०, ०८०४.४०, ०८०४.५०, शीर्षक ०८.०५ को सबै उत्पादन, उपशीर्षक ०८०६.१० र शीर्षक ०८.०७ देखि उपशीर्षक ०८१०.९० सम्मका उत्पादनहरू,

(ज) भाग ९ को उपशीर्षक ०९१०.११.१० र ०९१०.३०.१० का उत्पादनहरू,

(झ) यस दफाको उपदफा (२) को खण्ड (ख) मा उल्लिखित बाहेकका भाग १० का खाद्यान्नहरू सबै,

(ञ) यस दफाको उपदफा (२) को खण्ड (ग) मा उल्लिखित बाहेकका भाग ११ को शीर्षक ११.०२ देखि उपशीर्षक ११०४.३० सम्मका उत्पादनहरू,

(ट) भाग १२ को शीर्षक १२.०१ देखि उपशीर्षक १२०२.४२ सम्मका उत्पादन, शीर्षक १२.०६, उपशीर्षक १२०७.२१, १२०७.२९, उपशीर्षक १२०७.४० र उपशीर्षक १२०७.९९ का उत्पादन। शीर्षकहरू १२.०८, १२.०९, १२.१० र १२.११, उपशीर्षकहरू १२१२.९१, १२१२.९२, १२१२,९३, १२१२.९४ र १२१२.९९ का उत्पादनहरू, शीर्षक १२.१३ र शीर्षक १२.१४ का उत्पादनहरू,

(ठ) भाग १४ का उपशीर्षक १४०४.९०.११, १४०४.९०.१२, १४०४.९०.१३, १४०४.९०.१५, १४०४.९०.१६, १४०४.९०.१७ र १४०४.९०.१८, वाहेकका सबै उत्पादनहरू,

(ड) भाग १५ को उपशीर्षक १५२१.९० का उत्पादन,

(ढ) भाग १७ का उपशीर्षकहरू १७०१.१३.१० र १७०१.१४.१० का गुंड सख्खर,

(ण) भाग २३ का शीर्षकहरू २३.०४, २३.०५ र २३.०६ का सबै उत्पादनहरू,

(२) आठ प्रतिशतका दरले कृषि सुधार शुल्क लाग्ने मालवस्तुहरू:

(क) उपशीर्षक ०७१३.४० र ०७१३.९० को दाल,

(ख) उपशीर्षक १००६.२०, १००६.३० र १००६.४० का चामल,

(ग) शीर्षक ११.०१ को मैदा तथा उपशीर्षक ११०३.११ र ११०३.१९ को पीठो ।

१७. **भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण छुट हुने** : देहायका मालवस्तुहरू पैठारी गर्दा भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण रूपमा छुट हुनेछ :-

(क) शीर्षक ०१.०५ तथा शीर्षक ०१०६.३३ (अष्ट्रिच) अन्तर्गत पर्ने माउ जाती (भाले पोथी) को चल्ला ।

(ख) पुष्प फार्महरूले पैठारी गर्ने फूलका विरूवा (मदर प्लान्ट्स) कलमी विरूवाहरू, फूलको गाना तथा जराहरू र फूलको बीउ बीजन ।

(ग) कुखुराको दाना उत्पादन गर्ने उद्योग वा ह्याचरी फर्महरूले पैठारी गर्ने कुखुराको दानामा प्रयोग हुने शीर्षक ०५.०६ मा पर्ने हाडको धूलो र अवशेषहरू ।

(घ) नेपालमा जैविक मल उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले जैविक मलको उत्पादनका लागि पैठारी गर्ने निमखली र अण्डीखली ।

(ङ) जैविक इन्धन उत्पादनको लागि पैठारी गरिने सजिवन (Jatropha) को दाना तथा बीउ (सिड्स्) ।

(च) पशु सेवा विभागको सिफारिसमा नश्ल सुधारको लागि पैठारी गरिने भाग १ मा पर्ने जीवित चौपाया पशुहरु ।

(छ) कृषि विकास मन्त्रालयको सिफारिसमा पैठारी गरिने उन्नत जातका फलफूलका विरुवाहरु ।

१८. **मालवस्तुको स्पष्ट घोषणा गर्नुपर्ने :-** नेपालभित्र प्रतीतपत्रद्वारा पैठारी हुने मालवस्तुको हकमा प्रतितपत्र खोल्दाकै अवस्थामा र अन्य वैकिङ्ग प्रणाली मार्फत भुक्तानी हुने गरी पैठारी भएको मालवस्तुहरूको हकमा प्रोफर्मा इन्भ्वाइस तथा तिनका विजकमा मालवस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण, उत्पत्तिको मुलुक एवं यथासम्भव मालवस्तुको प्रकृति अनुसार मोडेल नम्बर र कम्पनी समेत खुलाउनु पर्नेछ । साथै मालवस्तु धनी वा भन्सार एजेन्टले पैठारी गर्ने मालवस्तुको घोषणा गर्दा विजकमा उल्लिखित मालवस्तुलाई प्रज्ञापनपत्रमा अलग अलग घोषणा (सिङ्गल इन्ट्री) गर्नु पर्नेछ । माथि उल्लेख गरिएबमोजिम अलग अलग घोषणा (सिङ्गल इण्ट्री) गरेको नपाइएमा वा प्रतीतपत्र, प्रोफर्मा इन्भ्वाइस तथा तिनका विजकमा मालवस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य, परिमाण, उत्पत्तिको मुलुक, मालवस्तुको प्रकृति अनुसारको मोडेल नं. र कम्पनी जस्ता विवरण उल्लेख गरेको नपाइएमा भन्सार अधिकृतले सो बमोजिम घोषणा गर्न लगाई त्यस्ता मालवस्तुमा भन्सारले निर्धारण गरेको मूल्यको दुई प्रतिशत र महसुल नलाग्ने मालवस्तु भएमा मूल्यको एक प्रतिशत थप रकम असुल गरी जाँचपास गर्न सक्नेछ ।

यस दफाका माथि उल्लिखित व्यवस्थाहरू कार्यान्वयन गर्ने सम्बन्धमा वाधा अड्काउ परी सरलीकरण गर्नुपर्ने देखिएमा भन्सार विभागले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१९. **विविध :**

(१) देहायमा उल्लेख भए वाहेक पुराना तथा प्रयोग भएका मालवस्तुहरु पैठारी गर्न पाइने छैन ।

(क) कुनै उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि पैठारी गर्ने भाग ८४ मा पर्ने उत्पादन मितिले दश वर्ष ननाघेका मिल मेशिनरी एवं यन्त्र उपकरणहरु ।

(ख) उद्योगले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्क्राप (पत्रु) ।

(ग) हवाई सेवा कम्पनीहरूले हवाई सेवा सञ्चालनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको

सिफारिसमा पुराना वा प्रयोग भएका हवाइजहाज, हेलिकोप्टर र तिनका इञ्जिनहरू एवं फेडरल एभिएशन एड्मिन्सट्रेशन (एफ.ए.ए.), यूरोपियन एभिएशन सेफ्टी एजेन्सी (ई.ए.एस.ए.) वा सम्बन्धित देशका नागरिक उड्डयन प्राधिकरण (सी.ए.ए.) बाट स्वीकृतप्राप्त मेन्टीनेन्स रिपियर ओभरहल (एम.आर.ओ.) कम्पनीहरूले मेन्टीनेन्स मर्मत सम्भार वा ओभरहल गरी एयरओर्दिनेस स्टाण्डर्ड प्रमाणीकरण गरेका वा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृतप्राप्त कम्पनीहरूले मर्मत सम्भार वा ओभरहल गरेका हवाइजहाज र हेलिकोप्टरका अन्य पार्टपुर्जाहरू ।

(घ) निजी गुण्टा भिटी भारी सम्बन्धी सूचना अन्तर्गत पैठारी गर्न पाइने निजी प्रयोगका मालवस्तु ।

(ङ) नेपाल सरकारको स्वीकृति लिई राहत तथा उद्धार कार्यका लागि अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरूप पैठारी हुने मालवस्तु ।

(च) यस उपदफामा उल्लेख गरिएदेखि वाहेकका पुराना वा प्रयोग भएका मालवस्तु र उत्पादन मितिले दश वर्ष नाघेका वा उत्पादन मिति नखुलेका मिल मेशिनरी एवं यन्त्र उपकरणहरु पैठारी गरेको पाइएमा जफत गरिनेछ ।

(२) भारतबाट बैकिङ्ग प्रणाली अनुसार पैठारी गरेका मालवस्तुमा मात्र यस अनुसूचीको दफा ३ मा उल्लिखित छुट प्रदान गरिनेछ ।

(३) चीनको स्वशासित क्षेत्र तिब्वतबाट मालवस्तुहरू पैठारी गर्दा देहायमा उल्लिखित मालवस्तु वस्तु विनिमय वा बैङ्किङ प्रणाली अनुसार र अन्य सबै मालवस्तु बैङ्किङ्ग प्रणाली अनुसार गर्नु पर्नेछ :-

(क) कच्चा ऊन

(ख) जीवित भेडा च्यांग्रा

(ग) नून

(घ) चौंरी गाई र चौंरी गाईको पुच्छर

(ङ) गलैंचा

(च) जडीबुटी

तर निकासी गर्दा र सोह्र हजार रूपैंयासम्मको मालवस्तु पैठारी गर्दा बैङ्किङ प्रणाली अनिवार्य हुने छैन ।

(४) ब्रुअरी कम्पनीले क्राउनकर्क पैठारी गर्दा आन्तरिक राजस्व कार्यालयको सिफारिसमामात्र पैठारी गर्नु पर्नेछ ।

(५) तेस्रो मुलुक तथा चीनको स्वशासित क्षेत्र तिव्वतमा निकासी हुने मालवस्तु कुनै निकासीकर्ताले काठमाडौंमै त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा जाँचपास गराई बन्द कन्टेनरमा भन्सारको सिलछाप लगाई दक्षिण सीमास्थित भन्सार कार्यालयहरू तथा उत्तरी सीमामा अवस्थित तातोपानी तथा रसुवा भन्सार कार्यालयबाट निकासी गर्न चाहेमा भन्सार विभागले प्रक्रिया तोकी उक्त सुविधा प्रदान गर्नेछ ।

(६) कुनै सरकारी निकाय, उद्योग, व्यक्ति, संस्था वा विदेशी नागरिकले कुनै खास कार्य प्रयोजनको लागि (व्यापारिक प्रयोजन बाहेक) पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने मालवस्तु सम्बन्धित मन्त्रालय वा दूतावासको सिफारिसमा बढीमा तीन महिनासम्मको लागि लगतमा राखी पैठारी गर्न दिन सकिनेछ । यसरी सिफारिस नभएको अवस्थामा भन्सार कार्यालयले औचित्य हेरी पछि फिर्ता गर्ने शर्तमा बढीमा एकवर्षको अवधि तोकी लाग्ने कर, महसुल तथा शुल्कहरू धरौटी लिई जाँचपास गर्न स्वीकृति दिन सक्नेछ । तोकिएको समयमा मालवस्तु फिर्ता नगरेमा धरौटी फिर्ता हुने छैन ।

तर,

(१) निर्माण कार्यमा प्रयोग हुने एक्साभेटर, डोजर, लोडर, रोलर लेभलर तथा क्रेन जस्ता हेभि इक्वीपमेण्टहरु पछि फिर्ता लैजाने गरी अस्थायी पैठारी गर्दा प्रति दिन एक हजार रुपैयाँका दरले भन्सार महसुल लिई बढीमा एक वर्ष सम्मको लागि अस्थायी पैठारी गर्न दिइनेछ ।

(२) कृषि कार्यमा प्रयोग हुने वेलर वा स्ट्र कलेक्टर सहितको कम्वाइन्ड हार्भेष्टर पछि फिर्ता लैजाने

गरी अस्थायी पैठारी गर्दा प्रतिदिन एक हजार पाँच सय रुपैयाँका दरले भन्सार महसुल लिई बढीमा तीन महिनासम्मको लागि अस्थायी पैठारी गर्न दिइनेछ ।

(३) बिपद्को अवस्थामा उद्धार तथा राहत कार्यमा प्रयोग हुने तथा उद्धार तथा राहतका लागि आउने विदेशी व्यक्तिहरुका लागि आवश्यक पर्ने देहाय बमोजिमका मालवस्तुहरु पछि फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न दिन सकिनेछः

(क) सूचना तथा सञ्चार सम्बन्धी उपकरणहरु,

(ख) पानी शुद्धीकरण तथा पानी भण्डारण सम्बन्धी उपकरण तथा वस्तुहरु,

(ग) डाक्टर, इन्जिनियर, सञ्चारकर्मी, लजिष्टिसियन, सामुदायिक कामदार आदिको कामको लागि आवश्यक पर्ने सबै किसिमका उपकरण, मेशिन, यन्त्र तथा विद्युतीय उपकरणहरु,

(घ) राहतको लागि प्रत्यक्ष रुपमा प्रयोग नहुने तर बिपद्बाट भएको असरलाई हटाउन र सोको सामना गर्न प्रयोग हुने उपकरणहरु जस्तैः सबै प्रकारका प्रदूषण हटाउने, विग्रिएका, भत्किएका घर, भवनहरु तथा संरचनाहरु सफा गर्ने वा हटाउने, औद्योगिक संरचनाहरु निरीक्षण गर्ने आदि कार्यमा प्रयोग हुने मेशिनरी तथा उपकरणहरु,

(ङ) कार्यालय उपकरण जस्ता प्रशासनिक सहयोगी मालवस्तुहरु, जस्तैः कम्प्यूटर, फोटोकपि तथा प्रिन्टर, खर्च भएर जाने प्रकृतिका मालवस्तुहरु, कर्मचारी सुरक्षा सम्बन्धी उपकरणहरु, प्रशासनिक म्यानुअल तथा कागजातहरु,

(च) बिपद्को समयमा उद्धार कार्यमा खटिने कर्मचारीका लागि स्थानान्तरण गर्न

सकिने बासस्थान तथा यसका सहायक सामग्रीहरु, जस्तैः खाना पकाउने तथा खाने उपकरण तथा सामग्रीहरु, स्नानागार सम्बन्धी सामग्रीहरु, सुरक्षा सम्बन्धी सामग्रीहरु ।

(छ) सवारी साधनहरु, तिनका स्पेयर पार्टस तथा मर्मतका लागि आवश्यक उपकरणहरु,

(ज) उद्धार कार्यका लागि आवश्यक जनावरहरु, जस्तैः तालिम प्राप्त कुकुरहरु,

(झ) बिपद् समयमा उद्धारमा संलग्न व्यक्तिहरु बस्न तथा तिनीहरुको कार्यसम्पादनको लागि आवश्यक पर्ने मालवस्तुहरु,

(ञ) नेपाल सरकारले राहत प्रयोजनको लागि तोके बमोजिमका अन्य मालवस्तुहरु ।

(७) चीनको स्वशासित क्षेत्र तिब्वतबाट क्रेडिट सुविधा अन्तर्गत मालवस्तु पैठारी गर्दा राखेको धरौटी रकम फिर्ता पाउनको लागि उक्त मालवस्तु पैठारी गरेको मितिले तीन महिनाभित्र बैङ्किङ प्रणालीबाट भुक्तानी पठाएको प्रमाण पेश गरी धरौटी फिर्ता लिइसक्नु पर्नेछ । मालवस्तु पैठारी भएको मितिले तीन महिनाभित्र उपरोक्तबमोजिम फिर्ता नभएको धरौटी रकम सदरस्याहा गरिनेछ र त्यसमा पैठारीकर्ताको दाबी लाग्ने छैन ।

(८) नेपालको अन्य राष्ट्रहरूसँग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी एक मुलुकबाट आयातित मालवस्तुहरू पुनः अर्को मुलुकमा छ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा उक्त मालवस्तुमा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरू निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको एक महिनाभित्र धरौटी रहेको रकमबाट लाग्ने भन्सार महसुलको दश प्रतिशत रकम असुल गरी बाँकी भन्सार महसुल फिर्ता गरिनेछ ।

तर कुनै पैठारीकर्ताले नेपालको अन्य राष्ट्रहरूसँग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी एक मुलुकबाट आयातित मालवस्तुहरू पुनः अर्को मुलुकमा बैंकिङ्ग प्रक्रिया मार्फत भुक्तानी हुने गरी निर्यात गर्न चाहेमा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी विदेशी मुद्रा प्राप्त हुने प्रमाण पेश गरेमा निकासी गर्न दिइनेछ ।

(९) दुई पक्षीय सन्धिमा असर नपर्ने गरी प्रयोग भइसकेको औद्योगिक मेशिनरी यन्त्र एवं उपकरणहरू विदेशमा बिक्री गर्न चाहेमा बिक्री बापतको विदेशी मुद्रा अग्रीम रूपमा प्राप्त भई सकेको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।

(१०) दुई पक्षीय सन्धिमा असर नपर्ने गरी नेपालमा प्रयोग भइसकेका निर्माण सम्बन्धी पुराना यन्त्र उपकरणहरू विदेशमा बिक्री गर्न चाहेमा बिक्री बापतको विदेशी मुद्रा अग्रीम रूपमा प्राप्त भएको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा निकासी गर्न दिइनेछ ।

(११) महसुल, मूल्याङ्कन, तथ्याङ्क वा यस्तै अन्य प्रयोजनको लागि महानिर्देशकले वस्तु वर्गीकरणको उपशीर्षकमा आवश्यक अङ्कहरु थप गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(१२) अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कुटर, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा अपाङ्गता भएका व्यक्तिहरूको नाममा पैठारी गर्दा भन्सार महसुल लाग्नेछैन । पैठारीको अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न मिल्ने नभएका र पैठारी गरिसकेपछि अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न मिल्ने बनाई दर्ता गर्ने भएमा उक्त मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटी लिइनेछ । अपाङ्गता भएका व्यक्तिहरूको नाममा उपर्युक्त बमोजिम दर्ता भएको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि धरौटी रहेको भन्सार महसुल फिर्ता दिइनेछ । यसरी पैठारी गरेको स्कुटर नेपाल अपाङ्ग संघको सिफारिसमा अपाङ्गता भएका

व्यक्तिहरूलाई नै बिक्री वा नामसारी गर्दा भन्सार महसुल लाग्ने छैन ।

(१३) बण्डेड वेयरहाउस र नगद धरौटी (पासवुक) को सुविधा नलिएका उद्योगहरूले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा भन्सार बिन्दुमा लागेको कर, महसुल नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएबमोजिमका मालवस्तुमा तोकिएबमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार बिन्दुबाटै फिर्ता दिइनेछ ।

(१४) नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा भिmटी भारी सम्बन्धी सूचनामा तोकिए बमोजिम नेपाली यात्रुहरूले ल्याउने एल.सी.डी., प्लाज्मा वा एल. ई.डी. टेलिभिजनमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर नलगाई देहाय बमोजिमको एकमुष्ट रकम भन्सार महसुल बापत असुल गरिनेछ :–

| एल. सी.डी., प्लाज्मा वा एल. ई.डी. टेलिभिजनको साइज ( इञ्चमा) | ६ महिनासम्म विदेशमा बसी फर्केकाको लागि (प्रति इञ्च रूपैयामा) | ६ महिनाभन्दा बढी अवधि विदेशमा बसी फर्केकाको लागि (प्रति इञ्च रूपैयामा) |
|---|---|---|
| (क) २२" सम्म | २००।- | १५०।- |
| (ख) २३" देखि २९" सम्म | ३००।- | २५०।- |
| (ग) ३०" देखि ३२" सम्म | ४५०।- | ४००।- |
| (घ) ३३" देखि ३९" सम्म | ५५०।- | ५००।- |
| (ङ) ४०" देखि ४९" सम्म | ६००।- | ५५०।- |
| (च) ५०" र सो भन्दा माथि | १२५०।- | १२००।- |

तर वैदेशिक रोजगारमा गई कम्तीमा लगातार बाह्र महिना काम गरी आउने नेपाली नागरिकहरूलाई एक पटकको लागि अभिलेखवद्ध गरी निजहरूले साथमा ल्याएको एउटा जुनसुकै प्रकारको बत्तीस इन्च सम्मको टिभिमा

लाग्ने सम्पूर्ण कर महसुल छुट दिइनेछ । सो भन्दा बढी इन्चको टेलिभिजन ल्याएमा उक्त छुट सुविधा दिइनेछैन ।

(१५) पैठारीकर्ताले नेपालमा विक्री गरिने अधिकतम खुद्रा विक्री मूल्य पैठारीकै अवस्थामा सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य घोषणा गर्नु पर्ने गरी नेपाल सरकारले मालवस्तुहरू तोक्न सक्नेछ ।

(१६) भन्सार कार्यालयवाट जाँचपास भएका मालवस्तुहरू नजिकको बजार वाहेक अन्यत्र गन्तव्य स्थानसम्म सिलवन्दी कन्टेनरबाट ढुवानी गर्न देहायको व्यवस्था लागू हुनेछ :-

(क) पुराना ट्रकहरूलाई विदेश लगी कन्टेनर ट्रक वा कन्टेनर राख्ने ट्रेलर ट्रक बनाई फिर्ता ल्याएमा सोमा लागेको खर्च रकममा लाग्ने भन्सार महसुल पूर्ण रूपमा छुट दिइनेछ ।

(ख) कन्टेनर, कन्टेनर ट्रक, कन्टेनर बोक्ने ट्रेलर ट्रकको पैठारीमा निम्न बमोजिमको व्यवस्था लागू हुनेछ :-

(अ) कन्टेनर, कन्टेनर ट्रक र कन्टेनर बोक्ने ट्रेलर ट्रक पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ ।

(आ) कन्टेनर ट्रक वा कन्टेनर बोक्ने ट्रेलर ट्रक बनाउन पैठारी हुने चेसिसहरूको पैठारीमा नियमानुसार लाग्ने पुरै भन्सार महसुल धरौटीमा राखी पछि कन्टेनर ट्रक वा कन्टेनर बोक्ने ट्रेलर ट्रक बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि उल्लिखित छुट वापतको धरौटी रकम फिर्ता गरिनेछ ।

(ग) बन्द कन्टेनरमा लगाउने सील भन्सार विभागले तोकेको मूल्य भुक्तानी गरी सम्बन्धित भन्सार कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

(घ) सिलवन्दी कन्टेनरबाट ढुवानी गर्ने कार्य सम्वत् २०७२ कार्तिक मसान्तसम्ममा लागू गरिनेछ ।

(ङ) यस सम्बन्धमा आवश्यक पर्ने अन्य प्रक्रिया भन्सार विभागले तोके बमोजिम हुनेछ ।

(१७) कुनै उद्योगले निकासी गर्ने उद्देश्यले वण्डेड वेयरहाउसको इजाजतपत्र अन्तर्गत वैङ्क जमानतमा कच्चापदार्थ, सहायक कच्चापदार्थ वा प्याकिङ्ग मेटेरियल पैठारी गरी यस अनुसूचीको म्यादभित्रै तयारी मालवस्तु बनाई निकासी गरिसकेको तर देहायमा उल्लिखित कुनै कारणले वैङ्क जमानत फुकुवा हुन नसकेको वा वण्डेड वेयरहाउसको इजाजतपत्र नवीकरण हुन नसकेको भए त्यस्ता कच्चापदार्थ, सहायक कच्चापदार्थ वा प्याकिङ्ग मेटेरियलमा पैठारी गर्दाको अवस्थामा लाग्ने भन्सार महसुलको पन्ध्र प्रतिशतले हुने रकम २०७२ साल असोज मसान्तभित्र भुक्तानी गरेमा भन्सार कार्यालयमा रकम दाखिला भई नसकेका फुकुवा हुन बाँकी वैङ्क जमानत फुकुवा गरिने र वण्डेड वेयरहाउसको इजाजतपत्र नवीकरण नभएको भए नवीकरण गरिनेछ;

(क) यस अनुसूचीको सम्पूर्ण शर्त पूरा गरी निकासी गरेको तर समयभित्र विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्न नसकेको कारण वैङ्क जमानत फुकुवा हुन नसकेको ।

(ख) यस अनुसूचीको सम्पूर्ण शर्त पूरा गरी निकासी गरी विदेशी मुद्रा समेत समयभित्रै आर्जन गरेको तर म्यादभित्र वैङ्क जमानत फुकुवाका लागि निवेदन दिन नसकेको कारणले वैङ्क जमानत फुकुवा हुन नसकेको ।

(ग) यस अनुसूचीको सम्पूर्ण शर्त पूरा गरी निकासी गरेको, समयभित्र विदेशी मुद्रा समेत आर्जन गरी वैङ्क जमानत समेत फुकुवा भईसकेको तर वण्डेड वेयरहाउसको इजाजत नवीकरण नगराई सुविधा लिएको कारणले वण्डेड वेयरहाउसको इजाजतपत्र नवीकरण हुन नसकेको ।

२०. **साफ्टा सम्झौता अन्तर्गत नेपाल सरकारको सम्वेदनशील सूचीमा परेका देहायका उपशीर्षकका मालवस्तुमा अनुसूचीको दफा ६ मा उल्लिखित छुट प्रदान गरिने छैन ।**

तर यस अनुसूचीका अन्य दफाहरूबाट लाग्ने भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएकोमा सोही बमोजिम हुनेछ ।

(१) सार्क मुलुकहरूमध्ये गैर कम विकसित मुलुकहरू (Non-Least Developed Countries) को लागि लागू हुने संवेदनशील मालवस्तुको उपशीर्षकहरूको सूची:

| | | | | |
|---|---|---|---|---|
| **भाग-४** | | | | |
| ०४०२.१० | ०४०२.२१ | ०४०२.२९ | ०४०२.९१ | ०४०२.९९ |
| ०४०५.१० | ०४०५.२० | ०४०५.९० | | |
| **भाग-७** | | | | |
| ०७१२.९० | ०७१३.१० | ०७१३.२० | ०७१३.३१ | ०७१३.३२ |
| **भाग-८** | | | | |
| ०८०१.३२ | ०८०२.७० | ०८०२.८० | ०८०२.९० | ०८०५.१० |
| **भाग-९** | | | | |
| ०९०१.११ | ०९०१.१२ | ०९०१.२१ | ०९०१.२२ | ०९०१.९० |
| ०९०२.१० | ०९०२.२० | ०९०२.३० | ०९०२.४० | ०९०८.३१ |
| ०९०८.३२ | ०९१०.९१ | ०९१०.९९ | | |
| **भाग-११** | | | | |
| ११०७.१० | ११०७.२० | | | |
| **भाग-१५** | | | | |
| १५०७.९० | १५११.९० | १५१२.१९ | १५१४.११ | १५१४.१९ |
| १५१४.९१ | १५१४.९९ | १५१५.२९ | १५१६.२० | १५१७.१० |
| **भाग-१७** | | | | |
| १७०१.१३ | १७०१.१४ | १७०१.९१ | १७०१.९९ | १७०३.१० |

| | | | | |
|---|---|---|---|---|
| १७०३.९० | १७०४.१० | १७०४.९० | | |
| **भाग-१८** | | | | |
| १८०६.१० | १८०६.२० | १८०६.३१ | १८०६.३२ | १८०६.९० |
| **भाग-१९** | | | | |
| १९०२.११ | १९०२.१९ | १९०२.२० | १९०२.३० | १९०५.१० |
| १९०५.२० | १९०५.३१ | १९०५.३२ | १९०५.४० | १९०५.९० |
| **भाग-२०** | | | | |
| २००७.९९ | २००८.१९ | २००८.९३ | २००८.९९ | २००९.११ |
| २००९.१२ | २००९.१९ | २००९.२१ | २००९.२९ | २००९.३१ |
| २००९.३९ | २००९.४१ | २००९.४९ | २००९.५० | २००९.६१ |
| २००९.६९ | २००९.७१ | २००९.७९ | २००९.८१ | २००९.८९ |
| २००९.९० | | | | |
| **भाग-२१** | | | | |
| २१०३.१० | २१०३.२० | २१०३.९० | २१०४.१० | २१०४.२० |
| २१०६.१० | २१०६.९० | | | |
| **भाग-२२** | | | | |
| २२०१.१० | २२०१.९० | २२०२.१० | २२०२.९० | २२०३.०० |
| २२०४.१० | २२०४.२१ | २२०४.२९ | २२०४.३० | २२०५.१० |
| २२०५.९० | २२०६.०० | २२०७.१० | २२०७.२० | २२०८.२० |
| २२०८.३० | २२०८.४० | २२०८.५० | २२०८.६० | २२०८.७० |
| २२०८.९० | | | | |
| **भाग-२४** | | | | |
| २४०१.१० | २४०१.२० | २४०१.३० | २४०२.१० | २४०२.२० |
| २४०२.९० | २४०३.११ | २४०३.१९ | २४०३.९१ | २४०३.९९ |
| **भाग-२५** | | | | |
| २५१५.१२ | २५१५.२० | २५१६.१२ | २५१६.२० | २५१६.९० |

| | | | | |
|---|---|---|---|---|
| २५१७.४१ | २५१७.४९ | २५२३.१० | २५२३.२१ | २५२३.२९ |
| २५२३.३० | २५२३.९० | | | |
| **भाग-२७** | | | | |
| २७१०.१२ | २७१०.१९ | २७१०.२० | | |
| **भाग-३२** | | | | |
| ३२०६.११ | ३२०६.१९ | ३२०६.२० | ३२०६.४१ | ३२०६.४२ |
| ३२०६.४९ | ३२०६.५० | ३२०८.१० | ३२०८.२० | ३२०८.९० |
| ३२०९.१० | ३२०९.९० | ३२१०.०० | | |
| **भाग-३३** | | | | |
| ३३०४.१० | ३३०४.२० | ३३०४.३० | ३३०४.९१ | ३३०४.९९ |
| ३३०५.१० | ३३०५.२० | ३३०५.३० | ३३०५.९० | ३३०७.१० |
| ३३०७.२० | ३३०७.३० | ३३०७.४९ | ३३०७.९० | |
| **भाग-३४** | | | | |
| ३४०१.११ | ३४०१.१९ | ३४०१.२० | ३४०१.३० | ३४०२.११ |
| ३४०२.१२ | ३४०२.१३ | ३४०२.१९ | ३४०२.२० | ३४०२.९० |
| ३४०५.१० | ३४०५.२० | ३४०५.३० | ३४०५.४० | ३४०५.९० |
| **भाग-३६** | | | | |
| ३६०५.०० | | | | |
| **भाग-३८** | | | | |
| ३८१४.०० | ३८१९.०० | | | |
| **भाग-३९** | | | | |
| ३९१६.१० | ३९१६.२० | ३९१६.९० | ३९१७.१० | ३९१७.२१ |
| ३९१७.२२ | ३९१७.२३ | ३९१७.२९ | ३९१७.३१ | ३९१७.३२ |
| ३९१७.३३ | ३९१७.३९ | ३९१७.४० | ३९१८.१० | ३९१८.९० |
| ३९१९.१० | ३९१९.९० | ३९२०.१० | ३९२०.२० | ३९२०.३० |
| ३९२०.४३ | ३९२०.४९ | ३९२०.५१ | ३९२०.५९ | ३९२०.६१ |

| | | | | |
|---|---|---|---|---|
| ३९२०.६२ | ३९२०.६३ | ३९२०.६९ | ३९२०.७१ | ३९२०.७३ |
| ३९२०.७९ | ३९२०.९१ | ३९२०.९२ | ३९२०.९३ | ३९२०.९४ |
| ३९२०.९९ | ३९२१.११ | ३९२१.१२ | ३९२१.१३ | ३९२१.१४ |
| ३९२१.१९ | ३९२१.९० | ३९२२.१० | ३९२२.२० | ३९२२.९० |
| ३९२३.१० | ३९२३.२१ | ३९२३.२९ | ३९२३.३० | ३९२३.५० |
| ३९२३.९० | ३९२४.१० | ३९२४.९० | ३९२५.१० | ३९२५.२० |
| ३९२५.३० | ३९२५.९० | ३९२६.१० | ३९२६.२० | ३९२६.३० |
| ३९२६.४० | ३९२६.९० | | | |
| **भाग-४०** | | | | |
| ४०११.१० | ४०११.२० | ४०११.४० | ४०११.६९ | ४०११.९९ |
| ४०१२.११ | ४०१२.१२ | ४०१२.१९ | ४०१२.२० | ४०१२.९० |
| ४०१३.१० | ४०१३.९० | ४०१६.१० | | |
| **भाग-४२** | | | | |
| ४२०२.११ | ४२०२.१२ | ४२०२.१९ | ४२०२.२१ | ४२०२.२२ |
| ४२०२.२९ | ४२०२.३१ | ४२०२.३२ | ४२०२.३९ | ४२०२.९१ |
| ४२०२.९२ | ४२०२.९९ | ४२०५.०० | | |
| **भाग-४८** | | | | |
| ४८०२.१० | ४८०२.२० | ४८०२.४० | ४८०२.५४ | ४८०२.५५ |
| ४८०२.५६ | ४८०२.५७ | ४८०२.५८ | ४८०२.६१ | ४८०२.६२ |
| ४८०२.६९ | ४८१०.१३ | ४८१०.१४ | ४८१०.१९ | ४८१०.२२ |
| ४८१०.२९ | ४८१०.३१ | ४८१०.३२ | ४८१०.३९ | ४८१०.९२ |
| ४८१०.९९ | ४८११.१० | ४८११.४१ | ४८११.४९ | ४८११.५१ |
| ४८११.५९ | ४८११.६० | ४८११.९० | ४८१६.२० | ४८१६.९० |
| ४८१७.१० | ४८१७.२० | ४८१७.३० | ४८१८.१० | ४८१८.२० |
| ४८१८.३० | ४८१८.५० | ४८१८.९० | ४८१९.१० | ४८१९.२० |
| ४८१९.३० | ४८१९.४० | ४८१९.५० | ४८१९.६० | ४८२०.१० |
| ४८२०.२० | ४८२०.३० | ४८२०.४० | ४८२०.५० | ४८२०.९० |

| | | | | |
|---|---|---|---|---|
| ४८२१.१० | ४८२१.९० | | | |
| **भाग-४९** | | | | |
| ४९०९.०० | ४९१०.०० | ४९११.१० | ४९११.९१ | ४९११.९९ |
| **भाग-५२** | | | | |
| ५२१०.११ | ५२१०.१९ | ५२१०.२१ | ५२१०.२९ | ५२१०.३१ |
| ५२१०.३२ | ५२१०.३९ | ५२१०.४१ | ५२१०.४९ | ५२१०.५१ |
| ५२१०.५९ | ५२११.११ | ५२११.१२ | ५२११.१९ | ५२११.२० |
| ५२११.३१ | ५२११.३२ | ५२११.३९ | ५२११.४१ | ५२११.४२ |
| ५२११.४३ | ५२११.४९ | ५२११.५१ | ५२११.५२ | ५२११.५९ |
| **भाग-५३** | | | | |
| ५३१०.१० | ५३१०.९० | | | |
| **भाग-५४** | | | | |
| ५४०७.१० | ५४०७.२० | ५४०७.३० | ५४०७.४१ | ५४०७.४२ |
| ५४०७.४३ | ५४०७.४४ | ५४०७.५१ | ५४०७.५२ | ५४०७.५३ |
| ५४०७.५४ | ५४०७.६१ | ५४०७.६९ | ५४०७.७१ | ५४०७.७२ |
| ५४०७.७३ | ५४०७.७४ | ५४०७.८१ | ५४०७.८२ | ५४०७.८३ |
| ५४०७.८४ | ५४०७.९१ | ५४०७.९२ | ५४०७.९३ | ५४०७.९४ |
| ५४०८.१० | ५४०८.२१ | ५४०८.२२ | ५४०८.२३ | ५४०८.२४ |
| ५४०८.३१ | ५४०८.३२ | ५४०८.३३ | ५४०८.३४ | |
| **भाग-५५** | | | | |
| ५५१२.११ | ५५१२.१९ | ५५१२.२१ | ५५१२.२९ | ५५१२.९१ |
| ५५१२.९९ | ५५१३.११ | ५५१३.१२ | ५५१३.१३ | ५५१३.१९ |
| ५५१३.२१ | ५५१३.२३ | ५५१३.२९ | ५५१३.३१ | ५५१३.३९ |
| ५५१३.४१ | ५५१३.४९ | ५५१४.११ | ५५१४.१२ | ५५१४.१९ |
| ५५१४.२१ | ५५१४.२२ | ५५१४.२३ | ५५१४.२९ | ५५१४.३० |

| | | | | |
|---|---|---|---|---|
| ५५१४.४१ | ५५१४.४२ | ५५१४.४३ | ५५१४.४९ | ५५१५.११ |
| ५५१५.१२ | ५५१५.१३ | ५५१५.१९ | ५५१५.२१ | ५५१५.२२ |
| ५५१५.२९ | ५५१५.९१ | ५५१५.९९ | ५५१६.११ | ५५१६.१२ |
| ५५१६.१३ | ५५१६.१४ | ५५१६.२१ | ५५१६.२२ | ५५१६.२३ |
| ५५१६.२४ | ५५१६.३१ | ५५१६.३२ | ५५१६.३३ | ५५१६.३४ |
| ५५१६.४१ | ५५१६.४२ | ५५१६.४३ | ५५१६.४४ | ५५१६.९१ |
| ५५१६.९२ | ५५१६.९३ | ५५१६.९४ | | |
| **भाग-५६** | | | | |
| ५६०१.२१ | ५६०१.२२ | ५६०१.२९ | ५६०१.३० | |
| **भाग-५७** | | | | |
| ५७०१.१० | ५७०१.९० | ५७०२.१० | ५७०२.२० | ५७०२.३१ |
| ५७०२.३२ | ५७०२.३९ | ५७०२.४१ | ५७०२.४२ | ५७०२.४९ |
| ५७०२.५० | ५७०२.९१ | ५७०२.९२ | ५७०२.९९ | ५७०३.१० |
| ५७०३.२० | ५७०३.३० | ५७०३.९० | ५७०४.१० | ५७०४.९० |
| ५७०५.०० | | | | |
| **भाग-५९** | | | | |
| ५९०३.१० | ५९०३.२० | ५९०३.९० | ५९०४.१० | ५९०४.९० |
| ५९०६.१० | ५९०६.९१ | ५९०६.९९ | | |
| **भाग-६०** | | | | |
| ६००१.१० | ६००१.२१ | ६००१.२२ | ६००१.२९ | ६००१.९१ |
| ६००१.९२ | ६००१.९९ | ६००२.४० | ६००२.९० | ६००३.१० |
| ६००३.२० | ६००३.३० | ६००३.४० | ६००३.९० | ६००४.१० |
| ६००४.९० | ६००५.२१ | ६००५.२२ | ६००५.२३ | ६००५.२४ |
| ६००५.३१ | ६००५.३२ | ६००५.३३ | ६००५.३४ | ६००५.४१ |
| ६००५.४२ | ६००५.४३ | ६००५.४४ | ६००५.९० | ६००६.१० |

| | | | | |
|---|---|---|---|---|
| ६००६.२१ | ६००६.२२ | ६००६.२३ | ६००६.२४ | ६००६.३१ |
| ६००६.३२ | ६००६.३३ | ६००६.३४ | ६००६.४१ | ६००६.४२ |
| ६००६.४३ | ६००६.४४ | ६००६.९० | | |
| **भाग-६१** | | | | |
| ६१०१.२० | ६१०१.३० | ६१०१.९० | ६१०२.१० | ६१०२.२० |
| ६१०२.३० | ६१०२.९० | ६१०३.१० | ६१०३.२२ | ६१०३.२३ |
| ६१०३.२९ | ६१०३.३१ | ६१०३.३२ | ६१०३.३३ | ६१०३.३९ |
| ६१०३.४१ | ६१०३.४२ | ६१०३.४३ | ६१०३.४९ | ६१०४.१३ |
| ६१०४.१९ | ६१०४.२२ | ६१०४.२३ | ६१०४.२९ | ६१०४.३१ |
| ६१०४.३२ | ६१०४.३३ | ६१०४.३९ | ६१०४.४१ | ६१०४.४२ |
| ६१०४.४३ | ६१०४.४४ | ६१०४.४९ | ६१०४.५१ | ६१०४.५२ |
| ६१०४.५३ | ६१०४.५९ | ६१०४.६१ | ६१०४.६२ | ६१०४.६३ |
| ६१०४.६९ | ६१०५.१० | ६१०५.२० | ६१०५.९० | ६१०६.१० |
| ६१०६.२० | ६१०६.९० | ६१०७.११ | ६१०७.१२ | ६१०७.१९ |
| ६१०७.२१ | ६१०७.२२ | ६१०७.२९ | ६१०७.९१ | ६१०७.९९ |
| ६१०८.११ | ६१०८.१९ | ६१०८.२१ | ६१०८.२२ | ६१०८.२९ |
| ६१०८.३१ | ६१०८.३२ | ६१०८.३९ | ६१०८.९१ | ६१०८.९२ |
| ६१०८.९९ | ६१०९.१० | ६१०९.९० | ६११०.११ | ६११०.१२ |
| ६११०.१९ | ६११०.२० | ६११०.३० | ६११०.९० | ६१११.२० |
| ६१११.३० | ६१११.९० | ६११२.११ | ६११२.१२ | ६११२.१९ |
| ६११२.२० | ६११२.३१ | ६११२.३९ | ६११२.४१ | ६११२.४९ |
| ६११३.०० | ६११४.२० | ६११४.३० | ६११४.९० | ६११५.१० |
| ६११५.२१ | ६११५.२२ | ६११५.२९ | ६११५.३० | ६११५.९४ |
| ६११५.९५ | ६११५.९६ | ६११५.९९ | ६११६.१० | ६११६.९१ |
| ६११६.९२ | ६११६.९३ | ६११६.९९ | ६११७.१० | ६११७.८० |

| | | | | |
|---|---|---|---|---|
| **भाग-६२** | | | | |
| ६२०१.११ | ६२०१.१२ | ६२०१.१३ | ६२०१.१९ | ६२०१.९१ |
| ६२०१.९२ | ६२०१.९३ | ६२०१.९९ | ६२०२.११ | ६२०२.१२ |
| ६२०२.१३ | ६२०२.१९ | ६२०२.९१ | ६२०२.९२ | ६२०२.९३ |
| ६२०२.९९ | ६२०३.११ | ६२०३.१२ | ६२०३.१९ | ६२०३.२२ |
| ६२०३.२३ | ६२०३.२९ | ६२०३.३१ | ६२०३.३२ | ६२०३.३३ |
| ६२०३.३९ | ६२०३.४१ | ६२०३.४२ | ६२०३.४३ | ६२०३.४९ |
| ६२०४.११ | ६२०४.१२ | ६२०४.१३ | ६२०४.१९ | ६२०४.२१ |
| ६२०४.२२ | ६२०४.२३ | ६२०४.२९ | ६२०४.३१ | ६२०४.३२ |
| ६२०४.३३ | ६२०४.३९ | ६२०४.४१ | ६२०४.४२ | ६२०४.४३ |
| ६२०४.४४ | ६२०४.४९ | ६२०४.५१ | ६२०४.५२ | ६२०४.५३ |
| ६२०४.५९ | ६२०४.६१ | ६२०४.६२ | ६२०४.६३ | ६२०४.६९ |
| ६२०५.२० | ६२०५.३० | ६२०५.९० | ६२०६.१० | ६२०६.२० |
| ६२०६.३० | ६२०६.४० | ६२०६.९० | ६२०७.११ | ६२०७.१९ |
| ६२०७.२१ | ६२०७.२२ | ६२०७.२९ | ६२०७.९१ | ६२०७.९९ |
| ६२०८.११ | ६२०८.१९ | ६२०८.२१ | ६२०८.२२ | ६२०८.२९ |
| ६२०८.९१ | ६२०८.९२ | ६२०८.९९ | ६२०९.२० | ६२०९.३० |
| ६२०९.९० | ६२१०.१० | ६२१०.२० | ६२१०.३० | ६२१०.४० |
| ६२१०.५० | ६२११.११ | ६२११.१२ | ६२११.२० | ६२११.३२ |
| ६२११.३३ | ६२११.३९ | ६२११.४२ | ६२११.४३ | ६२११.४९ |
| ६२१२.१० | ६२१२.२० | ६२१२.३० | ६२१२.९० | ६२१३.२० |
| ६२१३.९० | ६२१४.१० | ६२१४.२० | ६२१४.३० | ६२१४.४० |
| ६२१४.९० | ६२१५.१० | ६२१५.२० | ६२१५.९० | ६२१६.०० |
| **भाग-६३** | | | | |
| ६३०१.१० | ६३०१.२० | ६३०१.३० | ६३०१.४० | ६३०१.९० |

| | | | | |
|---|---|---|---|---|
| ६३०२.१० | ६३०२.२१ | ६३०२.२२ | ६३०२.२९ | ६३०२.३१ |
| ६३०२.३२ | ६३०२.३९ | ६३०२.४० | ६३०२.५१ | ६३०२.५३ |
| ६३०२.५९ | ६३०२.६० | ६३०२.९१ | ६३०२.९३ | ६३०२.९९ |
| ६३०३.१२ | ६३०३.१९ | ६३०३.९१ | ६३०३.९२ | ६३०३.९९ |
| ६३०५.१० | ६३०५.२० | ६३०५.३२ | ६३०५.३३ | ६३०५.३९ |
| ६३०५.९० | ६३०६.१२ | ६३०६.१९ | ६३०६.२२ | ६३०६.२९ |
| ६३०६.३० | ६३०६.४० | ६३०६.९० | | |
| **भाग-६४** | | | | |
| ६४०१.१० | ६४०१.९२ | ६४०१.९९ | ६४०२.१२ | ६४०२.१९ |
| ६४०२.२० | ६४०२.९१ | ६४०२.९९ | ६४०३.१२ | ६४०३.१९ |
| ६४०३.२० | ६४०३.४० | ६४०३.५१ | ६४०३.५९ | ६४०३.९१ |
| ६४०३.९९ | ६४०४.११ | ६४०४.१९ | ६४०४.२० | ६४०५.१० |
| ६४०५.२० | ६४०५.९० | | | |
| **भाग-६५** | | | | |
| ६५०६.१० | | | | |
| **भाग-६८** | | | | |
| ६८०२.१० | ६८०२.२१ | ६८०२.२३ | ६८०२.२९ | ६८०२.९१ |
| ६८०२.९२ | ६८०२.९३ | ६८०२.९९ | | |
| **भाग-६९** | | | | |
| ६९०४.१० | ६९०४.९० | ६९०८.१० | ६९०८.९० | ६९१०.१० |
| ६९१०.९० | ६९११.१० | ६९११.९० | | |
| **भाग-७०** | | | | |
| ७००३.१२ | ७००३.१९ | ७००३.२० | ७००३.३० | ७००४.२० |
| ७००४.९० | ७००५.१० | ७००५.२१ | ७००५.२९ | ७००५.३० |
| ७००६.०० | ७००७.११ | ७००७.१९ | ७००७.२१ | ७००७.२९ |

| | | | | |
|---|---|---|---|---|
| ७००८.०० | ७००९.१० | ७००९.९१ | ७००९.९२ | ७०१३.१० |
| ७०१३.२२ | ७०१३.२८ | ७०१३.३३ | ७०१३.३७ | ७०१३.४१ |
| ७०१३.४२ | ७०१३.४९ | ७०१३.९१ | ७०१३.९९ | ७०२०.०० |
| **भाग-७२** | | | | |
| ७२१०.२० | ७२१०.३० | ७२१०.४१ | ७२१०.४९ | ७२१०.५० |
| ७२१०.६१ | ७२१०.६९ | ७२१०.७० | ७२१०.९० | ७२१२.२० |
| ७२१२.३० | ७२१२.४० | ७२१२.५० | ७२१२.६० | ७२१३.१० |
| ७२१३.२० | ७२१३.९१ | ७२१३.९९ | ७२१४.१० | ७२१४.२० |
| ७२१४.३० | ७२१४.९१ | ७२१४.९९ | ७२१५.१० | ७२१५.५० |
| ७२१५.९० | | | | |
| **भाग-७३** | | | | |
| ७३०४.११ | ७३०४.१९ | ७३०४.२२ | ७३०४.२३ | ७३०४.२४ |
| ७३०४.२९ | ७३०४.३१ | ७३०४.३९ | ७३०४.४१ | ७३०४.४९ |
| ७३०४.५१ | ७३०४.५९ | ७३०४.९० | ७३०५.११ | ७३०५.१२ |
| ७३०५.१९ | ७३०५.२० | ७३०५.३१ | ७३०५.३९ | ७३०५.९० |
| ७३०६.११ | ७३०६.१९ | ७३०६.२१ | ७३०६.२९ | ७३०६.३० |
| ७३०६.४० | ७३०६.५० | ७३०६.६१ | ७३०६.६९ | ७३०६.९० |
| ७३०८.१० | ७३०८.२० | ७३०८.३० | ७३०८.४० | ७३०८.९० |
| ७३१३.०० | | | | |
| **भाग-८०** | | | | |
| ८००७.०० | | | | |
| **भाग-८३** | | | | |
| ८३०२.१० | ८३०२.२० | ८३०२.३० | ८३०२.४१ | ८३०२.४२ |
| ८३०२.४९ | ८३०२.५० | ८३०२.६० | ८३०९.१० | |
| **भाग-८४** | | | | |
| ८४१५.१० | ८४१५.२० | ८४१५.८१ | ८४१५.८२ | ८४१५.८३ |

| | | | | |
|---|---|---|---|---|
| ८४१५.९० | ८४१८.१० | ८४१८.२१ | ८४१८.२९ | ८४१८.३० |
| ८४१८.४० | ८४१८.५० | ८४१८.६१ | ८४१८.६९ | ८४५०.११ |
| ८४५०.१२ | ८४५०.१९ | ८४५०.२० | ८४५०.९० | ८४५१.१० |
| ८४५१.२१ | ८४५१.९० | | | |
| **भाग-८५** | | | | |
| ८५०४.१० | ८५०४.२१ | ८५०४.३१ | ८५०४.३२ | ८५०४.३३ |
| ८५०४.४० | ८५०४.५० | ८५०६.१० | ८५०६.३० | ८५०६.४० |
| ८५०६.५० | ८५०६.६० | ८५०६.८० | ८५०६.९० | ८५०७.१० |
| ८५०७.२० | ८५०७.३० | ८५०७.४० | ८५०७.५० | ८५०७.६० |
| ८५०७.८० | ८५०७.९० | ८५१०.१० | ८५१०.२० | ८५१०.३० |
| ८५१०.९० | ८५२८.४९ | ८५२८.५९ | ८५२८.६९ | ८५२८.७१ |
| ८५२८.७२ | ८५२८.७३ | ८५३६.१० | ८५३६.२० | ८५३६.३० |
| ८५३६.४१ | ८५३६.४९ | ८५३६.६१ | ८५३६.७० | ८५३९.१० |
| ८५३९.२१ | ८५३९.२२ | ८५३९.२९ | ८५३९.३१ | ८५३९.३२ |
| ८५३९.३९ | ८५३९.४१ | ८५३९.४९ | ८५३९.९० | ८५४०.११ |
| ८५४४.११ | ८५४४.१९ | ८५४४.२० | ८५४४.३० | ८५४४.६० |
| **भाग-८७** | | | | |
| ८७०२.१० | ८७०२.९० | ८७०३.१० | ८७०३.२१ | ८७०३.२२ |
| ८७०३.२३ | ८७०३.२४ | ८७०३.३१ | ८७०३.३२ | ८७०३.३३ |
| ८७०३.९० | ८७०४.१० | ८७०४.२१ | ८७०४.२२ | ८७०४.२३ |
| ८७०४.३१ | ८७०४.३२ | ८७०४.९० | ८७०६.०० | ८७०८.१० |
| ८७०८.२१ | ८७०८.२९ | ८७०८.३० | ८७०८.४० | ८७०८.५० |
| ८७०८.७० | ८७०८.८० | ८७०८.९१ | ८७०८.९२ | ८७०८.९३ |
| ८७०८.९४ | ८७०८.९५ | ८७०८.९९ | ८७११.१० | ८७११.२० |
| ८७११.३० | ८७११.४० | ८७११.५० | ८७११.९० | ८७१४.१० |

| | | | | |
|---|---|---|---|---|
| **भाग-९६** | | | | |
| ९६०३.२१ | ९६०८.१० | ९६१९.०० | | |
| **भाग-९७** | | | | |
| ९७०२.०० | ९७०३.०० | ९७०५.०० | | |

(२) सार्क मुलुकहरूमध्ये कम विकसित मुलुकहरू (Least Developed Countries) को निमित्त लागू हुने संवेदनशील मालवस्तुको उपशीर्षकहरूको सूची :-

देहायका उपशीर्षकहरू बाहेकका उपदफा (१) मा उल्लिखित अन्य उपशीर्षकहरू :-

| | | | | |
|---|---|---|---|---|
| **भाग-७२** | | | | |
| ७२१३१० | ७२१३२० | ७२१३९१ | ७२१३९९ | |
| **भाग-७३** | | | | |
| ७३०४११ | ७३०४१९ | ७३०४२२ | ७३०४२३ | ७३०४२४ |
| ७३०४२९ | ७३०४३१ | ७३०४३९ | ७३०४४१ | ७३०४४९ |
| ७३०४५१ | ७३०४५९ | ७३०४९० | ७३०५११ | ७३०५१२ |
| ७३०५१९ | ७३०५२० | ७३०५३१ | ७३०५३९ | ७३०५९० |
| ७३०८१० | ७३०८२० | ७३०८३० | ७३०८४० | ७३०८९० |
| **भाग-८३** | | | | |
| ८३०२१० | ८३०२२० | ८३०२३० | ८३०२४१ | ८३०२४२ |
| ८३०२४९ | ८३०२५० | ८३०२६० | | |
| **भाग-८४** | | | | |
| ८४५१९० | | | | |

२१. **<u>देहायका उपशीर्षकहरूमा उल्लिखित मालवस्तुहरू दफा ७ बमोजिम पैठारी गरेमा सोही दफामा उल्लिखित दर अनुसार भन्सार महसुल लाग्नेछ</u> :-**

| | | | | |
|---|---|---|---|---|
| **भाग -१** | | | | |
| ०१०४.२० | ०१०५.९४ | ०१०५.९९ | | |

| | | | | |
|---|---|---|---|---|
| **भाग -२** | | | | |
| ०२०४.१० | ०२०४.२१ | ०२०४.२२ | ०२०४.२३ | ०२०४.३० |
| ०२०४.४१ | ०२०४.४२ | ०२०४.४३ | ०२०४.५० | ०२०७.११ |
| ०२०७.१२ | ०२०७.१३ | ०२०७.१४ | ०२०७.२४ | ०२०७.२५ |
| ०२०७.२६ | ०२०७.२७ | ०२०७.४१ | ०२०७.४२ | ०२०७.४३ |
| ०२०७.४४ | ०२०७.४५ | ०२०७.५१ | ०२०७.५२ | ०२०७.५३ |
| ०२०७.५४ | ०२०७.५५ | ०२०७.६० | | |
| **भाग -३** | | | | |
| ०३०१.११ | ०३०१.१९ | ०३०१.९१ | ०३०१.९२ | ०३०१.९३ |
| ०३०१.९४ | ०३०१.९५ | ०३०१.९९ | ०३०२.११ | ०३०२.४१ |
| ०३०२.४२ | ०३०२.४३ | ०३०२.४४ | ०३०२.४५ | ०३०२.४६ |
| ०३०२.४७ | ०३०२.५१ | ०३०२.५२ | ०३०२.५३ | ०३०२.५४ |
| ०३०२.५५ | ०३०२.५६ | ०३०२.५९ | ०३०२.७१ | ०३०२.७२ |
| ०३०२.७३ | ०३०२.७४ | ०३०२.७९ | ०३०२.८२ | ०३०२.८३ |
| ०३०२.८४ | ०३०२.८५ | ०३०२.८९ | ०३०२.९० | ०३०३.१४ |
| ०३०३.२६ | ०३०३.३१ | ०३०३.३३ | ०३०३.३४ | ०३०३.३९ |
| ०३०३.९० | ०३०४.३१ | ०३०४.३२ | ०३०४.३३ | ०३०४.३९ |
| ०३०४.४१ | ०३०४.४२ | ०३०४.४३ | ०३०४.४४ | ०३०४.४५ |
| ०३०४.४६ | ०३०४.४९ | ०३०४.५१ | ०३०४.५२ | ०३०४.५३ |
| ०३०४.५४ | ०३०४.५५ | ०३०४.५९ | ०३०४.६१ | ०३०४.६२ |
| ०३०४.६३ | ०३०४.६९ | ०३०४.७१ | ०३०४.७२ | ०३०४.७३ |
| ०३०४.७४ | ०३०४.७५ | ०३०४.७९ | ०३०४.८१ | ०३०४.८२ |
| ०३०४.८३ | ०३०४.८४ | ०३०४.८५ | ०३०४.८६ | ०३०४.८७ |
| ०३०४.८९ | ०३०४.९१ | ०३०४.९२ | ०३०४.९३ | ०३०४.९४ |
| ०३०४.९५ | ०३०४.९९ | ०३०५.१० | ०३०५.२० | ०३०५.३१ |
| ०३०५.३२ | ०३०५.३९ | ०३०५.४२ | ०३०५.४३ | ०३०५.४४ |

| | | | | |
|---|---|---|---|---|
| ०३०५.४९ | ०३०५.५१ | ०३०५.५९ | ०३०५.६१ | ०३०५.६२ |
| ०३०५.६३ | ०३०५.६४ | ०३०५.६९ | ०३०५.७१ | ०३०५.७२ |
| ०३०५.७९ | | | | |
| **भाग -४** | | | | |
| ०४०१.१० | ०४०१.२० | ०४०१.४० | ०४०१.५० | ०४०३.१० |
| ०४०३.९० | ०४०४.१० | ०४०४.९० | ०४०६.१० | ०४०६.२० |
| ०४०६.३० | ०४०६.४० | ०४०६.९० | ०४०७.११ | ०४०७.१९ |
| ०४०७.२१ | ०४०७.२९ | ०४०७.९० | ०४०९.०० | |
| **भाग -६** | | | | |
| ०६०३.११ | ०६०३.१२ | ०६०३.१३ | ०६०३.१४ | ०६०३.१५ |
| ०६०३.१९ | ०६०३.९० | | | |
| **भाग -७** | | | | |
| ०७०१.१० | ०७०१.९० | ०७०२.०० | ०७०३.१० | ०७०३.२० |
| ०७०३.९० | ०७०४.१० | ०७०४.२० | ०७०४.९० | ०७०६.१० |
| ०७०६.९० | ०७०७.०० | ०७०८.१० | ०७०८.२० | ०७०८.९० |
| ०७०९.२० | ०७०९.३० | ०७०९.४० | ०७०९.५१ | ०७०९.५९ |
| ०७०९.६० | ०७०९.७० | ०७०९.९१ | ०७०९.९२ | ०७०९.९३ |
| ०७०९.९९ | ०७१०.१० | ०७१०.२१ | ०७१०.२२ | ०७१०.२९ |
| ०७१०.३० | ०७१०.८० | ०७१०.९० | ०७११.४० | ०७११.५१ |
| ०७११.५९ | ०७११.९० | ०७१२.२० | ०७१२.३१ | ०७१२.३२ |
| ०७१२.३९ | ०७१३.३३ | ०७१३.३४ | ०७१३.३५ | ०७१३.३९ |
| ०७१३.४० | ०७१३.५० | ०७१३.६० | ०७१३.९० | |
| **भाग -८** | | | | |
| ०८०१.३१ | ०८०२.११ | ०८०२.१२ | ०८०२.३१ | ०८०२.३२ |
| ०८०२.४१ | ०८०२.४२ | ०८०२.६१ | ०८०२.६२ | ०८०३.१० |
| ०८०३.९० | ०८०४.३० | ०८०४.४० | ०८०४.५० | ०८०५.२० |

| | | | | |
|---|---|---|---|---|
| ०८०५.४० | ०८०५.५० | ०८०५.९० | ०८०७.११ | ०८०७.१९ |
| ०८०७.२० | ०८०८.१० | ०८०८.३० | ०८०८.४० | ०८०९.३० |
| ०८०९.४० | ०८१०.१० | ०८१०.३० | ०८१०.७० | ०८१०.९० |
| ०८११.१० | ०८११.९० | ०८१३.१० | ०८१३.२० | ०८१३.३० |
| ०८१३.४० | ०८१३.५० | | | |
| **भाग -९** | | | | |
| ०९१०.११ | ०९१०.१२ | ०९१०.३० | | |
| **भाग -१०** | | | | |
| १००१.९१ | १००१.९९ | १००५.१० | १००५.९० | १००६.१० |
| १००६.२० | १००६.३० | १००६.४० | | |
| **भाग -११** | | | | |
| ११०१.०० | ११०२.२० | ११०२.९० | ११०३.११ | ११०३.१३ |
| ११०३.१९ | ११०३.२० | ११०४.१२ | ११०४.१९ | ११०४.२२ |
| ११०४.२३ | ११०४.२९ | ११०४.३० | ११०५.१० | ११०५.२० |
| ११०६.१० | ११०६.२० | ११०६.३० | | |
| **भाग -१२** | | | | |
| १२०१.१० | १२०१.९० | १२०२.३० | १२०२.४१ | १२०२.४२ |
| १२०४.०० | १२०५.१० | १२०५.९० | १२०६.०० | १२०७.१० |
| १२०७.३० | १२०७.४० | १२०७.५० | १२०७.६० | १२०७.७० |
| १२०७.९९ | १२१२.९१ | १२१२.९२ | १२१२.९३ | १२१२.९४ |
| १२१२.९९ | | | | |
| **भाग -१५** | | | | |
| १५०७.१० | १५१२.११ | १५१२.२१ | १५१२.२९ | १५१५.२१ |
| १५१५.५० | १५१५.९० | | | |
| **भाग -२०** | | | | |
| २००१.१० | २००१.९० | २००२.१० | २००२.९० | २००३.१० |

| | | | | |
|---|---|---|---|---|
| २००३.९० | २००४.१० | २००४.९० | २००५.१० | २००५.२० |
| २००५.४० | २००५.५१ | २००५.५९ | २००५.८० | २००५.९१ |
| २००५.९९ | २००६.०० | २००७.१० | २००७.९१ | २००८.११ |
| २००८.२० | २००८.३० | २००८.४० | २००८.७० | २००८.९१ |
| २००८.९७ | | | | |
| **भाग -२१** | | | | |
| २१०३.३० | | | | |
| **भाग -२७** | | | | |
| २७११.११ | २७११.१२ | २७११.१३ | २७११.१४ | २७११.१९ |
| २७११.२१ | २७११.२९ | | | |
| **भाग -३०** | | | | |
| ३००३.१० | ३००३.२० | ३००३.४० | ३००३.९० | ३००४.१० |
| ३००४.२० | ३००४.३२ | ३००४.४० | ३००४.५० | ३००४.९० |
| **भाग -३९** | | | | |
| ३९२३.४० | | | | |
| **भाग -६३** | | | | |
| ६३१०.१० | ६३१०.९० | | | |

## अनुसूची-२

### (दफा २ को उपदफा (२) सँग सम्बन्धित)

१. नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा देहाय बमोजिम निकासी भन्सार महसुल लाग्नेछ । यस दफामा उल्लेख भएका बाहेक अन्य मालवस्तुमा निकासी भन्सार महसुल लाग्नेछैन ।

| शीर्षक | उपशीर्षक | मालवस्तुको विवरण | निकासी भन्सार महसुल दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा |
|---|---|---|---|
| **०७.१३** | | **कोसा छोडाएको सुख्खा कोसे तरकारी, बोक्रा छोडाएको वा नछोडाएको वा दलेको वा नदलेको ।** | |
| | ०७१३.४०.०० | -मुसुरो दाल | प्र.के.जि. रु.१।- |
| **१०.०१** | | **गहुं र मेसलिन ।** | |
| | | -दुरुम गहुं: | |
| | १००१.११.०० | --बीऊ | प्र.के.जि. रु.१।- |
| | १००१.१९.०० | --अन्य | प्र.के.जि. रु.१।- |
| | | -अन्य : | |
| | १००१.९१.०० | --बीऊ | प्र.के.जि. रु.१।- |
| | १००१.९९.०० | --अन्य | प्र.के.जि. रु.१।- |
| **१०.०५** | | **मकैं ।** | |
| | १००५.१०.०० | -बीऊ (गेडा) | प्र.के.जि. रु.१।- |
| | १००५.९०.०० | -अन्य | प्र.के.जि. रु.१।- |
| **१०.०६** | | **धान ।** | |
| | १००६.१०.०० | -धान | प्र.के.जि. रु.१।- |

| | | | |
|---|---|---|---|
| | १००६.२०.०० | -कुटेको (तर राम्रो नफलेको) | प्र.के.जि. रु.१।- |
| | १००६.३०.०० | -पालिस वा चम्कने गरेको वा नगरेको कुटेर तयार गरेको चामल | प्र.के.जि. रु.१।- |
| | १००६.४०.०० | कनिका | प्र.के.जि. रु.१।- |
| **१०.०८** | | **फापर, कोदो, चराको आहारा; अरु खाद्यान्न ।** | |
| | १००८.१०.०० | -फापर | प्र.के.जि. रु.१।- |
| | | -कोदो: | |
| | १००८.२१.०० | --बीऊ | प्र.के.जि. रु.१।- |
| | १००८.२९.०० | --अन्य | प्र.के.जि. रु.१।- |
| **१२.११** | | **मुख्यतः सुगन्धित वस्तु बनाउने, औषधी बनाउने वा कीटनाषक औषधी बनाउने वा यस्तै प्रयोजनका लागि प्रयोग हुने खालको, ताजा, सुकेको, काटिएको वा नकाटिएको, पिंधेको वा नपिंधेको वा धूलो पारिएको वा नपारिएको विरुवा र विरुवाका अङ्गहरू (बीयां र फलसमेत) ।** | |
| | | -अन्य: | |
| | १२११.९०.१० | --यार्चागुम्वा | प्र.के.जि. रु.५०००।- |
| | १२११.९०.९० | --अन्य | प्र.के.जि. रु.१।- |
| **१४.०४** | | **अन्यत्र नपरेको वनस्पति उत्पादन ।** | |
| | १४०४.९०.११ | --अर्ध तयारी खयरकत्था (कत्था रस) | प्र.के.जि. रु.७।- |
| | १४०४.९०.१२ | --खयर कत्था | प्र.के.जि रु.५।- |
| | १४०४.९०.१५ | --रुद्राक्षका दानाहरु | प्र.के.जि रु.१।- |
| | १४०४.९०.१६ | --अर्गेलिको वोक्रा | प्र.के.जि रु.१।- |

| | | | |
|---|---|---|---|
| | १४०४.९०.१७ | --रिट्ठा (सोपनट) | प्र.के.जि रु.१।- |
| | १४०४.९०.९० | --अन्य | प्र.के.जि रु.५।- |
| २१.०६ | | **अन्यत्र नपरेको खाद्य पदार्थ ।** | |
| | | -अन्य : | |
| | २१०६.९०.२० | -- पान मसला (सुर्ती रहित) | प्र.के.जि रु.४०।- |
| | २१०६.९०.७० | -- सुर्ती रहित सुगन्धित सुपारी | प्र.के.जि रु.२५।- |
| २३.०२ | | **खाद्यान्न वा दलहनको वोटबाट निफनेर वा पिंधेर वा अरु प्रक्रियाद्वारा उपलब्ध हुने पेलेटको रुपमा रहेको वा नरहेको ढुटो आउने चोकर र अन्य अवशेष ।** | |
| | २३०२.१०.०० | -मकैको | प्र.के.जि रु.-।५० |
| | २३०२.३०.०० | -गहुँको | प्र.के.जि रु.-।५० |
| | २३०२.४०.०० | -अन्य खाद्यान्नको | प्र.के.जि रु.-।५० |
| | २३०२.५०.०० | -कोसे सागपातहरूको | प्र.के.जि रु.-।५० |
| २३.०४ | २३०४.००.०० | **भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र अन्य ठोस अवशेष, पिंधेको वा नपिंधेको वा पेलेटको रुपमा भएको वा नभएको ।** | प्र.के.जि रु.-।५० |
| २३.०५ | २३०५.००.०० | **बदामको तेल पेल्दा निस्केको, पिंधेको वा नपिंधेको, पेलेटको रुपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष ।** | प्र.के.जि रु.-।५० |
| २३.०६ | | **वनस्पतिको वोसो वा तेल निकाल्दा प्राप्त हुने शीर्षक २३.०४ वा २३.०५ मा परेको बाहेक पिंधेको वा नपिंधेको, पेलेटको रुपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष ।** | |
| | २३०६.२०.०० | -आलसको बीयाँको | प्र.के.जि रु.१।- |
| | | -तोरी वा रायो (रेप और कोल्जा) दाना : | |

| | | | |
|---|---|---|---|
| | २३०६.४१.०० | --न्यून इरुसिक अम्ल तोरी वा रायो (रेप अर कोल्जा) दानाहरू (सिड्स) | प्र.के.जि रु.।५० |
| | २३०६.९०.०० | -अन्य | प्र.के.जि रु.१।- |
| २४.०३ | | **अन्य उत्पादनमा प्रयोग भएको सूर्ति र प्रतिस्थापक सूर्ति; समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सूर्ति; सूर्तिको रस र सार ।** | |
| | | --अन्यः | |
| | २४०३.९९.१० | ---जर्दा, खैनी, नस (स्नफ), गुट्खा र यस्तै सूर्ती मिश्रित तयारी वस्तुहरु | प्र.के.जि रु.५०।- |
| | २४०३.९९.९० | ---अन्य | प्र.के.जि रु.५०।- |
| २५.०५ | | **भाग २६ को मेटलवियरिङ्ग (धातुयुक्त) बालुवा बाहेक रङ्गीन वा रङ्गहीन सबै प्रकारको प्राकृतिक बालुवा ।** | |
| | २५०५.१०.०० | सिलिका बालुवा र क्वार्ज | प्र.घ.मि. रु.१,२००।- |
| | २५०५.९०.०० | अन्य बालुवा | प्र.घ.मि. रु.१,२००।- |
| २५.१४ | **२५१४.००.००** | **अलि अलि टुक्राएको वा नटुक्राएको वा करौंतिद्वारा काटेको वा नकाटेको वा अरु किसिमले काटेको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता, स्लेट ।** | प्र.घ.मि. रु.१,२००।- |
| २५.१६ | | **करौंतिद्वारा वा अन्य किसिमले अलि अलि ताछिएको, काटिएको वा टुक्राइएको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाताको रुपमा रहेको ग्रेनाइट (कडा पत्थर), पर्फाइरी, रेशा नभएको आग्नेय चट्टान, वेसाल्ट, वलौटे ढुंगा र स्मारक एवं भवन बनाउने अन्य ढुंगा ।** | |
| | | -बलौट ढुंगाः | |
| | २५१६.२०.१० | --टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका | प्र.घ.मि. रु.६००।- |
| | २५१६.२०.२० | --टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू | प्र.घ.मि. रु.१,२००।- |

| | | | |
|---|---|---|---|
| | २५१६.२०.३० | --टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्रा | प्र.घ.मि. रु.१,२००।- |
| २५.१७ | | **साधारणतया कंक्रिट जोड्दा, सडकमा ढुंगाका टुक्रा ओछ्याउँदा वा रेल्वे र अन्य यस्तै ठाउंमा दृढ बनाउन बोझको रुपमा लगाउन प्रयोग गरिने तापित वा अतापित गिट्टी र टुक्राइएका वा पिंधिएका ढुंगाहरू; बाटुलिएका पत्थर (सिंगल), अग्निप्रस्तर र यो शीर्षकको पहिलो भागमा उल्लेख भएका वस्तुहरू भएको वा नभएको स्ल्याग (धातु अवशेष), ड्रस र यस्तै औद्योगिक अवशेष; अलकत्रायुक्त मेकाडम (रोडा); तापित वा अतापित शीर्षक २५.१५ वा २५.१६ का पत्थरका दाना, टुक्राटुक्री र धूलो ।** | |
| | | -साधारणतया कंक्रिट जोड्दा, सडकमा ढुंगा ओछ्याउँदा वा रेल्वे र यस्तै ठाउंमा दृढ बनाउन बोझ लगाउने काममा प्रयोग गरिने तापित वा अतापित गिट्टी र टुक्राइएका वा पिंधिएका ढुंगाहरू, बाटुलिएका प्रस्तर, अग्निप्रस्तर (फ्लिण्ट): | |
| | २५१७.१०.१० | --टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स),२.५ इञ्चसम्मका | प्र.घ.मि. रु.६००।- |
| | २५१७.१०.२० | --टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू | प्र.घ.मि. रु.१,२००।- |
| | २५१७.१०.३० | --टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्रा | प्र.घ.मि. रु.१,२००।- |
| | | -उप शीर्षक २५१७.१० मा उल्लिखित वस्तु समावेश भए वा नभएका ड्रस र स्ल्याग (धातुका अवशेष) का वा यस्तै औद्योगिक अवशेषका मेकाडम (रोडा): | |
| | २५१७.२०.१० | --टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका | प्र.घ.मि. रु.६००।- |
| | २५१७.२०.२० | --टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू | प्र.घ.मि. रु.१,२००।- |

| | | | |
|---|---|---|---|
| | | -शीर्षक २५.१५ वा २५.१६ को तापित वा अतापित दाना (ग्रेनुअल), टुक्राटाक्री (चिपिङ्ग) र धुलो (पाउडर) : | |
| | २५१७.४९.१० | --ढुङ्गाको धूलो (क्रसर उद्योगबाट उत्पादित) | प्र.घ.मि. रु.६००।- |
| | २५१७.४९.९० | --अन्य (क्रसर उद्योगबाट उत्पादित) | प्र.घ.मि. रु.६००।- |
| २५.१९ | | **प्राकृतिक म्याग्नेसियम कार्वोनेट (म्याग्नेसाइट); गालिएका म्याग्नेसिया; पूर्णरुपले बदलिएको (डेडवर्न वा सिन्टर्ड) म्याग्नेसिया, बाल्नुभन्दा पहिले थोरै मात्रामा अन्य अक्साइडहरू मिलाइएको वा नमिलाइएको; अन्य म्याग्नेसियम अक्साइड, शुद्ध वा अशुद्ध ।** | |
| | २५१९.१०.०० | -प्राकृतिक म्याग्नेसियम कार्वोनेट (म्याग्नेसाइट) | प्र.घ.मि. रु.६००।- |
| | २५१९.९०.०० | -अन्य | प्र.घ.मि. रु.६००।- |
| २५.२६ | | **करौंतिद्वारा वा अन्य प्रकारले अलि अलि टुक्राइएको वा नटुक्राइएको, ताछिएको वा नताछिएको चारपाटे (बर्गाकार समेत) ढिक्का वा पाता समेत र प्राकृतिक स्टियटाइट (साबुन ढुंगा); टाल्क (खरी) ।** | |
| | २५२६.१०.०० | -नपिधेको धूलो नबनाएको | प्र.के.जि रु.१।५० |
| ४४.०१ | | **बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हांगा बिंगा वा दाउराको बाधेको बिटो, वा यस्तै रुपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल); काठ चिरेको धूलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, ब्रिकेट (थिचेर बनाइएको चक्का), पेलेट मट्याङ्ग्रा) वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको ।** | |
| | ४४०१.१०.०० | -बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हांगा बिगां, दाउराको बिटो वा यस्तै रुपमा | २००% |

| | | | |
|---|---|---|---|
| | | -काठको चोइटा चोइटी वा मसिना टुक्राटाक्री पार्टिकल): | |
| | ४४०१.२१.०० | --देवदार जातिका (कोनिफेरस) | २००% |
| | ४४०१.२२.०० | --देवदार जाति बाहेकका (नन्कोनिफेरस) | २००% |
| | ४४०१.३०.०० | -आराले काट्दा निस्केको काठको धूलो, काठको अवशेष र रद्दी वस्तु, मुढा, चक्का (ब्रिकेट), मट्याङ्ग्रा (पिलेट्स) वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको | २००% |
| **४४.०३** | | **बोक्रा वा काठको बाहिरी नरम भाग ताछेको वा नताछेको वा मोटा मोटी ढंगले चारपाटे पारेको अपरिमार्जित काठ।** | |
| | ४४०३.१०.०० | -रङ्गलेप (पेन्ट) वर्णक रङ्ग (स्टेन), क्रिओसोट वा अन्य संरक्षित (प्रिजर्भेटिभ) हरूद्वारा उपचार गरिएको | २००% |
| | ४४०३.२०.०० | -अन्य देवदार जातिको | २००% |
| | | -अन्य, यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लेख भएका उष्णप्रदेशीय (ट्रपिकल) काठको: | |
| | ४४०३.४१.०० | --गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | २००% |
| | ४४०३.४९.०० | --अन्य | २००% |
| | | -अन्य : | |
| | ४४०३.९१.०० | --ओकको | २००% |
| | ४४०३.९२.०० | --बीचको | २००% |
| | ४४०३.९९.०० | --अन्य | २००% |

| | | | |
|---|---|---|---|
| **४४.०४** | | **हुपको काठ; काठको चिरेको खांवा (पोल); तिखारेको तर लम्बाइमा नचिरेको काठको घोचा(पाइल), किलो (पिकेट) र एकापट्टि तिखारिएको घोचो (स्टेक); साधारणरुपले कांटछांट गरेको तर नदोब्र्याएको, नबंग्याएको, अरुथोक नबनाएको टेक्ने लठ्ठी, छाताको डण्डी, औजारको डण्डी वा त्यस्तै सामान बनाउन उपयुक्त हुने खालको काठको छडी, चोइटाचोइटी काठ (चिपउड) र यस्तै ।** | |
| | ४४०४.१०.०० | -देवदार जातिको (कोनिफेरस) | २००% |
| | ४४०४.२०.०० | -देवदार जातिको बाहेक (नन्कोनिफेरस) | २००% |
| **४४.०५** | **४४०५.००.००** | **काठको ऊन; काठको पिठो ।** | २००% |
| **४४.०६** | | **रेल वा ट्रामको काठका पटरीहरू (स्लिपर) (क्रस-टाइज) ।** | |
| | ४४०६.१०.०० | -संसिक्त नगरिएका (नट इम्प्रिग्नेटेड्) | २००% |
| | ४४०६.९०.०० | -अन्य | २००% |
| **४४.०७** | | **लम्बाइमा चिरेको वा काटेको (चिप्ड), ताछेको (स्लाइस्ड) वा बोक्रा हटाएको (पिल्ड) रण्डा लगाएको वा नलगाएको, अपघर्षक लगाई चिल्याएको वा नचिल्याएको वा छेउमा जोड (इन्ड ज्वाइन्टेड) गरिएको वा नगरिएको ६ एम.एम. भन्दा बढी मोटाइको काठ ।** | |
| | ४४०७.१०.०० | -देवदार जातिको | २००% |
| | | -यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लिखित उष्ण प्रदेशीय (ट्रपिकल) काठको: | |
| | ४४०७.२१.०० | --महोगनी स्वीटेनिया (एसपीपी) | २००% |
| | ४४०७.२२.०० | --भिरोला, इम्बुइया र वाल्सा | २००% |
| | ४४०७.२५.०० | --गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | २००% |
| | ४४०७.२६.०० | --सेतो लौआन, सेतो मेरान्ती, सेतो सेराया, पहेंलो मेरान्ती र एलान | २००% |
| | ४४०७.२९.०० | --अन्य | २००% |

| | | | |
|---|---|---|---|
| | | -अन्य: | |
| | ४४०७.९१.०० | --ओकको | २००% |
| | ४४०७.९२.०० | --बीचको | २००% |
| | ४४०७.९९.०० | --अन्य | २००% |
| ४४.०८ | | **पृष्ठावरण वा बाहिरी पत्र चढाउने (भेनियरिङ्ग) निमित्तका चादर (शिट्स) हरू (पटलित काष्ठ (ल्यामिनेटेड् उड) ताछेर (स्लाइसिङ्) प्राप्त हुने वस्तु समेत), प्लाइउड (स्तर काष्ठ) वा यस्तै पटलित काष्ठ निमित्तका चादरहरू (शिट्स) तथा रण्डा (प्लेन) लगाएको वा नलगाएको अपघर्षक लगाएको वा नलगाएको, दुई टुप्पा जोडिएका (स्लाइस्ड) वा नजोडिएको वा छेउको जोड (एण्ड ज्वाइण्टेड्) गरिएको वा नगरिएको, ६ मि. मि मा नबढ्ने मोटाई (थिकनेस) भएका अन्य काठ ।** | |
| | ४४०८.१०.०० | -देवदार जातिको | प्रति किलो रु.६।- |
| | | -यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लेख भएका उष्ण प्रदेशीय काठको: | |
| | ४४०८.३१.०० | --गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | प्रति किलो रु.६।- |
| | ४४०८.३९.०० | --अन्य | प्रति किलो रु.६।- |
| | ४४०८.९०.०० | -अन्य | प्रति किलो रु.६।- |

२. निकासी हुने मालवस्तुको वर्गीकरणका लागि भन्सार कार्यालयहरूले अनुसूची-१ को परिच्छेद १ देखि २१ सम्म पर्ने भाग १ देखि ९७ सम्ममा उल्लिखित उपशीर्षकको प्रयोग गर्नु पर्नेछ ।

३. जिल्ला वन कार्यालयको इजाजत लिई उद्योगले धूप वा हवनमा प्रयोग हुने गरी सल्लाबाट बनाएको स-साना टुक्राहरू (Chips) (उपशीर्षक ४४०१.३०.००) निकासी गर्दा दश प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

## अनुसूची -३
## सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर

**(क) सडक निर्माण तथा सम्भार दस्तुर**

१. देहायका सवारी साधन दर्ताका बखत देहाय बमोजिको सडक निर्माण तथा सम्भार दस्तुर लाग्नेछ :-

| सवारी साधनको किसिम | दस्तुर |
|---|---|
| (क) कार, जीप, भ्यान, माइक्रोबस, बस, ट्रक, ट्रिपर, ट्रकमिक्सचर, मिनीबस, मिनीट्रक, मिनीटिपर, | मूल्यको पाँच प्रतिशत |
| (ख) मोटरसाइकल प्रति थान : | |
| (अ) १२५ सि.सि. सम्मको | रु. ७,०००।- |
| (आ) १२६ देखि २५० सि.सि. सम्मको | रु. ८,०००।- |
| (इ) २५१ देखि ४०० सि.सि. सम्मको | रु. १०,०००।- |
| (ई) ४०१ सि.सि. र सोदेखि माथि | रु. १५,०००।- |

जुनसुकै प्रक्रियाबाट शुरु दर्ता हुन आउने सवारी साधनलाई उपर्युक्त अनुसार नै दस्तुर लाग्नेछ ।

तर,

(१) कुटनीतिक नियोग तथा कुटनीतिक सुविधा प्राप्त व्यक्ति, दमकल, एम्बुलेन्स र शव बाहनलाई यस्तो दस्तुर लाग्ने छैन ।

(२) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बसहरु सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्थाहरु तथा कम्पनीहरुले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसहरुमा यस्तो दस्तुर लाग्ने छैन ।

स्पष्टीकरण :

(१) यस दफाको प्रयोजनको लागि "मूल्य" भन्नाले आन्तरिक खरीदको हकमा मूल्य अभिवृद्धि कर सहितको बिजक मूल्य र पैठारीको हकमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार बिन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ ।

(२) "जुनसुकै प्रक्रियाबाट" भन्नाले लिलाम, जफत, हस्तान्तरण र खरीद वा बिक्रीबाट दर्ता हुन आउने सवारी साधनलाई जनाउँछ ।

| | |
|---|---|
| **(ख) सवारी साधन कर** | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु. १८,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २०,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २२,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३०,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३५,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५०,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३०,०००।- |
| (आ) मिनीटिपर | रु. २०,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.५,०००।- |
| (आ) ट्रेक्टर | रु.३,०००।- |
| (ई) पावर टिलर | रु.२,५००।- |
| (घ) मिनिट्रक/मिनिबस | रु.१८,०००।- |
| (ङ) ट्रक/बस | रु.२७,०००।- |
| (च) मोटर साइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२,५००।- |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४,०००।- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.६,०००।- |

| | |
|---|---|
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१०,०००।- |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.६,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.७,०००।- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.८,५००।- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.११,०००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु.१३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१४,०००।- |
| (ग) अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो, इन्धनको प्रकार अनुसार वार्षिक कर दर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.३,५००।- |
| (आ) ट्रेक्टर | रु.२,०००।- |
| (ई) पावर टिलर | रु.१,५००।- |
| (घ) मिनीट्रक, मिनीबस | रु.१०,०००।- |
| (ङ) ट्रक, बस | रु.१२,०००।- |

| | |
|---|---|
| ३. | तपसीलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ :-<br>(क) नेपाल सरकारको नाउँमा दर्ता भएका,<br>(ख) मुनाफा गर्ने उद्देश्य नभएको नेपाल सरकारबाट स्वीकृति प्राप्त सामाजिक, धार्मिक वा शिक्षण संस्थाका नाउँमा दर्ता |

| | |
|---|---|
| | भएका,<br>(ग) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको नाउँमा दर्ता भएका। |
| ४. | विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |
| ७. | काठमाडौं उपत्यकामा सञ्चालन भएका उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा पन्ध्र वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन। |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रुपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नविकरण गराउन सक्नेछन्। यसरी अग्रिम रुपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नविकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा सव वहानलाई सवारी साधन कर लाग्ने छैन। |

| | |
|---|---|
| १२. | विद्युत, सोलार वा व्याट्रिबाट चल्ने सवारी साधनमा सडक निर्माण तथा संभार दस्तुर पचास प्रतिशत छुट हुनेछ । |
| १३. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरीद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेक (Account Payee Cheque) बाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १४. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर र सडक निर्माण तथा संभार दस्तुर लाग्ने छैन । |
| १५. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रुपमा रुपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरुलाई दिइने छैन । |

## अनुसूची–४

## रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर

क. घर जग्गा रजिष्ट्रेशन दस्तुर :

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँ विकास समिति क्षेत्रको दस्तुर | दुवै क्षेत्रको दस्तुर | वेइलाका थप दस्तुर थैली अङ्कमा |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतमा | | | | |
| | (क) रु. १,००,०००।- सम्मको थैली अङ्कमा | २% | १% | - | वेइलाका पारित नहुने । |
| | (ख) रु.१,००,०००।- भन्दा बढी जतिसुकै थैली अङ्कमा<br>स्पष्टीकरण : तर यसै अनुसूचीको विविध खण्डको क्रमसंख्या १५ मा उल्लिखित गाउँ विकास समितिको हकमा ३ % दस्तुर लाग्नेछ। | ४% | २% | - | वेइलाका पारित नहुने । |
| | (ग) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवनको आवास इकाई (Flat) को लिखतको थैली अङ्कमा | - | - | ४% | वेइलाका पारित नहुने । |
| | (घ) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | - | - | ४% | वेइलाका पारित नहुने |
| २. | दर्ताफारी, संयुक्त दर्तावाला बीचको छोडपत्रको थैली अङ्कमा | २% | १ % | - | वेइलाका पारित नहुने |
| ३. | हालैदेखिको वकसपत्रको लिखतमा -थैली अङ्कमा)<br>(क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, छोराबुहारी, भाइबुहारी, छोरीज्वाइ, सासु-ससुरा, जेठाजु, देवर, भाउजू, भतिजा, भतिजी, नाति, नातिनी, | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | देउरानी, जेठानी काका, काकी, मामा, माइज्यू, भाञ्जा, भाञ्जी ठुलो बुवा, ठुली आमा, आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाइको छोरा, छोरीबीच<br>(अ) रु. १,००,०००।- सम्मको थैली अङ्कमा<br>(आ) रु. १,००,०००।- भन्दा बढी जतिसुकै अङ्कको थैलीमा<br>स्पष्टीकरण : तर खण्ड (आ) को हकमा यसै अनुसूचीको विविध खण्डको क्रम संख्या १५ मा उल्लिखित गाउँ विकास समितिको हकमा हालै देखिको बकसपत्र पारित हुने लिखतमा १.५ प्रतिशत दस्तुर लाग्नेछ । | <br>१%<br>२% | <br>०.५%<br>१% | <br>-<br>- | <br>वेइलाका पारित नहुने<br>वेइलाका पारित नहुने |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा<br>स्पष्टीकरण : तर त्रिभूवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल नेपाल सरकारका कार्यालय, स्थानीय निकाय तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | १५% | १०% | - | वेइलाका पारित नहुने |
| ४. | अंशवण्डा तथा अंश भर्पाईको लिखतमा<br>(क) रु. ३०,००,०००।- सम्मको थैली अङ्कमा<br>(ख) रु. ३०,००,०००।- भन्दा बढी रु. २,००,००,०००।- सम्मको थैली अङ्कमा | <br>-<br>- | <br>-<br>- | <br>०.२%<br>०.३% | <br>घर जग्गा भएको कुनै इलाका वा जिल्लामा वेइलाका पारित हुने<br>घर जग्गा भएको कुनै इलाका वा जिल्लामा वेइलाका |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) रु. २,००,००,०००।- भन्दा बढी जति सुकै अङ्कको थैलीमा | - | - | ०.५% | पारित हुने ।<br><br>घर जग्गा भएको कुनै इलाका वा जिल्लामा वेइलाका पारित हुने । |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको प्रति लिखत | रु.१०,०००- | रु.५,०००।- | - | वेइलाका पारित नहुने |
| ६. | बराबर जग्गा सट्टापट्टा गरी चक्लाबन्दी गरिने प्रति लिखतमा (घडेरी बाहेक कृषि प्रयोजनको लागि मात्र) | राजीनामा सरह | राजीनामा सरह | - | बेइलाका पारित नहुने |
| ७. | शेषपछिको वकसपत्र/अष्टलोह (प्रति लिखत)<br>(क) तीन पुस्ताभित्रको<br><br>(ख) तीन पुस्ताबाहिरको | रु.५,०००।-<br><br>रु.१०,०००- | रु.२,०००।-<br><br>रु.४,०००।- | -<br><br>- | बेइलाका पारित नहुने<br><br>बेइलाका पारित नहुने |
| ८. | दृष्टिवन्धकी, भोगवन्धकी र लखवन्धकीको लिखतको थैली अङ्कमा | - | - | १% | बेइलाका पारित नहुने |
| ९. | धर्मपुत्र, धर्मपुत्री (प्रति लिखतमा)<br>(क) तीन पुस्ताभित्रको नातामा<br><br>(ख) तीन पुस्ता बाहिरकोमा | -<br><br>- | -<br><br>- | रु. १०००।-<br><br>रु.५०००।- | बेइलाका पारित नहुने<br><br>बेइलाका पारित नहुने |
| १०. | अधिकारनामा, मंजुरीनामा र अख्तियारनामाको प्रति लिखतमा | - | - | रु.२,०००- | - |
| ११. | कपाली तमसुक र करारनामा (दाखिल खारिज नहुने) | - | - | ०.५% | - |

ख. सेवा शुल्क :

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँ विकास समिति क्षेत्रको दस्तुर | दुवै क्षेत्रको दस्तुर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क : | | | विविध खण्डको सि. नं. १५ मा उल्लेखित गा.वि.स. हरुको हकमा नगरपालिका सरहको दस्तुर लाग्नेछ । |
| | (क) काठमाडौं उपत्यका क्षेत्रमा | रु.१५,०००।- | रु.१०,०००।- | |
| | (ख) तराई क्षेत्रमा | रु.७,०००।- | रु.३,०००।- | |
| | (ग) पहाडी क्षेत्रमा | रु.५,०००।- | रु.२,०००।- | |
| २. | नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) रु.१,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | - | - | रु.१,०००।- |
| | (ख) रु. १,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | - | - | रु.१,५००।- |
| | (ग) रु. ५,००,०००।- भन्दा बढीरु. १०,००,०००।- सम्मको थैली अङ्कमा | - | - | रु.२,५००।- |
| | (घ) रु. १०,००,०००।- भन्दा बढी रु. २०,००,०००।- सम्मको थैली अङ्कमा | - | - | रु.३,०००।- |
| | (ङ) रु. २०,००,०००।- भन्दा बढी रु. ५०,००,०००।- सम्मको थैली अङ्कमा | - | - | रु.५,०००।- |
| | (च) रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैली अङ्कमा | - | - | रु.२०,०००।- |
| | (छ) रु. १,००,००,०००।- भन्दा बढी रु. २,००,००,०००।- सम्मको थैली अङ्कमा | - | - | रु.३०,०००।- |
| | (ज) रु. २,००,००,०००।- भन्दा बढी जतिसुकै अङ्कको थैलीमा | - | - | रु.५५,०००।- |
| ३ | लिज :<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने | | | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति |

| | | | | |
|---|---|---|---|---|
| | | | | २०७१को अनुसूची १ लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति २०७१को अनुसूची १ अनुसार दस्तुर लाग्नेछ । |
| ४. | जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिको लागि (किताब र टिकट बाहेक) प्रति पुर्जा<br>(क) काठमाडौं उपत्यकाभित्र<br>(ख) तराई क्षेत्र<br>(ग) अन्य क्षेत्र<br>नोट : जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ । | <br><br>रु.१,०००।-<br>रु.५००।-<br>रु.२००।- | <br><br>रु.५००।-<br>रु.२००।-<br>रु.१००।- | |
| ५. | दाखिल खारेज शुल्क<br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ४% | २% | - |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | २% | १% | - |
| | (ग) बैङ्क, वित्तीय संघ वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउँमा दाखिल खारिज गर्दाको थैली अङ्कमा | ४% | २% | - |
| | (घ) बैङ्क, वित्तीय संघ वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीको नामबाट बैङ्क, वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारिज गर्दा प्रति मिसिल | रु.५,०००।- | रु.२,०००।- | - |
| | (ङ) बैङ्क, वित्तीय संघ वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क, संघ वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अंकमा | २% | १% | - |

| | | | | |
|---|---|---|---|---|
| | (च) शेषपछिको बकसपत्रको दाखिल खारिज<br>(क) तीन पुस्ताभित्रको भए<br>(ख) तीन पुस्ताबाहिरको भए | -<br>२% | -<br>१% | अंश वण्डा सरह |
| ६ | नामसारी<br>(क) तीन पुस्ताभित्रको नामसारी गर्दा<br>(ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | १,०००।-<br>३,०००।- | ५००।-<br>१,५००।- | |
| ७ | श्रेस्तापूर्जामा घर जनाउने प्रति निवेदनमा | २,०००।- | ५००।- | |
| ८ | रोक्का दस्तुर | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँ विकास समिति क्षेत्रको दस्तुर |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अंक जतिसुकै भए पनि)<br>(ख) लिखत रजिष्ट्रेशन नहुनेमा<br>(अ) रु.५०,०००।- सम्मको ऋण अंकमा<br>(आ) रु.५०,०००।- भन्दा बढी रु.१,००,०००।- सम्म<br>(इ) रु.१,००,०००।- भन्दा बढी रु.५,००,०००।- सम्म<br>(ई) रु.५,००,०००।- भन्दा बढी जतिसुकै अंकमा<br>(उ) ऋण अंक नखुलेकोमा | | रु.५००।-<br><br><br>रु.२००।-<br>रु.३००।-<br>रु.५००।-<br>रु.८००।-<br>रु.१,०००।- | रु.२००।-<br><br><br>रु.१००।-<br>रु.२००।-<br>रु.३००।-<br>रु.५००।-<br>रु.६००।- |

ग. विविध :

| | |
|---|---|
| १. | काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र सो क्षेत्रसित जोडिएका गाउँ विकास समितिभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकमा शून्य दशमलव पाँच प्रतिशत थप गरी वागमती सभ्यता कोषको लागि असुल गरिनेछ। |
| २. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा अनिवार्य थैली अंक खुलाउनु पर्नेछ। |
| ३. | जलविद्युत उद्योग, चियाखेती, कफि खेती, कपासखेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैचीखेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाउँमा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। |
| ४. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले चक्ला मिलाई खेती गर्न व्यक्ति व्यक्ति मिली उद्योग खोली सम्बन्धित व्यक्तिको नाउँको जग्गा उद्योगको नाउँमा पारित गर्ने लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। |
| ५. | सूर्ति र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न आफ्नो नाउँमा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। |

| | |
|---|---|
| ६. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृत प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैङ्क तथा वित्तीय संस्थाहरूले आफ्ना बाहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ तर सेवा शुल्क एक हजार रुपैयाँ लाग्नेछ । |
| | (ख) कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरुलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ तर सेवा शुल्क पाँच सय लाग्नेछ । |
| ७. | (क) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँसम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको दफा २ बमोजिमको सेवा शुल्क लाग्ने छ ।<br>(ख) बैंकिङ्ग तथा वित्तिय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा गाभिने यस प्रकारका संस्थाहरुले सो प्रयोजनका लागि घरजग्गाको रजिष्ट्रेशन पारित गर्दा लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । |
| ८. | जनआन्दोलन पहिलो, दोस्रो र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता पिताको नाउँमा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ । |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका जाति भनी स्थानीय निकायबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| १०. | (क) जुनसुकै प्रकारबाट महिला र सत्तरी वर्षभन्दा वढी उमेरका वृद्धको नाममा स्वामित्व प्राप्त हुने गरि पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ ।<br>देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्ला सदरमुकाम बाहेकका गाउँ विकास समितिको हकमा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट हुनेछ :-<br>(अ) ताप्लेजुङ्ग, सोलुखुम्वु, मनाङ्ग, मुस्ताङ्ग, रसुवा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, बझाङ्ग र दार्चुला ।<br>(आ) संखुवासभा जिल्लाका चेपुवा, किमाथाङ्का, मकालु, हटिया, |

| | |
|---|---|
| | पावाखोला र पाथिभरा गाउँ विकास समितिहरु ।<br>(इ) दोलखा जिल्लाका लामावगर, गौरिशंकर, आलम्पु, मार्वु, स्यामा, विगु, खारे र चिलंखा गाउँ विकास समितिहरु ।<br>(ई) धादिङ जिल्लाका सेर्तुङ, टिप्लीङ्ग, रि, लप्पा, ओर्लाङ, सत्यदेवी, दार्खा, बसेरी, बुढाथुम, मुलपानी, फुलखर्क, सल्यानकोट र वुङ्दी गाउँ विकास समितिहरु ।<br>(उ) सिन्धुपाल्चोक जिल्लाका तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी गाउँ विकास समितिहरु ।<br>(ऊ) गोरखा जिल्लाका सामागाउँ, ल्हो, प्रोक, विही, छेकम्पार, चुन्चेत, शिर्दिवास, कासीगाउं, केरौंजा, मान्वु, उइया, गुम्दा, लाप्राक र लागु गाउँ विकास समितिहरु ।<br><u>नोट</u> : यस खण्ड बमोजिम छुट सुविधामा प्राप्त हुन आएको जग्गा तीन वर्षभित्र बिक्री गरेमा पहिला प्रदान गरिएको छुट सुविधा बापतको रकम असुल उपर गरिनेछ । |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा एक सय रुपैयाँ मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ । |
| | (ग) ३०० जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनशील उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा पचास प्रतिशत छुट दिइनेछ । घोषित उद्देश्यको उपयोग नगरेमा प्रचलित कानून बमोजिम दस्तुर असुल उपर गरी कारबाही गरिनेछ । |
| ११. | भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले बैङ्कबाट ऋण प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्णरुपमा छुट हुनेछ । |
| १२. | बैङ्क, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैङ्क, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ । |
| १३. | रजिष्ट्रेशन बापत मालपोत कार्यालयले सम्बन्धित जिल्ला विकास समिति र नगरपालिकामा पठाउने कूल रकमको सात प्रतिशत रकम सम्बन्धित मालपोत, भूमिसुधार र नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण, भवन, निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्य सञ्चालनमा खर्च गर्ने गरी जिल्ला विकास समिति र नगरपालिकाले सम्बन्धित मालपोत |

| | |
|---|---|
| | कार्यालयहरुमा उपलब्ध गराउनु पर्नेछ । यसरी उपलव्ध गराएको रकम रु. ६ लाख भन्दा बढी भएमा सो भन्दा बढी भएको रकम भूमिसुधार तथा व्यवस्थापन विभागको भूमि व्यवस्थापन सुदृढीकरण खातामा दाखिला गर्नु पर्नेछ । उक्त रकम आवश्यकता एवं औचित्य हेरी सोही जिल्ला वा न्युन रकम हुने अन्य जिल्लाका कार्यालयहरुमा भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम (संचालन) कार्यविधि, २०६७ को परिधिभित्र रही केन्द्रीय कार्यक्रम समितिले वाँडफाँड गरी निकासा दिन सक्ने र खर्चको अनुगमन गरी सोको आवधिक जानकारी भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखामा पठाउनु पर्नेछ । |
| १४. | नेपाल सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ, संस्था वा निकायले आफ्नो नाउँमा नि:शुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ । |
| १५. | रजिष्ट्रेशन दस्तुरका सम्बन्धमा सि.नं. १ को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका जिल्लाका देहाय बमोजिमका गाँउ विकास समितिहरुको पारित हुने लिखतमा तीन प्रतिशत रजिष्ट्रेशन दस्तुर लाग्नेछ :- |
| | १. **ललितपुर :** झरुवारासी, ठेचो र चापागाउँ गाँउ विकास समिति । |
| | २. **इलाम :** पशुपतिनगर, बरवोटे, बाँझो र करफोक गाउँ विकास समिति । |
| | ३. **झापा :** धाइजन वडा नं. १, ५, ६ र ९, लखनपुर वडा नं. १, गौरादह वडा नं. ३, ४, ८ र ९, बाहुनडाँगी वडा नं. १, २ र ४, दुवागढी वडा नं. ३, ४, ५ र ६, पाराखोपी वडा नं.१, २, ४, ६, ७, ८, ९, गरामनी, वडा नं. ५ बुधबारे, वडा नं. १,४, ५, ६, ७ र ९ बनियानी वडा नं. ३, ४ र ८ । |
| | ४. **मोरङ जिल्ला :** कटहरी, टङ्गिसिनुवारी, झापा बैजनाथपुर, हाथिमुढा र झोराहट गाउँ विकास समिति । |
| | ५. **सुनसरी जिल्ला :** सोनासुर, भरोल, आइतवारे, मधेशा (८ र ९ वडा बाहेक) र वक्लौरी गाउँ विकास समिति । |
| | ६. **उदयपुर :** ठोक्सिला गाउँ विकास समिति । |
| | ७. **सप्तरी :** भरुवाखाल गाउँ विकास समिति । |
| | ८. **सिराहा :** रामनगर मिर्चैया, इनर्वा, धनगढी, सारस्वर, बडहरामाल, भवानपुर, अयोध्यापुर सुखीपुर र कल्याणपुर गाउँ विकास समिति । |
| | ९. **धनुषा :** यदुकुवा, गोदार महेनद्रनगर, यज्ञभूमि र गाउँ विकास समिति । |
| | १०. **सर्लाही :** बरहथवा, हरिपुर, कोडेना, कपिलासीको गौरबजार, हनुमान नगर, छपकैयाको गोडैता बजार गाउँ विकास समिति । |
| | ११. **बारा :** सिमरा, रामपुरटोकनी, लिपनीमाल, बहुअरी, कोर्चवा, र वेल्ही |

| | |
|---|---|
| | इटियाई गाउँ विकास समिति । |
| | १२. **पर्सा :** रामगढुवा, ख.टो., भिसवा, वर्वागोढ, अलौ र चोर्नी गाउँ विकास समिति । |
| | १३ .**चितवन :** श्रीपुर, हाजीपुर, भण्डारा र जुटपानी गाउँ विकास समिति । |
| | १४. **मकवानपुर :** रातमाटे वडा नं. ३, ५ र ९, ज्यामिरे (पिप्ले) वडा नं. ८ ख, ज्यामिरे वडा नं. ४ र ५ सिखरकोट (हाल दामन) वडा नं. ३ र ४ र बज्रवाराही वडा नं. १ र २ । |
| | १५. **सिन्धुपाल्चोक :** बाह्रविसे वडा नं. १, ८ र ९ । |
| | १६. **काभ्रेपलाञ्चोक :** साँगा नासिकास्थान र उग्रचण्डीनाला गाउँ विकास समितिको वडा नं. १ र २ । |
| | १७. **धादिङ :** नौविसे, गजुरी, सल्यानटार, थाक्रे वडा नं. १घ, १ङ, ३ग, ३घ, ४ख, ४ग, ७क, ८क, ८ख, ८ग, ९क, बैरेनी वडा नं. ८ज, ८ञ, ९ङ, पिडा वडा नं. १क, १ग, २ङ, २छ र २झ, बेनिघाट वडा नं. २ब, ३क, ६क, ८क, ८घ, ८ङ, र भूमिस्थान वडा नं. ६क, ८क, ८ख र ९ग । |
| | १८. **तनहुँ :** आँबु, भानु, जामुने, भिमाद र घाँसीकुवा गाउँ विकास समिति । |
| | १९. **लमजुङ :** रम्घा वडा नं. ६, ७, ८ र ९, सूर्यपाल वडा नं. ९, इशानेश्वर वडा नं. ७, ८ र ९, भोर्लेटार वडा नं. ४, ५, ६, ७, ८ र ९ । |
| | २०. **स्याङजा :** श्रीकृष्णगण्डकी वडा नं. ८ र ९, जगत्रदेवी वडा नं. ८ र ९, दार्सिङ, दहथुम वडा नं. ३ र ९, फेदीखोला वडा नं. २ । |
| | २१. **कास्की :** विजयअर्वा वडा नं. १, २, ३ र ४, ग्यारजाती वडा नं. २,७, लुकुम्बारा वडा नं. १, साविक पडेली २, भोटेपोखरी वडा नं. ४,७,८,९, भलाम १, सिसुवा वडा नं. ४ । |
| | २२. **नवलपरासी :** तीलकपुर र रामनगर गाउँ विकास समिति । |
| | २३. **रुपन्देही :** पडसरी गाउँ विकास समिति । |
| | २४. **पर्वत :** देविस्थान, हुवास वडा नं. ३, ४, ७ र ८, बाजुङ वडा नं. १ र २, देउपुर वडा नं. ९, तिलाहार वडा नं ६, मल्लाज माझफाँट वडा नं. २ र ३, शालिग्राम वडा नं. ९, धाइरिङ वडा नं. ५, त्रिवेणी वडा नं. ९, कार्कीनेटा वडा नं. ४, ५ र ७, लुखु वडा नं. ९ । |
| | २५. **कपिलवस्तु :** ठूलो पिपरा गाउँ विकास समिति । |
| | २६. **दाङ :** नारायणपुर, विजौरी, पुरन्धारा, लक्ष्मीपुर, शिशहनिया, लालमटिया र गढवा गाउँ विकास समिति । |
| | २७. **बाँके :** चटार, गनापुर, संशेरगञ्ज, हिरमिनिया, र बनकटुवा गाउँ विकास समिति । |
| | २८. **बर्दिया :** मैनापोखर, नेउलापुर, ठाकुरद्वारा गाउँ विकास समिति । |
| | २९. **कञ्चनपुर :** सुडा गाउँ विकास समिति । |

| | |
|---|---|
| १६. | यो ऐन लागू हुँदाका बखत नेपाल सरकारबाट घोषणा भएका वा यसपछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिदेखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन दस्तुर  र सेवा शुल्क लाग्नेछ । |
| १७. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि काठमाण्डौ उपत्यकामा एक रोपनी, पहाडी क्षेत्रमा दुई रोपनी र तराइ तथा भित्री मधेशमा तीन कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर सहकारी विभागको सिफारिशमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट हुनेछ । तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्रि गरेमा पहिले छुट दिइएको रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क असल उपर गरिनेछ । |
| १८. | विविध खण्डको क्रम संख्या ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एक मात्र छुट दिइनेछ । |
| १९. | एउटै कारोबारबाट पचास लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैङ्कबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेण्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले पारित लिखत बमोजिम दाखिल खारेज गरी श्रेस्तापुर्जा तयार  गर्नु पर्नेछ । |
| २०. | पति-पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुरमा छुट दिईने छ । |
| २१. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रम संख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्ने छ । |
| २२. | नेपाल सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| २३. | कुनै व्यक्तिको आफ्नो स्वामित्वमा रहेको जग्गा नेपाल सरकारको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकारका कुनै पनि निकायले खरीद गरी लिएमा सो मा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |

## अनुसूची–५

## चलचित्र विकास शुल्क

१. आर्थिक वर्ष **२०७२/०७३** मा नेपालमा चलचित्रहरूको प्रदर्शनमा चलचित्रघरहरूले प्रदर्शन गर्ने विदेशी चलचित्रको सबै श्रेणीको प्रवेश शुल्कमा पन्ध्र प्रतिशत चलचित्र विकास शुल्क असुल उपर गरिने छ ।

२. चलचित्रघरहरूले क्याबिन सञ्चालन गर्न पाउने छन् । विदेशी चलचित्र प्रदर्शन गरे बापत त्यस्तो क्याबिनको सबै श्रेणीको टिकट बिक्रीबाट असुल गर्ने चलचित्र विकास शुल्कको दर प्रवेश शुल्कको बीस प्रतिशत हुनेछ ।

३. चलचित्रघरहरूले आफूले प्रदर्शन गरेको चलचित्रको दैनिक टिकट बिक्रीको विवरण अभिलेख बिक्री खातामा दैनिक रुपमा अद्यावधिक गर्नु पर्नेछ । चलचित्रघरहरूले चलचित्र प्रदर्शन सम्बन्धी विवरण साप्ताहिकरुपमा काठमाडौं उपत्यकाको हकमा चलचित्र विकास बोर्ड र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा तथा अन्य क्षेत्रको हकमा आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयमा र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ ।

४. प्रकरण १ र २ बमोजिमको शुल्क चलचित्रघरहरूले असुल उपर गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र प्रकरण ५ को अधीनमा रही विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा वा सो कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नु पर्नेछ । तोकेको समयमा शुल्क नबुझाउनेलाई प्रत्येक महिनाको बुझाउनु पर्ने शुल्कको पच्चीस प्रतिशत जरिबाना लाग्नेछ । चलचित्र विकास शुल्कको मासिक विवरण उल्लिखित अवधिभित्र चलचित्र विकास बोर्डमा समेत बुझाउनु पर्नेछ ।

५. चलचित्रघरहरूले चलचित्र प्रदर्शन गरी चलचित्र प्रदर्शन नगरेको भनी वा विदेशी चलचित्र प्रदर्शन गरी नेपाली चलचित्र प्रदर्शन गरेको हो भनी वा वास्तविक टिकट बिक्रीभन्दा कम टिकट बिक्री दैनिक बिक्री खातामा जनाई झुट्टा विवरण दिएमा निम्न बमोजिमको जरिबाना लगाई त्यसरी छलिएको चलचित्र विकास शुल्क सहित असुल उपर गरिनेछ :-

(क) पहिलो पटक भए छलिएको चलचित्र विकास शुल्कको शत प्रतिशत ।

(ख) दोस्रो पटक वा सोभन्दा बढी जतिसुकै पटक भए पनि छलिएको चलचित्र विकास शुल्कको दुई सय प्रतिशत ।

६. प्रकरण ४ र ५ बमोजिम तोकिएको म्याद व्यतित भएको दुई महिनाभित्र जरिबाना सहित शुल्क नबुझाउने चलचित्रघर बन्द गरी लागेको शुल्क तथा जरिबाना समेत सम्बन्धित अधिकृतले असुल गर्नेछ । समयमा विवरण पेश नगरेमा प्रति महिना एक हजार रुपैयाँ जरिबाना लाग्नेछ ।

७. दैवी प्रकोप, उपकरणीय मर्मत सम्भार वा अन्य कुनै कारणले सात दिन वा सोभन्दा बढी दिन चलचित्रघर बन्द भएको व्यहोरा प्रकरण ११ मा उल्लिखित कार्यालयले प्रमाणित गरेको अवस्थामा बन्द भएको दिनको चलचित्र विकास शुल्क लाग्ने छैन ।

८. विद्यार्थीवर्गको सहुलियतको लागि शनिबार बिहान ८ बजेको र सार्वजनिक बिदा परेका दिनको बिहान ८ बजेको शोको चलचित्र प्रदर्शनीमा चलचित्र विकास शुल्कमा पचास प्रतिशत छुट दिइनेछ ।

९. यस अनुसूची बमोजिम गरेको निर्णय उपर पैतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।

१०. चलचित्र विकास शुल्क सम्बन्धी प्रशासन आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयले र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

११. चलचित्र विकास शुल्कको अनुगमन चलचित्र विकास बोर्डले समेत गर्नेछ । चलचित्र विकास शुल्कको स्थलगत निरीक्षणका लागि बोर्डबाट खटिई आएका कर्मचारीलाई चलचित्र सम्बन्धी अभिलेख, बिक्री खाता तथा दर्शक संख्या सम्बन्धी अभिलेख चलचित्रघरले उपलब्ध गराउनु पर्नेछ । सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नेछन् ।

१२. चलचित्रघरका सञ्चालकहरूले चलचित्र प्रदर्शन गर्नुभन्दा एक दिन अगावै आफूले प्रयोग गर्ने टिकटको सिलसिलेवार नम्बर, चलचित्रको नाम र प्रदर्शन गरिने मिति चलचित्र विकास बोर्ड र आन्तरिक राजस्व कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा

जानकारी गराउनु पर्नेछ र सोको अभिलेख चलचित्रघरहरूले राख्नु पर्नेछ ।

१३. यस अनुसूची बमोजिम असुल भएको चलचित्र विकास शुल्कको नब्बे प्रतिशत रकम चलचित्र विकास बोर्डलाई र बाँकी दश प्रतिशत रकम आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम चलचित्र विकास शुल्कको प्रशासन गर्ने कार्यालयको प्रशासनिक तथा भौतिक सुधार कार्यमा खर्च गर्न सकिनेछ । चलचित्र विकास बोर्डले आफूले प्राप्त गरेको चलचित्र विकास शुल्क रकमको पच्चीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाउने छैन ।

१४. चलचित्र विकास बोर्डको सिफारिसमा नेपाल सरकारले देहायमा उल्लिखित विषयवस्तुमा निर्मित स्वदेशी चलचित्रको प्रदर्शनीमा लाग्ने चलचित्र विकास शुल्क पूर्ण वा आंशिक रुपमा छुट दिन सक्नेछ :-

(क) आदिवासी जनजातिका पूर्णतः मौलिक संस्कृति झल्काउने यथार्थपरक चलचित्र,

(ख) देशप्रेम, राष्ट्रिय स्वाभिमान र शहीदका त्याग बलिदानमा आधारित विचारप्रधान, चेतनामूलक र प्रगतिशील चलचित्र ।

१५. चलचित्र विकास शुल्क सम्बन्धी अन्य प्रक्रियागत कुरा चलचित्र विकास बोर्डको सिफारिसमा आन्तरिक राजस्व विभागले तोके बमोजिम हुनेछ ।

१६. चलचित्र विकास शुल्कको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।